दण्डान्वय-खण्डान्वय र नेपालीमा अर्थ सहित

श्रीदुर्गासप्तशती

अनुवादक

गोपीकृष्ण उपाध्याय गौतम

श्री वाल्मीकि पुस्तकालयलाई सादर समर्पण/
ज्ञाते.पु. ६०८
गोपीकृष्ण गौतम
२०६५/६/१८

दण्डान्वय-खण्डान्वय र नेपालीमा अर्थसहित

श्रीदुर्गासप्तशती

अनुवादक

गोपीकृष्ण उपाध्याय गौतम

प्रकाशिका
श्रीमती सुमित्रा गौतम

सर्वाधिकार
प्रकाशिकामा सुरक्षित

प्रकाशनतिथि
वि.सं. २०६५ भाद्रकृष्णजन्माष्टमी

प्रथम संस्करण: १००१

मूल्य: १०१/-

कभर/ले-आउट
समीर थापा

मुद्रक
ए.वि.एस. प्रिन्टर्स
बागबजार, काठमाडौं
फोन: ४२४३९३६

उप. Acc. 9283 / 1343

पुस्तक पाईने ठेगाना

वाल्मीकि विद्यापीठ
इतिहासपुराण विभाग
प्रदर्शनीमार्ग, काठमाडौं

निजी निवास
धरान-१४, पञ्चकन्यापथ, विजयपुर
फोन: ०२५-५२५२८४

शुभकामना

नेपाल संस्कृत विश्वविद्यालयअन्तर्गत वाल्मीकि विद्यापीठका सहप्राध्यापक मेरा मित्र श्री गोपीकृष्ण गौतमद्वारा दण्डान्वय र खण्डान्वयसहितको पदच्छेद गरी नेपाली भाषामा अनुवाद गरिएको "श्रीदुर्गासप्तशती" पुस्तकको सम्यक् अवलोक गर्ने सुअवसर पाएँ। रहस्यत्रय बाहेक १३ अध्यायका प्रत्येक पद्यहरूको अलग अलग रूपमा व्यवस्थित गरी अर्थ लेख्नु भएको छ। यसबाट खण्डशः अर्थबोध गर्दै अगाडि बढ्न मद्दत पुग्नेछ। सप्तशतीसर्वश्वजस्ता अनुसन्धानपरक व्याख्याहरूको कोटिमा नपुगे पनि सामान्य ज्ञान भएका पाठकवर्गको निमित्त अति उपयोगी यस पुस्तकको विशेषता हो–सरल र भाषिक सौष्ठभ। मूलशब्दका अन्वय विधानले पनि यस प्रकाशनमा रुचिकर खुबी रहेको मैले अनुभव गरेको छु। अझ संस्कृत भाषामा त्यति गति नभएका तर सप्तशती सम्बन्धमा जिज्ञासा र रुचि राख्ने सज्जन पाठकवृन्दलाई त अति उपयोगी छ जस्तो मलाई लाग्दछ।

गौतमजीले आफ्नो ज्ञान र परिश्रमलाई धार्मिक फाँटमा प्रयोग गरी आफ्नो जीवनलाई सन्मार्गतर्फ डोऱ्याउने काम गर्नु भएको छ र अरुको पनि उपकार गर्ने काम गर्नुभएको छ। यो अत्यन्त प्रशंसनीय कुरा हो। यसबाट उहाँको स्वयंसेवाको सदुपयोग गर्न अरुलाई अवसर प्राप्त भएको छ भने उहाँका मित्रवर्ग एवं शिष्यवृन्दलाई पनि अवश्य प्रेरणा प्राप्त हुनेछ। साथै उहाँले उपक्रम/उपसंहारको रूपमा लेख्नु भएको सप्तशती सम्बन्धी विवेचन संक्षिप्त रूपमै भएपनि जिज्ञासुलाई केही न केही प्रकाश दिन्छ भन्ने मलाई लाग्दछ र यसले जे जति भए पनि महत्त्व बोकेको छ।

अन्तमा गौतमजीको यस प्रयासका लागि हार्दिक प्रशंसा गर्दै वहाँलाई सदा जगदम्बाको असीम अनुग्रह प्राप्त भैरहोस्, मेरो यही शुभकामना छ।

२०६५/५/१

प्रा.डा. वाबुराम पोख्रेल
पूर्व शिक्षाध्यक्ष
नेपाल संस्कृत विश्वविद्यालय
तथा विभागीय प्रमुख
इतिहास पुराण विभाग
वाल्मीकि विद्यापीठ, काठमाडौं, नेपाल

आशंसा

'चण्डी' अर्थात् 'दुर्गासप्तशती' हामीहरूको पुरानो प्यारो 'ग्रन्थ' हो । जगदम्बा दुर्गा भगवतीको स्तुतिपरक यो प्राचीन स्तोत्र मार्कण्डेय पुराणको ८२ देखि ९३ सम्मका १३ अध्यायमा आबद्ध छ, यसमा सात शय श्लोक (मन्त्र) छन् । यद्यपि "एकैवाऽहं जगत्यत्र द्वितीया का ममापरा", अ.१०. श्लोक ५ (यस संसारमा म एकमात्र छु, मबाहेक अरु दोस्रो को छ ?) भगवती दुर्गाको यस कथनबाट आद्याशक्ति उनी एकमात्र छन् भन्ने कुरा सुस्पष्ट छ तापनि उनले महाकाली, महालक्ष्मी र महासरस्वतीका रूपमा (अष्टमातृकासमेत) त्रिगुणात्मिका भएर विश्वजनीन रूपमा गरेका लीलाहरूको, तीन चरित्रको संज्ञामा क्रमशः अध्याय १,२-४, ५-१३ ले अत्यन्त उदात्त प्रौढ शैलीमा वर्णन गरिएको छ। यहाँ भगवती दुर्गादेवीको यस स्तोत्र-स्तुतिकाव्यका अगाडि-पछाडि रहेका अन्य अङ्ग-उपाङ्गसमन्वित यसको पाठ साधारण, पुटित, सम्पुटितआदि विविध रूपले गरिन्छ। यसका शतचण्डी, सहस्रचण्डी आदि ठूला ठूला अनुष्ठान पनि हुन्छन्। उता यस स्तुति ग्रन्थका अनेक तान्त्रिक विधान अनुष्ठान पनि उपलब्ध हुन्छन्।

चण्डी बहुचर्चित र समादृत पुस्तक हो । यसका अनेक भाँतिका रूप देख्न पाइन्छन्। काशीबाट यिनको प्रचुर प्रचार भएको देखिन्छ। अधिक शुद्ध र स्वच्छतामा पुरानो बम्बैतिरका प्रकाशनमा र नयाँमा गीताप्रेस गोरखपुरको नाम अघि आउँछ। अनेक थरीका संस्कृत, हिन्दी र नेपाली टीका पनि देख्न पाइन्छन् यी पुस्तकमा । चण्डीमा संस्कृतमा पुरानो उत्तम टीका श्रीशन्तनु चक्रवर्तीको 'शान्तनवी' टीका मानिन्छ र यो भूरिशः विद्वज्जनप्रशंसित पनि छ। यसले पाणिनीय व्याकरणका आधारमा पद पद केलाएर दर्शनीय, मननीय र प्रशंसनीय व्याख्या प्रस्तुत गरेको छ। चण्डीको व्याख्यामा अरु पनि धेरै विद्वान्ले आफ्नो लेखनी सार्थक तुल्याएका छन्। हाम्रा कविवर माधव घिमिरे — अब राष्ट्रकविले २६ वर्षकै नूतन उमेरमा, २००२ सालमा श्रीदुर्गासप्तशती 'चण्डी'को मूल संस्कृतको मर्मलाई समेत भरिलो खिरिलो पारी, नेपालीमा पद्यको पद्यैमा गर्नुभएको रूपान्तरण (अनुवाद) ५६ वर्ष लामो कालखण्डपछि २०५८ सालमा प्रकाशनमा ल्याएर 'जगदम्बा प्रकाशन'ले ढिलै भए पनि उत्तम काम गरेको छ। अनुपम र सफल अनुवादले

विद्वज्जनलाई आनन्द प्रदान गरेको छ। कविज्यूमा पनि प्रसन्नता ल्याएको छ। उता दक्षिण भारत तिरुपति पुण्यभूमिका देवीभक्त, मूर्द्धन्य विद्वान् श्रीगोपानन्दनाथ महोदयले यसै देवी माहात्म्य–चण्डीलाई श्रीचण्डी नवशती 'मन्त्रमाला'का नामले यहाँका श्लोकलाई मन्त्रका आकारमा ॐ लगाई अंग्रेजी अर्थसमेत सन् १९९९ मा प्रकाशित गराउनुभएको छ। यसमा आदि र अन्त्यका अङ्गहरू पनि केही फरक देखिन्छन् र अध्याय १३ लाई पनि ९ अध्यायमा परिणत गरिएको छ। यसरी समान्य रूपमा अवलोकन गर्दामा पनि यस देवी चरित्र श्रीदुर्गासप्तशती 'चण्डी'को लोकप्रियता र व्यापकताको दर्शन पाइन्छ।

नेपाल संस्कृत विश्वविद्यालय–गत वाल्मीकि विद्यापीठ, काठमाडौंमा प्राध्यापननिरत, पुराणेतिहासाचार्य सहप्राध्यापक गोपीकृष्ण उपाध्याय गौतमले अनुवाद गर्नुभएको, मार्कण्डेय पुराणअन्तर्गत सुप्रसिद्ध देवी माहात्म्य श्रीदुर्गासप्तशती–स्तोत्ररत्नको पाण्डुलिपि संक्षेपमा अवलोकन गर्ने सुअवसर पाइयो। देखिएका अरु नेपाली अनुवादको भन्दा यस अनुवादको प्रकृति अलि भिन्न प्रकारको छ। मूल संस्कृत श्लोक, तदनु – पदच्छेद अनि अन्वय अनि त्यसपछि मात्र अन्वयकै अनुसार नेपालीमा अर्थ गर्नुभएको छ – न धेरै न वा थोरै – ठिक्कमात्र। यसबाट दुर्गादेवीका उपासक पाठकर्ताले त्यहाँभित्रका पद र अर्थको सङ्गति र त्यसबाट पाइने आस्वाद पर्याप्त रूपमा लिन सक्छन्। अर्थ गर्ने व्याख्यात्मक यो शैली पनि आफ्नै प्राच्य शैली हो। यो विद्या, बुद्धि र श्रमसाध्य कार्य थियो। आफ्ना आराध्य देवता भगवती दुर्गामाताका कृपाले उहाँ सफल हुनुभएको छ। यहाँ, अनुपम यस स्तोत्ररत्नभित्रका प्रसङ्गतिर म जान्न। ती अगाध छन्, अमृतमय छन् र यसका अनुष्ठाता उपासकका लागि प्रेयःश्रेयःप्रद छन्।

जगदम्बा भगवती दुर्गादेवीका उपासक विद्वान् गौतमज्यूको तपःपूत यो साधना अविश्रान्त चलिरहोस् र लोककल्याणका प्रस्थान उत्तरोत्तर प्रसस्त हुँदै जाऊन्, आद्याशक्ति जगदम्बा भवानीका साथ मेरो यही प्रार्थना छ। शुभम्।

प्रा. टीकाप्रसाद शर्मा
सन्मार्गसदन, धरान–१६
कौशिकीप्रदेश (नेपाल)

श्रीकृष्णजन्माष्टमी
७ भाद्र, २०६५

शुभाशंसा

ॐ शरणागतदीनार्तपरित्राणपरायणे।

सर्वस्यार्तिहरे ! देवि ! नारायणि ! नमोऽस्तु ते॥ (श्रीदुर्गासप्तशती ११/१२)

शरणमा आएका दीनदुःखीहरूको रक्षा गर्न तत्पर हुने र सबैको पीडाहरण गर्ने हे देवि ! नारायणि ! तिमीलाई नमस्कार छ ।

अनिर्वचनीयरूपा लोकमाता भगवती दुर्गाको अनुग्रहवर्षाबाट नै सम्पूर्ण सौभाग्य सम्पदा, ऐश्वर्य, सङ्कष्टविनाश र परममोक्षपदप्राप्ति पनि हुन्छ तर ब्रह्मस्वरूपिणी अनन्त शक्तिमती दुर्गामाताको वरप्रसादका लागि अनाथ बालकजस्तै भक्तिसम्पन्न दयापात्र हुनु आवश्यक छ। यौटा कुपुत्र पनि करुणामूर्ति माताको दयापात्र भएझैं सृष्टिरूपा दुर्गाको नै सन्तान मानिने चराचर जगतीतल पनि स्वाभाविक कर्मबन्धका कारण मोहग्रस्त र ऐश्वर्यभ्रष्ट पनि बन्न सक्दछ। पथभ्रष्ट त्यस किसिमको समाजको सुधारको निमित्त नै भगवती दुर्गाको अवतार हुन्छ किनकि उहाँको स्वभाव नै विश्वकल्याणकारी छ।

इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति । तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥
(श्रीदुर्गाशप्तशती ११/५५)

यसरी दानवहरूबाट विघ्नबाधा उपस्थित भएको बेलामा म अवतार ग्रहण गरेर शत्रुहरूको नाश गर्नेछु।

श्रीदुर्गासप्तशती नामको लोकप्रिय धर्मग्रन्थमा चक्रवर्ती चैत्रवंशी सुरथराजा र समाधिनामका धनाढ्य वैश्यको मोह भंग सम्बन्धी मर्मस्पर्शी कथा छ। ससागरा भगवती वसुमतीको विशाल राज्यवैभव र समृद्धिशाली पारिवारिक मोहको रमझममा लट्ठिने यी दुवै व्यक्ति दुर्गामाताको उपेक्षावश आ-आफ्ना उच्च घरानाको शिखाबाट भासिएका हुन्। कोलाविध्वंसी नामका राजाहरूबाट राज्य खोसिएका चक्रवर्ती सुरथराजा र आफन्तहरूले घरनिकाला गरिएका समाधि नामका वैश्य दुवै मेधानामका ऋषिबाट देवीमाहात्म्य सुन्ने अवसर प्राप्त गर्छन् र त्यसबाट प्रभावित र श्रद्धासम्पन्न बन्दै ३ वर्षसम्म देवीसूक्त जपेर कठोर तप गर्छन्। फलतः उनीहरूलाई दुर्गादेवीको दर्शन मिल्छ। लोकपालहरूका अंशावतार मानिने सुरथराजा सूर्यपुत्र सावर्णि मनुको जन्म पाएर अचल साम्राज्य भोग गर्ने वरदान माग्छन् भने समाधि नामका वैश्य पनि परममोक्षपदको प्रार्थना गर्छन्। किनकि यी दुवै भुक्ति र मुक्तिप्रेमी मानव समाजका प्रतिनिधिको रूपमा देखा पर्दछन्। यद्यपि सुरथराजा पनि मोक्षप्रेमी हुन् तर उनी जगज्जननीद्वारा निर्देशित अंशी लोकपाल पनि हुन् र लोकभार वहन गरेर सृष्टिप्रपञ्च निरन्तर राख्न चाहन्छन्। उनको राज्यसमृद्धि गर्ने देवीकवचको अमोघ अस्त्रमा पनि लोककल्याणको भावना गुप्त रहन्छ।

सृष्टिसंरचनामा सत् र असत् दुवैको संयोजन आवश्यक हुन्छ। तर पनि असत् बत्तीमा अँध्यारोजस्तै सत्मा नै विलीन हुन्छ। मधु, कैटभ, महिषासुर, शुम्भ, निशुम्भजस्ता असत् व्यक्तिहरूका प्रसङ्गले सत्त्वगुणी देवसमाजभित्र पनि अनुदात्त मनोवृत्तिहरू गुप्त रहने रहस्यको व्यञ्जना गर्छन्। देवसमाजसँग दानवसमाजको द्वन्द्ववर्णन गरिएबाट श्रीदुर्गासप्तशतीनामक धार्मिक ग्रन्थ मानवसमाजका साथै सम्पूर्ण देवसमाजको सांस्कृतिक अभिलेख पनि सिद्ध हुन्छ किनकि यसमा जीवनचर्यामा आइपर्ने भूतप्रेत, डाकिनीशाकिनीआदिबाट सङ्कष्ट निबारण गर्नेदेखि लिएर शान्तिसुरक्षा, आरोग्यसम्पदा, इच्छासिद्धि र परममोक्षपदप्राप्ति जस्ता

पुरुषार्थप्राप्ति गराउने सिद्ध सम्पुट मन्त्रहरू पनि छन्। यसैले यसलाई यौटा मन्त्रसंग्रहको रूपमा लिन सकिन्छ र यसको जप हिन्दुहरूको स्वस्तिशान्तिको साधन मानिएको छ। जुनसुकै व्यक्ति पनि श्रीदुर्गासप्तशतीका कवच, अर्गला र कीलक स्तोत्रहरूद्वारा महाकाली, महालक्ष्मी र महासरस्वतीको वरप्रसादले सिद्धि सम्पन्न र कामविहारी पनि बन्नसक्छ।

स सिद्धः स गणः सोऽपि गन्धर्वो जायते नरः।

वास्तवमा सृष्टिस्थितिसंहारकारिणी मातृशक्तिप्रति उब्जन पुगेको दानवप्रवृत्तिका कुदृष्टिको प्रतिशोधका निम्ति नवदुर्गाहरूको उत्पत्ति हुन्छ। सामान्य भोग्यवस्तु सम्झेर स्त्रीजातिलाई दमन गर्न खोज्ने सामाजिक कुप्रवृत्तिको सुधारका लागि देखाइएको मातृशक्तिको दिव्यपराक्रम र रणकौशल नै श्रीदुर्गासप्तशतीको आस्वाद्य हो। विवाहप्रस्ताव गर्ने दुष्ट शुम्भ र निशुम्भप्रति रूपवती दुर्गादेवीको उत्तर यसप्रकार छ।

यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति।

यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति॥ (श्रीदुर्गासप्तशती ५/२०)

जसले मलाई संग्राममा जित्छ, जसले मेरो घमण्ड चूर्ण पार्छ र जो मेरो प्रतिद्वन्द्वी बन्न सक्छ–त्यो मात्र मेरो पति बन्न सक्नेछ।

यसप्रकार दिव्यमातृशक्तिको अनन्त स्रोतलाई अविरलरूपमा प्रतिष्ठित गरेर सामाजिक सन्तुलन कायम गर्ने दिव्य लक्ष्यपूर्वक महर्षि वेदव्यासद्वारा मार्कण्डेयपुराणमा देवीमाहात्म्यको रूपमा वर्णन गरिएको श्रीदुर्गासप्तशतीको रचनाशैली प्रायः पराक्रमका अभिव्यञ्जना गर्ने विकटपदबन्धपूर्ण छ। नरमालाविभूषणा, द्वीपिचर्मपरीधाना, शुष्कमांसातिभैरवा, अतिविस्तारवदना, नादापूरितदिङ्मुखाजस्ता विकट पदविन्यासले दुर्गादेवीको अपरिमित शक्तिको व्यञ्जना गर्छन्। तान्त्रिक विधिअनुसार विन्यास गरिएका पाठविधि, उपासनाप्रकार फलकथनआदिले गर्दा कर्मयाजीहरूको अत्यन्त प्रिय बनेको श्रीदुर्गासप्तशती हिन्दुधर्मीहरूको भुक्तिमुक्तिको असाधारण खजाना हो। यसैले विभिन्न विद्वान्हरू यसको प्रतिपाद्य विषय र विभिन्न रसानुभूतिका प्रसङ्गमा विलीनभइरहन चाहन्छन्। यही परम्पराअनुसार नै आदरणीय विद्वान् सह प्रा. गोपीकृष्ण उपाध्याय गौतमज्यूले पनि त्यही देवीमाहात्म्यको अलकामा रमाउँदै सम्पूर्ण ग्रन्थको नेपाली भाषानुवादद्वारा समाजकल्याण गर्ने सुन्दर राजमार्गमा अग्रसर हुनुभएको छ। पिता पं दधिराम गौतम र माता हरिप्रिया गौतमज्यूको पवित्र कोखबाट वि.स. २००३ मार्ग १२ मा भोजपुर, दिङ्लामा जन्म प्राप्त गरेर विधिपूर्वक प्राच्य पुराणेतिहास विषयको आधिकारिक प्रवक्ता बन्नु भएका हाल कौशलटार, भक्तपुर निवासी सह प्रा. गौतमज्यू आफ्नो दीर्घकालीन आध्यात्मिक चिन्तन साधना र लेखनको परिणाम स्वरूप प्रस्तुत धार्मिक कार्यमा अग्रसर भएको देखिन्छ। प्रस्तुत श्रीदुर्गासप्तशतीको भाषानुवाद शैली स्पष्ट, सरल र सत्य भएर पनि पदच्छेद, अन्वय र टिप्पणीपरक पनि छ। धर्मप्रेमी नेपालीहरूले यसबाट पर्याप्त लाभ उठाउन सक्ने कुरामा दुई मत छैन। अन्त्यमा संक्षिप्त सम्मति प्रकट गर्ने सुनौलो अवसर दिनु भएकोमा सरस्वतीपुत्र गुरुवर गौतमज्यूप्रति भगवती दुर्गामाताको कृपादृष्टि भइरहोस् भन्ने हार्दिक शुभाशंसा व्यक्त गर्दछु।

– प्रा. डा. टीकाराम अधिकारी
अध्यक्ष
साहित्यशिक्षण विभाग
वाल्मीकि विद्यापीठ, काठमाडौं

अनुवादकीय

दुर्गा सप्तशती वैदिक सनातन धर्मको सर्वमान्य ग्रन्थ हो। यो मार्कण्डेय पुराणबाट निकालिएको भगवतीलाई प्रसन्न गराउने सबैभन्दा सजिलो र उत्तम उपाय पनि हो। हाम्रा पूजा पद्धतिहरू मुख्यतया तीन प्रकारका मानिन्छन् र पाइन्छन् पनि। १. वैदिक पद्धति, २. तान्त्रिक पद्धति र ३. मिश्रित पद्धति। यी तीनै पद्धतिद्वारा आ–आफ्नो रुचिअनुसार भक्तहरूले जगदम्बा भगवतीको उपासना गर्दछन्।

जोधपुरमा पाइएको दधिमती माताको शिलालेखमा सप्तशतीको प्रसिद्ध "सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके" भन्ने श्लोक (मार्कण्डेय ८८।९) बाट उद्धृत गरिएको र यो अभिलेख सं. २८९ मा उत्कीर्ण भएको हो। जुन संबत् भण्डारकरका अनुसार गुप्त सम्बत् हो। यस अभिलेखको समय (२८९+३१९) . ६०८ ई.पू. निश्चित हो। अतः यसै समयदेखि नै भगवतीको व्यापकरूपमा प्रचार प्रसार भएको देखिन्छ। यसबाहेक वाराहमिहिरले मातृका निर्माणका लागि मार्कण्डेय पुराणको मान्यता आधार-रूपमा स्वीकार गरेका छन्। उनको जन्म पञ्चम शताब्दी ई.पू. हो। अतः सप्तशती मार्कण्डेय पुराणबाट उद्धृत गरिएको हुनाले देवी चरित्र र पुराण ई.पू. पाँचौं शताब्दीभन्दा पनि पहिले भएको प्रमाणित हुन्छ।

देवी माहात्म्य मार्कण्डेय पुराणको अति महत्त्वपूर्ण भाग हो। यो सप्तशती नामले पनि प्रसिद्ध छ। देवी माहात्म्यको बीज दुर्गातत्त्व हो। जुन संसारमा चेतनारूपले व्याप्त छ र आधार स्तम्भ पनि। उसको कार्यव्यापारको मूल कारण हो। सृष्टिको प्रारम्भमा विष्णुको नाभिकमलमा बसेका ब्रह्मालाई विष्णुको कानेगुजी वा कानको मयलबाट उत्पन्न भएका मधु र कैटभ नामका दैत्य मार्न तत्पर भए। ब्रह्माले भगवान् जनार्दन सुतुभएको देखेर उहाँलाई जगाउनका लागि उहाँका आँखामा निवास गर्नेभएकी योगनिद्राको स्तुति गरे (मार्कण्डेय ७८–५०–५२)। ती महामायाले प्रकट भएर एकार्णवमा शेष–शैयामा शयन गर्दै गरेका जनार्दनलाई जागा गराइदिइन् र उनले मधुकैटभलाई नाश गरेपछि ब्रह्माले सृष्टि गर्न सके (मा.पु.अ. ६९–७७)।

दुर्गासप्तशती भगवतीको सुन्दर इतिहासका साथै यो ठूलो गूढसाधन र रहस्यहरूले सुसज्जित छ। यसमा कर्म, भक्ति र ज्ञानको त्रिविध मन्दाकिनी बगिरहेको पनि हामी देख्दछौं। जसरी भगवान् श्रीकृष्णका मुखारविन्दबाट निस्केको श्रीमद्भगवद्गीताका पहिला ६ अध्याय कर्मका, ७ देखि १२ अध्यायमा भक्तिका र १३ देखि १८ सम्मका अध्यायहरू ज्ञानकाण्ड भनेर प्रसिद्ध छन् ठीक त्यसरी नै दुर्गा सप्तशतीका तीन चरित्र पनि कर्म, भक्ति र ज्ञानमय रहस्यले विभूषित भक्तहरूका निमित्त कल्पवृक्ष समान छन्।

भक्तिका पनि दुई बाटा छन्– सकाम भक्ति र निष्काम भक्ति। सकाम भक्तहरूले यसको सेवनबाट इच्छामाफिकको दुर्लभतर वस्तु या स्थितिलाई प्राप्त गर्न सक्तछन् भने निष्काम भक्तले परम दुर्लभतम मोक्ष प्राप्त गरेर कृतार्थ बन्दछन् भन्ने कुरा राजा सुरथलाई महर्षि मेधाले "तामुपैहि महाराज, शरणं परमेश्वरीम्" भनेर उनै जगदम्बा जगज्जननीको शरणागत हुन उपदेश गरेका छन्।

जगदम्बा भगवती भक्तहरूका आराधनाद्वारा प्रसन्न भएर भक्तहरूलाई भोग, स्वर्ग, परम पद अपुनरावर्ति मोक्ष प्रदान गर्नुहुन्छ। तिनै जगदम्बा भगवतीको आराधना उपासना गरेर नै ऐश्वर्यकामी सुरथले अखण्ड साम्राज्य र वैराग्यवान् समाधि नामका वैश्यले दुर्लभ ज्ञानद्वारा मोक्ष प्राप्त गरेको ऐतिहासिक कुरा यसैमा वर्णित छ।

अनादि कालदेखि आजसम्ममा देवीका उपासक आर्त, अर्थार्थी, जिज्ञासु र प्रेमी भक्तहरूले उनै जगदम्बाको असीम अनुकम्पा र आशीर्वादरूप मन्त्रमय दुर्गा सप्तशती ग्रन्थको आश्रयद्वारा आफ्नो मनोवाञ्छित फल प्राप्त गरेका छन्। जगज्जननी भगवती श्रीदुर्गाको संस्कृतमय पाठलाई सरल, सुगम र सबै संस्कृत नजान्ने अर्थात् सर्वसाधारणले पनि सजिलै यसको मर्म बुझी कर्म गरून् र सफलता प्राप्त गरून् भन्ने ध्येयले यसलाई पदच्छेद (खण्डान्वय), अन्वय (दण्डान्वय वा अर्थान्वय) र नेपाली भाषामा अर्थसमेत समावेश गरी पाठक समक्ष प्रस्तुत गरिएको छ। किनकि पाठ गर्दा अर्थानुसन्धानपूर्वक गर्नुपर्ने भएको र सर्वसाधारणले त्यसो गर्न कठिनाइ मात्र होइन असम्भव पनि भएकोले एवं योभन्दा अगाडि यस रूपको पुस्तक नदेखिएको हुनाले पनि यो नौलो, सजिलो, सरल एवं सरस किसिमको पुस्तक यहाँहरू समक्ष प्रस्तुत छ –

"इतिशब्दः पशून् हन्ति श्रीशब्दः श्रीर्विनश्यति। बधेन बधमाप्नोति अध्यायो व्याधिदायकः॥"

अर्थात् अध्यायको समाप्तिमा "इति" को उच्चारणले पशुको नाश, "श्रीः" को उच्चारणले लक्ष्मीको नाश, "बध" को उच्चारणले आफ्नै बध र "अध्यायः" को

उच्चारणले व्याधि ल्याउँछ भनेको हुनाले यहाँ अध्यायको समाप्तिमा ती शब्दहरू लेखिएका छैनन् । आजभन्दा अघि छापिएका चण्डीहरूमा जस्तै यहाँ पनि साधारण पाठविधि, न्यास, कवच, वैदिक सूक्त, रहस्यत्रय, देवीको आरती र क्षमापराध स्तोत्रका साथै सिद्धकुञ्जिकास्तोत्र पनि समाविष्ट गरिएको छ । कवच, अर्गला र कीलकको पदच्छेद छैन भने रहस्यत्रयको मूलमात्र छ।

दुर्गासप्तशतीका अनेक पाठभेद छन् तापनि "सप्तशती-सर्वस्व" को उपासनाक्रममा पहिले शापोद्धार, उत्कीलन मन्त्रको जप गरी षडङ्गसहित (कवच, अर्गला, कीलक र रहस्यत्रय) पाठ गर्नुपर्ने कुराको निर्णय भएकोले सोहीअनुरूप नै गर्दामात्र फलसिद्धि हुन्छ, नत्र त अङ्गपरित्याग नै शाप हो भन्ने भनाइ पनि पाइन्छ। जस्तै—

अङ्गहीनो यथा देही सर्वकर्मसु न क्षमः । अङ्गषट्कविहीना तु तथा सप्तशती स्तुतिः ॥

तस्मादेतत्पठित्वेव जपेत् सप्तशतीं पराम् । अन्यथा शापमाप्नोति हानिं चैव पदे पदे ॥

रावणाद्याः स्तोत्रमेतदङ्गहीनं निषेविरे । हता रामेण ते यस्मान्नाङ्गहीनं पठेत्ततः ।।

कात्यायनी तन्त्र ।

सप्तशतीको विशेष अनुष्ठान जस्तै नवरात्र, शतचण्डी, सहस्रचण्डीआदि विशेष अवसरमा विशेष विधिको उपयोग गर्नुपर्ने हुन्छ । त्यस्तो अवसरमा विशेष प्रकारको पूजापद्धतिद्वारा पूजा गर्नुपर्दछ र त्यस्ता विशेष अवसरमा मन्त्रस्थ कलश, गणेश, दियो, नवग्रहयन्त्र, चतुषष्टी योगिनी, मातृका, वास्तु, क्षेत्रपाल र अरू विशेष देवताको पूजा अनुष्ठान वैदिक विधिद्वारा वा शास्त्रीय पद्धतिअनुसार गर्नुपर्दछ। त्यसैले यस्तो अवस्थामा विशेष किसिमको पूजापद्धतिको सहायताद्वारा भगवतीको आराधना गरी पाठ प्रारम्भ गर्नुपर्दछ। सामान्य पाठमा वैदिक सूक्त, आरती, क्षमापनस्तोत्र र सिद्धकुञ्जिकास्तोत्रको पाठ देवीलाई विशेष प्रसन्न गराउनका लागि गरिन्छ। एकै दिनमा एकभन्दा बढी आवृत्ति गर्दा पनि कवच, अर्गला र रहस्यत्रयको पुनरावृत्ति गर्ने गरिँदैन । सामान्य पाठमा पनि जसको एकै दिनमा सबै पूरै पढिसक्ने सामर्थ्य छैन उसले केवल मध्यम चरित्र मात्र पाठ गर्ने विधान पनि स्पष्ट छ । यसरी तन्त्र, मन्त्र र मिश्र त्यस्तै कात्यायनी तन्त्र, सप्तशती-सर्वस्व, चिदम्बर-संहिता, रुद्रयामल आदि अनेक तन्त्रअनुसार सप्तशतीको पाठको क्रम अनेक प्रकारको पाइन्छ तापनि जस्तो वैदिक सनातन धर्ममा आफ्नो देशमा र कुलपरम्परामा प्रचलित जुन पाठ छ त्यसैको अनुसरण गर्नु नै उचित हुनेछ।

अन्तमा यसरी यस रूपको पुस्तकको अनुवाद र पाण्डुलिपि तयार गर्नमा प्रेरणा र हौसला प्रदान गर्नुहुने आदरणीय दीक्षित अग्निहोत्री स्वर्गीय गुरु तीर्थराज आचार्यज्यूप्रति हार्दिक आभार व्यक्त गर्दछु। त्यस्तै शुभकामना प्रकट गर्नुहुने प्रा.डा. श्री वावुराम पोखेलज्यू , आशंसा लेखी सहयोग गर्नुहुने आदरणीय गुरु प्रा. श्रीटीकाप्रसाद शर्मा वस्तीज्यू, शुभाशंसा लेखी सहयोग गर्नुहुने आदरणीय प्रा. डा. टीकाराम अधिकारीज्यूप्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु। साथै कम्प्युटर र प्रूफ रिडिङ्मा समेत सहयोग गर्नुहुने अनन्य मित्र प्रा. श्रीपीताम्बर अधिकारीज्यू, सहयोगी मित्र सह प्रा. डा. श्री देवमणि भट्टराईज्यू, अन्य सुझाव सल्लाह प्रदान गर्नुहुने पाठ्यक्रम विकास केन्द्रका उपनिर्देशक श्रीशम्भु दाहालज्यू र अधिकृत श्रीपुरुषोत्तम घिमिरेज्यूमा पनि आभार व्यक्त गर्दछु। जीवनभरि अनेकौं विघ्नबाधालाई परवाह नगरी सहयोग पुऱ्याउने जीवन सङ्गिनी एवं धर्मपत्नी प्रकाशिका श्रीमती सुमित्रा गौतमलाई पनि शुभाशीर्वाद नदिई रहन सक्तिन। यस काममा सहयोग पुऱ्याउने छोरा–बुहारी, छोरी–ज्वाईं, नाति–नातिना, बन्धुवर्ग र इष्टमित्र सबैमा साधुवाद ज्ञापन गर्दछु।

राम्रो छपाइ गरी समयमा नै पुस्तक प्रदान गर्नुहुने ए.वि.एस. प्रेसका प्रोपराइटर श्री शिव चापागाईं एवं व्यवस्थापक तथा कर्मचारी बन्धुप्रति साधुवाद ज्ञापन गर्दछु।

यसमा भएका कमी कमजोरीलाई औंल्याई सही सुझाव र सल्लाह दिनुहुन सम्पूर्ण सचेतक पाठक मित्रहरूलाई हार्दिक अनुरोध गर्दछु।

अन्तमा "त्वदीयं वस्तु जननि ! तुभ्यमेव समर्पये" गर्दै कलम रोक्दछु।

अनुवादक

सहप्रा. गोपीकृष्ण उपाध्याय गौतम ।

पञ्चकन्यापथ धरान–१४,

सुन्सरी, कोशी।

ॐ दुर्गायै नमः

दुर्गा सप्तशती साधारण पाठविधि

शुद्ध आसनमा बसी आचमन प्राणायाम गरी पुस्तकको पूजा गर्ने–

पुस्तक पूजागर्ने मन्त्रः–

ॐ नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणतास्म ताम् ॥१॥

(वाराही तन्त्र तथा चिदम्बरसंहिता)

ध्यात्वा देवीं पञ्चपूजां कृत्वा योन्या प्रणम्य च ।
आधारं स्थाप्य मूलेन स्थापयेत्तत्र पुस्तकम् ॥२॥

त्यसपछि आदि र अन्तमा सातपटक शापोद्धार मन्त्रको जप गर्ने ।

मन्त्रः– ॐ ह्रीं क्लीं श्रीं क्रां क्रीं चण्डिका देव्यै शापनाशानुग्रहं कुरु कुरु स्वाहा ।

त्यसरी नै उत्कीलन मन्त्र २१ पटक जप्ने ।

मन्त्रः– ॐ श्रीं क्लीं ह्रीं सप्तशती चण्डिके उत्कीलनं कुरु कुरु स्वाहा ।

अब विनियोगपूर्वक शापविमोचन गर्ने– जलकुश दाहिने हातमा लिने ।

ॐ अस्य श्रीचण्डिकाया ब्रह्म–वशिष्ठ–विश्वामित्र–शाप–विमोचन–मन्त्रस्य वसिष्ठ–नारद–संवाद–सामवेदाधिपति–ब्रह्मा ऋषयः सर्वैश्वर्य–कारिणी श्रीदुर्गा देवता चरित्रत्रयं बीजं ह्रीं शक्तिः त्रिगुणात्म–स्वरूप–चण्डिकाशाप–विमुक्तौ मम संकल्पित–कार्य–सिद्ध्यर्थे जपे विनियोगः । जलकुश भूइमा छोडिदिने ।

ॐ (ह्रीं) रीं रेतः स्वरूपिण्यै मधुकैटभ–मर्दिन्यै ब्रह्म–वशिष्ठ–विश्वामित्र–शापात् विमुक्ता भव ॥१॥ ॐ श्रीं बुद्धि–स्वरूपिण्यै महिषासुर–सैन्य–नाशिन्यै ब्रह्म–वशिष्ठ–

विश्वामित्र-शापात् विमुक्ता भव ॥२॥ ॐ रं रक्त-स्वरूपिण्यै महिषासुर-मर्दिन्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥३॥ ॐ क्षुं क्षुधा-स्वरूपिण्यै देव-वन्दितायै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥४॥ ॐ छां छाया-स्वरूपिण्यै दूत-संवादिन्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥५॥ ॐ शं शक्ति-स्वरूपिण्यै धूम्रलोचन-घातिन्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥६॥ ॐ तृं तृषा-स्वरूपिण्यै चण्डमुण्ड-बध-कारिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥७॥ ॐ क्षां क्षान्ति-स्वरूपिण्यै रक्तबीज-बध-कारिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥८॥ ॐ जां जाति-स्वरूपिण्यै निशुम्भ-बध-कारिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥९॥ ॐ लं लज्जा-स्वरूपिण्यै शुम्भ-बध-कारिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१०॥ ॐ शां शान्ति-स्वरूपिण्यै देवस्तुत्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥११॥ ॐ श्रं श्रद्धा-स्वरूपिण्यै सकल-फलदात्र्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१२॥ ॐ कां कान्ति-स्वरूपिण्यै राज-वर-प्रदायै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१३॥ ॐ मां मातृस्वरूपिण्यै अनर्गल-महिमा-सहितायै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१४॥ ॐ ह्रीं श्रीं दुं दुर्गायै सं सर्वैश्वर्य- कारिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१५॥ ॐऐं ह्रीं क्लीं नमः शिवायै अभेद्य-कवच-स्वरूपिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१६॥ ॐ क्रीं काल्यै काली ह्रीं फट् स्वाहायै ऋग्वेद-स्वरूपिण्यै ब्रह्म-वशिष्ठ-विश्वामित्र-शापात् विमुक्ता भव ॥१७॥ ॐ ऐं ह्रीं क्लीं महाकाली-महालक्ष्मी-महासरस्वती-स्वरूपिण्यै त्रिगुणात्मिकायै दुर्गादेव्यै नमः ॥१८॥

इत्येवं हि महामन्त्रान् पठित्वा परमेश्वर।

चण्डीपाठं दिवारात्रौ कुर्यादेव न संशयः ॥१९॥

एवं मन्त्रं न जानाति चण्डीपाठं करोति यः।

आत्मानं चैव दातारं क्षीणं कुर्यान्न संशयः ॥२०॥

पाठप्रारम्भः

अथ देव्याः कवचम्

ॐ अस्य श्रीचण्डी-कवचस्य ब्रह्मा ऋषिः, अनुष्टुप् छन्दः, चामुण्डा देवता, अङ्गन्यासोक्त मातरोबीजम्, दिग्बन्धदेवतास्तत्त्वम्, श्रीजगदम्बा-प्रीत्यर्थे सप्तशती-पाठाङ्गत्वेन जपे विनियोगः।

ॐ नमश्चण्डिकायै॥

मार्कण्डेय उवाच

ॐ यद्गुह्यं परमं लोके सर्वरक्षाकरं नृणाम्।

यन्न कस्यचिदाख्यातं तन्मे ब्रूहि पितामह ॥१॥

पदच्छेदः— यत्, गुह्यं, परमं, लोके, सर्वरक्षाकरं, नृणां, यत्, न, कस्यचित्, आख्यातं, तत्, मे, ब्रूहि, पितामह।

अन्वयः— ॐ नमः, चण्डिकायै, मार्कण्डेयः, उवाच, पितामह! लोके, यत्, परमं, गुह्यं, नृणां, सर्वरक्षाकरं, च, (अस्ति) यत्, कस्यचित्, न, आख्यातं, तत्, मे, ब्रूहि।

अर्थ— चण्डिका देवीलाई नमस्कार छ। मार्कण्डेयले भन्नुभयो— हे पितामह! संसारमा ज्यादै गोपनीय, सबैको भलाइ गर्ने र आजसम्म कसैलाई नभनिएको त्यस्तो कुनै साधन छ भने त्यो मलाई भन्नुहोस्।

ब्रह्मोवाच

अस्ति गुह्यतमं लोके सर्वभूतोपकारकम्।

देव्यास्तु कवचं पुण्यं तच्छृणुष्व महामुने ॥२॥

पदच्छेदः— ब्रह्मा, उवाच, अस्ति, गुह्यतमं, लोके, सर्वभूत-उपकारकं, देव्याः, तु, कवचं, पुण्यं, तत्, शृणुष्व, महामुने।

अन्वयः— ब्रह्मा, उवाच, विप्र, देव्याः, गुह्यतमं, कवचं, अस्ति, यत्, सर्वभूतोपकारकं, पुण्यं, च अस्ति, महामुने, तत्, शृणुष्व।

अर्थ— हे विप्र यस्तो साधन त देवीको कवच छ जुन अति गोपनीय, सम्पूर्ण प्राणीको उपकारक र पुण्यदायक पनि छ। हे महामुने, यसलाई सुन।

प्रथमं शैलपुत्री च द्वितीयं ब्रह्मचारिणी।
तृतीयं चन्द्रघण्टेति कुष्माण्डेति चतुर्थकम् ॥३॥

अन्वयः— प्रथमं शैलपुत्री च, द्वितीयं ब्रह्मचारिणी, तृतीयं चन्द्रघण्टा इति, चतुर्थं कुष्माण्डा इति।

अर्थ— देवीका नौ मूर्तिहरू छन्। ती मध्ये प्रथम शैलपुत्री (हिमालयकी छोरी पार्वती हुन् तापनि सबैकी अधीश्वरी हुन्) दोस्री ब्रह्मचारिणी, तेस्री चन्द्रघण्टा र चौथी हुन् कुष्माण्डा।

पञ्चमं स्कन्दमातेति षष्ठं कात्यायनीति च।
सप्तमं कालरात्रीति महागौरीति चाष्टमम् ॥४॥

अन्वयः— पञ्चमं स्कन्दमाता इति, षष्ठं कात्यायनी इति, सप्तमं कालरात्री इति, अष्टमं महागौरी, इति।

अर्थ— पञ्चम हुन् स्कन्दमाता, छैटौं हुन् कात्यायनी, सातौं हुन् कालरात्री र आठौं महागौरी हुन्।

नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः।
उक्तान्येतानि नामानि ब्रह्मणैव महात्मना ॥५॥

अन्वयः— नवमं सिद्धिदात्री च नवदुर्गाः प्रकीर्तिताः। एतानि नामानि, ब्रह्मणा, एव, महात्मना, उक्तानि।

अर्थ— नवम हुन् सिद्धिदात्री। यिनीहरूलाई नै नवदुर्गा भन्दछन्। यी नामहरू सर्वज्ञ महात्मा ब्रह्माजीले नै प्रतिपादन गरेका हुन्।

अग्निना दह्यमानस्तु शत्रुमध्ये गतोरणे।
विषमे दुर्गमे चैव भयार्ताः शरणं गताः ॥६॥

अन्वयः— (यः) अग्निना, दह्यमानः, रणे, शत्रुमध्ये, गतः, विषमे, दुर्गमे, च, एव, भयार्ताः, शरणं, गताः (तेषां कदापि भयं न)।

अर्थ— जो मानिस आगोमा जलिरहेको छ, शत्रुद्वारा घेरिएको छ, विषम संकटमा परेको छ र यस्तै अरू आपत्मा परेका बखतमा पनि देवीको शरणमा पऱ्यो भने उसलाई कदापि अमङ्गल हुँदैन।

न तेषां जायते किंचिदशुभं रणसंकटे।
नापदं तस्य पश्यामि शोकदुःखभयं न हि ॥७॥

अन्वयः— रणसंकटे, तस्य, किञ्चित, अशुभं, न, जायते, तस्य, आपद, न, पश्यामि, हि, शोकदुःखभयं, न।

अर्थ— युद्धको समयमा संकट परे तापनि तिनीहरूलाई कुनै अमङ्गल हुँदैन। तिनीहरूमाथि कुनै विपत्ति देख्न सक्तिन। निश्चय नै शोक र दुःखको भय पनि छैन।

यैस्तु भक्त्या स्मृता नूनं तेषां वृद्धिः प्रजायते।
ये त्वां स्मरन्ति देवेशि रक्षसे तान्न संशयः ॥

अन्वयः— यैः, भक्त्या, स्मृता, नूनं, तेषां, वृद्धिः, प्रजायते, देवेशि, ये, च, त्वां, स्मरन्ति, तान्, रक्षसे, न, संशयः।

अर्थ— जसले भक्तिपूर्वक देवीलाई सम्झन्छन् निश्चय नै तिनीहरूको उन्नति हुन्छ। हे देवेशि ! जो हजूरको स्मरण गर्दछन् तिनीहरूलाई निःसंकोच रक्षा गर्नुहुन्छ।

प्रेतसंस्था तु चामुण्डा वाराही महिषासना।
ऐन्द्री गजसमारूढा वैष्णवी गरुडासना ॥९॥

अन्वयः— चामुण्डा, प्रेतसंस्था, वाराही, महिषासना, ऐन्द्री, गजसमारूढा, वैष्णवी, गरुडासना।

अर्थ— चामुण्डा देवी प्रेतमाथि चढेकी छन्। वाराही भैसीमाथि चढेर हिँडछिन्। त्यस्तै ऐन्द्रीको वाहन ऐरावत हात्ती छ। वैष्णवी देवीले गरुडमा आसन जमाउनुभएको छ।

माहेश्वरी वृषारूढा कौमारी शिखिवाहना।
लक्ष्मीः पद्मासना देवी पद्महस्ता हरिप्रिया ॥१०॥

अन्वयः— माहेश्वरी, वृषारूढा, कौमारी, शिखिवाहना, हरिप्रिया, लक्ष्मी, पद्मासना, पद्महस्ता (च)।

अर्थ— माहेश्वरीको वाहन हो गोरु। कौमारीको वाहन मयूर हो। भगवान् विष्णुकी प्रियतमा लक्ष्मीको आसन कमल हो र उनले हातमा पनि कमल नै लिएकी छन्।

श्वेतरूपधरा देवी ईश्वरी वृषवाहना।
ब्राह्मी हंससमारूढा सर्वाभरणभूषिताः ॥११॥

अन्वयः— वृषवाहना, ईश्वरी, देवी, श्वेतरूपधरा, (अस्ति) हंसारूढा, ब्राह्मी, सर्वाभरणभूषिता, (वर्तते)।

अर्थ— वृषभ (गोरु) वाहन भएकी ईश्वरी देवीले सेतो रूप धारण गरेकी छन्। हाँस वाहन भएकी ब्राह्मी देवी सम्पूर्ण गहनाले झपक्कै भएकी छन्।

इत्येता मातरः सर्वाः सर्वयोगसमन्विताः ।
नानाभरणशोभाढ्या नानारत्नोपशोभिताः ॥१२॥

अन्वयः— इति, एताः, सर्वाः, मातरः, सर्वयोगसमन्विताः, नाना, आभरण-शोभाढ्याः, नाना, रत्न-उपशोभिताः (सन्ति) ।

अर्थ— यसरी यी सम्पूर्ण माताहरू सबै प्रकारका योगशक्तिले सम्पन्न छन् । यी बाहेक अरू पनि धेरै देवीहरू छन् जो सारा गहनाका शोभाले सुशोभित एवं विभिन्न रत्नहरूले विभूषित पनि छन् ।

दृश्यन्ते रथमारूढाः देव्यः क्रोधसमाकुलाः ।
शङ्खं चक्रं गदां शक्तिं हलं च मुसलायुधम् ॥१३॥

अन्वयः— देव्यः, क्रोधसमाकुलाः, रथम्, आरूढाः, दृश्यन्ते, (हस्तेषु) शङ्खं, चक्रं, गदां, शक्तिं, हलं, मुसलायुधं, च (धारयन्ति) ।

अर्थ— यी सबै देवीहरू क्रोधले आकुल भएका छन् र भक्तहरूका निमित्त रथमा बसेका देखिन्छन् । यिनीहरूले हातमा शङ्ख, चक्र, गदा, शक्ति हलो र मुसल धारण गरेका छन् ।

खेटकं तोमरं चैव परशुं पाशमेव च ॥
कुन्तायुधं त्रिशूलं च शार्ङ्गमायुधमुत्तमम् ॥१४॥

अन्वयः— खेटकं, तोमरं, च, एव, परशुं, पाशम्, एव, च, कुन्त-आयुधं, त्रिशूलं, उत्तमं, शार्ङ्गम्, आयुधं, च (धारयन्ति) ।

अर्थ— खेटक, तोमर बञ्चरो, पाश, कुन्त, त्रिशूल र उत्तम आयुध शार्ङ्ग धनुष पनि धारण गरेका छन् ।

दैत्यानां देहनाशाय भक्तानामभयाय च ।
धारयन्त्यायुधानीत्थं देवानां च हिताय वै ॥१५॥

अन्वयः— दैत्यानां, देहनाशाय, भक्तानाम्, अभयाय, च, वै, देवां, हिताय, च, इत्थम्, आयुधानि, धारयन्ति ।

अर्थ— दैत्यका शरीरको नाश गर्न, भक्तहरूलाई अभय दिन र देवताहरूको कल्याणका लागि यसरी हतियारहरू धारण गर्दछन् ।

नमस्तेऽस्तु महारौद्रे महाघोरपराक्रमे ।
महाबले महोत्साहे महाभयविनाशिनि ॥१६॥

अन्वयः— महारौद्रे, महाघोर-पराक्रमे, महाबले, महोत्साहे, महाभय-विनाशिनि, (देवी) ते, नमः, अस्तु । ॥१६॥

अर्थ– ठूलो रौद्ररूप भएकी, अत्यन्त घोर पराक्रम भएकी, महान् बल भएकी, महान् उत्साह भएकी र महान् भयलाई विनाश गर्ने भएकी हे देवी, हजूरलाई नमस्कार छ।

त्राहि मां देवि दुष्प्रेक्षे शत्रूणां भयबर्द्धिनि।

प्राच्यां रक्षतु मामैन्द्री आग्नेयामग्निदेवता ॥१७॥

अन्वयः– दुष्प्रेक्षे, शत्रूणां, भयबर्द्धिनि, देवि, मां, त्राहि, प्राच्यां, मां, ऐन्द्री, रक्षतु, आग्नेयाम्, अग्निदेवता, रक्षतु।

अर्थ– सामुन्ने बसेर हेर्न नसकिने एवं शत्रुलाई भय बढाउने भएकी हे देवी, मलाई रक्षा गर्नुहोस्। पूर्व दिशामा मलाई इन्द्राणी देवीले रक्षा गरून्। आग्नेय दिशामा अग्निदेवताले मेरो रक्षा गरून्।

दक्षिणेऽवतु वाराही नैर्ऋत्यां खड्गधारिणी।

प्रतीच्यां वारुणी रक्षेद् वायव्यां मृगवाहिनी ॥१८॥

अन्वयः– दक्षिणे, वाराही, अवतु, नैर्ऋत्यां, खड्गधारिणी, (अवतु) प्रतीच्यां, वारुणी, रक्षेत्, वायव्यां, मृगवाहिनी रक्षेत्।

अर्थ– दक्षिण दिशामा मलाई वाराहीले रक्षा गरून्। नैऋत्य दिशामा हातमा खड्ग लिने देवीले रक्षा गरून्। पश्चिममा वारुणी देवी र वायव्यमा मृगमा चढेकी देवीले मेरो रक्षा गरून्।

उदीच्यां पातु कौमारी ऐशान्यां शूलधारिणी।

ऊर्ध्वं ब्रह्माणि मे रक्षेदधस्ताद् वैष्णवी तथा ॥१९॥

अन्वयः– उदीच्यां, कौमारी, पातु, ऐशान्यां, शूलधारिणी, (पातु) ब्रह्माणि, मे, ऊर्ध्वं, (पातु) तथा, वैष्णवी, अधस्तात्, रक्षेत्।

अर्थ– उत्तर दिशामा कौमारी देवीले, ईशानमा शूलधारिणीले रक्षा गरून्। हे ब्रह्माणी, तपाईंले माथिल्लोपट्टि र तलतिर वैष्णवी रक्षा गर्नुहोस्।

एवं दशदिशो रक्षेच्चामुण्डा शववाहना।

जया मे चाग्रतः पातु विजया पातु पृष्ठतः ॥२०॥

अन्वयः– एवं, शववाहना, चामुण्डा, मे, दशदिशः, रक्षेत्, मे, अग्रतः, जया, पातु, पृष्ठतः, च, विजया, पातु।

अर्थ– यसरी नै शवलाई वाहन बनाउने चामुण्डा देवी मेरो दशैंदिशामा रक्षा गरून्। मेरो अगाडिपट्टि जया र पछाडिको भागमा विजया रक्षा गर्नुहोस्।

अजिता वामपार्श्वे तु दक्षिणे चापराजिता ।
शिखामुद्योतिनी रक्षेदुमा मूर्ध्नि व्यवस्थिता ॥२१॥

अन्वयः— वामपार्श्वे, तु, अजिता, रक्षेत्, दक्षिणे, च, अपराजिता, (रक्षेत्) शिखाम्, उद्योतिनी, रक्षेत्, व्यवस्थिता, उमा, मे, मूर्ध्नि (रक्षेत्) ।

अर्थ— देब्रेतिर अजिता र दाहिनेतिर अपराजिता रक्षा गरून् । मेरो टुपीमा उद्योतिनीले रक्षा गरून् र व्यवस्थित उमा मेरो शिरमा बसेर रक्षा गरून् ।

मालाधरी ललाटे च भ्रुवौ रक्षेद्यशस्विनी ।
त्रिनेत्रा च भ्रुवोर्मध्ये यमघण्टा च नासिके ॥२२॥

अन्वयः— ललाटे, मालाधरी, (रक्षेत्) भ्रुवौ, च, यशस्विनी, रक्षेत्, भ्रुवोर्मध्ये, त्रिनेत्रा, नासिके, च, यमघण्टा, रक्षेत् ।

अर्थ— मेरो निधारमा मालाधरी र आँखीभुइँमा यशस्विनीले रक्षा गरून् । आँखीभुइँका बीचमा त्रिनेत्राले र मेरो नाकमा यमघण्टा देवीले रक्षा गरून् ।

शङ्खिनी चक्षुषोर्मध्ये श्रोत्रयोर्द्वारवासिनी ।
कपोलौ कालिका रक्षेत्कर्णमूले तु शाङ्करी ॥२३॥

अन्वयः— चक्षुषोर्मध्ये, शङ्खिनी, रक्षेत्, श्रोत्रयोः, द्वारवासिनी, (रक्षेत्) कपोलौ, कालिका, (रक्षेत्) कर्णमूले, तु, शाङ्करी, (रक्षेत्) ।

अर्थ— दुई आँखाका बीचमा शङ्खिनी देवीले रक्षा गरून् । कानमा द्वारवासिनीले, कपोलमा कालिकाले र कानको मूलमा शाङ्करीले रक्षा गरून् ।

नासिकायां सुगन्धा च उत्तरोष्ठे च चर्चिका ।
अधरे चामृतकला जिह्वायां च सरस्वती ॥२४॥

अन्वयः— नासिकायां, च, सुगन्धा, उत्तरोष्ठे, च, चर्चिका, अधरे, च, अमृतकला, जिह्वायां, च, सरस्वती (रक्षेत्) ।

अर्थ— नाकमा सुगन्धाले, माथिल्लो ओठमा चर्चिकाले, तल्लो ओठमा अमृतकलाले र जिब्रोमा सरस्वती देवीले रक्षा गरून् ।

दन्तान् रक्षतु कौमारी कण्ठदेशे तु चण्डिका ।
घण्टिकां चित्रघण्टा च महामाया च तालुके ॥२५॥

अन्वयः— कौमारी, दन्तान्, रक्षतु, कण्ठदेशे, तु, चण्डिका, (रक्षतु) चित्रघण्टा, च, घण्टिकां, तालुके, च, महामाया (रक्षतु) ।

अर्थ– कौमारी दाँतहरूको, चण्डिकाले घाँटीको चित्रघण्टाले घण्टिकाको र तालुको रक्षा महामायाले गरून्।

कामाक्षी चिवुकं रक्षेद्वाचं मे सर्वमङ्गला।
ग्रीवायां भद्रकाली च पृष्ठवंशे धनुर्धरी ॥२६॥

अन्वयः– चिवुकं, कामाक्षी, रक्षेत्, मे, वाचं, सर्वमङ्गला, (रक्षेत्) भद्रकाली, ग्रीवायां, पृष्ठवंशे, च, धनुर्धरी (रक्षेत्)

अर्थ– चिउँडोमा कामाक्षी देवीले रक्षा गरून्। मेरो बोलीमा सर्वमङ्गला, घाँटीमा भद्रकाली र पृष्ठभाग (मेरुदण्ड) मा धनुर्धरीले रक्षा गरून्।

नीलग्रीवा बहिःकण्ठे नलिकां नलकूबरी।
स्कन्धयोः खड्गिनी रक्षेद् बाहू मे वज्रधारिणी ॥२७॥

अन्वयः– बहिःकण्ठे, नीलग्रीवा, नलिकां, नलकूबरी, स्कन्धयोः, खड्गिनी, मे, बाहू, वज्रधारिणी, रक्षेत्।

अर्थ– घाँटीको बाहिरी भागको रक्षा नीलग्रीवाले गरून्। घाँटीका नशामा नलकूबरीले रक्षा गरून्। दुवै काँधमा खड्गिनीले रक्षा गरून्। मेरा दुवै हातमा वज्रधारिणीले रक्षा गरून्।

हस्तयोर्दण्डिनी रक्षेदम्बिका चाङ्गुलीषु च।
नखाञ्छूलेश्वरी रक्षेत्कुक्षौ रक्षेत्कुलेश्वरी ॥२८॥

अन्वयः– हस्तयोः, दण्डिनी, रक्षेत्, अङ्गुलीषु, च, अम्बिका, (रक्षेत्) शूलेश्वरी, नखान्, रक्षेत्, कुक्षौ, च, कुलेश्वरी, रक्षेत्।

अर्थ– दुवै हातमा दण्डिनीले रक्षा गरून्। हातका औंलाहरूमा अम्बिकाले रक्षा गरून्। शूलेश्वरीले नङमा र कुलेश्वरीले कोखामा रक्षा गरून्।

स्तनौ रक्षेन्महादेवी मनःशोकविनाशिनी।
हृदये ललिता देवी उदरे शूलधारिणी ॥२९॥

अन्वयः– महादेवी, स्तनौ, रक्षेत्, शोकविनाशिनी, मनः, (रक्षेत्) हृदये, ललिता, देवी, (रक्षेत्) उदरे, शूलधारिणी (रक्षेत्)।

अर्थ– महादेवीले दुवै स्तनमा र शोकविनाशिनीले मनलाई रक्षा गरून्। हृदयमा ललिता देवी र पेटमा शूलधारिणीले रक्षा गरून्।

नाभौ च कामिनी रक्षेद् गुह्यं गुह्येश्वरी तथा।
पूतना कामिका मेढ्रं गुदे महिषवाहिनी ॥३०॥

अजिता वामपार्श्वे तु दक्षिणे चापराजिता।
शिखामुद्योतिनी रक्षेदुमा मूर्ध्नि व्यवस्थिता ॥२१॥

अन्वयः— वामपार्श्वे, तु, अजिता, रक्षेत्, दक्षिणे, च, अपराजिता, (रक्षेत्) शिखाम्, उद्योतिनी, रक्षेत्, व्यवस्थिता, उमा, मे, मूर्ध्नि (रक्षेत्)।

अर्थ— देब्रेतिर अजिता र दाहिनेतिर अपराजिता रक्षा गरून्। मेरो टुपीमा उद्योतिनीले रक्षा गरून् र व्यवस्थित उमा मेरो शिरमा बसेर रक्षा गरून्।

मालाधरी ललाटे च भ्रुवौ रक्षेद्यशस्विनी।
त्रिनेत्रा च भ्रुवोर्मध्ये यमघण्टा च नासिके ॥२२॥

अन्वयः— ललाटे, मालाधरी, (रक्षेत्) भ्रुवौ, च, यशस्विनी, रक्षेत्, भ्रुवोर्मध्ये, त्रिनेत्रा, नासिके, च, यमघण्टा, रक्षेत्।

अर्थ— मेरो निधारमा मालाधरी र आँखीभुइँमा यशस्विनीले रक्षा गरून्। आँखीभुइँका बीचमा त्रिनेत्राले र मेरो नाकमा यमघण्टा देवीले रक्षा गरून्।

शङ्खिनी चक्षुषोर्मध्ये श्रोत्रयोर्द्वारवासिनी।
कपोलौ कालिका रक्षेत्कर्णमूले तु शाङ्करी ॥२३॥

अन्वयः— चक्षुषोर्मध्ये, शङ्खिनी, रक्षेत्, श्रोत्रयोः, द्वारवासिनी, (रक्षेत्) कपोलौ, कालिका, (रक्षेत्) कर्णमूले, तु, शाङ्करी, (रक्षेत्)।

अर्थ— दुई आँखाका बीचमा शङ्खिनी देवीले रक्षा गरून्। कानमा द्वारवासिनीले, कपोलमा कालिकाले र कानको मूलमा शाङ्करीले रक्षा गरून्।

नासिकायां सुगन्धा च उत्तरोष्ठे च चर्चिका।
अधरे चामृतकला जिह्वायां च सरस्वती ॥२४॥

अन्वयः— नासिकायां, च, सुगन्धा, उत्तरोष्ठे, च, चर्चिका, अधरे, च, अमृतकला, जिह्वायां, च, सरस्वती (रक्षेत्)।

अर्थ— नाकमा सुगन्धाले, माथिल्लो ओठमा चर्चिकाले, तल्लो ओठमा अमृतकलाले र जिब्रोमा सरस्वती देवीले रक्षा गरून्।

दन्तान् रक्षतु कौमारी कण्ठदेशे तु चण्डिका।
घण्टिकां चित्रघण्टा च महामाया च तालुके ॥२५॥

अन्वयः— कौमारी, दन्तान्, रक्षतु, कण्ठदेशे, तु, चण्डिका, (रक्षतु) चित्रघण्टा, च, घण्टिकां, तालुके, च, महामाया (रक्षतु)।

अर्थ– कौमारी दाँतहरूको, चण्डिकाले घाँटीको चित्रघण्टाले घण्टिकाको र तालुको रक्षा महामायाले गरून्।

कामाक्षी चिवुकं रक्षेद्वाचं मे सर्वमङ्गला।
ग्रीवायां भद्रकाली च पृष्ठवंशे धनुर्धरी ॥२६॥

अन्वयः– चिवुकं, कामाक्षी, रक्षेत्, मे, वाचं, सर्वमङ्गला, (रक्षेत्) भद्रकाली, ग्रीवायां, पृष्ठवंशे, च, धनुर्धरी (रक्षेत्)

अर्थ– चिउँडोमा कामाक्षी देवीले रक्षा गरून्। मेरो बोलीमा सर्वमङ्गला, घाँटीमा भद्रकाली र पृष्ठभाग (मेरुदण्ड) मा धनुर्धरीले रक्षा गरून्।

नीलग्रीवा बहिःकण्ठे नलिकां नलकूबरी।
स्कन्धयोः खड्गिनी रक्षेद् बाहू मे वज्रधारिणी ॥२७॥

अन्वयः– बहिःकण्ठे, नीलग्रीवा, नलिकां, नलकूबरी, स्कन्धयोः, खड्गिनी, मे, बाहू, वज्रधारिणी, रक्षेत्।

अर्थ– घाँटीको बाहिरी भागको रक्षा नीलग्रीवाले गरून्। घाँटीका नशामा नलकूबरीले रक्षा गरून्। दुवै काँधमा खड्गिनीले रक्षा गरून्। मेरा दुवै हातमा वज्रधारिणीले रक्षा गरून्।

हस्तयोर्दण्डिनी रक्षेदम्बिका चाङ्गुलीषु च।
नखाञ्छूलेश्वरी रक्षेत्कुक्षौ रक्षेत्कुलेश्वरी ॥२८॥

अन्वयः– हस्तयोः, दण्डिनी, रक्षेत्, अङ्गुलीषु, च, अम्बिका, (रक्षेत्) शूलेश्वरी, नखान्, रक्षेत्, कुक्षौ, च, कुलेश्वरी, रक्षेत्।

अर्थ– दुवै हातमा दण्डिनीले रक्षा गरून्। हातका औंलाहरूमा अम्बिकाले रक्षा गरून्। शूलेश्वरीले नङमा र कुलेश्वरीले कोखामा रक्षा गरून्।

स्तनौ रक्षेन्महादेवी मनःशोकविनाशिनी।
हृदये ललिता देवी उदरे शूलधारिणी ॥२९॥

अन्वयः– महादेवी, स्तनौ, रक्षेत्, शोकविनाशिनी, मनः, (रक्षेत्) हृदये, ललिता, देवी, (रक्षेत्) उदरे, शूलधारिणी (रक्षेत्)।

अर्थ– महादेवीले दुवै स्तनमा र शोकविनाशिनीले मनलाई रक्षा गरून्। हृदयमा ललिता देवी र पेटमा शूलधारिणीले रक्षा गरून्।

नाभौ च कामिनी रक्षेद् गुह्यं गुह्येश्वरी तथा।
पूतना कामिका मेढ्रं गुदे महिषवाहिनी ॥३०॥

अन्वयः— नाभौ, च, कामिनी, तथा, गुह्यं, गुह्येश्वरी, रक्षेत्, पूतना, कामिका, (च) मेढ्रं, गुदे, महिषवाहिनी (रक्षेत्)।

अर्थ— नाभिमा कामिनी र गुह्यमा गुह्येश्वरीले रक्षा गरून्। पूतना र कामिकाले लिङ्गको र महिषवाहिनीले गुदद्वारको रक्षा गरून्।

कट्यां भगवती रक्षेज्जानुनी विन्ध्यवासिनी।
जङ्घे महाबला रक्षेत्सर्वकामप्रदायिनी ॥३१॥

अन्वयः— भगवती, कट्यां, रक्षेत्, विन्ध्यवासिनी, जानुनी, (रक्षेत्) सर्वकामप्रदायिनी, महाबला, जङ्घे, रक्षेत्।

अर्थ— भगवतीले कम्मरमा रक्षा गरून्। विन्ध्यवासिनीले दुई घुँडाको रक्षा गरून्। सम्पूर्ण कामना प्रदान गर्ने देवी महाबलाले दुई जाँघको रक्षा गरून्।

गुल्फयोर्नारसिंही च पादपृष्ठे तु तैजसी।
पादाङ्गुलीषु श्री रक्षेत्पादाधस्तलवासिनी ॥३२॥

अन्वयः— नारसिंही, च, गुल्फयोः, तेजसी, तु, पादपृष्ठे, (रक्षेत्) पादाङ्गुलीषु, श्रीः, (रक्षेत्) पाद-अधः, तलवासिनी, रक्षेत्।

अर्थ— नारसिंहीले दुवै गोलीगाँठा, तैजसीले दुवै गोडाका पृष्ठभागमा, गोडाका औंलाहरूमा श्रीले र पैतालामा तलवासिनीले रक्षा गरून्।

नखान् दंष्ट्राकराली च केशांश्चैवोर्ध्वकेशिनी।
रोमकूपेषु कौमारी त्वचं वागीश्वरी तथा ॥३३॥

अन्वयः— दंष्ट्राकरालिनी, च, नखान्, उद्धर्वकेशिनी, केशान्, (रक्षेत्) रोमकूपेषु, कौवेरी, तथा, त्वचं, वागीश्वरी, (रक्षेत्)।

अर्थ— दंष्ट्राकरालिनीले नङहरूमा, उद्धर्वकेशिनीले केशहरूमा, रौंका प्वालहरूमा कौवेरीले र छालामा वागीश्वरीले रक्षा गरून्।

रक्तमज्जावसामांसान्यस्थिमेदांसि पार्वती।
अन्त्राणि कालरात्री च पित्तं च मुकुटेश्वरी ॥३४॥

अन्वयः— रक्त-मज्जा-वसा-मांसानि-अस्थि-मेदांसि, पार्वती, (रक्षेत्) कालरात्रिः, अन्त्राणि, पित्तं, च, मुकुटेश्वरी (रक्षेत्)।

अर्थ— रगत, मज्जा, बोसो, मासु, हाड र बोसाको पार्वतीले रक्षा गरून्। आन्द्राहरूको रक्षा कालरात्रीले गरून् र पित्तमा मुकुटेश्वरीले रक्षा गरून्।

पद्मावती पद्मकोशे कफे चूडामणिस्तथा।
ज्वालामुखी नखज्वालामभेद्या सर्वसन्धिषु ॥३५॥

अन्वयः— पद्मकोशे, पद्मावती, कफे, चूडामणिः, (रक्षेत्) नखज्वालां, ज्वालामुखी, तथा, सर्वसन्धिषु, अभेद्या (रक्षेत्)।

अर्थ— मूलाधार आदि कमलकोशमा पद्मावती देवी, कफमा चूडामणि देवी नङका तेजमा ज्वालामुखी देवी र अभेद्या देवीले शरीरका सारा जोर्नीहरूको रक्षा गरून्।

शुक्रं ब्रह्माणि मे रक्षेच्छायां छत्रेश्वरी तथा।
अहंकारं मनो बुद्धिं रक्षेन्मे धर्मधारिणी ॥३६॥

अन्वयः— ब्रह्माणि, मे, शुक्रं, रक्षेत्, तथा, छत्रेश्वरी, छायां, (रक्षेत्) धर्मधारिणी, मे, अहंकारं, मनः, बुद्धिं, रक्षेत्।

अर्थ— हे ब्रह्माणी हजूर मेरो वीर्यको रक्षा गर्नुहोस्। त्यस्तै छत्रेश्वरीले मेरो छायाको रक्षा गरून्। धर्मधारिणी देवी मेरा अहंकार, मन र बुद्धिको रक्षा गरून्।

प्राणापानौ तथा व्यानमुदानं च समानकम्।
वज्रहस्ता च मे रक्षेत्प्राणं कल्याणशोभना ॥३७॥

अन्वयः— वज्रहस्ता, मे, प्राण–अपान–व्यानम्–उदानं, समानकं, च, रक्षेत्, तथा, कल्याणशोभना, मे प्राणं, च (रक्षेत्)।

अर्थ— वज्रहस्ता देवीले मेरा प्राण, अपान, व्यान, उदान र समान वायुको रक्षा गरून्। त्यस्तै कल्याणशोभनाले मेरो प्राणको (विशेष) रक्षा गरून्।

रसे रूपे च गन्धे च शब्दे स्पर्शे च योगिनी।
सत्त्वं रजस्तमश्चैव रक्षेन्नारायणी सदा ॥३८॥

अन्वयः— रसे, रूपे, गन्धे, शब्दे, स्पर्शे, च, योगिनी, (रक्षेत्) तथा, सत्त्वं, रज, तमः, च, एव, सदा, नारायणी, रक्षेत्।

अर्थ— रस, रूप, गन्ध, शब्द र स्पर्शको अनुभवमा योगिनीले रक्षा गरून्। सत्त्व, रज र तमोगुणमा सधैं नारायणीले रक्षा गरून्।

आयू रक्षतु वाराही धर्मं रक्षतु वैष्णवी।
यशः कीर्तिं च लक्ष्मीं च धनं विद्यां च चक्रिणी ॥३९॥

अन्वयः— वाराही, आयूः, रक्षतु, वैष्णवी, धर्मं, रक्षतु, यशः, कीर्तिं, लक्ष्मीं, धनं, विद्यां, च, चक्रिणी, रक्षतु।

अन्वयः— नाभौ, च, कामिनी, तथा, गुह्यं, गुह्येश्वरी, रक्षेत्, पूतना, कामिका, (च) मेढ्रं, गुदे, महिषवाहिनी (रक्षेत्) ।

अर्थ— नाभिमा कामिनी र गुह्यमा गुह्येश्वरीले रक्षा गरून् । पूतना र कामिकाले लिङ्गको र महिषवाहिनीले गुदद्वारको रक्षा गरून् ।

कट्यां भगवती रक्षेज्जानुनी विन्ध्यवासिनी ।
जङ्घे महाबला रक्षेत्सर्वकामप्रदायिनी ॥३१॥

अन्वयः— भगवती, कट्यां, रक्षेत्, विन्ध्यवासिनी, जानुनी, (रक्षेत्) सर्वकामप्रदायिनी, महाबला, जङ्घे, रक्षेत् ।

अर्थ— भगवतीले कम्मरमा रक्षा गरून् । विन्ध्यवासिनीले दुई घुँडाको रक्षा गरून् । सम्पूर्ण कामना प्रदान गर्ने देवी महाबलाले दुई जाँघको रक्षा गरून् ।

गुल्फयोर्नारसिंही च पादपृष्ठे तु तैजसी ।
पादाङ्गुलीषु श्री रक्षेत्पादाधस्तलवासिनी ॥३२॥

अन्वयः— नारसिंही, च, गुल्फयोः, तेजसी, तु, पादपृष्ठे, (रक्षेत) पादाङ्गुलीषु, श्रीः, (रक्षेत्) पाद–अधः, तलवासिनी, रक्षेत् ।

अर्थ— नारसिंहीले दुवै गोलीगाँठा, तैजसीले दुवै गोडाका पृष्ठभागमा, गोडाका औंलाहरूमा श्रीले र पैतालामा तलवासिनीले रक्षा गरून् ।

नखान् दंष्ट्राकराली च केशांश्चैवोर्ध्वकेशिनी ।
रोमकूपेषु कौमारी त्वचं वागीश्वरी तथा ॥३३॥

अन्वयः— दंष्ट्राकरालिनी, च, नखान्, उद्धर्वकेशिनी, केशान्, (रक्षेत्) रोमकूपेषु, कौवेरी, तथा, त्वचं, वागीश्वरी, (रक्षेत्) ।

अर्थ— दंष्ट्राकरालिनीले नङहरूमा, उद्धर्वकेशिनीले केशहरूमा, रौंका प्वालहरूमा कौवेरीले र छालामा वागीश्वरीले रक्षा गरून् ।

रक्तमज्जावसामांसान्यस्थिमेदांसि पार्वती ।
अन्त्राणि कालरात्री च पित्तं च मुकुटेश्वरी ॥३४॥

अन्वयः— रक्त–मज्जा–वसा–मांसानि–अस्थि–मेदांसि, पार्वती, (रक्षेत्) कालरात्रिः, अन्त्राणि, पित्तं, च, मुकुटेश्वरी (रक्षेत्) ।

अर्थ— रगत, मज्जा, बोसो, मासु, हाड र बोसाको पार्वतीले रक्षा गरून् । आन्द्राहरूको रक्षा कालरात्रीले गरून् र पित्तमा मुकुटेश्वरीले रक्षा गरून् ।

पद्मावती पद्मकोशे कफे चूडामणिस्तथा।
ज्वालामुखी नखज्वालामभेद्या सर्वसन्धिषु ॥३५॥

अन्वयः— पद्मकोशे, पद्मावती, कफे, चूडामणिः, (रक्षेत्) नखज्वालां, ज्वालामुखी, तथा, सर्वसन्धिषु, अभेद्या (रक्षेत्)।

अर्थ— मूलाधार आदि कमलकोशमा पद्मावती देवी, कफमा चूडामणि देवी नङका तेजमा ज्वालामुखी देवी र अभेद्या देवीले शरीरका सारा जोर्नीहरूको रक्षा गरून्।

शुक्रं ब्रह्माणि मे रक्षेच्छायां छत्रेश्वरी तथा।
अहंकारं मनो बुद्धिं रक्षेन्मे धर्मधारिणी ॥३६॥

अन्वयः— ब्रह्माणि, मे, शुक्रं, रक्षेत्, तथा, छत्रेश्वरी, छायां, (रक्षेत्) धर्मधारिणी, मे, अहंकारं, मनः, बुद्धिं, रक्षेत्।

अर्थ— हे ब्रह्माणी हजूर मेरो वीर्यको रक्षा गर्नुहोस्। त्यस्तै छत्रेश्वरीले मेरो छायाको रक्षा गरून्। धर्मधारिणी देवी मेरा अहंकार, मन र बुद्धिको रक्षा गरून्।

प्राणापानौ तथा व्यानमुदानं च समानकम्।
वज्रहस्ता च मे रक्षेत्प्राणं कल्याणशोभना ॥३७॥

अन्वयः— वज्रहस्ता, मे, प्राण–अपान–व्यानम्–उदानं, समानकं, च, रक्षेत्, तथा, कल्याणशोभना, मे प्राणं, च (रक्षेत्)।

अर्थ— वज्रहस्ता देवीले मेरा प्राण, अपान, व्यान, उदान र समान वायुको रक्षा गरून्। त्यस्तै कल्याणशोभनाले मेरो प्राणको (विशेष) रक्षा गरून्।

रसे रूपे च गन्धे च शब्दे स्पर्शे च योगिनी।
सत्त्वं रजस्तमश्चैव रक्षेन्नारायणी सदा ॥३८॥

अन्वयः— रसे, रूपे, गन्धे, शब्दे, स्पर्शे, च, योगिनी, (रक्षेत्) तथा, सत्त्वं, रज, तमः, च, एव, सदा, नारायणी, रक्षेत्।

अर्थ— रस, रूप, गन्ध, शब्द र स्पर्शको अनुभवमा योगिनीले रक्षा गरून्। सत्त्व, रज र तमोगुणमा सधैं नारायणीले रक्षा गरून्।

आयू रक्षतु वाराही धर्मं रक्षतु वैष्णवी।
यशः कीर्तिं च लक्ष्मीं च धनं विद्यां च चक्रिणी ॥३९॥

अन्वयः— वाराही, आयूः, रक्षतु, वैष्णवी, धर्मं, रक्षतु, यशः, कीर्तिं, लक्ष्मीं, धनं, विद्यां, च, चक्रिणी, रक्षतु।

अर्थ— वाराही देवीले आयुको रक्षा गरून्। वैष्णवीले धर्मको रक्षा गरून्। यश, कीर्ति, लक्ष्मी, धन र विद्याको रक्षा चक्रिणी देवीले गरून्।

गोत्रमिन्द्राणि मे रक्षेत्पशून्मे रक्ष चण्डिके।
पुत्रान् रक्षेन्महालक्ष्मीर्भार्यां रक्षतु भैरवी ॥४०॥

अन्वयः— इन्द्राणि ! मे, गोत्रं, रक्षेत्, मे, पशून्, चण्डिके, रक्ष, (मे) पुत्रान्, महालक्ष्मी, रक्षेत्, (मे) भार्यां, भैरवी, रक्षतु।

अर्थ— हे इन्द्राणी देवी, हजूर मेरो गोत्रको रक्षा गर्नुहोस्। हे चण्डिके देवी, हजूर मेरा पशुहरूको रक्षा गर्नुहोस्। महालक्ष्मीले छोराहरूको र भैरवी देवीले (मेरी) पत्नीको रक्षा गरून्।

पन्थानं सुपथा रक्षेत् मार्गं क्षेमकरी तथा।
राजद्वारे महालक्ष्मीर्विजया सर्वतः स्थिता ॥४१॥

अन्वयः— पन्थानं, सुपथा, रक्षेत्, तथा, मार्गं, क्षेमकरी, (रक्षेत्) राजद्वारे, महालक्ष्मीः, (रक्षेत्) सर्वतः, स्थिता, विजया (रक्षेत्)।

अर्थ— मेरो बाटोलाई सुपथाले रक्षा गरून्। मेरो मार्गलाई क्षेमकरीले रक्षा गरून्। राजाको ढोकामा महालक्ष्मीले मेरो रक्षा गरून् र विजया सबैतिर बसेर मेरो रक्षा गरून्।

रक्षाहीनं तु यत्स्थानं वर्जितं कवचेन तु।
तत्सर्वं रक्ष मे देवि जयन्ती पापनाशिनी ॥४२॥

अन्वयः— हे देवि, कवचेन, वर्जितं, रक्षाहीनं, तु यत्, स्थानं, तत्, सर्वं, रक्ष, तु, (हि) त्वं, जयन्ती, पापनाशिनी, (च वर्तसे)।

अर्थ— हे देवी, कवचले रहित भएको र रक्षाले हीन भएको मेरो जति पनि ठाउँ छ त्यो सारा ठाउँलाई हजूरले रक्षा गर्नुहोस्। किनकि तपाईं विजयशालिनी र पापनाशिनी हुनुहुन्छ।

पदमेकं नगच्छेत्तु यदिच्छेच्छुभमात्मनः।
कवचेनावृतो नित्यं यत्र यत्रैव गच्छति ॥४३॥
तत्र तत्रार्थलाभश्च विजयः सार्वकामिकः।
यं यं चिन्तयते कामं तं तं प्राप्नोति निश्चितम् ॥
परमैश्वर्यमतुलं प्राप्स्यते भूतले पुमान् ॥४४॥

अन्वयः— यदि, आत्मनः, शुभम्, इच्छेत्, तु (मानवः) (कवचेन विना) एकं, पदं, (अपि) न, गच्छेत्, नित्यं, कवचेन, आवृतः, यत्र, यत्र, एव, गच्छति, तत्र, तत्र, अर्थलाभः,

सार्वकामिकः, विजयः, (भवति) (यः) यं, यं, काम, चिन्तयते, निश्चितं, तं, तं, प्राप्नोति। पुमान्, भूतले, अतुलं, परमम्, ऐश्वर्यं, प्राप्स्यते।

अर्थ– यदि आफ्नो कल्याणको कामना गर्दछ भने त मानिस कवचविना एक पाहिलो पनि न जाओस्। सधैं कवचले ढाकिएर जहाँ जहाँ जान्छ त्यहाँ त्यहाँ धनप्राप्ति र सबै प्रकारको विजय हुन्छ। जो पुरुष जुन जुन कुराको चाहना गर्दछ निश्चय नै त्यो त्यो प्राप्त गर्दछ। त्यस पुरुषले पृथ्वीमा अतुलनीय ठूलो ऐश्वर्य प्राप्त गर्दछ।

निर्भयो जायते मर्त्यः संग्रामेष्वपराजितः।
त्रैलोक्ये तु भवेत्पूज्यः कवचेनावृतः पुमान् ॥४५॥

अन्वयः– कवचेन, आवृतः, पुमान्, निर्भयः, जायते, संग्रामेषु, अपराजितः, च, (भवति) (सः) पुमान्, त्रैलोक्ये पूज्यः, भवेत्।

अर्थ– कवचले सुरक्षित मनुष्य निर्भय हुन्छ र संग्राममा अपराजित पनि हुन्छ। त्यो पुरुष तीनै लोकमा पूज्य होला। (हुन्छ)।

इदं तु देव्याः कवचं देवानामपि दुर्लभम्।
यः पठेत्प्रयतो नित्यं त्रिसन्ध्यं श्रद्धयान्वितः ॥४६॥
दैवी कला भवेत्तस्य त्रैलोक्येष्वपराजितः।
जीवेद् वर्षशतं साग्रमपमृत्युविवर्जितः ॥४७॥

अन्वयः– देव्याः, इदं, कवचं, देवानाम्, अपि, दुर्लभं (अस्ति) यः, प्रयतः, श्रद्धयान्वितः, त्रिसन्ध्यं, पठेत्, तस्य, दैवी, कला, भवेत्, त्रैलोक्येषु, अपराजितः,च, (सः) अपमृत्यु–विवर्जितः, साग्रं, वर्षशतं, जीवेत्।

अर्थ– देवीको यो कवच देवताहरूका लागि पनि दुर्लभ छ। जसले नियमपूर्वक श्रद्धाका साथ तीन साँझमा यसलाई पाठ गर्दछ उसलाई दैवीकला प्राप्त हुन्छ। तीनै लोकमा ऊ अपराजित पनि हुन्छ। यति मात्र होइन ऊ अपमृत्युबाट रहित भएर सय वर्षभन्दा पनि बढी बाँच्दछ।

नश्यन्ति व्याधयः सर्वे लूताविस्फोटकादयः।
स्थावरं जङ्गमं चैव कृत्रिमं चापि यद्विषम् ॥४८॥

अन्वयः– सर्वे, लूताविस्फोटकादयः, व्याधयः, नश्यन्ति, स्थावरं, जङ्गमं, कृत्रिमं, च यत्, विषं, (तदपि) (सर्वं नश्यति)।

अर्थ– लुतो, खटिरा, दुभि, कुष्ठरोग आदि सारा रोग नष्ट हुन्छन्। स्थावर विष (भाँग, अफीम आदि) जङ्गमं विष (सर्प आदि) कृत्रिम विष (अहिफेनादिबाट निर्मित) सबै नष्ट हुन्छन्।

अभिचाराणि सर्वाणि मन्त्रयन्त्राणि भूतले।
भूचराः खेचराश्चैव जलजाश्चोपदेशिकाः ॥४९॥

अन्वयः– भूतले, सर्वाणि, अभिचाराणि, मन्त्रयन्त्राणि, भूचराः, खेचराः, च, एव, जलजाः, उपदेशिकाः च, (नश्यन्ति)।

अर्थ– पृथ्वीमा हुने सारा मारण मोहन आदि जति पनि अभिचारका प्रयोग र तिनका मन्त्रयन्त्र छन् ती सबै र पृथ्वीमा घुम्ने ग्रामदेवता, आकाशचारी देवगणविशेष, पानीको सम्बन्धबाट प्रकट हुने गण र उपदेश मात्रले सिद्ध हुने निम्न कोटिका देवता पनि नष्ट हुनेछन्।

सहजा कुलजा माला डाकिनी शाकिनी तथा।
अन्तरिक्षचरा घोरा डाकिन्यश्च महाबलाः ॥५०॥
ग्रहभूतपिशाचाश्च यक्षगन्धर्वराक्षसाः।
ब्रह्मराक्षसवेतालाः कूष्माण्डा भैरवादयः ॥५१॥

अन्वयः– सहजा, कुलजा, माला, डाकिनी, शाकिनी, तथा, अन्तरिक्षचराः, घोराः, महाबलाः, डाकिन्यः, च, ग्रह-भूत-पिशाचाः, यक्ष-गन्धर्व-राक्षसाः, ब्रह्मराक्षस-वेतालाः, कूष्माण्डाः, भैरवादयः, च (नश्यन्ति)।

अर्थ– जन्मदै प्रकट भएर आएका, कुलदेवताबाट उत्पन्न भएका, कण्ठमाला आदि डाकिनी, शाकिनी, त्यस्तै आकाशमा घुम्ने अति भयानक महाबलशालिनी डाकिनीहरू, ग्रह, भूत, पिशाच, यक्ष, गन्धर्व, राक्षस, ब्रह्मराक्षस, वेताल, कूष्माण्ड, भैरव आदि अनिष्टकारक गण पनि नष्ट हुन्छन्।

नश्यन्ति दर्शनात्तस्य कवचे हृदि संस्थिते।
मानोन्नतिर्भवेत् राज्ञस्तेजोवृद्धिकरं परम् ॥५२॥

अन्वयः– हृदि, कवचे, संस्थिते, तस्य, दर्शनात्, नश्यन्ति, (तस्य) राज्ञः, मानोन्नतिः, भवेत्, (देव्याः कवचं) परम्, तेजोवृद्धिकरं, च।

अर्थ– हृदयमा कवच धारण गर्ने पुरुषलाई देख्नेबित्तिकै माथि बताइएका अनिष्टकारक गणहरू नष्ट हुन्छन्। त्यसको राजाबाट मान सम्मानमा वृद्धि हुन्छ। यो देवीकवच मानिसका लागि ठूलो तेजवृद्धिको साधन हो।

यशसा वर्द्धते सोऽपि कीर्तिमण्डित भूतले।
जपेत् सप्तशतीं चण्डीं कृत्वा तु कवचं पुरा ॥५३॥
यावद्भूमण्डलं धत्ते सशैलवनकाननम्।
तावत्तिष्ठति मेदिन्यां सन्ततिः पुत्रपौत्रिकी ॥५४॥

अन्वयः— सः, अपि, कीर्तिमण्डितभूतले, यशसा, वर्द्धते, पुरा, कवचं, कृत्वा, सप्तशतीं, चण्डीं, जपेत्, यावत्, स-शैल-वन-काननं, भूमण्डलं, धत्ते, तावत् मेदिन्यां, पुत्रपौत्रिकी, सन्ततिः, तिष्ठति।

अर्थ— यो कवच धारण गर्ने पुरुष आफ्ना कीर्तिले विभूषित भै सुयशका साथ उन्नतिको शिखरमा पुग्दछ। पहिले कवच पाठ गरेर सप्तशती चण्डीको पाठ गर्नुपर्दछ। यसरी पाठ गर्ने मानिस जबसम्म पहाड, पर्वत र वनले सहित भएकी पृथ्वी रहन्छिन् तबसम्म पृथ्वीमा छोरानाति सहित सन्तानका साथ आनन्दले रहन्छ।

देहान्ते परमं स्थानं यत्सुरैरपि दुर्लभम्।

प्राप्नोति पुरुषो नित्यं महामायाप्रसादतः ॥५५॥

लभते परमं रूपं शिवेन सह मोदते ॥५६॥

देव्याः कवचं सम्पूर्णम् ॥

अन्वयः— देहान्ते, पुरुषः, महामाया-प्रसादतः, नित्यं, परमं, स्थानं, प्राप्नोति, यत्, सुरैः, अपि, दुर्लभं, (वर्तते) (सः) परमं, रूपं, लभते, शिवेन, सह, मोदते (च)।

अर्थ— देहावसान भएपछि त्यस पुरुषले महामायाका अनुग्रहले नित्य त्यस्तो परम पद प्राप्त गर्दछ, जुन देवताका लागि पनि दुर्लभ हो। ऊ सुन्दर दिव्यरूप पाउँछ र कल्याणमय शिवका साथमा आनन्दको भागी बन्दछ।

यसरी देवीको कवच समाप्त भयो।

अथ अर्गलास्तोत्रम्

ॐ अस्य श्रीअर्गला-स्तोत्र-मन्त्रस्य विष्णु ऋषिः, अनुष्टुप् छन्दः, श्रीमहालक्ष्मी-देवता, श्रीजगदम्बा-प्रीतये सप्तशती-पाठाङ्गत्वेन जपे विनियोगः।

ॐ नमश्चण्डिकायै ॥

मार्कण्डेय उवाच ॥

ॐ जयन्ती मङ्गला काली भद्रकाली कपालिनी।
दुर्गा क्षमा शिवा धात्री स्वाहा स्वधा नमोऽस्तु ते ॥१॥

अन्वयः— ॐ चण्डिकायै नमः, मार्कण्डेयः, उवाच, जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा, स्वधा, ते, नमः, अस्तु।

अर्थ— चण्डिका देवीलाई नमस्कार छ। मार्कण्डेय ऋषिले भन्नुभयो— जयन्ती, मङ्गला, काली, भद्रकाली, कपालिनी, दुर्गा, क्षमा, शिवा, धात्री, स्वाहा, स्वधा नामले प्रसिद्ध हे जगदम्बिके हजूरलाई नमस्कार छ।

जय त्वं देवि चामुण्डे जय भूतार्तिहारिणी।
जय सर्वगते देवि कालरात्रि नमोऽस्तु ते ॥२॥

अन्वयः— चामुण्डे, देवी, त्वं, जय, भूत-आर्ति-हारिणी, त्वं, जय, सर्वगते, देवी, त्वं, जय, हे कालरात्रि !, ते, नमः, अस्तु।

अर्थ— हे चामुण्डे देवी, हजूरको जय होस्। सम्पूर्ण प्राणीको पीडा नाश गर्ने देवी, हजूरको जय होस्। सबैमा व्याप्त भएर रहने देवी, हजूरको जय होस्। हे कालारात्रि भगवती, हजूरलाई नमस्कार छ।

मधुकैटभविद्रावि-विधातृवरदे नमः।
रूपं देहि जयं देहि यशो देहि द्विषो जहि ॥३॥

अर्थ— यद्यपि उनी नित्य र अजन्मा हुन् तथापि जब देवताहरूको कार्य सिद्ध गर्नका लागि उत्पन्न वा प्रकट हुन्छिन् तब लोकमा उनी उत्पन्न भइन् भनिन्छिन् ।

योगनिद्रां यदा विष्णुर्जगत्येकार्णवीकृते ॥६६॥
आस्तीर्य शेषमभजत्कल्पान्ते भगवान् प्रभुः ।

पदच्छेदः— योगनिद्रां, यदा, विष्णुः,जगती-एकार्णवीकृते, आस्तीर्य, शेषम्, अभजत्, कल्पान्ते भगवान् प्रभुः ।

अन्वयः— कल्पान्ते, यदा, जगत्येकार्णवीकृते, प्रभुः, भगवान्, विष्णुः, योगनिद्राम्, आस्तीर्य, शेषम्, अभजत् ।

अर्थ— कल्पको अन्तमा जब सारा जगत् एउटै समुद्रमा डुबेको थियो तब साराका प्रभु भगवान् विष्णु योगनिद्राको आश्रय लिएर शेष शैय्यामा सुत्नुभयो ।

तदा द्वावसुरौ घोरौ विख्यातौ मधुकैटभौ ॥६७॥
विष्णुकर्णमलोद्भूतौ हन्तुं ब्रह्माणमुद्यतौ ।

पदच्छेदः— तदा, द्वौ-असुरौ, घोरौ, विख्यातौ, मधु-कैटभौ, विष्णु-कर्ण-मलोद्भूतौ, हन्तुं, ब्रह्माणम्, उद्यतौ ।

अन्वयः— तदा, विष्णुकर्णमलोद्भूतौ, घोरौ, मधुकैटभौ, द्वौ, विख्यातौ, असुरौ, ब्रह्माणं हन्तुम्, उद्यतौ ।

अर्थ— त्यसबेला विष्णुको कानेगुजीबाट उत्पन्न भएका डरलाग्दा मधुकैटभ नाम गरेका दुइटा असुर ब्रह्मालाई मार्न तत्पर भए ।

स नाभिकमले विष्णोः स्थितो ब्रह्मा प्रजापतिः ॥६८॥
दृष्ट्वा तावसुरौ चोग्रौ प्रसुप्तं च जनार्दनम् ।
तुष्टाव योगनिद्रां तामेकाग्रहृदयस्थितः ॥६९॥

पदच्छेदः— स नाभिकमले विष्णोः स्थितः, ब्रह्मा प्रजापतिः दृष्ट्वा, तौ, असुरौ, च, उग्रौ, प्रसुप्तं, च, जनार्दनम्, तुष्टाव, योगनिद्रां, ताम्, एकाग्र-हृदय-स्थितः ।

अन्वयः— विष्णोः, नाभिकमले, स्थितः, स, प्रजापतिः, ब्रह्मा, उग्रौ, तौ, असुरौ (दृष्ट्वा), जनार्दनं, च, प्रसुप्तं, दृष्ट्वा, एकाग्रहृदयस्थितः, योगनिद्रां तुष्टाव।

अर्थ— विष्णुका नाभिकमलमा बसेका प्रजापति ब्रह्माले जब भयानक ती दुई असुरलाई (आफूतिर आएका) र जनार्दन (विष्णु) लाई सुतेका देखे तब एकाग्र चित्तले योगनिद्राको स्तुति गरे।

विबोधनार्थाय हरेर्हरिनेत्रकृतालयाम्।
विश्वेश्वरीं जगद्धात्रीं स्थितिसंहारकारिणीम् ॥७०॥
निद्रां भगवतीं विष्णोरतुलां तेजसः प्रभुः ॥७१॥

पदच्छेदः— विबोधनार्थाय, हरेः, हरि-नेत्र-कृतालयां, विश्वेश्वरीम्, जगद्धात्रीम्, स्थिति-संहार-कारिणीम्, निद्रां, भगवतीम्, विष्णोः, अतुलां, तेजसः प्रभुः, ।

अन्वयः— हरेः, विबोधनार्थाय, हरि-नेत्र-कृतालयां, जगद्धात्रीम्, विश्वेश्वरीम्, स्थिति-संहार-कारिणीम्, विष्णोः, तेजसः, अतुलां, प्रभुः, भगवतीम्, निद्रां (तुष्टाव)।

अर्थ— भगवान् विष्णुलाई जगाउनका लागि विष्णुकी तेजरूप भएकी, विष्णुकै आँखामा बसेकी, विश्वकी अधीश्वरी, जगद्धात्री एवं सृष्टि, स्थिति र संहारकारिणी, अनुपम शक्तिशालिनी भगवती निद्रा देवीको ब्रह्माले स्तुति गरे।

ब्रह्मोवाच ॥७२॥

त्वं स्वाहा त्वं स्वधा त्वं हि वषट्कारः स्वरात्मिका ॥७३॥
सुधा त्वमक्षरे नित्ये त्रिधा मात्रात्मिका स्थिता।
अर्द्धमात्रास्थिता नित्या यानुच्चार्या विशेषतः ॥७४॥

पदच्छेदः— ब्रह्मा, उवाच, त्वं, स्वाहा, त्वं, स्वधा, त्वं, हि, वषट्कारः, स्वरात्मिका, सुधा, त्वम्-अक्षरे, नित्ये, त्रिधा, मात्रात्मिका स्थिता अर्द्धमात्रा- स्थिता, नित्या, या, अनुच्चार्या, विशेषतः।

अन्वयः— ब्रह्मा, उवाच, (देवि !) त्वं, स्वाहा, त्वं स्वधा, त्वं, हि, वषट्कारः, स्वरात्मिका, च, त्वं, सुधा, त्वं, नित्ये, अक्षरे, त्रिधा, मात्रात्मिका, स्थिता (असि), या, विशेषतः, अनुच्चार्या, अर्द्धमात्रास्थिता, नित्या (सापि त्वमेव)।

अर्थ— ब्रह्माले स्तुति गर्नुभयो— हे देवी, तपाईं नै स्वाहा हुनुहुन्छ, तपाईं नै स्वधा र वषट्कार हुनुहुन्छ। स्वर पनि तपाईंकै स्वरूप हो। तपाईं नै सुधा (अमृत) हुनुहुन्छ। नित्य प्रणवमा अकार, उकार र मकार— यी तीन मात्राका रूपमा तपाईं नै रहनुभएको छ। यी तीन मात्राका अतिरिक्त जो विन्दुरूपा नित्य अर्द्धमात्रा छ, जसको विशेषरूपले उच्चारण गर्न सकिंदैन त्यो पनि तपाईं नै हुनुहुन्छ।

त्वमेव सन्ध्या सावित्री त्वं देवि जननी परा।

त्वयैतद्धार्यते विश्वं त्वयैतत्सृज्यते जगत् ॥७५॥

पदच्छेदः– त्वम्-एव, सन्ध्या, सावित्री, त्वं, देवि, जननी, परा, त्वया-एतत्-धार्यते, विश्वं, त्वया-एतत्-सृज्यते, जगत्।

अन्वयः– (देवि) त्वम्, एव, सन्ध्या, सावित्री, त्वं, परा, जननी, च, त्वया-एतत्, विश्वं, धार्यते, त्वया-एतत्, जगत्, सृज्यते (च)।

अर्थ– हे देवी, तपाईं नै सन्ध्या, सावित्री र परम जननी हुनुहुन्छ। तपाईं नै यो जगत्लाई धारण गर्नुहुन्छ। तपाईंबाट नै यस विश्वको सृष्टि हुन्छ।

त्वयैतत्पाल्यते देवि त्वमत्स्यन्ते च सर्वदा।

विसृष्टौ सृष्टिरूपा त्वं स्थितिरूपा च पालने ॥७६॥

तथा संहृतिरूपान्ते जगतोऽस्य जगन्मये।

महाविद्या महामाया महामेधा महास्मृतिः ॥७७॥

महामोहा च भवती महादेवी महासुरी।

पदच्छेदः– त्वया, एतत्, पाल्यते, देवि, त्वम्, अत्सि, अन्ते, च, सर्वदा, विसृष्टौ, सृष्टिरूपा, त्वं, स्थितिरूपा, च, पालने, तथा, संहृति-रूपा, अन्ते, जगतः, अस्य जगत्, मये, महाविद्या, महामाया, महामेधा, महास्मृतिः, महामोहा, च, भवती, महादेवी, महासुरी।

अन्वयः– हे देवि, त्वया एतत्, पाल्यते, सर्वदा, त्वं, अन्ते, अत्सि, च, हे जगन्मये, विसृष्टौ, त्वं, सृष्टिरूपा, पालने, त्वं, स्थितिरूपा, च, तथा , अन्ते, अस्य, जगतः, (त्वं), संहृतिरूपा, च, भवती, महाविद्या, महामाया, महामोहा, महासुरी च।

अर्थ– हे देवी, तपाईंबाट नै यस संसारको पालना हुन्छ। तपाईं नै कल्पका अन्तमा संहार गर्नुहुन्छ। हे जगन्मये देवी, संसारको उत्पत्तिका बेला तपाईं नै सृष्टिरूपा हुनुहुन्छ। पालनाका बेला तपाईं स्थितिरूपा र कल्पान्तमा तपाईं नै संहाररूप धारण गर्नुहुन्छ। हे देवी तपाईं नै हुनुहुन्छ महामाया। तपाईं महाविद्या, महामेधा, महास्मृति, महामोहा, महादेवी र महासुरी पनि हुनुहुन्छ।

प्रकृतिस्त्वं च सर्वस्य गुणत्रय-विभाविनी ॥७८॥

कालरात्रिर्महारात्रिर्मोहरात्रिश्च दारुणा।

त्वं श्रीस्त्वमीश्वरी त्वं ह्रीस्त्वं बुद्धिर्बोधलक्षणा ॥७९॥

लज्जा पुष्टिस्तथा तुष्टिस्त्वं शान्तिः क्षान्तिरेव च।

पदच्छेदः— प्रकृतिः त्वं, च, सर्वस्य, गुण-त्रय-विभाविनी, कालरात्रिः, महारात्रिः, मोहरात्रिः, च, दारुणा, त्वं, श्रीः, त्वम्, ईश्वरी, त्वं, ह्रीः, त्वं, बुद्धिः, बोधलक्षणा, लज्जा, पुष्टिः, तथा, तुष्टिः, त्वं, शान्तिः, क्षान्तिः, एव, च।

अन्वयः— हे देवि, त्वं, गुण-त्रय-विभाविनी, सर्वस्य, प्रकृतिः, दारुणा, कालरात्रिः, मोहरात्रिः, च, त्वं, श्रीः, त्वं, ईश्वरी, त्वं, ह्रीः, त्वं, बोध-लक्षणा-बुद्धिः, लज्जा, पुष्टिः, च, (त्वमेव) तथा, त्वं, तुष्टिः, शान्तिः, क्षान्तिः, एव।

अर्थ— हे देवी, हजूर नै तीन गुणलाई उत्पन्न गर्ने सबैकी प्रकृति हुनुहुन्छ। भयङ्कर कालरात्रि, महारात्रि र मोहरात्रि पनि तपाईं नै हुनुहुन्छ। तपाईं नै श्री, ईश्वरी ह्री र बोधलक्षणा बुद्धि तथा लज्जा, पुष्टि, तुष्टि, शान्ति र क्षमा पनि हुनुहुन्छ।

खड्गिनी शूलिनी घोरा गदिनी चक्रिणी तथा ॥८०॥
शङ्खिनी चापिनी वाणा भुशुण्डीपरिघायुधा।
सौम्या सौम्यतराशेषसौम्येभ्यस्त्वतिसुन्दरी ॥८१॥

पदच्छेदः— खड्गिनी, शूलिनी, घोरा, गदिनी, चक्रिणी, तथा, शङ्खिनी, चापिनी, वाणा, भुशुण्डी-परिघ-आयुधा, सौम्या, सौम्यतरा, अशेष-सौम्येभ्यः, तु, अतिसुन्दरी।

अन्वयः— हे देवि, त्वं खड्गिनी, शूलिनी, घोरा, गदिनी, चक्रिणी, तथा, त्वं, शङ्खिनी, चापिनी, वाणा, भुशुण्डी-परिघ-आयुधा, (त्वं) सौम्या, सौम्यतरा, अशेषसौमेभ्यः, तु, अति-सुन्दरी, च।

अर्थ— हे देवी, तपाईं खड्ग लिएकी, शूल लिएकी, घोररूप भएकी, गदा, चक्र, शङ्ख, धनुष, वाण, भुशुण्डी र परिघ जस्ता हतियार लिएकी हुनुहुन्छ। तपाईं सौम्य हुनुहुन्छ, त्योभन्दा पनि सौम्य हुनुहुन्छ तथा अत्यन्त सुन्दरी पनि हुनुहुन्छ।

परापराणां परमा त्वमेव परमेश्वरी।
यच्च किञ्चित् क्वचिद्वस्तुसदसद्वाखिलात्मिके ॥८२॥
तस्य सर्वस्य या शक्तिःसा त्वं किं स्तूयसे तदा[1] ॥

पदच्छेदः— परा-अपराणां, परमा, त्वम्-एव, परमा-ईश्वरी, यत्, च, किञ्चित्, क्वचित्, वस्तु,सत्-असत्, वा, अखिलात्मिके, तस्य, सर्वस्य, या, शक्तिः, सा, त्वं, किं, स्तूयसे, तदा।

अन्वयः— हे अखिलाम्बिके, परा-अपराणां परमा, त्वं, एव, परमेश्वरी, यत्, किञ्चित्, सत्, असत्, च, वस्तु, (अस्ति) तस्य, सर्वस्य, या, शक्तिः, सा, त्वं, (अतः) तदा (वा मया), किं, स्तूयसे।

---

(१) टि० मया

अर्थ— हे सर्वरूपे, पर, अपर एवं सबभन्दा पर रहने तपाईं नै हुनुहुन्छ परमेश्वरी। जहाँ पनि सत् वा असत् जुनसुकै वस्तु होस् तिनमा जुन शक्ति छ त्यो तपाईं नै हुनुहुन्छ। यस्तो स्थितिमा तपाईंको स्तुति कसरी हुन सक्ला ? अथवा म कसरी स्तुति गर्न सकौंला ?

यया त्वया जगत्स्रष्टा जगत्पात्यत्ति यो जगत् ॥८३॥
सोऽपि निद्रावशं नीतः कस्त्वां स्तोतुमिहेश्वरः ।

पदच्छेदः— यया, त्वया, जगत्–स्रष्टा, जगत्–पाति, अत्ति, यः, जगत्, सः, अपि, निद्रावशं, नीतः, कः, त्वां, स्तोतुम्, इह, ईश्वरः ।

अन्वयः— यः, जगत् (सृजति), पाति, अत्ति, सः, अपि, जगत्–स्रष्टा, यया, त्वया, निद्रावशं, नीतः, (अतः) इह, त्वां, स्तोतुं, कः, ईश्वरः (न कोऽपीत्यर्थः) ।

अर्थ— जो यस संसारको सृष्टि, पालन र संहार गर्छन् ती भगवान्‌लाई पनि तपाईंले निद्राको वशमा पारिदिनुभयो भने यहाँ तपाईंको स्तुति गर्न को समर्थ छ ? अथवा कोही पनि छैन।

विष्णुः शरीरग्रहणमहमीशान एव च ॥८४॥
कारितास्ते यतोऽतस्त्वां कः स्तोतुं शक्तिमान् भवेत् ।
सा त्वमित्थं प्रभावैः स्वैरुदारैर्देवि संस्तुता ॥८५॥

पदच्छेदः— विष्णुः, शरीर–ग्रहणम्, अहम्, ईशानः, एव, च, कारिताः, ते, यतः, अतः, त्वां, कः, स्तोतुं, शक्तिमान्, भवेत् सा, त्वम्, इत्थं, प्रभावैः, स्वैः, उदारैः, देवि, संस्तुता।

अन्वयः— यतः, ते अहम्, ईशानः, विष्णुः, च, शरीर–ग्रहणं, कारिताः, अतः, त्वां, स्तोतुं, कः, शक्तिमान्, भवेत्, देवि, सा, त्वं, इत्थं, स्वैः, उदारैः प्रभावैः संस्तुता।

अर्थ— जब तपाईंले नै म (ब्रह्मा), शिव र विष्णुलाई शरीर धारण गराउनुभयो भने तपाईंको स्तुति गर्ने सामर्थ्य कसमा होला ? हे देवी, तपाईं त यस्ता आफ्ना उदार प्रभावले नै प्रशंसित हुनुहुन्छ।

मोहयैतौ दुराधर्षावसुरौ मधुकैटभौ ।
प्रबोधं च जगत्स्वामी नीयतामच्युतो लघु ॥८६॥
बोधश्च क्रियतामस्य हन्तुमेतौ महासुरौ ॥८७॥

पदच्छेदः— मोहय, एतौ, दुराधर्षौ, असुरौ, मधु–कैटभौ, प्रबोधं, च, जगत्–स्वामी, नीयताम्, अच्युतः, लघु, बोधः, च, क्रियताम्, अस्य, हन्तुम्, एतौ, महासुरौ।

अन्वयः— (देवि) एतौ, दुराधर्षौ, असुरौ, मधुकैटभौ, मोहय, जगत्स्वामी, अच्युतः, लघु, प्रबोधं, च, नीयताम्, एतौ, महासुरौ हन्तुं, अस्य, बोधः, च, क्रियताम्।

अर्थ— हे देवी, यी दुराधर्ष असुर मधु र कैटभलाई मोहित पारिदिनुहोस् । जगदीश्वर भगवान् विष्णुलाई चाँडै जागा गराइदिनुहोस् र विष्णुलाई यी दुई असुर मार्ने बुद्धि पनि उत्पन्न गराइदिनुहोस्।

ऋषिरुवाच ॥८८॥

एवं स्तुता तदा देवी तामसी तत्र वेधसा ॥८९॥

विष्णोः प्रबोधनार्थाय निहन्तुं मधुकैटभौ।

नेत्रास्य–नासिका–बाहु–हृदयेभ्यस्तथोरसः ॥९०॥

निर्गम्य दर्शने तस्थौ ब्रह्मणोऽव्यक्तजन्मनः।

पदच्छेदः— ऋषि उवाच, एवं, स्तुता, तदा, देवी, तामसी, तत्र, वेधसा, विष्णोः, प्रबोधनार्थाय, निहन्तुं, मधु–कैटभौ, नेत्र–आस्य–नासिका–बाहु–हृदयेभ्यः, तथा, उरसः, निर्गम्य, दर्शने, तस्थौ, ब्रह्मणः, अव्यक्त–जन्मनः।

अन्वयः— ऋषि, उवाच, यदा, वेधसा, तत्र, मधुकैटभौ, निहन्तुं, विष्णोः, प्रबोधनार्थाय, तामसी, देवी, एवं, स्तुता, तदा, अस्य, नेत्रात्, आस्यात्, नासिकात्, बाह्वोः, हृदयेभ्यः, तथा, उरसः, निर्गम्य, अव्यक्तजन्मनः, ब्रह्मणः, दर्शने, तस्थौ।

अर्थ— ऋषिले भन्नुभयो— जब ब्रह्माजीले त्यहाँ मधुकैटभको बधका लागि भगवान् विष्णुलाई जगाउन तमोधिष्ठात्री देवी योगनिद्राको यसरी स्तुति गर्नुभयो तब त ती देवी भगवान्का आँखा, मुख, नाक, हात, हृदय र वक्षस्थलबाट निस्केर अव्यक्तजन्मा ब्रह्माका दृष्टिपथमा आइन् वा ब्रह्माका अगाडि खडा भइन्।

उत्तस्थौ च जगन्नाथस्तया मुक्तो जनार्दनः ॥९१॥

एकार्णवेऽहिशयनात्ततः स ददृशे च तौ।

मधुकैटभौ दुरात्मानावतिवीर्यपराक्रमौ ॥९२॥

क्रोधरक्तेक्षणावत्तुं ब्रह्माणं जनितोद्यमौ।

पदच्छेदः— उत्तस्थौ, च, जगत्–नाथः, तया, मुक्तः जनार्दनः, एकार्णवे, अहिशयनात्, ततः, स, ददृशे, च, तौ, मधु–कैटभौ, दुरात्मानौ, अति–वीर्य–पराक्रमौ, क्रोध–रक्तेक्षणौ, अत्तुं, ब्रह्माणं, जनितोद्यमौ।

अन्वयः— तया, मुक्त, जगन्नाथः, जनार्दनः, एकार्णवे, अहिशयनात्, उत्तस्थौ, ततः, स, दुरात्मानौ, अतिवीर्यपराक्रमौ, क्रोधरक्तेक्षणौ, ब्रह्माणम् अत्तुं, जनितोद्यमौ, तौ, मधुकैटभौ, ददृशे।

अर्थ— योगनिद्राबाट मुक्त भएका जगत्का स्वामी जनार्दन एकमात्र समुद्रमाथिको शेषनागको शैयाबाट उठ्नुभयो। त्यसपछि विष्णुले रिसले राता आँखा पारेका अनि ब्रह्मालाई खान तत्पर, अति बलिया, पराक्रमी, ती दुरात्मा मधु र कैटभलाई देख्नुभयो।

समुत्थाय ततस्ताभ्यां युयुधे भगवान् हरिः ॥९३॥
पञ्चवर्षसहस्राणि बाहुप्रहरणो विभुः ।
तावप्यतिबलोन्मत्तौ महामायाविमोहितौ ॥९४॥
उक्तवन्तौ वरोऽस्मत्तो व्रियतामिति केशवम् ॥९५॥

पदच्छेदः— समुत्थाय, ततः, ताभ्यां, युयुधे, भगवान्, हरिः, पञ्च-वर्ष-सहस्राणि, बाहु-प्रहरणः, विभुः, तौ, अपि, अति-बलोन्मत्तौ, महामाया-विमोहितौ, उक्तवन्तौ, वरः, अस्मत्तः, व्रियताम्, इति केशवम् ।

अन्वयः— ततः, विभुः, भगवान्, हरिः, समुत्थाय, ताभ्यां, पञ्च-वर्ष-सहस्राणि, बाहु-प्रहरणः, युयुधे, अति-बलोन्मत्तौ, महामाया-विमोहितौ, तौ, अपि, केशवम्, अस्मत्तः, वरः, व्रियताम्, इति, उक्तवन्तौ ।

अर्थ— तदनन्तर व्यापक भएका भगवान् श्रीहरिले उठेर तिनीहरूसित पाच हजार वर्षसम्म केवल बाहुयुद्ध गर्नुभयो । अत्यन्त बलका कारण उन्मत्त भएका र महामायाले मोहित गराइएका ती दुई (असुर) ले भगवान् विष्णुलाई "हामी तिम्रो वीरतादेखि सन्तुष्ट छौं, अतः हामीबाट वरदान माग" भने ।

श्रीभगवानुवाच ॥९६॥

भवेतामद्य मे तुष्टौ मम वध्यावुभावपि ॥९७॥
किमन्येन वरेणात्र एतावद्धि वृतं मम ॥९८॥

पदच्छेदः— श्रीभगवान्, उवाच, भवेताम्, अद्य, मे, तुष्टौ, मम, वध्यौ, उभौ, अपि, किम्, अन्येन, वरेण, अत्र, एतावत्, हि, वृतं, मम ।

अन्वयः— श्रीभगवान्, उवाच, उभौ, मे तुष्टौ (तत्), अत्र, मम, वध्यौ, भवेतां, हि, मम, एतावत्, वृतम्, अत्र, अन्येन, वरेण, किम् ।

अर्थ— भगवान्ले भन्नुभयो— यदि तिमी दुई मदेखि सन्तुष्ट छौ भने अब मेरा हातबाट मारिने होओ । बस, मैले यति मात्र वर मागें । यहाँ अरू वरबाट के लिनु छ र ?

ऋषिरुवाच ॥९९॥

वञ्चिताभ्यामिति तदा सर्वमापोमयं जगत् ॥१००॥
विलोक्य ताभ्यां गदितो भगवान् कमलेक्षणः ।
आवां जहि न यत्रोर्वी सलिलेन परिप्लुता ॥१०१॥

पदच्छेदः— ऋषिः, उवाच, वञ्चिताभ्याम्, इति, तदा, सर्वम्, आपोमयं, जगत्, विलोक्य, ताभ्यां, गदितः, भगवान्, कमलेक्षणः, आवां, जहि, न यत्र, उर्वी, सलिलेन, परिप्लुता ।

अन्वयः— ऋषिः, उवाच, वञ्चिताभ्याम्, इति, तदा, सर्वम्, जगत्, आपोमयं, विलोक्य, यत्र, सलिलेन, परिप्लुता, उर्वी, न, (तत्र) आवां, जहि, इति, कमलेक्षणः, भगवान्, गदितः।

अर्थ— ऋषिले भन्नुभयो— यसरी धोकामा परेका ती दुईले सम्पूर्ण जगत् पानीमय देखे तब "जहाँ पृथ्वी पानीले डुबेकी छैनन् त्यहाँ हामीलाई मार" भनी कमलनयन विष्णुलाई भने।

ऋषिरुवाच ॥१०२॥

तथेत्युक्त्वा भगवता शङ्खचक्रगदाभृता।
कृत्वा चक्रेण वै च्छिन्ने जघने शिरसी तयोः ॥१०३॥

पदच्छेदः— ऋषिः, उवाच, तथा, इति, उक्त्वा, भगवता, शङ्ख-चक्र-गदा-भृता, कृत्वा, चक्रेण, वै, च्छिन्ने, जघने, शिरसी, तयोः।

अन्वयः— ऋषि, उवाच, तथा, इति, उक्त्वा, शङ्ख-चक्र-गदा-भृता, भगवता, तयोः, शिरसी, जघने, कृत्वा, वै, चक्रेण, च्छिन्ने।

अर्थ— ऋषिले भन्नुभयो— "तथास्तु" भनेर शङ्ख चक्र गदाधारी भगवान्ले ती दुईको शिरलाई आफ्ना जाँघ (काख) मा राखेर चक्रद्वारा काटिदिनुभयो।

एवमेषा समुत्पन्ना ब्रह्मणा संस्तुता स्वयम्।
प्रभावमस्या देव्यास्तु भूयः श्रृणु वदामि ते॥ ऐं ॐ ॥१०४॥
मार्कण्डेय-पुराणे सावर्णिके मन्वन्तरे देवी-माहात्म्ये, प्रथमः॥

पदच्छेदः— एवम्, एषा सम्-उत्पन्ना, ब्रह्मणा, संस्तुता, स्वयम्, प्रभावम्, अस्या, देव्याः, तु, भूयः, श्रृणु, वदामि, ते (ऐं ॐ)।

अन्वयः— एवम्, एषा, ब्रह्मणा, संस्तुता, स्वयम्, उत्पन्ना, अस्याः, देव्याः, प्रभावं, भूयः, ते, वदामि, श्रृणु।

अर्थ— यसरी यी महामाया देवी ब्रह्माजीले स्तुति गरेपछि आफैं उत्पन्न भएकी थिइन्। यिनको प्रभावको वर्णन अफै (म) गर्दछु (तिमी) सुन।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीको माहात्म्य (महिमा) को पहिलो अध्याय पूरा भयो।

अथ द्वितीयोऽध्यायः

मध्यम चरित्र

विनियोगः (हातमा जलकुश लिने)

ॐ मध्यम चरित्रस्य विष्णुर्ऋषिर्महालक्ष्मीर्देवता उष्णिक् छन्दः शाकम्भरी शक्तिः दुर्गा बीजं वायुस्तत्त्वं यजुर्वेदः स्वरूपं श्रीमहालक्ष्मी-प्रीत्यर्थे मध्यम-चरित्र-जपे विनियोगः। (जलकुश छाडिदिने।)

ॐ मध्यम चरित्रका विष्णु ऋषि, महालक्ष्मी देवता, उष्णिक् छन्द, शाकम्भरी शक्ति, दुर्गा बीज, वायु तत्त्व र यजुर्वेद स्वरूप हुन्। श्रीमहालक्ष्मीको प्रसन्नताका लागि मध्यम चरित्र पाठमा विनियोग गरिन्छ।

ध्यानम्

ॐ अक्षस्रक्परशुं गदेषु कुलिशं पद्मं धनुष्कुण्डिकाम् ।
दण्डं शक्तिमसिं च चर्मजलजं घण्टां सुराभाजनम् ॥
शूलं पाशसुदर्शने च दधतीं हस्तैः प्रसन्नाननाम् ।
सेवे सैरिभमर्दिनीमिह महालक्ष्मीं सरोजस्थिताम् ॥

पदच्छेदः— ॐ अक्ष–स्रक्–परशुं, गदा, इषु, कुलिशं, पद्मं, धनुः, कुण्डिकां, दण्डं, शक्तिं, असिं, च, चर्म, जलजं, घण्टां, सुरा–भाजनं, शूलं, पाशं, सुदर्शनं, च, दधतीम्, हस्तैः, प्रसन्नाननां, सेवे, सैरिभ–मर्दिनीम्, इह, महालक्ष्मीम्, सरोज–स्थिताम् ।

अन्वयः— हस्तैः, अक्षस्रक्, परशुं, गदा–इषु–कुलिशं, पद्मं, धनुः, कुण्डिकां, दण्डं, शक्तिम्, असिं, चर्म, जलजं, घण्टां, सुरा–भाजनं, शूलं, पाशं, सुदर्शनं, च, दधतीम्, सरोज–स्थितां, प्रसन्नाननां, इह, सैरिभमर्दिनीम्, महालक्ष्मीम्, (अहं) सेवे ।

अर्थ— जसले हातहरूमा क्रमशः अक्षमाला, बन्चरो, गदा, वाण, वज्र, पद्म, धनुष, कुण्डिका, दण्ड, शक्ति, तरबार, ढाल, शङ्ख, घण्ट, मधुपात्र, शूल, पाश र चक्र धारण गरेकी छन्, कमलको फूलको आसनमा बसेकी छन्, प्रसन्न वदन भएकी, ती महिषमर्दिनी भगवती महालक्ष्मीलाई (म) सेवा (भजन) गर्दछु ।

ॐ ह्रीं ऋषिरुवाच ॥१॥

देवासुरमभूद्युद्धं पूर्णमब्दशतं पुरा ।
महिषेऽसुराणामधिपे देवानां च पुरन्दरे ॥२॥

पदच्छेदः— ॐ, ह्रीम्, ऋषिः, उवाच, देवासुरम्, अभूत्, युद्धं, पूर्णम्, अब्द–शतं, पुरा, महिषे, असुराणाम्, अधिपे, देवानां, च, पुरन्दरे ।

अन्वयः— ॐ, ह्रीम्, ऋषिः, उवाच, पुरा, पूर्णम्, अब्दशतं युद्धम्, अभूत्, (तत्र) असुराणाम्, अधिपे, महिषे, देवानां च, पुरन्दरें, (आस्ताम्) ।

अर्थ— ऋषिले भन्नुभयो— धेरै अघि पूरा शय वर्षसम्म त्यहाँ असुरहरूको नाइके महिषासुर र देवताहरूको नाइके इन्द्रको भयङ्कर देवासुर युद्ध भयो ।

तत्रासुरैर्महावीर्यैर्देवसैन्यं पराजितम् ।
जित्वा च सकलान् देवानिन्द्रोऽभून्महिषासुरः ॥३॥

पदच्छेदः— तत्र, असुरैः, महावीर्यैः, देव–सैन्यं, पराजितं, जित्वा, च, सकलान्, देवान्, इन्द्रः, अभूत्, महिषासुरः ।

अन्वयः— तत्र, महावीर्यैः, असुरैः, देवसैन्यं, पराजितं, सकलान्, देवान्, जित्वा, च, महिषासुरः, इन्द्रः, अभूत्।

अर्थ— त्यस युद्धमा महाबली असुरहरूद्वारा देवताका सेनाले हार खायो। यसरी सारा देवतालाई जितेर महिषासुर नै इन्द्र भयो।

ततः पराजिताः देवाः पद्मयोनिं प्रजापतिम्।
पुरस्कृत्य ययुस्तत्र यत्रेशगरुडध्वजौ ॥४॥

पदच्छेदः— ततः, पराजिताः, देवाः, पद्मयोनिं, प्रजापतिं, पुरस्कृत्य, ययुः, तत्र, यत्र, ईश-गरुडध्वजौ।

अन्वयः— ततः, पराजिताः, देवाः, पद्मयोनिं, पुरस्कृत्य, तत्र, गताः, यत्र, ईश–गरुडध्वजौ (आस्ताम्)।

अर्थ— तत्पश्चात् पराजित देवताहरू प्रजापति ब्रह्मालाई अगाडि लाएर त्यहाँ गए जहाँ शिव र गरुडध्वज -विष्णु) थिए।

यथावृत्तं तयोस्तद्वन्महिषासुर–चेष्टितम्।
त्रिदशाः कथयामासुर्देवाभिभवविस्तरम् ॥५॥

पदच्छेदः— यथावृत्तं, तयोः, तद्वत्, महिषासुर–चेष्टितं, त्रिदशाः, कथयामासुः, देवाभिभव-विस्तरम्।

अन्वयः— त्रिदशाः, महिषासुरचेष्टितं, तद्वत्, देवाभिभवविस्तरं, यथावृत्तं, तयोः, कथयामासुः-।

अर्थ— देवताहरूले महिषासुरको पराक्रम तथा देवताहरूको पराजयको यथार्थ वृत्तान्त ती दुई (देवेश्वर) लाई विस्तारपूर्वक सुनाए।

सूर्येन्द्राग्न्यनिलेन्दूनां यमस्य वरुणस्य च।
अन्येषां चाधिकारान् स स्वयमेवाधितिष्ठति ॥६॥

पदच्छेदः— सूर्य–इन्द्र–अग्नि–अनिल–इन्दूनां, यमस्य, वरुणस्य, च, अन्येषां, च, अधिकारान्, सः, स्वयम्, एव, अधितिष्ठति।

अन्वयः— (हे भगवन्) सूर्य–इन्द्र–अग्नि–अनिल–इन्दूनां, यमस्य, वरुणस्य, च, (तथा) अन्येषां (च) अधिकारान्, सः, स्वयम्, एव, अधितिष्ठति।

अर्थ— (देवताले बताए) महिषासुर सूर्य, इन्द्र, अग्नि, वायु, चन्द्रमा, यम, वरुण र अरू देवताहरूको पनि अधिकार खोसेर स्वयं साराको अधिष्ठाता बनेर बसेको छ।

स्वर्गान्निराकृताः सर्वे तेन देवगणाः भुवि।
विचरन्ति यथा मर्त्या महिषेण दुरात्मना ॥७॥

पदच्छेदः— स्वर्गात्, निराकृताः, सर्वे तेन, देवगणाः, भुवि, विचरन्ति, यथा, मर्त्याः, महिषेण, दुरात्मना।

अन्वयः— दुरात्मना, तेन, महिषेण, सर्वे, देवगणाः, स्वर्गात्, निराकृताः, यथा, मर्त्याः, (तथैव) भुवि, विचरन्ति।

अर्थ— त्यो दुरात्मा महिषले स्वर्गबाट निकालिएका सारा देवगण मानिसहरू जस्तै गरी पृथ्वीमा घुम्दछन्।

एतद्वः कथितं सर्वममरारि-विचेष्टितम्।
शरणं वः प्रपन्नाः स्मो वधस्तस्य विचिन्त्यताम् ॥८॥

पदच्छेदः— एतत्, वः, कथितं, सर्वम्, अमरारि-विचेष्टितं, शरणं, वः, प्रपन्नाः, स्मः, वधः, तस्य, विचिन्त्यताम्।

अन्वयः— अमरारि-विचेष्टितम्, एतत्, सर्वम्, वः, कथितं, वः, शरणं, प्रपन्नाः, स्मः, तस्य, वधः, विचिन्त्यताम्।

अर्थ— देवताका शत्रुको यो सारा कुचेष्टा हामीले यहाँहरूलाई सुनायौं। हामी यहाँहरूको शरणमा आएका छौं। अब त्यसको विनाशको कुनै उपाय विचार गरियोस्।

इत्थं निशम्य देवानां वचांसि मधुसूदनः।
चकार कोपं शम्भुश्च भ्रुकुटीकुटिलाननौ ॥९॥
ततोऽतिकोपपूर्णस्य चक्रिणो वदनात्ततः।
निश्चक्राम महत्तेजो ब्रह्मणः शङ्करस्य च ॥१०॥

पदच्छेदः— इत्थं, निशम्य, देवानां, वचांसि, मधुसूदनः, चकार, कोपं, शम्भु, च, भ्रुकुटी-कुटिलाननौ, ततः, अति-कोप-पूर्णस्य, चक्रिणः, वदनात्, ततः, निश्चक्राम, महत्, तेजः, ब्रह्मणः, शङ्करस्य, च।

अन्वयः— इत्थं, देवानां, वचांसि, निशम्य, भ्रुकुटी-कुटिलाननौ, मधुसूदनः, शम्भुः, च, कोपं, चकार, ततः, अति-कोप-पूर्णस्य, चक्रिणः, (तथैव) ब्रह्मणः, शङ्करस्य, च वदनात्, महत्, तेजः, निश्चक्राम।

अर्थ— देवताका यस्ता वचन सुनेपछि विष्णु र शिव दुवै खूब रिसाएर भ्रुकुटी टेढा बनाए। त्यसपछि रिसले अति तातेका चक्रधारी विष्णुका मुखबाट महान् तेज उत्पन्न भयो। त्यसरी नै ब्रह्मा र शिवबाट पनि तेज उत्पन्न भयो।

अन्येषां चैव देवानां शक्रादीनां शरीरतः ।
निर्गतं सुमहत्तेजस्तच्चैक्यं समगच्छत ॥११॥

पदच्छेदः– अन्येषां, च, एव, देवानां, शक्रादीनां, शरीरतः, निर्गतं, सुमहत्, तेजः, तत्, च, ऐक्यं, सम्–अगच्छत ।

अन्वयः– अन्येषां, शक्रादीनां शरीरतः, निर्गतं तत्, च, सुमहत्, तेजः, ऐक्यं समगच्छत ।

अर्थ– अरू इन्द्रादि देवताका शरीरबाट पनि निस्किएको त्यो ठूलो तेजपुञ्ज सबै एकत्रित भयो ।

अतीव तेजसः कूटं ज्वलन्तमिव पर्वतम् ।
ददृशुस्ते सुरास्तत्र ज्वालाव्याप्तदिगन्तरम् ॥१२॥

पदच्छेदः– अतीव, तेजसः, कूटं, ज्वलन्तम्, इव, पर्वतं, ददृशुः, ते, सुराः, तत्र, ज्वाला–व्याप्त–दिगन्तरम् ।

अन्वयः– अतीव, तेजसः, कूटं, ज्वलन्तं, पर्वतम्, इव, (आसीत्) तत्र, ते, सुराः, ज्वाला–व्याप्त–दिगन्तरं, ददृशुः ।

अर्थ– महान् तेजको त्यो पुञ्ज जाज्वल्यमान पर्वत जस्तै थियो । त्यहाँ ती देवताहरूले त्यो ज्वालाद्वारा सम्पूर्ण दिशा व्याप्त भएको देखे ।

अतुलं तत्र तत्तेजः सर्वदेवशरीरजम् ।
एकस्थं तदभून्नारी व्याप्तलोकत्रयं त्विषा ॥१३॥

पदच्छेदः– अतुलं, तत्र, तत्, तेजः, सर्व–देव–शरीरजम्, एकस्थं, तत्, अभूत्, नारी, व्याप्त–लोक–त्रयं, त्विषा ।

अन्वयः– सर्व–देव–शरीरजं, तत्, तेजः, तत्र, अतुलं, (आसीत्) एकस्थं, तत्, नारी, अभूत्, त्विषा, व्याप्त–लोक–त्रयं, च ।

अर्थ– सम्पूर्ण देवताका शरीरबाट उत्पन्न भएको त्यो अतुलनीय तेज एकत्रित भएर एउटी नारीका रूपमा परिणत भयो र आफ्ना प्रकाशले तीन लोकलाई नै ढाकिदियो ।

यदभूच्छाम्भवं तेजस्तेनाजायत तन्मुखम् ।
याम्येन चाभवन् केशा बाहवो विष्णुतेजसा ॥१४॥

पदच्छेदः– यत्, अभूत्, शाम्भवं, तेजः, तेन, अजायत, तत्, मुखं, याम्येन च, अभवन्, केशाः, बाहवः, विष्णु–तेजसा ।

अन्वयः– यत्, शांभवं, तेजः, तत्, मुखम्, अजायत, याम्येन, च, केशाः, अभवन्, विष्णु–तेजसा, बाहवः (अभवन्) ।

अर्थ– जुन शंकरको तेज हो त्यसबाट ती नारीको मुख बन्यो। यमराजका तेजबाट शिरका केश बने। विष्णुका तेजबाट हातहरू उत्पन्न भए।

सौम्येन स्तनयोर्युग्मं मध्यं चैन्द्रेण चाभवत्।
वारुणेन च जङ्घोरू नितम्बस्तेजसा भुवः ॥१५॥

पदच्छेदः– सौम्येन, स्तनयोः, युग्मं, मध्यं, च, इन्द्रेण, च, अभवत्, वारुणेन, च, जङ्घा, उरु, नितम्बः, तेजसा, भुवः ॥१५॥

अन्वयः– सौम्येन, युग्मं, स्तनयोः, इन्द्रेण, च मध्यम्, अभवत्, वारुणेन, च, जङ्घा–उरु, भुवः, तेजसा, नितम्बः, (अभूत्)।

अर्थ– चन्द्रमाका तेजले दुवै स्तन र इन्द्रका तेजले मध्य (कटि) भागको प्रादुर्भाव भयो। वरुणका तेजले जङ्घा र पिडौंला तथा पृथ्वीका तेजले नितम्ब प्रकट भयो।

ब्रह्मणस्तेजसा पादौ तदङ्गुल्योऽर्कतेजसा।
वसूनां च कराङ्गुल्यः कौवेरेण च नासिका ॥१६॥
तस्यास्तु दन्ताः सम्भूताः प्राजापत्येन तेजसा।
नयनत्रितयं जज्ञे तथा पावकतेजसा ॥१७॥

पदच्छेदः– ब्रह्मणः, तेजसा, पादौ। तत्, अङ्गुल्यः, अर्क–तेजसा, वसूनां, च, कराङ्गुल्यः, कौवेरेण, च, नासिका। तस्याः, तु, दन्ताः, सम्भूताः, प्राजापत्येन, तेजसा, नयन–त्रितयं, जज्ञे, तथा, पावक–तेजसा।

अन्वयः– ब्रह्मणः, तेजसा, पादौ, अर्क–तेजसा, तदङ्गुल्यः, वसूनां, च, कराङ्गुल्यः, कोवेरेण, च, नासिका, तस्याः, दन्ताः, तु, प्राजापत्येन, तेजसा, सम्भूताः, तथा, नयन–त्रितयं, पावक–तेजसा, जज्ञे।

अर्थ– ब्रह्माका तेजले दुवै चरण र सूर्यका तेजले गोडाका औंलाहरू उत्पन्न भए। वसुहरूका तेजले हातका औंलाहरू उत्पन्न भए। कुवेरका तेजले नाक उत्पन्न भयो। तिनका दाँतहरू प्रजापतिका तेजबाट उत्पन्न भए। तीन आँखा अग्निका तेजले उत्पन्न भए।

भ्रुवौ च सन्ध्ययोस्तेजः श्रवणावनिलस्य च।
अन्येषां चैव देवानां सम्भवस्तेजसां शिवा ॥१८॥

पदच्छेदः– भ्रुवौ, च, सन्ध्ययोः, तेजः, श्रवणौ, अनिलस्य, च, अन्येषां, च, एव, देवानां, सम्भवः, तेजसां, शिवा।

अन्वयः– (तस्याः) भ्रुवौ, सन्ध्ययोः, तेजः, श्रवणौ, अनिलस्य, अन्येषां, देवानां च, तेजसां, शिवा, सम्भवः।

अर्थ— उनका आँखीभौं सन्ध्याका तेजबाट र कान वायुका तेजबाट उत्पन्न भए। यसरी नै अरू अरू देवताका तेजबाट ती कल्याणकारी देवीको आविर्भाव भएको थियो।

ततः समस्तदेवानां तेजोराशिसमुद्भवाम्।
तां विलोक्य मुदं प्रापुरमरा महिषार्दिताः ॥१९॥

पदच्छेदः— ततः, समस्त-देवानां, तेजोराशि-समुद्भवां, तां, विलोक्य, मुदं, प्रापुः, अमराः, महिषार्दिताः।

अन्वयः— ततः, समस्त-देवानां, तेजोराशि-समुद्भवां, तां, विलोक्य, महिषार्दिताः, अमराः, मुदं, प्रापुः।

अर्थ— तत्पश्चात् सम्पूर्ण देवताहरूका तेजपुञ्जबाट प्रकट भएकी देवीलाई देखेर महिषासुरबाट पीडित देवताहरू धेरै प्रसन्न भए।

शूलं शूलाद्विनिष्कृष्य ददौ तस्यै पिनाकधृक्।
चक्रं च दत्तवान् कृष्णः समुत्पाद्य[1] स्वचक्रतः ॥२०॥

पदच्छेदः— शूलं, शूलात्, विनिष्कृष्य, ददौ, तस्यै, पिनाक-धृक्, चक्रं, च, दत्तवान्, कृष्णः, समुत्पाद्य, स्वचक्रतः।

अन्वयः— पिनाकधृक्, शूलात्, शूलं, विनिष्कृष्य, तस्यै, ददौ, कृष्णः,च, स्व-चक्रतः, चक्रं, सम्-उत्पाद्य, (तस्यै) दत्तवान्।

अर्थ— पिनाकधारी शङ्करले आफ्ना शूलबाट एक शूल निकालेर ती देवीलाई दिनुभयो। भगवान् कृष्णले पनि आफ्ना चक्रबाट चक्र उत्पन्न गरेर भगवतीलाई दिनुभयो।

शङ्खं च वरुणः शक्तिं ददौ तस्यै हुताशनः।
मारुतो दत्तवांश्चापं वाणपूर्णे तथेषुधी ॥२१॥

पदच्छेदः— शङ्खं, च, वरुणः, शक्तिं, ददौ, तस्यै, हुताशनः, मारुतः, दत्तवान्, चापं, वाण-पूर्णे तथा, इषुधी।

अन्वयः— वरुणः तस्यै, शङ्खं, ददौ, हुताशनः, शक्तिं, (ददौ) मारुतः चापं, तथा वाण-पूर्णे, इषुधी, दत्तवान्।

अर्थ— वरुणले उनलाई शङ्ख अर्पण गरे। अग्निले शक्ति र वायुले वाणले भरिएका दुई ठोक्रा दिए।

---

[1] टि० समुत्पाद्य

वज्रमिन्द्रः समुत्पाट्य कुलिशादमराधिपः।
ददौ तस्यै सहस्राक्षो घण्टामैरावताद् गजात् ॥२२॥

पदच्छेदः— वज्रं, इन्द्रः, समुत्पाट्य, कुलिशात्, अमराधिपः, ददौ, तस्यै, सहस्राक्षः, घण्टां, ऐरावतात्, गजात्।

अन्वयः— सहस्राक्षः, अमराधिपः, इन्द्रः, कुलिशात् वज्रं, समुत्पाट्य, (तथा) ऐरावतात्, गजात्, घण्टां, तस्यै, ददौ।

अर्थ— हजार आँखा भएका देवराज इन्द्रले आफ्ना वज्रबाट वज्र उत्पन्न गरेर र ऐरावत हात्तीबाट घण्टा झिकेर तिनलाई अर्पण गरे।

कालदण्डाद्यमो दण्डं पाशं चाम्बुपतिर्ददौ।
प्रजापतिश्चाक्षमालां ददौ ब्रह्मा कमण्डलुम् ॥२३॥

पदच्छेदः— कालदण्डात्, यमः, दण्डं, पाशं, च, अम्बुपतिः, ददौ, प्रजापतिः, च, अक्षमालां, ददौ, ब्रह्मा, कमण्डलुम्।

अन्वयः— यमः, काल- दण्डात्, दण्डं, अम्बु-पतिः, पाशं, च, ददौ, प्रजापतिः, अक्षमालां, (तथा) ब्रह्मा, च कमण्डलुं, ददौ।

अर्थ— यमराजले कालदण्डबाट निकालेर दण्ड अर्पण गरे। वरुणले पाश दिए। प्रजापतिले अक्षमाला र ब्रह्माले कमण्डलु अर्पण गरे।

समस्तरोमकूपेषु निजरश्मीन् दिवाकरः।
कालश्च दत्तवान् खड्गं तस्याश्चर्म च निर्मलम् ॥२४॥

पदच्छेदः— समस्त-रोम-कूपेषु, निज-रश्मीन्, दिवाकरः, कालः, च, दत्तवान्, खड्गं, तस्यै, चर्म, च, निर्मलम्।

अन्वयः— दिवाकरः, तस्याः, समस्त-रोमकूपेषु, निज-रश्मीन्, (तथा) कालः, खड्गं, निर्मलं चर्म, च दत्तवान्।

अर्थ— सूर्यले देवीका समस्त रोमकूपमा आफ्ना किरणको तेज भरिदिए। कालले उनलाई निर्मल ढाल र तरवार दिए।

क्षीरोदश्चामलं हारमजरे च तथाम्बरे।
चूडामणिं तथा दिव्यं कुण्डले कटकानि च ॥२५॥
अर्द्धचन्द्रं तथा शुभ्रं केयूरान् सर्वबाहुषु।
नूपुरौ विमलौ तद्वद् ग्रैवेयकमनुत्तमम् ॥२६॥

अङ्गुलीयकरत्नानि समस्तास्वङ्गुलीषु च।
विश्वकर्मा ददौ तस्यै परशुं चाति निर्मलम् ॥२७॥

पदच्छेदः— क्षीरोदः, च, अमलं, हारं, अजरे, च, तथाम्बरे, चूडामणिं, तथा, दिव्यं, कुण्डले, कटकानि, च, अर्द्धचन्द्रं, तथा, शुभ्रं, केयूरान्, सर्वबाहुषु, नूपुरौ, विमलौ, तद्वत्, ग्रैवेयकम्, अनुत्तमम्, अङ्गुलीयक-रत्नानि, समस्ताषु, अङ्गुलीषु, च, विश्वकर्मा, ददौ, तस्यै, परशुं, च, अति-निर्मलम्।

अन्वयः— क्षीरोदः, तस्यै, अमलं हारं, तथा, अजरे, अम्बरे, दिव्यं, चूडामणिं, तथा, कुण्डले, कटकानि, च, शुभ्रम्, अर्द्धचन्द्रं, तथा, सर्व-बाहुषु, केयूरान्, विमलौ, नूपुरौ, तद्वत्, उत्तमं, ग्रैवेयकं, समस्तासु, अङ्गुलीषु, अङ्गुलीयक-रत्नानि, तथा विश्वकर्मा, अति-निर्मलं, परशुं च, ददौ।

अर्थ— क्षीर समुद्रले उनलाई उज्वल हार र कहिल्यै नफाट्ने दुई दिव्य वस्त्र दिव्य चूडामणि, दुई कुण्डल बाला (चुराहरू), उज्वल अर्द्धचन्द्र (खुर्पे), सारा हातका लागि केयूर, दुई चरणलाई निर्मल नूपुर (पाउजेव), घाँटीमा लाउने सुन्दर कण्ठाभरण र सारा औंलामा लगाउन रत्नजडित औंठीहरू पनि अर्पण गरे। त्यस्तै विश्वकर्माले उनलाई अति निर्मल बञ्चरो अर्पण गरे।

अस्त्राण्यनेकरूपाणि तथाभेद्यं च दंशनम्।
अम्लानपङ्कजां मालां शिरस्युरसि चापराम् ॥२८॥
अददज्जलधिस्तस्यै पङ्कजं चातिशोभनम्।
हिमवान् वाहनं सिंहं रत्नानि विविधानि च ॥२९॥

पदच्छेदः— अस्त्राणि, अनेकरूपाणि, तथा, अभेद्यं, च, दंशनं, अम्लान-पङ्कजां, मालां, शिरसि, उरसि, च, अपराम् अददत्, जलधिः, तस्यै, पङ्कजं, च, अति-शोभनं, हिमवान्, वाहनं, सिंहं, रत्नानि, विविधानि, च।

अन्वयः— अनेकरूपाणि, अस्त्राणि, तथा, अभेद्यं, दंशनं, शिरसि, अम्लानं, पङ्कजं, मालां, उरसि, च अपरां (मालां) जलधिः, अददत्, हिमवान्, सिंहं, वाहनं, विविधानि, रत्नानि, च, अददत्।

अर्थ— विश्वकर्माले अनेक प्रकारका अस्त्र र अभेद्य कवच र शिरमा लगाउन कहिल्यै नओइलाउने कमलको माला र वक्षस्थलका निमित्त अर्को त्यस्तै माला लाउनलाई अर्पण गरे। समुद्रले सुन्दर कमलको फूल अर्पण गरे। हिमालले वाहनका लागि सिंह तथा विभिन्न किसिमका रत्नहरू समर्पण गरे।

ददावशून्यं सुरया पानपात्रं धनाधिपः।
शेषश्च सर्वनागेशो महामणिविभूषितम् ॥३०॥

नागहारं ददौ तस्यै धत्ते यः पृथिवीमिमाम्।
अन्यैरपि सुरैर्देवी भूषणैरायुधैस्तथा ॥३१॥
सम्मानिता ननादोच्चैः साट्टहासं मुहुर्मुहुः ।
तस्या नादेन घोरेण कृत्स्नमापूरितं नभः ॥३२॥

पदच्छेदः— ददौ, अशून्यं, सुरया, पान-पात्रं, धनाधिपः, शेषः, च, सर्व-नागेशः, महा-मणि-विभूषितं, नागहारं, ददौ, तस्यै, धत्ते, यः, पृथिवीम्, इमां, अन्यः, अपि, सुरः, देवी, भूषणः, आयुधैः, तथा, सम्मानिता, ननाद, उच्चैः, साट्टहासं, मुहुर्मुहुः, तस्याः, नादेन, घोरेण, कृत्स्नम्, आपूरितं, नभः ।

अन्वयः— धनाधिपः, सुरया, अशून्यं, पानपात्रं, ददौ, यः, इमां, पृथिवीम्, धत्ते, (सः) सर्व-नागेशः, शेषः, तस्यै, महा-मणि-विभूषितां नाग-हारं, ददौ, तथा, अन्यैः, अपि, सुरैः, भूषणैः, आयुधैः, च, सम्मानिता, देवी, मुहुः-मुहुः, स-अट्टहासम्, उच्चैः, ननाद, तस्याः, घोरेण, नादेन, कृत्स्नं, नभः, आपूरितम्।

अर्थ— धनाध्यक्ष कुबेरले मधुले पूर्ण पानपात्र दिए। पृथ्वीलाई धारण गर्ने नागराज शेषले बहुमूल्य मणिहरू यस्तै अरू देवताहरूले पनि आभूषण र अस्त्रशस्त्र अर्पण गरेर देवीको सम्मान गरे। त्यसपछि देवीले बारम्बार अट्टहास गर्दै उच्च स्वरले गर्जना गरिन्। उनको भयङ्कर आवाजको गर्जनाले सम्पूर्ण आकाश गुञ्जायमान भयो।

अमायतातिमहता प्रतिशब्दो महानभूत्।
चुक्षुभुः सकला लोकाः समुद्राश्च चकम्पिरे ॥३३॥

पदच्छेदः— अमायता-अतिमहता, प्रतिशब्दः, महान्, अभूत् चुक्षुभुः, सकलाः, लोकाः, समुद्राः, च, चकम्पिरे।

अन्वयः— अमायता, अतिमहता, महान्, प्रतिशब्दः,अभूत्, सकलाः, लोकाः, चुक्षुभुः, समुद्राः, च, चकम्पिरे।

अर्थ— देवीको त्यो अपरिमित उच्च स्वरित सिंहनादको प्रतिध्वनि ज्यादै ठूलो भयो। यसले गर्दा सारा लोक क्षोभित वा हलचल भयो। । समुद्र पनि कम्पायमान भए।

चचाल वसुधा चेलुः सकलाश्च महीधराः ।
जयेति देवाश्च मुदा तामूचुः सिंहवाहिनीम् ॥३४॥

पदच्छेदः— चचाल, वसुधा, चेलुः, सकलाः, च, महीधराः, जय, इति, देवाः, च, मुदा, तां, ऊचुः, सिंह-वाहिनीम्।

अन्वयः— वसुधा, चचाल, सकलाः, महीधराः, च, चेलुः, देवाः, च मुदा, तां, सिंह-वाहिनीम्, जय, इति, ऊचुः।

अर्थ— पृथ्वी कम्पायमान भइन्। पहाडहरू हल्लन लागे। देवताहरूले अति खुसी भएर सिंहवाहिनीलाई तपाईंको जय होस् भने।

तुष्टुवुर्मुनयश्चैनां भक्तिनम्रात्ममूर्तयः।
दृष्ट्वा समस्तं संक्षुब्धं त्रैलोक्यममरारयः॥३५॥
सन्नद्धाखिलसैन्यास्ते समुत्तस्थुरुदायुधाः।
आः किमेतदितिक्रोधादाभाष्य महिषासुरः॥३६॥
अभ्यधावत तं शब्दमशेषैरसुरैर्वृतः।

पदच्छेदः— तुष्टुवुः, मुनयः, च, एनां, भक्ति-नम्रात्म-मूर्तयः, दृष्ट्वा, समस्तं, संक्षुब्धं, त्रैलोक्यम्, अमरारयः, सन्नद्धाः, अखिलसैन्याः, ते, समुत्तस्थुः, उदायुधाः, आः, किम्, एतत्, इति, क्रोधात्, आभाष्य, महिषासुरः, अभ्यधावत, तं, शब्दम्, अशेषैः, असुरैः, वृतः।

अन्वयः— भक्ति-नम्रात्म-मूर्तयः, मुनयः, एनां, तुष्टुवुः, समस्तं, त्रैलोक्यं, संक्षुब्धं, दृष्ट्वा, अमरारयः, अखिल-सैन्याः, सन्नद्धाः, उदायुधाः, समुत्तस्थुः, महिषासुरः, क्रोधात्, आः, किम्, एतत्, इति, आभाष्य, अशेषैः, असुरैः, वृतः, तं, शब्दम्, अभ्यधावत।

अर्थ— भक्तिभावले विनम्र भएर महर्षिहरूले तिनको स्तुति गरे। सम्पूर्ण त्रिलोक क्षोभग्रस्त देखेर दैत्यगण सारा सेनालाई कवचादिले सुसज्जित गराएर हातमा हतियार लिई एकाएक खडा भएर सतर्क भए। तब महिषासुरले क्रोधको आवेगमा आएर "आः यो के हो ?" भन्दै सारा फौजले युक्त भएर सिंहनाद आएको तिर लक्ष्य गरेर दौडियो।

स ददर्श ततो देवीं व्याप्तलोकत्रयां त्विषा॥३७॥
पादाक्रान्त्या नतभुवं किरीटोल्लिखिताम्बराम्।
क्षोभिताशेषपातालां धनुर्ज्यानिःस्वनेन ताम्॥३८॥

पदच्छेदः—, सः, ददर्श, ततः, देवीम्, व्याप्त-लोक-त्रयां, त्विषा, पाद-आक्रान्त्या, नतभुवं, किरीट, उल्लिखित-अम्बरां, क्षोभित-अशेष-पातालां, धनुः, ज्या-निःस्वनेन, ताम्।

अन्वयः— ततः सः, त्विषा, व्याप्त-लोक-त्रयां, पादाक्रान्त्या, नतभुवं, किरीट-उल्लिखित-अम्बरां, धनुर्ज्या-निःस्वनेन, क्षोभित-अशेष-पातालां, तां, देवीं, ददर्श।

अर्थ— तत्पश्चात् उसले आफ्ना कान्तिले तीनै लोकलाई प्रकाशित गर्ने भएकी चरणका भारले पृथ्वीलाई दबाउने शिरका किरीटले आकाशमा रेखा खिचिरहेकी आफ्ना धनुषका टङ्कारले सातै पाताललाई क्षुब्ध गराइरहेकी ती देवीलाई देख्यो।

दिशोभुजसहस्रेण समन्ताद्व्याप्य संस्थिताम् ।
ततः प्रववृते युद्धं तया देव्या सुरद्विषाम् ॥३९॥

पदच्छेदः– दिशः, भुज–सहस्रेण, समन्तात्, व्याप्य, संस्थितां, ततः, प्रववृते, युद्धं, तया, देव्या, सुरद्विषाम् ।

अन्वयः– भुजसहस्रेण, समन्ताद्, दिशः, व्याप्य, संस्थिताम्, (देवीम् ददर्श इति पूर्वेणान्वयः) ततः, तया, देव्या, सुरद्विषां, युद्धं, प्रववृते ।

अर्थ– आफ्ना हजारौं हातहरूले सारा दिशालाई ढाकेर बसेकी ती देवीलाई (देख्यो) र तिनका साथमा दैत्यहरूको युद्ध सुरु भयो ।

शस्त्रास्त्रैर्बहुधाः मुक्तैरादीपितदिगन्तरम् ।
महिषासुरसेनानीश्चिक्षुराख्यो महासुरः ॥ ४०॥
युयुधे चामरश्चान्यैश्चतुरङ्गबलान्वितः ।
रथानामयुतैः षड्भिरुदग्राख्यो महासुरः ॥४१॥

पदच्छेदः– शस्त्रास्त्रैः, बहुधाः, मुक्तैः, आदीपित–दिगन्तरं, महिषासुर–सेनानीः, चिक्षुराख्यः, महासुरः, युयुधे, चामरः, च, अन्यैः, चतुरङ्ग–बलान्वितः, रथानाम्, अयुतैः, षड्भिः, उदग्राख्यः, महासुरः ।

अन्वयः– बहुधा, मुक्तैः, शस्त्रास्त्रैः, आदीपित–दिगन्तरं, चिक्षुराख्यः, महासुरः, महिषासुर–सेनानी, (आसीत्), (स तया सह) युयुधे, अन्यैः, चतुरङ्ग–बलान्वितः, चामरः, (युयुधे) रथानां षड्भिः, अयुतैः, उदग्राख्य, महासुरः, (युयुधे)

अर्थ– विभिन्न प्रकारका अस्त्रशस्त्रका प्रहारले सारा दिशा उद्भासित हुन लागे । चिक्षुर नामको महासुर थियो महिषासुरको सेनापति । ऊ देवीसित युद्ध गर्न थाल्यो । अरू दैत्यका चतुरङ्गिणी सेना लिएर चामर पनि लड्न लाग्यो । छ लाख रथीहरूका साथमा उदग्र नामको महादैत्य पनि लड्न लाग्यो ।

अयुध्यतायुतानां च सहस्रेण महाहनुः ।
पञ्चाशद्भिश्च नियुतैरसिलोमा महासुरः ॥ ४२॥

पदच्छेदः– अयुध्यत–अयुतानां, च, सहस्रेण, महाहनुः, पञ्चाशद्भिः, च, नियुतैः, असिलोमा, महासुरः ।

अन्वयः– अयुतानां, सहस्रेण, महाहनुः, अयुध्यत, असिलोमा, महासुरः, पञ्चाशद्भिः, नियुतैः, (अयुध्यत,)

अर्थ– एक करोड रथीहरू साथमा लिएर महाहनु युद्ध गर्न थाल्यो । तरवार जस्ता रौं भएको असिलोमा पनि पाँच करोड रथी सैनिकका साथ लड्न लाग्यो ।

अयुतानां शतैः षड्भिर्बाष्कलो युयुधे रणे।

पदच्छेदः— अयुतानां, शतैः, षड्भिः, बाष्कलः, युयुधे, रणे।

अन्वयः— अयुतानां, शतैः, षड्भिः वाष्कलः, रणे, युयुधे।

अर्थ— साठी लाख रथी लिएर वाष्कल नामक दैत्य पनि लड्न लाग्यो।

गजवाजिसहस्रौघैरनेकैः परिवारितः ॥४३॥
वृतो रथानां कोट्या च युद्धे तस्मिन्नयुध्यत।
विडालाख्योऽयुतानां च पञ्चाशद्भिरथायुतैः ॥४४॥

पदच्छेदः—गज-वाजि-सहस्र-ओघैः, अनेकैः, परिवारितः, वृतः, रथानां, कोट्या, च, युद्धे, तस्मिन्, अयुध्यत, विडालाख्यः, अयुतानां, च, पञ्चाशद्भिः, रथायुतैः।

अन्वयः— तस्मिन्, युद्धे, परिवारितः, अनेकैः, गज-वाजि-सहस्र-ओघैः, रथानां कोट्या, च, अयुध्यत, विडालाख्यः, अयुतानां, पञ्चाशद्भिः, रथायुतैः, (युयुधे इति अपरेणान्वयः)।

अर्थ— त्यस युद्धमा परिवारित नामक दानवले अनेकौं हात्ती र घोडसवारीका दल तथा एक करोड रथीहरूको सेना लिएर युद्ध गर्न लाग्यो। विडाल नामक दैत्य पचास अर्ब रथीहरू लिएर युद्ध गर्न थाल्यो।

युयुधे संयुगे तत्र रथानां परिवारितः।
अन्ये च तत्रायुतशो रथनागहयैर्वृताः ॥ ४५॥

पदच्छेदः— युयुधे, संयुगे, तत्र, रथानां परिवारितः, अन्ये, च, तत्र, अयुतशः, रथ-नाग-हयैः, वृताः।

अन्वयः— तत्र, संयुगे, रथानां परिवारितः, (विडालाख्यः) युयुधे, तत्र, अन्ये, च, अयुतशः, रथ-नाग-हयैः, वृताः, (युयुधुः)।

अर्थ— त्यहाँ अनेकौं रथी लिएर परिवारित लड्यो। अरू धेरै महादैत्यहरूले रथ, हात्ती र घोडामा चढेर युद्ध गरे।

युयुधुः संयुगे देव्या सह तत्र महासुराः।
कोटिकोटिसहस्रैस्तु रथानां दन्तिनां तथा ॥४६॥
हयानां च वृतो युद्धे तत्राभून्महिषासुरः।
तोमरैर्भिन्दिपालैश्च शक्तिभिर्मुसलैस्तथा ॥४७॥

पदच्छेदः— युयुधुः, संयुगे, देव्या, सह, तत्र, महासुराः, कोटि-कोटि- सहस्रैः, तु, रथानां, दन्तिनां, तथा, हयानां, च, वृत, युद्धे, तत्र, अभूत्, महिषासुरः तोमरैः, भिन्दिपालैः, च, शक्तिभिः, मुसलैः, तथा।

अन्वयः— तत्र, संयुगे, महासुराः, देव्या, सह, युयुधुः, तत्र, युद्धे, महिषासुरः, कोटिकोटि-सहस्रैः, रथानां, दन्तीनां, हयानां, च, वृतः, अभूत्, सः, देव्या सह) तोमरैः, भिन्दिपालैः, शक्तिभिः, तथा, मुसलैः, च, युयुधे।

अर्थ— त्यो संग्राममा महासुरहरूले देवीसित युद्ध गरे। स्वयं महिषासुरले कोटियौं रथ, हात्ती, र घोड्चढी सेनाका साथ तोमर, घुँयेत्रो, शक्ति र मुसल प्रहार गरेर युद्ध गऱ्यो।

युयुधुः संयुगे देव्या खड्गैः परशुपट्टिशैः।
केचिच्च चिक्षिपुः शक्तीः केचित्पाशांस्तथापरे ॥४८॥

पदच्छेदः— युयुधुः, संयुगे, देव्या, खड्गैः, परशु-पट्टिशैः, केचित्, च, चिक्षिपुः, शक्तीः, केचित्, पाशान्, तथा, अपरे।

अन्वयः— संयुगे, खड्गैः, परशु-पट्टिशैः, देव्या (सह) युयुधुः, केचित्, च, शक्तीः, चिक्षिपुः, तथा, अपरे, पाशान्, चिक्षिपुः।

अर्थ— त्यो लडाइँमा कसैले खड्ग हाने, कसैले बञ्चरो, कसैले पट्टिश हाने। कसैले चाहिँ शक्ति हाने भने कसैले पाश फ्याँके।

देवीं खड्गप्रहारैस्तु ते तां हन्तुं प्रचक्रमुः।
सापि देवी ततस्तानि शस्त्राण्यस्त्राणि चण्डिका ॥४९॥
लीलयैव प्रचिच्छेद निजशस्त्रास्त्रवर्षिणी।
अनायस्तानना देवी स्तूयमाना सुरर्षिभिः ॥५०॥

पदच्छेदः— देवीम्, खड्गप्रहारैः, तु, ते, तां, हन्तुं, प्रचक्रमुः, सा, अपि, देवी, ततः, तानि, शस्त्राणि, अस्त्राणि, चण्डिका, लीलया, एव, प्रचिच्छेद, निज-शस्त्रास्त्र-वर्षिणी, अनायस्त-आनना, देवी, स्तूयमाना, सुरर्षिभिः।

अन्वयः— अपरे, ते खड्ग-प्रहारैः, तां देवीं हन्तुं प्रचक्रमे, ततः, निज-शस्त्रास्त्र-वर्षिणी, सा, चण्डिका, देवी, अपि, तानि, शस्त्राणि, अस्त्राणि, च, लीलया, एव, प्रचिच्छेद, अनायस्तानना, देवी, सुरर्षिभिः, स्तूयमाना, (आसीत्)।

अर्थ— अरू दानवहरू खड्ग हानेर देवीलाई मार्न खोज्दथे। त्यसपछि आफ्ना शस्त्रास्त्र प्रहार गर्ने ती चण्डिका देवीले उनलाई हानेका हतियारहरू सजिलै काटिदिइन्। परि श्रमरहित मुखमण्डल भएकी ती देवी-देवता र ऋषिहरूद्वारा स्तुति गरिन लागिन्।

मुमोचासुरदेहेषु शस्त्राण्यस्त्राणि चेश्वरी।
सोऽपि क्रुद्धो धुतसटो देव्या वाहनकेसरी ॥५१॥
चचारासुरसैन्येषु वनेष्विव हुताशनः।

पदच्छेदः— मुमोच, असुर-देहेषु, शस्त्राणि, अस्त्राणि, च, ईश्वरी, सः, अपि, क्रुद्धः, धुतसटः, देव्या, वाहन-केसरी, चचार, असुर-सैन्येषु, वनेषु, इव, हुताशनः।

अन्वयः— ईश्वरी, असुरदेहेषु, शस्त्राणि, अस्त्राणि, च, मुमोच, देव्याः, वाहनः, सः, केसरी, अपि, क्रुद्धः, धुतसटः, वने हुताशनः, इव, असुर-सैन्येषु, चचार।

अर्थ— भगवती ईश्वरीले असुरहरूका शरीरमा अस्त्र र शस्त्रहरूको वर्षा गरिन्। देवीको वाहन सिंह पनि रिसाएर जगर हल्लाउँदै जङ्गलमा आगो दन्किए झैं असुरका सेनामा घुम्न लाग्यो।

निःश्वासान् मुमुचे यांश्च युद्धमाना रणेऽम्बिका ॥५२॥
त एव सद्यः सम्भूता गणाः शतसहस्रशः।
युयुधुस्ते परशुभिर्भिन्दिपालासिपट्टिशैः ॥५३॥

पदच्छेदः— निःश्वासान्, मुमुचे, यान्, च, युद्धमाना, रणे, अम्बिका, ते, एव, सद्यः, सम्भूताः, गणाः, शत-सहस्रशः, युयुधुः, ते, परशुभिः, भिन्दिपाल-असि-पट्टिशैः।

अन्वयः— रणे, युद्धमाना, अम्बिका, यान्, निःश्वासान्, मुमुचे, ते, एव, सद्यः, शत-सहस्रशः, गणाः, सम्भूताः, ते, परशुभिः, भिन्दिपाल-असि-पट्टिशैः, युयुधुः।

अर्थ— युद्ध गर्न लागेकी ती अम्बिकाले जति निश्वास छोडिन् ती सबै तत्काल हजारौं गणका रूपमा प्रकट भएर परशु, भिन्दिपाल (घुँयेत्रो), खड्ग तथा पट्टिश आदि हतियारले सामना गर्न लागे।

नाशयन्तोऽसुरगणान् देवीशक्त्युपबृंहिताः।
अवादयन्त पटहान् गणाः शङ्खांस्तथापरे ॥५४॥

पदच्छेदः— नाशयन्तः, असुरगणान्, देवी-शक्ति-उपबृंहिताः, अवादयन्त, पटहान्, गणाः, शङ्खाः, स्तथा, अपरे।

अन्वयः— देवी-शक्ति-उपबृंहिताः, गणाः, असुरगणान्, नाशयन्तः, पटहान्, तथा, अपरे, शङ्खान्, अवादयन्त।

अर्थ— देवीका शक्तिले बढेका ती गणले असुरहरूको नाश गर्दै नगरा र शङ्खहरू बजाउन थाले।

मृदङ्गांश्च तथैवान्ये तस्मिन् युद्धमहोत्सवे।

पदच्छेदः— मृदङ्गाः, च, तथा, एव, अन्ये, तस्मिन्, युद्ध-महोत्सवे।

अन्वयः— तथैव, तस्मिन्, युद्धमहोत्सवे, अन्ये, मृदङ्गान्, च, (अवादयन्त)।

अर्थ— त्यो युद्धरूपी महोत्सवमा कसैले मादल ठोक्न थाले।

ततो देवी त्रिशूलेन गदया शक्तिवृष्टिभिः ॥५५॥
खड्गादिभिश्च शतशो निजघान महासुरान्।
पातयामास चैवान्यान् घण्टास्वनविमोहितान् ॥५६॥

पदच्छेदः— ततः, देवी, त्रिशूलेन, गदया, शक्ति-वृष्टिभिः, खड्गादिभिः, च, शतशः, निजघान, महासुरान्, पातयामास, च, एव, अन्यान्, घण्टा-स्वन-विमोहितान्।

अन्वयः— ततः, देवी, त्रिशूलेन, गदया, शक्ति-वृष्टिभिः, खड्गादिभिः, च, शतशः, महासुरान्, निजघान, अन्यान्, घण्टा-स्वन-विमोहितान्, अन्यान्, च, पातयामास।

अर्थ— तब देवीले त्रिशूल, गदा, शक्तिको वर्षा गरेर अनि खड्गादिले पनि हजारौं दैत्यहरूलाई मारिन्। कतिलाई त घण्टको स्वरले लट्याइदिइन्।

असुरान् भुवि पाशेन बध्वा चान्यानकर्षयत्।
केचिद् द्विधा कृतास्तीक्ष्णैः खड्गपातैस्तथापरे ॥५७॥
विपोथिता निपातेन गदया भुवि शेरते।
वेमुश्च केचिद्रुधिरं मुसलेन भृशं हताः ॥५८॥

पदच्छेदः— असुरान्, भुवि, पाशेन, बध्वा, च, अन्यान्, अकर्षयत्, केचित्, द्विधा, कृताः, तीक्ष्णैः, खड्गपातैः, तथा, अपरे, विपोथिताः, निपातेन, गदया, भुवि, शेरते, च, वेमुः, केचित्, रुधिरं, मुसलेन, भृशं, हताः।

अन्वयः— अन्यान्, असुरान्, पाशेन, बद्ध्वा, भुवि, अकर्षयत्, केचित्, तीक्ष्णैः, खड्गपातैः, द्विधा, कृताः, तथा, अपरे, गदया, निपातेन, विपोथिता, भुवि, शेरते, केचित्, मुसलेन, भृशं हताः रुधिरं वेमुः।

अर्थ— अरू धेरै दैत्यलाई पाशले बाँधेर पृथिवीमा लडाइदिइन्। कतिपयलाई तीखा तरवारले दुई टुक्रा पारिन्। कति चाँहि गदाको प्रहारले घाइते भएर पृथ्वीमा सुते। मुसलले बारबार पिटिएकाहरू चाहिँ रगत छाद्न लागे।

केचिन्निपतिता भूमौ भिन्नाः शूलेन वक्षसि।
निरन्तराः शरौघेण कृताः केचिद्रणाजिरे ॥५९॥

पदच्छेदः— केचित्, निपतिताः, भूमौ, भिन्नाः, शूलेन, वक्षसि, निरन्तराः, शर, ओघेण, कृताः, केचित्, रणाजिरे ॥५९॥

अन्वयः— केचित्, शूलेन, वक्षसि, भिन्नाः, भूमौ, निपतिताः, रणाजिरे, केचित्, शरौघेण, निरन्तराः, कृताः,

अर्थ— कसैलाई शूलले छाती फुटाएर भुँमा लडाइयो। त्यो युद्ध मैदानमा वाणको वर्षा हुनाले कैयौं दैत्यको कम्मर नै भाँचियो।

श्येनानुकारिणः प्राणान् मुमुचुस्त्रिदशार्दनाः।
केषांचिद्-बाहव-श्छिन्ना-श्छिन्न-ग्रीवा-स्तथापरे ॥६०॥

पदच्छेदः— श्येन-अनुकारिणः, प्राणान्, मुमुचुः, त्रिदशार्दनाः, केषांचित्, बाहवः, छिन्नाः, छिन्न-ग्रीवाः, तथा, अपरे।

अन्वयः— श्येन-अनुकारिणः, त्रिदशार्दनाः, प्राणान्, मुमुचुः, केषांचित्, बाहवः, छिन्नाः, तथा, अपरे, छिन्नग्रीवाः, (आसन्)।

अर्थ— बाजले झैं झम्टिने भएका देवपीडक दैत्यहरू आफ्नो प्राण छोड्न थाले। कसैका हात काटिए भने कसैका गर्दन नै छिने।

शिरांसि पेतुरन्येषामन्ये मध्ये विदारिताः।
विच्छिन्नजङ्घास्त्वपरे पेतुरुर्व्यां महासुराः ॥६१॥

पदच्छेदः— शिरांसि, पेतुः, अन्येषाम्, अन्ये, मध्ये, विदारिताः, विच्छिन्न-जङ्घाः, तु, अपरे, पेतुः, उर्व्याम्, महासुराः।

अन्वयः— अन्येषां, शिरांसि, पेतुः, अन्ये, मध्ये, विदारिताः, अपरे, महासुराः, विच्छिन्नजङ्घाः, उर्व्याम्, निपेतुः।

अर्थ— कसैका शिर काटिए, कसैको शरीर बीचबाट फोरियो भने कैयौंका तिघ्रा नै छिनेर पृथ्वीमा लडे।

एकबाह्वक्षिचरणाः केचिद्देव्या द्विधा कृताः।
छिन्नेऽपि चान्ये शिरसि पतिताः पुनरुत्थिताः ॥६२॥
कबन्धा युयुधुर्देव्या गृहीतपरमायुधाः।
ननृतुश्चापरे तत्र युद्धे तूर्यलयाश्रिताः ॥६३॥

पदच्छेदः— एक-बाहु-अक्षि-चरणाः, केचित्, देव्या, द्विधा, कृताः, छिन्ने, अपि, च, अन्ये, शिरसि, पतिताः, पुनः, उत्थिताः, कबन्धाः, युयुधुः, देव्या, गृहीत-परमायुधाः, ननृतुः, च, अपरे, तत्र, युद्धे, तूर्य-लयाश्रिताः,।

अन्वयः— केचित्, देव्या, एक–बाहु–अक्षि–चरणाः, द्विधा, कृताः, अन्ये, शिरसि, छिन्ने, पतिताः, अपि, पुनः, उत्थिताः, कबन्धाः, गृहीत–परम–आयुधाः, देव्या, युयुधुः, तत्र, युद्धे, अपरे, तूर्य–लय–आश्रिताः, ननृतुः ।

अर्थ— कैयौं दानव शिरदेखि पैतालासम्म ठाडो चिरिएर एक हात, एक आँखो, एउटा खुट्टो गरी दुई फ्याँक पारिए । अरू धेरैका टाउका काटिएर शिर भैंमा खसे पनि धड (मुर्कुट्टाहरू) का रूपमा उठेर ठूला हतियार लिएर देवीसित लडाइँ गर्थे । कुनै कवन्ध (मुर्कुट्टाहरू) भने तुर्य बाजाका तालमा नाच्दथे ।

कबन्धाश्छिन्नशिरसः खड्गशक्त्यृष्टिपाणयः ।

तिष्ठ तिष्ठेति भाषन्तो देवीमन्ये महासुराः ॥६४॥

पातितैः रथनागाश्वैरसुरैश्च वसुन्धरा ।

अगम्या साभवत्तत्र यत्राभूत्समहारणः ॥६५॥

पदच्छेदः— कबन्धाः, छिन्न–शिरसः, खड्ग–शक्ति–ऋष्टि–पाणयः, तिष्ठ–तिष्ठ, इति, भाषन्तः, देवीम्, अन्ये, महासुराः, पातितैः, रथ–नाग–अश्वैः, असुरैः, च, वसुन्धरा, अगम्या, सा, अभवत्, तत्र, यत्र, अभूत्, सः, महारणः ।

अन्वयः— छिन्न–शिरसः, कबन्धाः, खड्ग–शक्ति–ऋष्टि–पाणयः, (अधावन्) अन्ये, महासुराः, देवीम्, तिष्ठ तिष्ठ, इति, भाषन्तः, (आसन्) यत्र, सः, महारणः, अभूत्, तत्र, सा, वसुन्धरा, पातितैः, रथ–नाग–अश्वैः, असुरै, च, अगम्या, अभूत् ।

अर्थ— कतिपय शिरविनाका धडहरू हातमा तरवार, शक्ति र ऋष्टि लिएर दौडन्थे । अरू चाँहि देवीलाई पख पख भन्दथे । त्यो घोर संग्राम भएका ठाउँको जमीन देवीद्वारा काटिएका रथ, हात्ती, घोडा र असुरहरूका लाशले गर्दा अगम्य (पस्नै नसकिने) भयो ।

शोणितौघा महानद्यः सद्यस्तत्र प्रसुस्रुवुः ।

मध्ये चासुरसैन्यस्य वारणासुरवाजिनाम् ॥६६॥

पदच्छेदः— शोणित–ओघाः, महानद्यः, सद्यः, तत्र, प्रसुस्रुवुः, मध्ये, च, असुर–सैन्यस्य, वारण–असुर–वाजिनाम् ।

अन्वयः— असुर–सैन्यस्य, मध्ये, वारण–असुर–वाजिनां, शोणित–ओघाः, तत्र, सद्यः, महानद्यः, प्रसुस्रुवुः ।

अर्थ— दैत्य सेनाका बीचमा हात्ती, घोडा र असुरका शरीरबाट रगतको खोला बग्यो र त्यहाँ तत्काल एक महान् रक्तनदी बन्यो ।

क्षणेन तन्महासैन्यमसुराणां तथाम्बिका ।

निन्ये क्षयं यथा वह्निस्तृणदारुमहाचयम् ॥६७॥

पदच्छेदः— क्षणेन, तत्, महासैन्यम्, असुराणां, तथा, अम्बिका, निन्ये, क्षय, यथा, वह्निः, तृण-दारु-महाचयम् ॥६७॥

अन्वयः— यथा, वह्निः, तृण-दारु-महाचयं, क्षयं, (नयति) तथा, अम्बिका, असुराणां, तत्, सैन्यं, क्षणेन, क्षयं, निन्ये।

अर्थ— जसरी आगो घाँस, पात र दाउराको राशलाई एकै छिनमा नष्ट गर्छ त्यसरी नै जगदम्बाले विशाल आसुरी सेनालाई एकै छिनमा सखाप पारिन्।

स च सिंहो महानादमुत्सृजन्धुतकेसरः।
शरीरेभ्योऽमरारीणामसूनिव विचिन्वति ॥६८॥

पदच्छेदः— सः, च, सिंहः, महानादम्, उत्सृजत्, धुतकेसरः, शरीरेभ्यः, अमरारीणाम्, असून्, इव, विचिन्वति।

अन्वयः— सः, सिंहः, च, धुत-केसरः, महानादम्, उत्सृजन्, अमरारीणां, शरीरेभ्यः, असून्, विचिन्वति, इव।

अर्थ— देवीको वाहन सिंह पनि जगर फुलाएर जोडसित गर्जदै दैत्यका शरीरहरूबाट मानौं तिनीहरूको प्राण बटुले जस्तै (गर्न थाल्यो)।

देव्या गणैश्च तैस्तत्र कृतं युद्धं महासुरैः।
यथैषां तुतुषुर्देवाः पुष्पवृष्टिमुचो दिवि ॥६९॥ॐ॥
मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये द्वितीयः ॥ २ ॥

पदच्छेदः— देव्याः, गणैः, च, तैः, तत्र, कृतं, युद्धं, महासुरैः,यथा, एषां, तुतुषुः, देवाः, पुष्प-वृष्टिमुचः, दिवि।

अन्वयः— तत्र, देव्याः, गणैः, च, महासुरैः, (सह) युद्धं, कृतं, यथा, एषां, देवाः, तुतुषुः, दिवि, पुष्प-वृष्टिः, मुचः (बभूवुः)।

अर्थ— त्यहाँ देवीगणले पनि ती दैत्यसित खूब युद्ध गरे। त्यसबाट खुसी भएर देवताहरू फूलको वर्षा गर्न लागे।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको दोस्रो अध्याय पूरा भयो।

अथ तृतीयोऽध्यायः

ध्यानम्

ॐ उद्यद्भानुसहस्रकान्तिमरुणक्षौमां शिरोमालिकाम्।
रक्तालिप्तपयोधरां जपवटीं विद्यामभीतिं वरम्॥
हस्ताब्जैर्दधतीं त्रिनेत्रविलसद्वक्त्रारविन्दश्रियम्।
देवीं बद्धहिमांशुरत्नमुकुटां वन्देऽरविन्दस्थिताम् ॥१॥

पदच्छेदः— उद्यत्-भानु-सहस्र-कान्तिम्, अरुणक्षौमां, शिरोमालिकां, रक्तालिप्त-पयोधरां, जपवटीं, विद्याम्, अभीतिं, वरं, हस्ताब्जैः, दधतीं, त्रिनेत्र-विलसत्, वक्त्रारविन्द-श्रियं, देवीं, बद्ध-हिमांशु-रत्न-मुकुटां, वन्दे,अरविन्द-स्थिताम्।।

अन्वयः— उद्यत्-भानुसहस्र-कान्तिम्, अरुणक्षौमां, शिरोमालिकां, रक्तालिप्त-पयोधरां, हस्ताब्जैः, जपवटीं, विद्याम्, अभीतिं, वरं, दधतीं, त्रिनेत्र-विलसत्, वक्त्रारविन्द-श्रियं, बद्ध-हिमांशु-रत्न-मुकुटां, अरविन्द-स्थितां, देवीम्, वन्दे।

अर्थ— हजारौं झुल्कँदा घाम जस्तो कान्ति भएकी, रातो रेशमी साडी लगाएकी, गलामा मुण्डमाला पैरेकी, स्तनमा रक्तचन्दनको लेप लगाएकी, हातमा जपमाला लिएकी, विद्या, अभय र वरमुद्रा धारण गरेकी,तीन नयन भएकी, मुखारविन्दको शोभाले देदीप्यमान, शिरमा चन्द्रमा र रत्नमय मुकुट बाँधेर कमलासनमा बसेकी जगदम्बा भगवती देवीलाई म भक्तिपूर्वक प्रणाम गर्दछु।

ॐ ऋषिरुवाच ॥१॥

निहन्यमानं तत्सैन्यमवलोक्य महासुरः।
सेनानीश्चिक्षुरः कोपाद्ययौ योद्धुमथाम्बिकाम् ॥२॥

पदच्छेदः— ऋषिः, उवाच, निहन्यमानं, तत्, सैन्यम्, अवलोक्य, महासुरः, सेनानीः, चिक्षुरः कोपात्, ययौ, योद्धुम्, अथ, अम्बिकाम्।

अन्वयः— ऋषिः, उवाच, निहन्यमानं, तत्, सैन्यम्, अवलोक्य, महासुरः, सेनानीः, चिक्षुरः कोपात्, अथ, अम्बिकां, योद्धुं, ययौ।

अर्थ— ऋषिले भन्नुभयो— दैत्यसेना यसरी तहसनहस भएको देखेर सेनापति महासुर चिक्षुर रिसले चूर भएर अम्बिकासित युद्ध गर्न गयो।

स देवीं शरवर्षेण ववर्ष समरेऽसुरः।
यथा मेरुगिरेः श्रृङ्गं तोयवर्षेण तोयदः ॥३॥

पदच्छेदः— सः, देवीं, शर-वर्षेण, ववर्ष, समरे, असुरः, यथा, मेरुगिरेः, श्रृङ्गं, तोय-वर्षेण, तोयदः।

अन्वयः— यथा, तोयदः, मेरुगिरे, श्रृङ्गं, तोयर्षेण, (तथैव) सः, असुरः, समरे, देवीं, शर-वर्षेण, ववर्ष।

अर्थ— जसरी मेघ पर्वतको शिखरबाट पानीको धारा वर्षाउँछ त्यसरी नै त्यो असुर चिक्षुरले पनि संग्राममा देवीलाई वाणको वर्षा गर्न लाग्यो।

तस्य च्छित्वा ततो देवी लीलयैव शरोत्करान्।
जघान तुरगान् वाणैर्यन्तारं चैव वाजिनाम् ॥४॥

पदच्छेदः— तस्य, च्छित्वा, ततः, देवी, लीलया, एव, शर-उत्करान्, जघान, तुरगान्, वाणैः, यन्तारं, च, एव, वाजिनाम्।

अन्वयः— ततः, देवी, लीलया, एव, तस्य, शरोत्करान्, छित्वा, वाणैः, तुरगान्, वाजिनां, यन्तारं, च जघान।

अर्थ— त्यसपछि देवीले सजिलै त्यसको वाणवर्षालाई आफ्ना वाणले काटेर उसका घोडा र सारथिलाई समेत मारिदिइन्।

चिच्छेद च धनुः सद्यो ध्वजं चाति समुच्छ्रितम्।
विव्याध चैव गात्रेषु छिन्नधन्वानमाशुगैः ॥५॥

पदच्छेदः— चिच्छेद, च, धनुः, सद्यः, ध्वजं, च, अति-समुच्छ्रितं, विव्याध, च, एव, गात्रेषु, छिन्न-धन्वानम्, आशुगैः।

अन्वयः— सद्यः, धनुः, अति-समुच्छ्रितं, ध्वजं, च, चिच्छेद, छिन्न-धन्वानं, गात्रेषु, अशुगैः, विव्याध, च।

अर्थ– दैत्यको धनु एवं अति अग्लो ध्वजालाई पनि काटिदिइन्। धनु काटिसकेपछि आफ्ना तीखा वाणले त्यसको शरीरमा प्रहार गरिन्।

सच्छिन्नधन्वा विरथो हताश्वो हतसारथिः।
अभ्यधावत तां देवीं खड्गचर्मधरोऽसुरः ॥६॥

पदच्छेदः– सः, छिन्न-धन्वा, विरथः, हताश्वः, हत-सारथिः, अभ्यधावत, तां, देवीं, खड्ग-चर्म-धरः, असुरः।

अन्वयः– छिन्नधन्वा, विरथः, हताश्वः, हत-सारथिः, सः, असुरः, खड्ग-चर्म-धरः, तां, देवीं, अभ्यधावत।

अर्थ– धनुष, रथ, घोडा र सारथि नष्ट भएपछि त्यो असुर ढाल र तरवार लिएर देवीतिर दौडियो।

सिंहमाहत्य खड्गेन तीक्ष्णधारेण मूर्द्धनि ।
आजघान भुजे सव्ये देवीमप्यतिवेगवान् ॥७॥

पदच्छेदः– सिंहम्, आहत्य, खड्गेन, तीक्ष्ण-धारेण, मूर्द्धनि, आजघान, भुजे, सव्ये, देवीम् अपि, अति-वेगवान्।

अन्वयः– तीक्ष्ण-धारेण, खड्गेन, सिहं, मूर्द्धनि, आहत्य, देवीम्, अपि, सव्ये, भुजे, अति-वेगवान्, आजघान।

अर्थ– उसले तीखो धार भएको तरवारले सिंहको शिरमा हानेर देवीलाई देब्रे हातमा ठूलो वेगले प्रहार गऱ्यो।

तस्याः खड्गो भुजं प्राप्य पफाल नृपनन्दन।
ततो जग्राह शूलं स कोपादरुणलोचनः ॥८॥

पदच्छेदः– तस्याः, खड्गः, भुजं, प्राप्य, पफाल, नृपनन्दन, ततः, जग्राह, शूलं, सः, कोपात्, अरुण-लोचनः।

अन्वयः– नृपनन्दन, खड्गः, तस्यः, भुजं, प्राप्य, पफाल, ततः, कोपात्, अरुण-लोचनः, सः, शूलं, जग्राह।

अर्थ– हे राजन्, त्यो खड्ग देवीका हातमा ठोकिएर भाँचियो। त्यो देखेर रिसले आँखा राता राता पार्दै उसले शूल उठायो।

चिक्षेप च ततस्तत्तु भद्रकाल्यां महासुरः।
जाज्वल्यमानं तेजोभी रविविम्बमिवाम्बरात् ॥९॥

दृष्ट्वा तदापतच्छूलं देवी शूलममुञ्चत।
तच्छूलं शतधा तेन नीतं स च महासुरः ॥१०॥

पदच्छेदः— चिक्षेप, च, ततः, तत्, तु, भद्रकाल्यां, महासुरः, जाज्वल्यमानं, तेजोभिः, रविविम्बम्, इव, अम्बरात्, दृष्ट्वा, तत्, आपतत्, शूलं, देवी, शूलम्, अमुञ्चत, तत्, शूलं, शतधा, तेन, नीतं, सः, च, महासुरः।

अन्वयः— ततः, महासुरः, तत्, भद्रकाल्यां, चिक्षेप, (तत्) अम्बरात्, रविविम्बम्, इव, तेजोभिः, जाज्वल्यमानं, (आसीत्) तदा, देवी, आपतत्, शूलं, दृष्ट्वा, शूलम्, अमुञ्चत, तेन, तच्छूलम्, सः, महासुरः, च, शतधा, नीतम्।

अर्थ— तदनन्तर त्यो महा दैत्यले शूल भद्रकाली भगवती तिर प्रहार गऱ्यो। त्यो शूल मानौं आकाशबाट सूर्य पो झरे कि भने झैं तेजिलो थियो। त्यसकारण आफूतिर आउन लागेको त्यो शूललाई देखेर देवीले आफूले पनि शूल नै हानिन्। देवीका शूलले त्यो शूललाई सयौं टुक्रा पारेर महासुर चिक्षुरलाई पनि टुक्राटुक्रा बनायो।

हते तस्मिन् महावीर्ये महिषस्य चमूपतौ।
आजगाम गजारूढश्चामरस्त्रिदशार्दनः ॥११॥

पदच्छेदः— हते, तस्मिन्, महावीर्ये, महिषस्य, चमूपतौ, आजगाम, गजारूढः, चामरः, त्रिदशार्दनः।

अन्वयः— महिषस्य, चमूपतौ, तस्मिन्, महावीर्ये, हते, त्रिदशार्दनः, चामरः, गजारूढः, आजगाम।

अर्थ— महिषको सेनापति त्यो पराक्रमी चिक्षुरको विनाश भएपछि देवतालाई पीडा दिने चामर हात्तीमा चढेर आयो।

सोऽपि शक्तिं मुमोचाथ देव्यास्तामम्बिका द्रुतम्।
हुंकाराभिहतां भूमौ पातयामास निष्प्रभाम् ॥१२॥

पदच्छेदः— सः, अपि, शक्तिं, मुमोच, अथ, देव्याः, ताम्, अम्बिका, द्रुतं, हुंकाराभिहतां, भूमौ, पातयामास, निष्प्रभाम्।

अन्वयः— सः, अपि, देव्याः, शक्तिं, मुमोच, अथ, अम्बिका, तां, द्रुतं हुंकाराभिहतां, निष्प्रभां, भूमौ, पातयामास।

अर्थ— चामरले पनि देवीमाथि शक्ति हान्यो। तर जगदम्बिकाले त्यसलाई हुंकारद्वारा हिर्काएर प्रभावहीन पारेर पृथ्वीमा गिराइन्।

भग्नां शक्तिं निपतितां दृष्ट्वा क्रोधसमन्वितः ।
चिक्षेप चामरः शूलं वाणैस्तदपि साच्छिनत् ॥१३॥

पदच्छेदः— भग्नां, शक्तिं, निपतितां, दृष्ट्वा, क्रोध-समन्वितः, चिक्षेप, चामरः, शूलं, वाणैः, तद्, अपि, सा, अच्छिनत्।

अन्वयः— शक्तिं, भग्नां, निपतितां, दृष्ट्वा, क्रोधसमन्वितः, चामरः, शूलं, चिक्षेप, सा, तदपि, वाणैः, अच्छिनत्।

अर्थ— शक्ति भाँचिदै पृथ्वीमा झरेको देखेर खूब रिसाउँदै चामरले शूल हान्यो। देवीले त्यसलाई पनि आफ्ना वाणद्वारा काटिदिइन्।

ततः सिंहः समुत्पत्य गजकुम्भान्तरे स्थितः ।
बाहुयुद्धेन युयुधे तेनोच्चैस्त्रिदशारिणा ॥१४॥

पदच्छेदः— ततः, सिंहः, सम्-उत्पत्य, गज-कुम्भान्तरे, स्थितः, बाहु-युद्धेन, युयुधे, तेन, उच्चैः, स्त्रिदशारिणा।

अन्वयः— ततः, सिंहः, सम्-उत्पत्य, गज-कुम्भान्तरे, स्थितः, तेन, त्रिदशारिणा, (सह) उच्चैः, बाहु-युद्धेन, युयुधे।

अर्थ— त्यसपछि देवीको सिंह उफ्रेर हात्तीका टाउकामा चढ्यो र चामरसित जोडसित बाहुयुद्ध गर्न लाग्यो।

युद्धमाने ततस्तौ तु तस्मान्नागान्महीं गतौ ।
युयुधातेऽतिसंरब्धौ प्रहारैरतिदारुणैः ॥१५॥

पदच्छेदः— युद्धमाने, ततः, तौ, तु, तस्मात्, नागात्, महीं, गतौ, युयुधाते, अति-संरब्धौ प्रहारैः अति-दारुणैः ।

अन्वयः— ततः, युद्धमानौ, तौ, तु, तस्मात्, नागात्, महीं, गतौ, अतिसंरब्धौ, अतिदारुणैः, प्रहारैः युयुधाते।

अर्थ— त्यसपछि ती लड्दा-लड्दै त्यस हात्तीबाट भैंमा झरे। झरेर पनि खूब रिसाएर एक अर्कामा भयङ्कर प्रहार गर्न लागे।

ततो वेगात् खमुत्पत्य निपत्य च मृगारिणा ।
करप्रहारेण शिरश्चामरस्य पृथक्कृतम् ॥१६॥

पदच्छेदः— ततः, वेगात्, खम्, उत्पत्य, निपत्य, च, मृगारिणा, कर-प्रहारेण, शिरः, चामरस्य, पृथक्, कृतम्।

अन्वयः— ततः, मृगारिणा, वेगात्, खम्, उत्पत्य, (ततः) निपत्य च, कर-प्रहारेण, चामरस्य, शिरः पृथक्, कृतम्।

अर्थ— तब सिंह वेगले आकाशमा उफ्रियो र त्यहींबाट तल हाम्फाल्दै पञ्जाका प्रहारले चामरको शिरलाई धडबाट अलग गरायो।

उदग्रश्च रणे देव्या शिलावृक्षादिभिर्हतः।
दन्तमुष्टितलैश्चैव करालश्च निपातितः ॥१७॥

पदच्छेदः— उदग्रः, च, रणे, देव्या, शिला-वृक्षादिभिः, हतः, दन्त-मुष्टि-तलैः, च, एव, करालः, च, निपातितः।

अन्वयः— उदग्रः, च, शिला-वृक्षादिभिः, रणे, देव्या, हतः, करालः, च, दन्त-मुष्टि-तलैः, च, एव, निपातितः।

अर्थ— संग्राममा देवीद्वारा शिलावृक्षादिको मार खाएर उदग्र पनि मारियो। त्यस्तै कराल पनि दाँत, मुड्की र थप्पड आदिका चोटले धराशायी भयो।

देवी क्रुद्धा गदापातैश्चूर्णयामास चोद्धतम्।
वाष्कलं भिन्दिपालेन वाणैस्ताम्रं तथान्धकम् ॥१८॥

पदच्छेदः— देवी, क्रुद्धा, गदा-पातैः, चूर्णयामास, च, उद्धतं, वाष्कलं, भिन्दिपालेन, वाणैः, ताम्रं, तथा, अन्धकम्।

अन्वयः— क्रुद्धा, देवी, गदापातैः, उद्धतं, चूर्णयामास, भिन्दिपालेन, वाष्कलं, वाणैः, ताम्रं, तथा, अन्धकं च, चूर्णयामास।

अर्थ— रिसाएकी देवीले गदाले ठोकेर उद्धतलाई धूलोपीठो पारिन्। घुँयेत्रोले वाष्कललाई र वाणले ताम्र र अन्धकलाई मारिदिइन्।

उग्रास्यमुग्रवीर्यं च तथैव च महाहनुम्।
त्रिनेत्रा च त्रिशूलेन जघान परमेश्वरी ॥१९॥

पदच्छेदः— उग्रास्यम्, उग्रवीर्यं, च, तथा, एव, च, महाहनुं, त्रिनेत्रा, च, त्रिशूलेन, जघान, परमेश्वरी।

अन्वयः— त्रिनेत्रा, परमेश्वरी, त्रिशूलेन, उग्रास्यम्, उग्रवीर्यं, तथा, महाहनुं, च, जघान।

अर्थ— तीन नेत्र भएकी परमेश्वरीले त्रिशूलद्वारा उग्रास्य, उग्रवीर्य तथा महाहनुलाई पनि मारिन्।

बिडालस्यासिना कायात् पातयामास वै शिरः।
दुर्धरं दुर्मुखं चोभौ शरैर्निन्ये यमक्षयम् ॥२०॥

पदच्छेदः— बिडालस्य, असिना, कायात्, पातयामास, वै, शिरः, दुर्धरं, दुर्मुखं, च, उभौ, शरैः, निन्ये, यम–क्षयम्।

अन्वयः— असिना, विडालस्य, कायात्, शिरः, वै, पातयामास, दुर्धरं, दुर्मुखं, च, उभौ, शरैः, यम–क्षयं निन्ये।

अर्थ— तरवार हानेर विडालको शिरलाई धडबाट गिराइन्। दुर्धर र दुर्मुख दुवैलाई आफ्ना वाणद्वारा यमराजका घरमा पठाइदिइन्।

एवं संक्षीयमाणे तु स्वसैन्ये महिषासुरः।
माहिषेण स्वरूपेण त्रासयामास तान् गणान्॥२१॥

पदच्छेदः— एवं, संक्षीयमाणे, तु, स्वसैन्ये, महिषासुरः, माहिषेण, स्वरूपेण, त्रासयामास, तान्, गणान्।

अन्वयः— एवं, स्वसैन्ये, संक्षीयमाणे, महिषासुरः, माहिषेण, स्वरूपेण, तान्, गणान्, त्रासयामास।

अर्थ— यसरी आफ्ना सेनाको संहार भएको देखेर महिषासुरले राँगाको रूप धारण गरेर ती देवीका गणलाई तर्साउन थाल्यो।

कांश्चित्तुण्डप्रहारेण खुरक्षेपैस्तथापरान्।
लाङ्गूलताडितांश्चान्याञ्छृङ्गाभ्यां च विदारितान्॥२२॥
वेगेन कांश्चिदपरान्नादेन भ्रमणेन च।
निःश्वासपवनेनान्यान् पातयामास भूतले॥२३॥

पदच्छेदः— कांश्चित्, तुण्ड–प्रहारेण, खुरक्षेपैः, तथा, अपरान्, लाङ्गूल–ताडितान्, च, अन्यान्, शृङ्गाभ्यां. च, विदारितान्।

अन्वयः— कांश्चित्, तुण्ड–प्रहारेण, तथा, अपरान्, खुरक्षेपैः, अन्यान्, लाङ्गूलताडितान्, शृङ्गाभ्यां, च, विदारितान्, कांश्चित्, अपरान्, नादेन, भ्रमणेन, अन्यान्, निःश्वास–पवनेन, च, पातयामास।

अर्थ— उसले कसैलाई थुतुनाले हानेर, कसैलाई खुरले हिर्काएर, कतिलाई पुच्छरले चोट पुऱ्याएर त कसैलाई सिङले हानेर कसैलाई वेगले, कसैलाई सिंहनादले कसैलाई चक्कर लगाएर र कतिपयलाई निःश्वासका वायुले (फुँः गरेर) लडाइदियो।

निपात्य प्रमथानीकमभ्यधावत सोऽसुरः।
सिंहं हन्तुं महादेव्याः कोपं चक्रे ततोऽम्बिका॥२४॥

पदच्छेदः— निपात्य, प्रमथ, अनीकम्, अभ्यधावत, सः, असुरः, सिंहं, हन्तुं, महादेव्याः, कोपं, चक्रे, ततः, अम्बिका।

अन्वयः— सः, असुरः, प्रमथानीकं, निपात्य, महादेव्याः,सिंहं, हन्तुम्, अभ्यधावत, ततः, अम्बिका, कोपं चक्रे।

अर्थ— यसरी त्यस असुरले गणहरूलाई लडाएपछि महादेवीको सिंहलाई मार्न झम्टियो। त्यसले गर्दा अम्बिका रिसाइन्।

सोऽपि कोपान्महावीर्यः खुरक्षुण्णमहीतलः ।
श्रृङ्गाभ्यां पर्वतानुच्चांश्चिक्षेप च ननाद च ॥२५॥

पदच्छेदः— सः, अपि, कोपात्, महावीर्यः, खुर-क्षुण्ण-महीतलः, श्रृङ्गाभ्यां, पर्वतान्, उच्चान्, चिक्षेप, च, ननाद, च।

अन्वयः— सः, अपि, महावीर्यः, कोपात्, खुर-क्षुण्ण-महीतलः, श्रृङ्गाभ्यां, उच्चान्, पर्वतान्, चिक्षेप, ननाद, च।

अर्थ— त्यो महाबली महिषासुर पनि रिसले खुरद्वारा पृथ्वीलाई खोस्रँदै अनि आफ्ना सिङले अग्ला अग्ला पर्वतलाई उचालेर फ्याँक्न र गर्जन थाल्यो।

वेगभ्रमणविक्षुण्णा मही तस्य व्यशीर्यत ।
लाङ्गूलेनाहतश्चाब्धिः प्लावयामास सर्वतः ॥२६॥

पदच्छेदः— वेग-भ्रमण-विक्षुण्णा, मही, तस्य, व्यशीर्यत, लाङ्गूलेन, आहतः, च, अब्धिः, प्लावयामास, सर्वतः।

अन्वयः— तस्य, वेग-भ्रमण-विक्षुण्णा, मही, व्यशीर्यत, लाङ्गूलेन, आहतः, अब्धिः, सर्वतः प्लावयामास, च।

अर्थ— उसका वेगले ठक्कर लागेर पृथ्वी फाट्न लागिन्। उसका पुच्छरले हिर्काइएका समुद्रले पनि सबैतिरबाट पृथ्वीलाई डुबाउन लागे।

धुतश्रृङ्गविभिन्नाश्च खण्डं खण्डं ययुर्घनाः ।
श्वासानिलास्ताः शतशो निपेतुर्नभसोऽचलाः ॥२७॥

पदच्छेदः— धुत-श्रृङ्ग-विभिन्नाः, च, खण्डं, खण्डं, ययुः, घनाः, श्वास-अनिलाः, ताः, शतशः, निपेतुः, नभसः, अचलाः।

अन्वयः— धुत-श्रृङ्ग-विभिन्नाः, घनाः, खण्डं, खण्डं, ययुः, श्वास-अनिलाः, ताः, शतशः, अचलाः,नभसः, निपेतुः।

अर्थ— हल्लिएका सिङका आघातले विदीर्ण भएर बादल टुक्रा टुक्रा भए। उसको श्वासका हावाको प्रचण्ड वेगले उडेका सयौं पर्वत आकाशबाट खस्न थाले।

इति क्रोधसमाध्मातमापतन्तं महासुरम्।
दृष्ट्वा सा चण्डिका कोपं तद्वधाय तदाकरोत्॥२८॥

पदच्छेदः– आपतन्तं, महासुरं, इति, क्रोध-सम्-आध्मातम्, दृष्ट्वा, सा, चण्डिका, कोपं, तत्, वधाय, तदा, अकरोत्।

अन्वयः– इति, क्रोध-सम्-आध्मातम्, आपतन्तं, महासुरं, दृष्ट्वा, सा, चण्डिका, तत्, वधाय, तदा, कोपम्, अकरोत्।

अर्थ– यसरी पूरा रिसाएको त्यो महादैत्यलाई आफूतिर आउन लागेको देखेर ती जगदम्बिकाले त्यसलाई मार्न खूब रिस देखाइन्।

सा क्षिप्त्वा तस्य वै पाशं तं बबन्ध महासुरम्।
तत्याज माहिषं रूपं सोऽपि बद्धो महामृधे॥२९॥

पदच्छेदः– सा, क्षिप्त्वा, तस्य, वै, पाशं, तं, बबन्ध, महासुरं, तत्याज, माहिषं, रूपं, सः, अपि, बद्धः, महामृधे।

अन्वयः– सा, तस्य, पाशं, क्षिप्त्वा, तं, महासुरं, बबन्ध, महामृधे, बद्धः, सः, अपि, माहिषं, रूपं तत्याज।

अर्थ– ती जगदम्बिकाले पाश फ्याँकेर असुरलाई बाधिन्। तब महासंग्राममा बद्ध दानवले राँगोको रूप छाडिदियो।

ततः सिंहोऽभवत्सद्यो यावत्तस्याम्बिका शिरः।
छिनत्ति तावत्पुरुषः खड्गपाणिरदृश्यत॥३०॥

पदच्छेदः– ततः, सिंहः, अभवत्, सद्यः, यावत्, अम्बिका, तस्य, शिरः, छिनत्ति, तावत्, पुरुषः, खड्गपाणिः, अदृश्यत।

अन्वयः– ततः, सद्यः, सिंहः, अभवत्, यावत्, त्तस्य, अम्बिका, शिरः, छिनत्ति, तावत्, खड्गपाणिः, पुरुषः, अदृश्यत।

अर्थ– तब ऊ तुरुन्त सिंहका रूपमा प्रकट भयो। त्यत्तिखेरै जब भगवतीले त्यसको टाउको काट्न मात्र के लागेकी थिइन् तब हातमा तरवार लिएको पुरुषका रूपमा त्यो देखियो।

तत एवाशु पुरुषं देवी चिच्छेद सायकैः।
तं खड्गचर्मणा सार्धं ततः सोऽभून्महागजः॥३१॥

पदच्छेदः– ततः, एव, आशु, पुरुषं, देवी, चिच्छेद, सायकैः, तं, खड्ग-चर्मणा, सार्धं, ततः, सः, अभूत्, महागजः।

अन्वयः— ततः, देवी, आशु, एव, सायकैः, खड्गचर्मणा, सार्द्धं, तं, पुरुषं, चिच्छेद, ततः, सः, महागजः, अभूत्

अर्थ—तत्पश्चात् देवीले तुरुन्तै वाणको वर्षा गरेर ढाल र तरवार लिएको त्यो पुरुषलाई काटिदिइन्। तब त्यो (फेरि) ठूलो गजराजका रूपमा परिणत भयो।

करेण च महासिंहं तं चकर्ष जगर्ज च।
कर्षतस्तु करं देवी खड्गेन निरकृन्तत ॥३२॥

पदच्छेदः— करेण, च, महासिंहं, तं, चकर्ष, जगर्ज, च, कर्षतः, तु, करं, देवी, खड्गेन, निरकृन्तत।

अन्वयः— करेण, च, महासिंहं, तं, चकर्ष, जगर्ज, च, कर्षतः, तु, देवी, खड्गेन, करं, निरकृन्तत।

अर्थ— आफ्ना सुँडले देवीको त्यो विशाल सिंहलाई तान्दै गर्जन पनि थाल्यो। तान्न लागेकै बेलामा देवीले तरवाले उसको सुँड काटिदिइन्।

ततो महासुरो भूयो माहिषं वपुराश्रितः।
तथैव क्षोभयामास त्रैलोक्यं सचराचरम् ॥३३॥

पदच्छेदः— ततः, महासुरः, भूयः, माहिषं, वपुः, आश्रितः, तथा, एव क्षोभयामास, त्रैलोक्यं, सचराचरम्।

अन्वयः— ततः, महासुरः, भूयः, माहिषं, वपुः, आश्रितः, तथा, एव त्रैलोक्यं, सचराचरं, क्षोभयामास।

अर्थ— तदनन्तर त्यो महासुरले फेरि राँगोको नै रूप लियो र चराचर प्राणी सहित तीनै लोकलाई व्याकुल गराउन थाल्यो।

ततः क्रुद्धा जगन्माता चण्डिका पानमुत्तमम्।
पपौ पुनः पुनश्चैव जहासारुणलोचना ॥३४॥

पदच्छेदः— ततः, क्रुद्धा, जगत्-माता, चण्डिका, पानम्, उत्तमं, पपौ, पुनः, पुनः, च, एव जहास, अरुण-लोचना।

अन्वयः— ततः, क्रुद्धा, जगन्माता, चण्डिका, पुनः, पुनः, एव, उत्तमं, पानम्, पपौ, अरुणलोचना जहास, च।

अर्थ— तब क्रोधित जगन्माता चण्डिकाले बारम्वार उत्तम मधुको पान गरिन् र राता-राता आँखा पारेर हाँस्न थालिन्।

ननर्द चासुरः सोऽपि बलवीर्यमदोद्धतः ।
विषाणाभ्यां च चिक्षेप चण्डिकां प्रति भूधरान् ॥३५॥

पदच्छेदः— ननर्द, च, असुरः, सः, अपि, बल–वीर्य–मद–उद्धतः, विषाणाभ्यां, च, चिक्षेप, चण्डिकां, प्रति, भूधरान् ।

अन्वयः— बल–वीर्य–मद–उद्धतः, सः, अपि, असुरः, ननर्द, विषाणाभ्यां, चण्डिकां, प्रति, भूधरान् चिक्षेप, च ।

अर्थ— बल र पराक्रले मात्तिएको त्यो असुर गर्जना गर्दै आफ्ना ठूला सिङले चण्डिका माथि पहाडहरू वर्षाउन लाग्यो ।

सा च तान् प्रहितांस्तेन चूर्णयन्ति शरोत्करैः ।
उवाच तं मदोद्धूतमुखरागाकुलाक्षरम् ॥३६॥

पदच्छेदः— सा, च, तान्, प्रहितान्, तेन, चूर्णयन्ति, शरोत्करैः, उवाच, तं, मदोद्धूत–मुख–राग–आकुलाक्षरम् ।

अन्वयः— सा, च, शरोत्करैः, तेन, प्रहितान्, तान्, चूर्णयन्ती, मदोद्धूत–मुख–राग–आकुलाक्षरं, तम्, उवाच ।

अर्थ— देवीले पनि आफ्नो वाणका वर्षाले ती आफूतिर प्याँकिएका पर्वतहरूलाई पीठो पारिन् र मधु (रक्सी) ले मुख रातो पार्दै लर्बरिएको बोलीले भन्न लागिन् ।

देव्युवाच ॥३७॥

गर्ज गर्ज क्षणं मूढ मधु यावत्पिवाम्यहम् ।
मया त्वयि हतेऽत्रैव गर्जिष्यन्त्याशु देवताः ॥३८॥

पदच्छेदः— देवी, उवाच, गर्ज, गर्ज, क्षणं, मूढ, मधु, यावत्, पिवामि, अहं, मया, त्वयि, हते, अत्र, एव, गर्जिष्यन्ति, आशु, देवताः ।

अन्वयः— मूढ, यावत्, अहं, मधु पिवामि, (तावत्) क्षणं, (त्व) गर्ज, गर्ज, मया, त्वयि, हते, अत्र, एव, आशु, देवताः, गर्जिष्यन्ति ।

अर्थ— देवीले भन्नुभयो— हे मूर्ख, मैले मधुपान गरुन्जेल तँ खूब गर्जना गर् । मेरा हातले तँ मारिएपछि यहाँ नै चाँडै देवताहरू गर्जिनेछन् ।

ऋषिरुवाच ॥३९॥

एवमुक्त्वा समुत्पत्य साऽऽरूढा तं महासुरम् ।
पादेनाक्रम्य कण्ठे च शूलेनैनमताडयत् ॥४०॥

पदच्छेदः— ऋषिः, उवाच, एवम्, उक्त्वा, सम्–उत्पत्य, सा, आरूढा, तं, महासुरं, पादेन, आक्रम्य, कण्ठे, च, शूलेन, एनम्, अताडयत्, ।

अन्वयः— ऋषिः, उवाच, एवम्, उक्त्वा, सम्–उत्पत्य, सा, तं, महासुरं, आरूढा, पादेन, एनम्, आक्रम्य, कण्ठे, शूलेनं, अताडयत्, च ।

अर्थ— ऋषिले भन्नुभयो— यति भनेर देवी उफ्रेर त्यो दैत्यमाथि चढिन् अनि आफ्ना पाउले त्यसलाई दबाएर शूलले उसको घाँटीमा घोचिन् ।

ततः सोऽपि पदाऽऽक्रान्तस्तया निजमुखात्ततः ।
अर्द्धनिष्क्रान्त एवासीद् देव्या वीर्येण संवृतः ॥४१॥

पदच्छेदः— ततः, सः, अपि, पदा, आक्रान्तः, तया, निजमुखात्, ततः, अर्द्ध–निष्क्रान्तः, एव, आसीत्, देव्या, वीर्येण, संवृतः ।

अन्वयः— ततः, तया, पदाक्रान्तः, अपि, सः, निजमुखात्, अर्द्धनिष्क्रान्तः, एव, आसीत्, देव्या, वीर्येण, संवृतः ।

अर्थ— तब देवीका पाउले दबाइएको भए पनि महिषासुर आफ्ना मुखबाट (अर्को रूपमा) आधा शरीरले नै बाहिर निस्कन लागेको थियो! तर देवीले (निजी) शक्तिले त्यसलाई त्यहीं रोकिदिइन् ।

अर्द्धनिष्क्रान्त एवासौ युद्धमानो महासुरः ।
तया महासिना देव्या शिरश्छित्वा निपातितः ॥४२॥

पदच्छेदः— अर्द्धनिष्क्रान्तः, एव, असौ, युद्धमानः, महासुरः, तया, महा–असिना, देव्या, शिरः, छित्वा, निपातितः ।

अन्वयः— अर्द्धनिष्क्रान्तः, एव, असौ, महासुरः, युद्धमानः, तया, देव्या, महा–असिना, शिरः, छित्वा, निपातितः ।

अर्थ— आधा निस्किएकै भए पनि त्यो महासुर जब देवीसित युद्ध गर्न लागेको थियो तब देवीले महान् खड्ग लिएर त्यसको टाउको छिनाएर लडाइदिइन् ।

ततो हाहाकृतं सर्वं दैत्यसैन्यं ननाश तत् ।
प्रहर्षं च परं जग्मुः सकला देवतागणाः ॥४३॥
तुष्टुवुस्तां सुरा देवीं सह दिव्यैर्महर्षिभिः ।
जगुर्गन्धर्वपतयो ननृतुश्चाप्सरो गणाः ॥४४॥ॐ॥

मार्कण्डेयपुराणे सावर्णिके मन्वन्तरे देवी माहात्म्ये तृतीयः

पदच्छेदः— ततः, हाहा–कृतं, सर्वं, दैत्य–सैन्यं, ननाश, तत, प्रहर्षं, च, परं, जग्मुः, सकलाः, देवतागणाः, तुष्टुवुः, तां, सुराः, देवीं, सह, दिव्यैः, महर्षिभिः, जगुः, गन्धर्व–पतयः, ननृतुः, च, अप्सरोगणाः।

अन्वयः— ततः, हाहा–कृतं, सर्वं, तत, दैत्य–सैन्यं, ननाश, सकलाः, देवतागणाः, परं, प्रहर्षं, च, जग्मुः, सुराः, दिव्यैः, महर्षिभिः, सह, तां देवीं, तुष्टुवुः, गन्धर्व–पतयः, जगुः, अप्सरोगणाः, ननृतुः।

अर्थ— त्यसपछि हाहाकार गर्न लागेको सारा त्यो दैत्य सेनाले कुलेलम ठोक्यो (भाग्यो)। सबै देवतागण अति हर्षित भए। देवताहरूले दिव्य महर्षिसित मिलेर दुर्गा देवीको स्तुति गरे। गन्धर्वराजहरू गाउन लागे। अप्सराहरू नाच्न थाले।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको तेस्रो अध्याय पूरा भयो।

अथ चतुर्थोऽध्यायः

ध्यानम्

ॐ कालाभ्राभां कटाक्षैररिकुलभयदां मौलिबद्धेन्दुरेखाम्।
शङ्खं चक्रं कृपाणं त्रिशिखमपि करैरुद्वहन्तीं त्रिनेत्राम्।
सिंहस्कन्धाधिरूढां त्रिभुवनमखिलं तेजसा पूरयन्तीम्।
ध्यायेद्दुर्गां जयाख्यां त्रिदशपरिवृतां सेवितां सिद्धिकामैः॥

पदच्छेदः– काल–अभ्र–आभां कटाक्षैः, अरि–कुल–भयदां, मौलि–बद्ध–इन्दु–रेखां, शङ्खं, चक्रं, कृपाणं, त्रिशिखम्, अपि, करैः, उद्वहन्तीं, त्रिनेत्रां, सिंह–स्कन्ध–अधिरूढां, त्रिभुवनम्, अखिलं, तेजसा, पूरयन्तीं, ध्यायेत्, दुर्गां, जयाख्यां, त्रिदश–परिवृतां, सेवितां, सिद्धि–कामैः।

अन्वयः– काल–अभ्र–आभां कटाक्षैः, अरि–कुल–भयदां, मौलि–बद्धेन्दुरेखां, करैः, शङ्खं, चक्रं, कृपाणं, त्रिशिखम्, अपि, उद्वहन्तीं, त्रिनेत्रां, सिंह–स्कन्धाधिरूढां, तेजसा, अखिलं, त्रिभुवनं, पूरयन्तीं, सिद्धि–कामैः, सेवितां, त्रिदश–परिवृतां, जयाख्यां, दुर्गां ध्यायेत्।

अर्थ– कालो मेघ जस्तै श्याम वर्णकी, कटाक्षले शत्रुगणलाई डर दिने, शिरमा चन्द्रमाको रेखाले सुशोभित, हातमा शङ्ख, चक्र, खुकुरी, र त्रिशूल लिएकी, तीन आँखा भएकी, सिंहमाथि चढेकी र निजी तेजले त्रिलोकलाई छोपेकी, जसलाई सिद्धिको चाहना गर्नेहरू सेवा गर्दछन् र जो देवताहरूद्वारा घेरिएकी छन् त्यस्ती जया नाम गरेकी दुर्गादेवीलाई ध्यान गरोस्।

ॐ ऋषिरुवाच ॥१॥

शक्रादयः सुरगणा निहतेऽतिवीर्ये तस्मिन्दुरात्मनि सुरारिबले च देव्या।
तां तुष्टुवुः प्रणतिनम्रशिरोधरांसा वाग्भिः प्रहर्षपुलकोद्गमचारुदेहाः ॥२॥

पदच्छेदः– ऋषिः, उवाच, शक्रादयः, सुरगणाः, निहते, अति–वीर्ये, तस्मिन्, दुरात्मनि, सुरारिबले, च, देव्या, तां, तुष्टुवुः, प्रणति–नम्र–शिरोधरांसा, वाग्भिः, प्रहर्ष–पुलकोद्गम–चारुदेहाः।

अन्वयः— ऋषिः, उवाच, अतिवीर्ये, तस्मिन्, दुरात्मनि, सुरारिबले, च, देव्या, निहते, प्रहर्ष-पुलकोद्गम-चारुदेहाः, शक्रादयः, सुरगणाः, प्रणति-नम्र-शिरोधरांसा, तां, वाग्भिः, तुष्टुवुः ।

अर्थ— ऋषिले भन्नुभयो— अत्यन्त बलवान् दुरात्मा महिषासुर तथा उसका दैत्यसेना लाई देवीले मारेपछि हर्षले अति रोमाञ्चित शरीर भएका इन्द्रादि देवगणले प्रणामको लागि शिर र कांध झुकाएर ती देवीलाई उत्तम वचनद्वारा स्तुति गर्न लागे ।

देव्या यया ततमिदं जगदात्मशक्त्या निश्शेषदेवगणशक्तिसमूहमूर्त्या ।
तामम्बिकामखिलदेवमहर्षिपूज्यां भक्त्या नताः स्म विदधातु शुभानि सा नः ॥३॥

पदच्छेदः— देव्या, यया, ततम् इदं, जगत्, आत्म-शक्त्या, निश्शेष-देवगण-शक्ति-समूह- मूर्त्या, ताम्, अम्बिकाम्, अखिल-देव-महर्षि-पूज्यां, भक्त्या, नताः, स्म, विदधातु, शुभानि, सा, नः ।

अन्वयः— निश्शेष-देवगण-शक्ति-समूह- मूर्त्या, यया, देव्या, आत्मशक्त्या, इदं, जगत्, ततं, अखिल-देव-महर्षि-पूज्यां, ताम्, भक्त्या, नताः, स्म, सा, नः, शुभानि, विदधातु ।

अर्थ— सम्पूर्ण देवताहरूको शक्तिसमूह नै स्वरूप भएकी जुन देवीले आफ्नो शक्तिद्वारा जगत्लाई व्याप्त गरेकी छन् समस्त देवता र महर्षिहरूकी पूजनीया ती जगदम्बिकालाई भक्तिपूर्वक हामी प्रणाम गर्दछौं । उनी हाम्रो कल्याण गरून् ।

यस्याः प्रभावमतुलं भगवाननन्तो ब्रह्मा हरश्च न हि वक्तुमलं बलं च ।
सा चण्डिकाखिलजगत्परिपालनाय नाशाय चाशुभभयस्य मतिं करोतु ॥४॥

पदच्छेदः— यस्याः, प्रभावम्, अतुलं, भगवान्, अनन्तः, ब्रह्मा, हरः, च, न, हि, वक्तुम्, अलं, बलं, च, सा, चण्डिका, अखिल-जगत्-परिपालनाय, नाशाय, च, अशुभ-भयस्य, मतिं, करोतु ।

अन्वयः— यस्याः, अतुलं, प्रभावम्, बलं, च, वक्तुं, भगवान्, अनन्तः, ब्रह्मा, हरः, च, न, अलं, सा, चण्डिका, अखिल-जगत्परिपालनाय, अशुभ-भयस्य, नाशाय, च, मतिं, करोतु ।

अर्थ— जसको अतुल प्रभाव र बलको वर्णन गर्न भगवान् अनन्त, ब्रह्मा र महादेव पनि समर्थ छैनन् ती भगवती चण्डिका सारा जगत्को परिपालन र अशुभभयको नाशका लागि विचार गरून् ।

या श्रीः स्वयं सुकृतिनां भवनेष्वलक्ष्मीः पापात्मनां कृतधियां हृदयेषु बुद्धिः ।
श्रद्धा सतां कुलजनप्रभवस्य लज्जा तां त्वां नताः स्म परिपालय देवि विश्वम् ॥५॥

पदच्छेदः— या, श्रीः, स्वयं, सुकृतिनां, भवनेषु, अलक्ष्मीः, पापात्मनां, कृतधियां, हृदयेषु, बुद्धिः, श्रद्धा, सतां, कुलजन-प्रभवस्य, लज्जा, तां, त्वां, नताः, स्म, परिपालय, देवि, विश्वम्।

अन्वयः— या, सुकृतिनां, भवनेषु, स्वयं, श्रीः, पापात्मनां, (तु) अलक्ष्मीः, कृतधियां, हृदयेषु, बुद्धिः, सतां, श्रद्धा, कुलजन-प्रभवस्य, लज्जा, तां, त्वां, नताः, स्म, देवि, विश्व परिपालय।

अर्थ— जो पुण्यात्माका घरमा स्वयं नै लक्ष्मीका रूपमा, तथा पापीका घरमा दरिद्रताका रूपमा, शुद्धान्तकरण पुरुषका हृदयमा श्रद्धाका रूपमा र कुलीन मनुष्यमा लज्जाका रूपमा निवास गर्ने त्यस्ती तपाईं भगवती दुर्गालाई हामी नमस्कार गर्दछौं। हे देवि, सम्पूर्णको पालन गर्नुहोस्।

किं वर्णयाम तव रूपमचिन्त्यमेतत् किं चातिवीर्यमसुरक्षयकारि भूरि।
किं चाहवेषु चरितानि तवाद्भुतानि सर्वेषु देव्यसुरदेवगणादिकेषु ॥६॥

पदच्छेदः— किं वर्णयाम, तव, रूपम्, अचिन्त्यम्, एतत्, किं, च, अतिवीर्यम्, असुर-क्षय-कारि, भूरि, किं, च, आहवेषु, चरितानि, तव, अद्भुतानि, सर्वेषु, देवि, असुर-देव-गणादिकेषु।

अन्वयः— (हे) देवि, तव, एतत्, अचिन्त्यं, रूपं, किम्, असुर-क्षय-कारि, भूरि, अतिवीर्यम्, च, किं, सर्वेषु, असुर-देव-गणादिकेषु, आहवेषु, तव, अद्भुतानि, चरितानि, किं, वर्णयाम।

अर्थ— हे देवी, तपाईंको यस अचिन्त्य रूपको, असुरको नाशकारी भारी पराक्रमको तथा सारा दैत्य र देवताका समक्ष युद्धमा प्रकटित तपाईंको अद्भुत चरित्रको हामी कसरी वर्णन गरौं ?

हेतुः समस्तजगतां त्रिगुणापि दोषै- र्नज्ञायसे हरिहरादिभिरप्यपारा।
सर्वाश्रयाखिलमिदं जगदंशभूत- मव्याकृता हि परमा प्रकृतिस्त्वमाद्या ॥७॥

पदच्छेदः— हेतुः, समस्त-जगतां, त्रिगुणा, अपि, दोषैः, नज्ञायसे, हरि-हरादिभिः, अपि, अपारा, सर्वाश्रया, अखिलम्, इदं, जगत्, अंशभूतम्, अव्याकृता, हि परमा, प्रकृतिः, त्वम्, आद्या।

अन्वयः— समस्त-जगतां, हेतुः, त्रिगुणा, अपि, दोषैः, नज्ञायसे, हरिहरादिभिः, अपि, अपारा, सर्वाश्रया, इदम्, अखिलम्, जगत्, हि, अंशभूतम्, अव्याकृता, हि, त्वम्, आद्या, परमा, प्रकृतिः, (असि)।

अर्थ— हे देवी, तपाईं नै सारा जगत्को उत्पत्तिमा कारण हुनुहुन्छ। तपाईंमा सत्त्व, रज, र तम यी तीन गुण छन् तापनि ती दोषसित तपाईंको संसर्ग जानिदैन। भगवान् विष्णु र

शङ्करादि देवता पनि तपाईंको पार पाउन सक्तैनन्। तपाईं हुनुहुन्छ सबैकी आश्रय। यो सम्पूर्ण जगत् तपाईंकै अंश हो। किनकि तपाईं सबैकी आदिभूता अव्याकृता परमा प्रकृति हुनुहुन्छ।

यस्याः समस्तसुरता समुदीरणेन तृप्तिं प्रयाति सकलेषु मखेषु देवि।
स्वाहासि वै पितृगणस्य च तृप्तिहेतु- रुच्चार्यसे त्वमत एव जनैः स्वधा च ॥८॥

पदच्छेदः— यस्याः, समस्त-सुरता, समुदीरणेन, तृप्तिं, प्रयाति, सकलेषु, मखेषु, देवि, स्वाहासि, वै, पितृगणस्य, च, तृप्तिहेतुः, उच्चार्यसे, त्वम्, अत, एव, जनैः, स्वधा, च।

अन्वयः— देवि, सकलेषु, मखेषु, यस्याः, समुदीरणेन, सुरता, तृप्तिं, प्रयाति, (सा) स्वाहा, (त्वमेव) असि, वै, पितृगणस्य, च, तृप्तिहेतुः, अत, एव, जनैः, त्वं, स्वधा, च, उच्चार्यसे।

अर्थ— हे देवी सम्पूर्ण यज्ञमा जसको उच्चारणले सबै देवता तृप्त हुन्छन् त्यो स्वाहा तपाईं नै हुनुहुन्छ। यस बाहेक पितृहरूको निमित्त तृप्तिको कारण तपाईं नै हुनुहुन्छ। यसैले मानिसहरूद्वारा तपाईं स्वधा पनि भनिनुहुन्छ।

या मुक्तिहेतुरविचिन्त्य महाव्रता त्व- मभ्यस्यसे सुनियतेन्द्रियतत्त्वसारैः।
मोक्षार्थिभिर्मुनिभिरस्तसमस्तदोषै- र्विद्यासि सा भगवती परमा हि देवि ॥९॥

पदच्छेदः— या, मुक्तिहेतुः, अविचिन्त्य-महाव्रता, त्वम्,, अभ्यस्यसे, सुनियतेन्द्रिय-तत्त्वसारैः, मोक्षार्थिभिः, मुनिभिः, अस्त-समस्त-दोषैः, विद्या, असि, सा, भगवती, परमा, हि, देवि।

अन्वयः— (हे) देवि, या, मुक्तिहेतुः, अविचिन्त्य-महाव्रता, अस्त-समस्त-दोषैः, सुनियत-इन्द्रिय-तत्त्वसारैः, मोक्षार्थिभिः, मुनिभिः, त्वम्,, अभ्यस्यसे, सा, भगवती, परमा, विद्या, हि, (त्वमेव) असि।

अर्थ— हे देवी, जुन मोक्षप्राप्तिको साधन हो, अचिन्त्य महाव्रत स्वरूप हो, समस्त दोषले रहित हो, जितेन्द्रिय र तत्त्वलाई नै सार वस्तु मान्नेवाला तथा मोक्षको चाहना राख्ने भएका मुनिहरू जसको अभ्यास गर्दछन् ती भगवती परा विद्या तपाईं नै हुनुहुन्छ।

शब्दात्मिका सुविमलर्ग्यजुषां निधान- मुद्गीथरम्यपदपाठवतां च साम्नाम्।
देवी त्रयी भगवती भवभावनाय वार्ता च सर्वजगतां परमार्तिहन्त्री ॥१०॥

पदच्छेदः— शब्दात्मिका, सुविमलम्, ऋक्-यजुषां, निधानम्, उद्गीथ-रम्य-पद-पाठवतां, च, साम्नां, देवी, त्रयी, भगवती, भव-भावनाय, वार्ता, च, सर्व-जगतां, परमा-आर्तिहन्त्री।

अन्वयः— (देवि त्वं) शब्दात्मिका, सुविमलम्, ऋक्-यजुषां, उद्गीथ-रम्य-पद-पाठवतां, साम्नां, च, निधानं, (त्वं) देवी, त्रयी, भगवती, भव-भावनाय, वार्ता, सर्व-जगतां, परमा-आर्तिहन्त्री, च।

अर्थ— हे देवी, तपाईं नै शब्दस्वरूपा हुनुहुन्छ। अत्यन्त निर्मल ऋग्वेद, यजुर्वेद र उद्गीथको मनोहर पदका पाठले युक्त सामवेदको पनि आधार तपाईं नै हुनुहुन्छ। तपाईं त्रयी (तीन वेद) र भगवती (षडैश्वर्यसम्पन्ना) हुनुहुन्छ। यस संसारको उत्पत्ति एवं पालनार्थ तपाईं वार्ता (आजीविका) का रूपमा प्रकट हुनुहुन्छ। सारा जगत्का भयङ्कर पीडालाई तपाईं नाश गर्ने पनि हुनुहुन्छ।

मेधासि देवि विदिताखिलशास्त्रसारा दुर्गासि दुर्गभवसागरनौरसङ्गा।
श्रीः कैटभारिहृदयैककृताधिवासा गौरी त्वमेव शशिमौलिकृतप्रतिष्ठा ॥११॥

पदच्छेदः— मेधा, असि, देवि, विदित-अखिल-शास्त्र-सारा, दुर्गा, असि, दुर्ग-भव-सागर-नौः, असङ्गा, श्रीः, कैटभारि-हृदय-एक-कृत-अधिवासा, गौरी, त्वम्, एव, शशिमौलि-कृत-प्रतिष्ठा।

अन्वयः— देवि, (या) विदित-अखिल-शास्त्र-सारा, (त्वमेव) मेधा असि, दुर्ग-भव-सागर-नौः, दुर्गा, असि, असङ्गा, च, कैटभारि-हृदय-एक-कृत-अधिवासा, श्रीः, शशिमौलि-कृत-प्रतिष्ठा, गौरी, च, त्वम्, एव (असि)।

अर्थ— समस्त शास्त्रको सार जान्न सकिने मेधा शक्ति तपाईं हुनुहुन्छ। डरलाग्दो भवसागरबाट पार लगाउने नौका पनि तपाईं नै हुनुहुन्छ। आसक्तिरहित पनि तपाईं हुनुहुन्छ। कैटभारि भगवान् विष्णुका हृदयमा एकमात्र तपाईं वास गर्नुहुन्छ र चन्द्रशेखरद्वारा सम्मानित गौरी देवी पनि तपाईं नै हुनुहुन्छ।

ईषत्सहासममलं परिपूर्णचन्द्र- बिम्बानुकारि कनकोत्तमकान्तिकान्तम्।
अत्यद्भुतं प्रहृतमात्तरुषातथापि वक्त्रं विलोक्य सहसा महिषासुरेण ॥१२॥

पदच्छेदः— ईषत्-सहासम्, अमलं, परिपूर्ण-चन्द्र-बिम्ब-अनुकारि, कनक, उत्तम-कान्ति-कान्तम्, अति, अद्भुतं, प्रहृतम्, आत्तरुषा, तथापि, वक्त्रं, विलोक्य, सहसा, महिष-असुरेण।

अन्वयः— (हे देवि, तव) वक्त्रम्, ईषत्-सहासं, अमलं, परिपूर्ण-चन्द्र-बिम्ब-अनुकारि, कनक, उत्तम-कान्ति-कान्तम्, तथापि, तत्, (वक्त्रं) विलोक्य, महिषासुरेण, आत्तरुषा, प्रहृतम्, (तत्) अति-अद्भुतम्।

अर्थ— हे देवी तपाईंको मुख मन्द मुस्कानले सुशोभित, निर्मल पूर्णचन्द्रका बिम्बको अनुकरण गर्ने र उत्तम सुवर्णका कान्तिले कमनीय छ तापनि त्यस्तो अनुहार देखेर पनि महिषासुरले तपाईं माथि प्रहार गर्‍यो। यो हो बडो आश्चर्यको कुरा।

दृष्ट्वा तु देवि कुपितं भ्रुकुटीकराल- मुद्यच्छशाङ्कसदृशच्छवि यन्न सद्यः ।
प्राणान्मुमोच महिषस्तदतीव चित्रं कैर्जीव्यते हि कुपितान्तक दर्शनेन ॥१३॥

पदच्छेदः— दृष्ट्वा, तु, देवि, कुपितं, भ्रुकुटी-करालम्, उद्यत्-शशाङ्क-सदृश-च्छविः, यत्, न, सद्यः, प्राणान्, मुमोच, महिषः, तत्, अतीव, चित्रं, कैः, जीव्यते, हि, कुपित-अन्तक-दर्शनेन ।

अन्वयः— (हे) देवि, यत्, कुपितं, उद्यत्-शशाङ्क-सदृश-च्छविः, भ्रुकुटी-करालं, दृष्ट्वा, महिषः, सद्यः, प्राणान्, न, मुमोच, तत्, अतीव, चित्रं, हि, कुपित-अन्तक-दर्शनेन, कैः, जीव्यते ।

अर्थ— हे देवी त्यही मुख जब क्रोधले युक्त भएर उदयकालका चन्द्रमा झैं रातो र टेढिएका आँखीभैंका कारण विकराल भएको देखेर पनि महिषासुरले तुरुन्तै प्राण छोडेन त्यो नै ठूलो आश्चर्यको कुरा हो। किनकि रिसले आकुल भएका यमराजलाई देखेर कुन पुरुष जीवित रहन सक्ला र ? (अर्थात् कोही पनि सक्तैन) ।

देवि प्रसीद परमा भवती भवाय सद्यो विनाशयसि कोपवती कुलानि ।
विज्ञातमेतदधुनैव यदस्तमेतन्- नीतं बलं सुविपुलं महिषासुरस्य ॥१४॥

पदच्छेदः— देवि, प्रसीद, परमा, भवती, भवाय, सद्यः, विनाशयसि, कोपवती, कुलानि, विज्ञातम्, एतत्, अधुना, एव, यत्, अस्तम्, एतत्, नीतं, बलं, सुविपुलं, महिषासुरस्य ।

अन्वयः— देवि, प्रसीद, परमा, भवती, भवाय, कोपवती, सद्यः, कुलानि, विनाशयसि, एतत्, अधुना, एव, विज्ञातम्, यत्, महिषासुरस्य, एतत्, सुविपुलं बलम्, अस्तं, नीतम् ।

अर्थ— हे देवी तपाईं प्रसन्न हुनुहोस्। परमात्मस्वरूपा तपाईं प्रसन्न भए जगत्को अभ्युदय हुन्छ। तपाईं क्रोधित हुँदा तत्काल कैयौं कुलको नाश गर्नुहुन्छ। यो कुरा भर्खरै मात्र पनि अनुभव भएको छ! किनकि महिषासुरको त्यो विशाल सेना क्षणभरमा नै तपाईंका क्रोधले समाप्त भयो।

ते सम्मता जनपदेषु धनानि तेषां तेषां यशांसि न च सीदति धर्मवर्गः।
धन्यास्त एव निभृतात्मजभृत्यदारा येषां सदाऽभ्युदयदा भवती प्रसन्ना ॥१५॥

पदच्छेदः— ते, सम्मताः, जनपदेषु, धनानि, तेषां, तेषां, यशांसि, न, च, सीदति, धर्मवर्गः, धन्याः, ते, एव, निभृत-आत्मज-भृत्य-दारा, येषां, सदा, अभ्युदयदा, भवती, प्रसन्ना ।

अन्वयः— सदा, अभ्युदयदा, भवती, येषां, प्रसन्ना, ते, जनपदेषु, सम्मताः, तेषां, धनानि, यशांसि, च, तेषां, धर्मवर्गः, न, सीदति, ते, एव, निभृत-आत्मज-भृत्य-दारा, धन्याः, (भवन्ति) ।

अर्थ– सदा अभ्युदय प्रदान गर्नुहुने तपाईं जोसित खुसी हुनुहुन्छ तिनीहरू नै देशमा सम्मानित हुन्छन्। उनीहरू नै धन पनि र कीर्ति पनि पाउँछन्। उनीहरूको धर्मसमूह कदापि शिथिल हुँदैन। उनीहरू नै हृष्टपुष्ट आफ्ना स्त्री, पुत्र र नोकर चाकरका साथ धन्य भएर रहन्छन्।

धर्म्याणि देवि सकलानि सदैव कर्मा- ण्यत्यादृतः प्रतिदिनं सुकृती करोति।
स्वर्गं प्रयाति च ततो भवतीप्रसादा- ल्लोकत्रयेऽपि फलदा ननु देवि तेन ॥१६॥

पदच्छेदः– धर्म्याणि, देवि, सकलानि, सदा-एव, कर्माणि, अति-आदृतः, प्रतिदिन सुकृतिम्, करोति, स्वर्गं, प्रयाति, च, ततः, भवती-प्रसादात्, लोक-त्रये, अपि, फलदा, ननु, देवि, तेन।

अन्वयः– (हे) देवि, भवती-प्रसादात्, सुकृती, अति-आदृतः, सदा-एव, सकलानि, धर्म्याणि, कर्माणि, करोति, ततः, स्वर्गं, प्रयाति, च, (हे देवि) तेन, लोक-त्रये, अपि, ननु, फलदा, (असि)।

अर्थ– हे देवी, तपाईंको कृपाले नै पुण्यात्मा पुरुष प्रतिदिन अति श्रद्धापूर्वक सदा सबै प्रकारको धर्मानुकूल कर्म गर्दछन् र त्यसका प्रभावले स्वर्गमा जान्छन्। अतः हे देवी तपाईं तीनै लोकमा मनोवाञ्छित फल दिनुहुन्छ।

दुर्गे स्मृता हरसि भीतिमशेषजन्तोः स्वस्थैस्मृता मतिमतीव शुभां ददासि।
दारिद्र्यदुःखभयहारिणि का त्वदन्या सर्वोपकारकरणाय सदाऽऽर्द्रचित्ता ॥१७॥

पदच्छेदः– दुर्गे, स्मृता, हरसि, भीतिम्, अशेषजन्तोः, स्वस्थैः, स्मृता, मतिम्, अतीव, शुभां, ददासि, दारिद्र्य-दुःख-भय-हारिणि, का, त्वत्, अन्या, सर्व-उपकार-करणाय, सदा, आर्द्रचित्ता।

अन्वयः– दुर्गे, स्मृता, अशेषजन्तोः, भीतिम्, हरसि, स्वस्थैः, स्मृता, अतीव, शुभां, मतिम्, ददासि, दारिद्र्य-दुःखभय-हारिणि, त्वदन्या, का, सर्वोपकार-करणाय, सदा, आर्द्रचित्ता (असि)।

अर्थ– हे दुर्गे, तपाईंलाई स्मरण गर्नाले सारा प्राणीको भय हरण गर्नुहुन्छ, तपाईंलाई अभिन्नरूपले स्मरण गर्नेलाई अतीव शुभ मति दिनुहुन्छ। दरिद्रता, दुःख र भयलाई हरण गर्ने हे देवी, तपाईं बाहेक अर्को को त्यस्तो होला जसको चित्त सदा सबैको उपकार गर्न दयाले पग्लिरहन्छ।

एभिर्हतैर्जगदुपैति सुखं तथैते कुर्वन्तु नाम नरकाय चिराय पापम्।
संग्राममृत्युमधिगम्य दिवं प्रयान्तु मत्वेति नूनमहितान् विनिहंसि देवि ॥१८॥

पदच्छेदः— एभिः, हतैः, जगत, उपैति, सुख, तथा, एते, कुर्वन्तु, नाम, नरकाय, चिराय, पापं, संग्राम-मृत्युम्, अधिगम्य, दिवं, प्रयान्तु, मत्वा, इति, नूनम्, अहितान्, विनिहंसि, देवि।

अन्वयः— देवि, एभिः, हतैः, जगत, सुखम्, उपैति, तथा, एते, चिराय, नरकाय, पापं, नाम, कुर्वन्तु, (इदानीम्) संग्राम-मृत्युम्, अधिगम्य, दिवं, प्रयान्तु, नूनम्, इति, मत्वा, अहितान्, विनिहंसि।

अर्थ— हे देवी, यी दैत्यलाई मार्नाले संसारलाई सुख मिलोस् र यी दैत्यहरू धेरै समयसम्म नरकमा बस्नका निमित्त भलै पाप गर्दै रहून्, अहिले संग्राममा प्राण त्याग गरेर स्वर्गलोकमा जाऊन्— निश्चय नै यही सोचेर हजूर शत्रुहरूलाई बध गर्नुहुन्छ।

दृष्ट्वैव किं न भवती प्रकरोति भस्म सर्वासुरानरिषु यत्प्रकरोषि शस्त्रम्।
लोकान् प्रयान्तु रिपवोऽपि हि शस्त्रपूता इत्थं मतिर्भवति तेष्वपि तेऽति साध्वी ॥१९॥

पदच्छेदः— दृष्ट्वा, एव किं, न, भवती, प्रकरोति, भस्म, सर्व-असुरान्, अरिषु, यत, प्रकरोषि, शस्त्रं, लोकान्, प्रयान्तु, रिपवः, अपि, हि, शस्त्रपूताः, इत्थं, मतिः, भवति, तेषु, अपि, ते, अति-साध्वी।

अन्वयः— भवती, अरिषु, यत, शस्त्रं, प्रहिणोसि, सर्वान्, असुरान्, दृष्ट्वा, एव, भस्म, किं, न, प्रकरोति, हि, रिपवः, अपि, शस्त्रपूताः, लोकान्, प्रयान्तु, इत्थं, तेषु, अपि, ते, मतिः, अति-साध्वी।

अर्थ— हे देवी, शत्रुहरूमा तपाईं किन शस्त्रको प्रहार गर्नुहुन्छ ? दृष्टिपातमात्रले किन भस्म गर्नुहुन्न ? किनकि ती शत्रु पनि मेरा शस्त्रले पवित्र भएर उत्तम लोकमा जाऊन् भनी उनीहरूका प्रति पनि तपाईंको विचार अति उत्तम रहन्छ।

खड्गप्रभानिकरविस्फुरणैस्तथोग्रैः शूलाग्रकान्तिनिवहेन दृशो सुराणाम्।
यन्नागता विलयमंशुमदिन्दुखण्ड- योग्याननं तव विलोकयतां तदेतत् ॥२०॥

पदच्छेदः— खड्ग-प्रभा-निकर-विस्फुरणैः, तथा, उग्रैः, शूल-अग्र-कान्ति-निवहेन, दृशः, असुराणां, यत, न, आगता, विलयम्, अंशुमत, इन्दुखण्ड-योग्यम्, आननं, तव, विलोकयतां, तत, एतत्।

अन्वयः— खड्ग-प्रभा-निकर-विस्फुरणैः, तथा, उग्रैः, शूल-अग्र-कान्ति-निवहेन, असुराणां, दृशः, विलयं, न, आगता, यत, तत, एतत, अंशुमत, इन्दुखण्ड-योग्यम्, तव, आननं, विलोकयतां (एव)।

अर्थ— हे देवी, तपाईंका खड्गको तेजपुञ्जको भयङ्कर दीप्तिले तथा भयङ्कर त्रिशूलको अग्र भागको घनीभूत प्रभाले जुन असुरहरूका आँखा फुटेनन् त्यसमा कारण सुन्दर किरणले युक्त चन्द्रमाले झैं आनन्द दिने तपाईंको सुन्दर मुखारविन्दलाई हेरेर नै हो।

दुर्वृत्तवृत्तशमनं तव देवि शीलं रूपं तथैतदविचिन्त्यमतुल्यमन्यैः।
वीर्यं च हन्तृ हतदेवपराक्रमाणां वैरिष्वपि प्रकटितैव दया त्वयेत्थम् ॥२१॥

पदच्छेदः— दुर्वृत्त-वृत्त-शमनं, तव, देवि, शीलं, रूपं, तथा, एतत्, अविचिन्त्यम्, अतुल्यम्, अन्यैः, वीर्यं, च, हन्तृ, हतदेवपराक्रमाणां, वैरिषु, अपि, प्रकटिता, एव दया, त्वया, इत्थम्।

अन्वयः— देवि, तव, शीलं, दुर्वृत्त-वृत्त-शमनं, तथा, एतत्, रूपम्, अविचिन्त्यम्, अन्यैः, अतुल्यं, वीर्यं, च, हत-देव-पराक्रमाणां, हन्तृ, इत्थं, त्वया, वैरिषु, अपि, दया, प्रकटिता, एव।

अर्थ— हे देवी हजूरको शील दुराचारीको खराव चरित्रलाई शमन (नाश) गर्ने हो तथा हजूरको यो रूप कहिल्यै पनि चिन्तन गरि नसक्ने वा अचिन्तनीय छ र अरूहरूसँग तुलना गरिनसक्नु (अतुलनीय) छ। हजूरको बल र पराक्रम त देवताहरूको पराक्रमलाई नष्ट गर्ने भएका दैत्यलाई पनि नाश गर्न सक्ने छ । यसरी हजूरले शत्रुहरूमाथि पनि दया नै प्रकट गर्नुभयो।

केनोपमा भवतु तेऽस्य पराक्रमस्य रूपं च शत्रुभयकार्यतिहारि कुत्र।
चित्ते कृपा समरनिष्ठुरता च दृष्टा त्वय्येव देवि वरदे भुवनत्रयेऽपि ॥२२॥

पदच्छेदः— केन, उपमा, भवतु, ते, अस्य, पराक्रमस्य, रूपं, च, शत्रु-भयकारि, अतिहारि, कुत्र, चित्ते, कृपा, समर-निष्ठुरता, च, दृष्टा, त्वयि, एव, देवि, वरदे, भुवनत्रये, अपि।

अन्वयः— हे वरदे, देवि, ते, अस्य, पराक्रमस्य, उपमा, केन, भवतु, तथा, शत्रु-भयकारि, अतिहारि, रूपं, च, कुत्र, चित्ते, कृपा, समर-निष्ठुरता, च, भुवनत्रये, अपि, त्वयि, एव, दृष्टा।

अर्थ— हे वरदायिनी देवी, तपाईंको यसपराक्रमको तुलना कसका साथ हुन सक्छ र ? तथा शत्रुलाई भय दिने एवं अत्यन्त मनोहर यस्तो रूप पनि तपाईंको बाहेक अरू कसको हुन सक्छ र ? हृदयमा कृपा र युद्धमा निष्ठुरता— यी दुई कुरा तीनै लोकमा केवल तपाईंमा नै देखियो।

त्रैलोक्यमेतदखिलं रिपुनाशनेन त्रातं त्वया समरमूर्धनि तेऽपि हत्वा।
नीता दिवं रिपुगणा भयमप्यपास्त- मस्माकमुन्मदसुरारिभवं नमस्ते ॥२३॥

पदच्छेदः— त्रैलोक्यम्, एतत्, अखिलं, रिपु-नाशनेन, त्रातं, त्वया, समर मूर्धनि, ते, अपि, हत्वा, नीताः, दिवं, रिपुगणाः, भयम्, अपि, अपास्तम्, अस्माकम्, उन्मद-सुरारि-भवं, नमस्ते।

अन्वयः— (मातः) त्वया, रिपुनाशनेन, एतत्, अखिलं, त्रैलोक्यं, त्रातं, ते रिपुगणाः, अपि, समरमूर्धनि, हत्वा, दिवं, नीताः, उन्मद-सुरारि-भवम्, अस्माकं, भयम्, अपि, अपास्तं, ते नमः।

अर्थ– हे माता, हजूरले शत्रुहरूलाई नाश गरेर यो सम्पूर्ण त्रिलोकको रक्षा गरिबक्सियो, ती शत्रुहरूलाई पनि युद्धभूमिमा मारेर स्वर्गमा पुऱ्याइदिनुभयो र उन्मत्त दैत्यहरूबाट प्राप्त हुने हामीहरूको भयलाई पनि हटाइदिनुभयो, हजूरलाई हाम्रो नमस्कार छ।

शूलेन पाहि नो देवि पाहि खड्गेन चाम्बिके।
घण्टास्वनेन नः पाहि चापज्यानिःस्वनेन च ॥२४॥

पदच्छेदः— शूलेन, पाहि, नः, देवि, पाहि, खड्गेन, च, अम्बिके, घण्टा-स्वनेन, नः, पाहि, चापज्या-निःस्वनेन, च, नः, पाहि।

अन्वयः— हे देवि, शूलेन, नः, पाहि, अम्बिके, खड्गेन, च, पाहि, (तथा) घण्टा-स्वनेन, नः, पाहि, चापज्या-निःस्वनेन, च।

अर्थ– हे देवी, हजूर त्रिशूलबाट हामीलाई रक्षा गर्नुहोस्। हे अम्बिके खड्गबाट पनि हामीलाई रक्षा गर्नुहोस् तथा घण्टको ध्वनि र धनुषको टङ्कारबाट पनि हाम्रो रक्षा गर्नुहोस्।

प्राच्यां रक्ष प्रतीच्यां च चण्डिके रक्ष दक्षिणे।
भ्रामणेनात्मशूलस्य उत्तरस्यां तथेश्वरि ॥२५॥

पदच्छेदः— प्राच्यां, रक्ष, प्रतीच्यां, च, चण्डिके, रक्ष, दक्षिणे, भ्रामणेन, आत्म-शूलस्य, उत्तरस्यां, तथा, ईश्वरि।

अन्वयः— चण्डिके, प्राच्यां, प्रतीच्यां, दक्षिणे, च, रक्ष, तथा, ईश्वरि, आत्म-शूलस्य, भ्रामणेन, उत्तरस्यां, च, रक्ष।

अर्थ– हे चण्डिके, तपाईं पूर्व, पश्चिम र दक्षिण दिशामा हाम्रो रक्षा गर्नुहोस्। त्यस्तै आफ्नो त्रिशूल घुमाएर उत्तर दिशामा पनि हाम्रो रक्षा गर्नुहोस्।

सौम्यानि यानि रूपाणि त्रैलोक्ये विचरन्ति ते।
यानि चात्यर्थघोराणि तै रक्षास्मांस्तथा भुवम् ॥२६॥

पदच्छेदः— सौम्यानि, यानि, रूपाणि, त्रैलोक्ये, विचरन्ति, ते, यानि, च, अत्यर्थ-घोराणि, तैः, रक्ष, अस्मान्, तथा, भुवम्।

अन्वयः— त्रैलोक्ये, ते, यानि, सौम्यानि, रूपाणि, यानि, अत्यर्थ-घोराणि, च, रूपाणि, विचरन्ति, तैः, अस्मान्, तथा, भुवं, च, रक्ष।

अर्थ– तीनै लोकमा तपाईंका अति सुन्दर र अति भयङ्कर रूपहरू पनि विचरण गर्दछन् तिनीहरूबाट हामीलाई र पृथिवीलाई पनि रक्षा गर्नुहोस्।

खड्गशूलगदादीनि यानि चास्त्राणि तेऽम्बिके।
करपल्लवसङ्गीनि तैरस्मान् रक्ष सर्वतः ॥२७॥

पदच्छेदः— खड्ग-शूल-गदादीनि, यानि, च, अस्त्राणि, ते, अम्बिके, कर-पल्लव-सङ्गीनि, तैः, अस्मान्, रक्ष, सर्वतः।

अन्वयः— अम्बिके, ते, कर-पल्लव-सङ्गीनि, खड्ग-शूल-गदादीनि, यानि, च, अस्त्राणि, तैः, अस्मान्, सर्वतः, रक्ष।

अर्थ— हे अम्बिके, हजूरका करपल्लवमा सुशोभित हुने भएका खड्ग, शूल, गदा आदि जति पनि अस्त्र छन् तिनीहरूबाट हामीहरूलाई सबैतिरबाट रक्षा गर्नुहोस्।

ऋषिरुवाच ॥२८ ॥

एवं स्तुता सुरैर्दिव्यैः कुसुमैर्नन्दनोद्भवैः।
अर्चिता जगतां धात्री तथा गन्धानुलेपनैः ॥२९॥
भक्त्या समस्तैस्त्रिदशैर्दिव्यैर्धूपैस्तु धूपिता।
प्राह प्रसादसुमुखी समस्तान् प्रणतान् सुरान् ॥३०॥

पदच्छेदः— ऋषिः, उवाच, एवं, स्तुता, सुरैः, दिव्यैः, कुसुमैः, नन्दन-उद्भवैः, अर्चिता, जगतां, धात्री, तथा, गन्ध-अनुलेपनैः, भक्त्या, समस्तैः, त्रिदशैः, दिव्यैः, धूपैः, तु, धूपिता, प्राह, प्रसाद-सुमुखी, समस्तान्, प्रणतान्, सुरान्।

अन्वयः— ऋषिः, उवाच, एवं, सुरैः, जगतां, धात्री, स्तुता, तथा, नन्दन-उद्भवैः, कुसुमैः, गन्ध-अनुलेपनैः, च, अर्चिता, समस्तैः, त्रिदशैः, भक्त्या, दिव्यैः, धूपैः, धूपिता, प्रसाद-सुमुखी, प्रणतान्, समस्तान्, सुरान् प्राह।

अर्थ— ऋषिले भन्नुभयो— यसरी देवताले जगन्माता दुर्गाको स्तुति गरेर नन्दन वनका दिव्य पुष्प एवं गन्ध-चन्दन आदिद्वारा उनको पूजा गरे अनि सबै देवताहरूले मिलेर भक्तिपूर्वक दिव्य धूपहरूको सुगन्ध निवेदन गरे तब देवीले प्रसन्न भएर नतमस्तक भएका वा प्रणाम गर्ने देवताहरूलाई भन्नुभयो।

देव्युवाच ॥३१॥

व्रियतां त्रिदशाः सर्वे यदस्मत्तोऽभिवाञ्छितम् ॥३२॥

पदच्छेदः— देवी, उवाच, व्रियतां, त्रिदशाः, सर्वे, यत्, अस्मत्तः, अभिवाञ्छितम्।

अन्वयः— देवी, उवाच, त्रिदशाः, सर्वे, अस्मत्तः, यत्, अभिवाञ्छितम्, (तत्) व्रियतां।

अर्थ— देवीले भन्नुभयो— हे देवताहरू हो तपाईंहरू सबैले मबाट जुन वस्तुको चाहना गर्नुहुन्छ त्यो माग्नुहोस्।

देवा ऊचुः ॥३३॥
भगवत्या कृतं सर्वं न किञ्चिदवशिष्यते ॥३४॥
यदयं निहतः शत्रुरस्माकं महिषासुरः ।

पदच्छेदः— देवाः, ऊचुः, भगवत्या, कृतं, सर्वं, न, किञ्चित्, अवशिष्यते, यत्, अयं, निहतः, शत्रुः, अस्माकं, महिषासुरः ।

अन्वयः— देवाः, ऊचुः, भगवत्या, सर्वं, कृतं, किञ्चित्, न, अवशिष्यते, यत्, अस्माकं, अयं, शत्रुः, महिषासुरः, निहतः ।

अर्थ— देवताहरूले भने— भगवतीले हाम्रो सारा इच्छा पूरा गरिदिनुभयो । अब केही बाँकी छैन! किनकि यो हाम्रो शत्रु महिषासुर मारियो ।

यदि चापि वरो देयस्त्वयास्माकं महेश्वरि ॥३५॥
संस्मृता संस्मृता त्वं नो हिंसेथाः परमापदः ।

पदच्छेदः— यदि, च, अपि त्वया, अस्माकं, वरः, देयः, महेश्वरि, संस्मृता, संस्मृता, त्वं, नः, हिंसेथाः, परमापदः ।

अन्वयः— हे महेश्वरि, यदि, च, अपि वरः, देयः, त्वया, अस्माकं, त्वं, संस्मृता, संस्मृता, नः, परमापदः, हिंसेथाः ।

अर्थ— हे महेश्वरी, यसपछि पनि यदि तपाईं हामीलाई वर दिन नै चाहनुहुन्छ भने जब जब हामी तपाईंलाई सम्झन्छौं तब तब दर्शन दिएर हाम्रा डरलाग्दा सङ्कटलाई नाश गरिदिनुहोस् ।

यश्च मर्त्यः स्तवैरेभिस्त्वां स्तोष्यत्यमलानने ॥३६॥
तस्य वित्तर्द्धिविभवैर्धनदारादिसम्पदाम् ।
वृद्धयेऽस्मत्प्रसन्ना त्वं भवेथाः सर्वदाम्बिके ॥३७॥

पदच्छेदः— यः, च, मर्त्यः, स्तवैः, एभिः, त्वां, स्तोष्यति, अमलानने, तस्य, वित्त-ऋद्धि-विभवैः, धन-दारादि, सम्पदां, वृद्धये, अस्मत्, प्रसन्ना, त्वं, भवेथाः, सर्वदा, अम्बिके ।

अन्वयः— हे अमलानने, अम्बिके, यः, मर्त्यः, एभिः, स्तवैः, त्वां, स्तोष्यति, तस्य, वित्त-ऋद्धि-विभवैः, धन-दारादि, सम्पदां, वृद्धये, त्वं, सर्वदा, अस्मत्, प्रसन्ना, भवेथाः ।

अर्थ— हे प्रसन्नमुखी अम्बिके, जुन मानिस यी स्तोत्रद्वारा तपाईंको स्तुति गर्दछ उसलाई धन, समृद्धि र वैभव दिनुका साथै उसका धन र दारादिको वृद्धिका लागि सदा हामीदेखि प्रसन्न हुनुहोस् ।

ऋषिरुवाच ॥३८॥

इति प्रसादिता देवैर्जगतोऽर्थे तथाऽऽत्मनः।
तथेत्युक्त्वा भद्रकाली बभूवान्तर्हिता नृप ॥३९॥

पदच्छेदः— ऋषिः, उवाच, इति, प्रसादिता, देवैः, जगतः, अर्थे, तथा, आत्मनः, तथा, इति, उक्त्वा, भद्रकाली, बभूव, अन्तर्हिता, नृप।

अन्वयः— ऋषिः, उवाच, हे नृप, देवैः, आत्मनः, तथा, जगतः, अर्थे, भद्रकाली, इति, प्रसादिता, तथा, इति, उक्त्वा, सा, अन्तर्हिता, वभूव।

अर्थ— ऋषिले भन्नुभयो— हे राजन्, देवताहरूले आफ्ना लागि र जगत्का लागि पनि भद्रकाली भगवतीलाई यसरी प्रसन्न गराए। "तथास्तु" भनेर देवी अन्तर्धान भइन्।

इत्येतत्कथितं भूप सम्भूता सा यथा पुरा।
देवी देवशरीरेभ्यो जगत्त्रयहितैषिणी ॥४०॥

पदच्छेदः— इति, एतत्, कथितं, भूप, सम्भूता, सा, यथा, पुरा, देवी, देव-शरीरेभ्यः, जगत्-त्रय-हित-एषिणी।

अन्वयः— भूप, यथा, पुरा, जगत्-त्रय-हित-एषिणी, देवी, देव-शरीरेभ्यः, सम्भूता, इति, एतत्, (मया) कथितम्।

अर्थ- हे राजन्, पूर्वकालमा तीनै लोकको हित चाहने ती देवी देवताहरूका शरीरबाट जसरी प्रकट भएकी थिइन् त्यो सम्पूर्ण कथा मैले सुनाएँ।

पुनश्च गौरीदेहात्सा समुद्भूता यथाभवत्।
वधाय दुष्टदैत्यानां तथा शुम्भनिशुम्भयोः ॥४१॥
रक्षणाय च लोकानां देवानामुपकारिणी।
तच्छृणुष्व मयाऽऽख्यातं यथावत्कथयामि ते ॥४२॥ॐ ह्रीम् ॥
मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये चतुर्थः ॥

पदच्छेदः— पुनः, च, गौरी-देहात्, सा, सम्-उद्भूता, यथा, अभवत्, वधाय, दुष्ट-दैत्यानां, तथा, शुम्भ-निशुम्भयोः, रक्षणाय, च, लोकानां, देवानाम्, उपकारिणी, तत्, शृणुष्व, मया, आख्यातं, यथावत्, कथयामि, ते।

अन्वयः— पुनः, देवानाम्, उपकारिणी, सा, दुष्ट-दैत्यानां, तथा, शुम्भ-निशुम्भयोः, वधाय, लोकानां, रक्षणाय, च, गौरी-देहात्, यथा, सम्-उद्भूता, अभवत्, तत्, मया, आख्यातं, शृणुष्व, ते, यथावत्, कथयामि।

अर्थ– पुनः देवताहरूकी उपकारिणी ती देवी दुष्ट दैत्य र शुम्भनिशुम्भको वध गर्न एवं सम्पूर्ण लोकको रक्षा गर्न गौरी देवीको शरीरबाट जसरी प्रकट भइन् त्यो कुरा मबाट सुन। म तिमीलाई जस्ताको तस्तो बताउँछु।

यसरी श्री मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको चारौं अध्याय पूरा भयो।

अथ पञ्चमोऽध्यायः

उत्तम (उत्तर) चरित्र

विनियोगः- (जलकुश हातमा लिएर विनियोग गर्ने।)

अस्य श्रीउत्तरचरितस्य रुद्रऋषिः, महासरस्वती देवता, अनुष्टुप् छन्दः, भीमा शक्तिः, भ्रामरी बीजं, सूर्यस्तत्त्वं, सामवेदः स्वरूपं, महासरस्वतीप्रीत्यर्थे उत्तरचरित्रपाठे विनियोगः।

अर्थ– यस उत्तर चरित्रका ऋषि हुन् रुद्र, सरस्वती हुन् देवता, अनुष्टुप् छन्द, भीमा शक्ति, बीज हुन् भ्रामरी। सूर्य हुन् तत्त्व र सामवेद स्वरूप हुन्। महासरस्वती खुसी हुन भनेर उत्तर चरित्रको पाठमा विनियोग गरिन्छ।

ध्यानम्

ॐ घण्टा-शूल-हलानि शङ्ख-मुसले चक्रं धनुः सायकम्।
हस्ताब्जैर्दधतीं घनान्त-विलसच्छीतांशु-तुल्य-प्रभाम्॥
गौरी-देह-समुद्भवां त्रिजगतामाधार-भूतां महा-
पूर्वामत्र सरस्वतीमनुभजे शुम्भादिदैत्यार्दिनीम्॥

पदच्छेदः— घण्टा-शूल-हलानि, शङ्ख-मुसले, चक्रं, धनुः, सायकं, हस्ताब्जैः, दधतीं, घनान्त-विलसत्, शीतांशु-तुल्य-प्रभां, गौरी-देह-समुद्भवां, त्रिजगताम्, आधार-भूतां, महापूर्वाम्, अत्र, सरस्वतीम्, अनुभजे, शुम्भादि-दैत्य-अर्दिनीम्।

अन्वयः— (या) हस्ताब्जैः, घण्टा-शूल-हलानि, शङ्ख-मुसले, चक्रं, धनुः, सायकं, दधतीं, घनान्त-विलसत्, शीतांशु-तुल्य-प्रभां, त्रिजगताम्, आधार-भूतां, शुम्भादि-दैत्य-अर्दिनीम्, गौरी-देह-समुद्भवां, अत्र, महापूर्वाम्, सरस्वतीम्, अनुभजे।

अर्थ— जसले आफ्ना हातमा घण्ट, त्रिशूल, हलो, शङ्ख, मुसल, चक्र, धनुष र वाण लिएकी छन्, जसको शोभा शरदऋतुका चन्द्रमाको जस्तो छ, जो तीनै लोककी आधार हुन् र जो शुम्भ र निशुम्भ आदि दैत्यको नाश गर्दछिन् र जो गौरीका शरीरबाट प्रकट भएकी हुन् यस्ती महासरस्वती देवीको म निरन्तर भजन गर्दछु।

ॐ क्लीं ऋषिरुवाच ॥१॥

पुरा शुम्भनिशुम्भाभ्यामसुराभ्यां शचीपतेः।
त्रैलोक्यं यज्ञभागाश्च हृता मदबलाश्रयात्॥२॥

पदच्छेदः— ऋषिः, उवाच, पुरा, शुम्भ-निशुम्भाभ्याम्, असुराभ्यां, शचीपतेः, त्रैलोक्यं, यज्ञभागाः, च, हृता, मद-बल-आश्रयात्।

अन्वयः— ऋषिः, उवाच, पुरा, शुम्भ-निशुम्भाभ्याम्, असुराभ्यां, , मद-बल-आश्रयात्, शचीपतेः, त्रैलोक्यं, यज्ञभागाः, च, हृता।

अर्थ— ऋषिले भन्नुभयो— पूर्वकालमा शुम्भ र निशुम्भ नामक असुरहरूले बलका घमण्डले शचीपति इन्द्रका हातबाट तीनै लोकको राज्य र यज्ञभाग पनि छिनेर लिए।

तावेव सूर्यतां तद्वदधिकारं तथैन्दवम्।
कौवेरमथ याम्यं च चक्राते वरुणस्य च॥३॥

पदच्छेदः— तौ, एव, सूर्यतां, तद्वत्, अधिकारं, तथा, ऐन्दवं, कौवेरम् अथ याम्यं, च, चक्राते, वरुणस्य, च।

अन्वयः– तौ, एव, सूर्यतां, तद्वत्, ऐन्दवं, कौवेरम् अथ याम्यं, वरुणस्य, च, अधिकारं चक्राते।

अर्थ– ती दुईले नै सूर्य, चन्द्रमा, यम, कुवेर र वरुणको पनि अधिकारको उपभोग गर्न थाले।

तावेव पवनर्द्धिं च चक्रतुर्वह्निकर्म च।
ततो देवा विनिर्धूता भ्रष्टराज्याः पराजिताः ॥४॥
हृताधिकारास्त्रिदशास्ताभ्यां सर्वे निराकृताः।
महासुराभ्यां तां देवीं संस्मरन्त्यपराजिताम् ॥५॥

पदच्छेदः– तौ, एव, पवन-ऋद्धिं, च, चक्रतुः, वह्नि-कर्म, च, ततः, देवाः, विनिर्धूताः, भ्रष्टराज्याः, पराजिताः, हृत–अधिकाराः, त्रिदशाः, ताभ्यां, सर्वे, निराकृताः, महासुराभ्यां, तां, देवीं, संस्मरन्ति, अपराजिताम्।

अन्वयः– पवनं, ऋद्धिं, वह्निकर्म, च, तौ, एव, चक्रतुः, ततः, देवाः, भ्रष्टराज्याः, पराजिताः, हृत–अधिकाराः, विनिर्धूताः, ताभ्यां, महासुराभ्यां, निराकृताः, सर्वे, त्रिदशाः, तां, अपराजितां, देवीं, संस्मरन्ति।

अर्थ– वायु र अग्निको पनि काम तिनीहरूले नै लिए। त्यस पछि ती दुईले सारा देवतालाई राज्यभ्रष्ट, अधिकारहीन गरेर अपमानपूर्वक स्वर्गबाट निकालिदिए। तिनीहरूबाट तिरस्कृतदेवताहरूले उनै अपराजिता देवीको स्मरण गरे।

तयास्माकं वरो दत्तो यथाऽऽपत्सु स्मृताखिलाः।
भवतां नाशयिष्यामि तत्क्षणात्परमापदः ॥६॥

पदच्छेदः– तया, अस्माकं, वरः, दत्तः, यथा, आपत्सु, स्मृता, अखिलाः, भवतां, नाशयिष्यामि, तत्, क्षणात्, परमापदः।

अन्वयः– अखिलाः, स्मृताः, तया, अस्माकं, वरः, दत्तः, यथा, आपत्सु, स्मृता, (अहं) भवतां, परमापदः, तत्क्षणात्, नाशयिष्यामि।

अर्थ– सारा देवताले सोचे कि "जगदम्बाले हामीलाई वर दिनुभएको थियो कि आपत्तिकालमा स्मरण गर्नाले म तिमीहरूका सम्पूर्ण आपत्‌हरूलाई तत्कालमा नाश गर्नेछु"।

इति कृत्वा मतिं देवा हिमवन्तं नगेश्वरम्।
जग्मुस्तत्र ततो देवीं विष्णुमायां प्रतुष्टुवुः ॥७॥

पदच्छेदः– इति, कृत्वा, मतिं, देवाः, हिमवन्तं, नगेश्वरं, जग्मुः, तत्र, ततः, देवीं, विष्णुमायां, प्रतुष्टुवुः।

अन्वयः— इति, मतिं, कृत्वा, देवाः, नगेश्वरं, हिमवन्तं, जग्मुः, ततः, तत्र, विष्णुमायां, देवीं, प्रतुष्टुवुः ।

अर्थ— यस्तो विचार गरेर देवताहरू गिरिराज हिमालयतिर लागे । त्यहाँ पुगेर भगवती विष्णुमायाको स्तुति गर्न थाले ।

देवा ऊचुः ॥८॥

नमो देव्यै महादेव्यै शिवायै सततं नमः ।
नमः प्रकृत्यै भद्रायै नियताः प्रणताः स्म ताम् ॥९॥

पदच्छेदः— देवाः, ऊचुः, नमः, देव्यै, महादेव्यै, शिवायै, सततं, नमः, नमः, प्रकृत्यै, भद्रायै, नियताः, प्रणताः, स्म, ताम् ।

अन्वयः— देवाः, ऊचुः, देव्यै, नमः, महादेव्यै, शिवायै, सततं, नमः, प्रकृत्यै, भद्रायै, नमः, नियताः, तां, प्रणताः, स्म ।

अर्थ— देवताहरूले भने— देवीलाई नमस्कार छ, महादेवी शिवालाई सर्वदा नमस्कार छ, प्रकृति र भद्रालाई नमस्कार छ । हामी नियमपूर्वक जगदम्बालाई नमस्कार गर्दछौं ।

रौद्रायै नमो नित्यायै गौर्यै धात्र्यै नमो नमः ।
ज्योत्स्नायै चेन्दुरूपिण्यै सुखायै सततं नमः ॥१०॥

पदच्छेदः— रौद्रायै, नमः, नित्यायै, गौर्यै, धात्र्यै, नमः, नमः, ज्योत्स्नायै, च, इन्दुरूपिण्यै, सुखायै, सततं, नमः ।

अन्वयः— रौद्रायै, नमः, नित्यायै, गौर्यै, धात्र्यै, नमः, नमः, ज्योत्स्नायै, इन्दुरूपिण्यै, सुखायै, च, सततं, नमः ।

अर्थ— रौद्रालाई नमस्कार छ, नित्यालाई, गौरीलाई र धात्रीलाई बारम्बार नमस्कार छ । ज्योत्स्नामयी, चन्द्ररूपिणी तथा सुखस्वरूपा देवीलाई निरन्तर नमस्कार छ ।

कल्याण्यै प्रणतां बृद्ध्यै सिद्ध्यै कुर्मो नमो नमः ।
नैर्ऋत्यै भूभृतां लक्ष्म्यै शर्वाण्यै ते नमो नमः ॥११॥

पदच्छेदः— कल्याण्यै, प्रणतां, बृद्ध्यै, सिद्ध्यै, कुर्मः, नमः, नमः, नैर्ऋत्यै, भूभृतां-लक्ष्म्यै, शर्वाण्यै, ते, नमः, नमः ।

अन्वयः— प्रणतां, कल्याण्यै, बृध्यै, सिध्यै, कुर्मः, नमः, नमः, नैर्ऋत्यै, भूभृतां-लक्ष्म्यै, शर्वाण्यै, ते, नमः, नमः ।

अर्थ— शरणागतको कल्याण गर्ने बृद्धि एवं सिद्धिरूपा देवीलाई हामी बारम्बार नमस्कार गर्दछौं । नैऋत्यै (राक्षसहरूकी) र भूभृतां (राजाहरूकी) लक्ष्मी तथा शर्वाणी -शिवपत्नी) स्वरूपा तपाईंलाई बारम्बार नमस्कार छ ।

दुर्गायै दुर्गपारायै सारायै सर्वकारिण्यै।
ख्यात्यै तथैव कृष्णायै धूम्रायै सततं नमः ॥१२॥

पदच्छेदः– दुर्गायै, दुर्गपारायै, सारायै, सर्वकारिण्यै, ख्यात्यै, तथा, एव, कृष्णायै, धूम्रायै, सततं, नमः।

अन्वयः– दुर्गायै, दुर्गपारायै, सारायै, सर्वकारिण्यै, ख्यात्यै, कृष्णायै, तथैव, धूम्रायै, सततं, नमः।

अर्थ– दुर्गालाई, दुर्गपारा (दुर्गम सङ्कटबाट पार लगाउने) लाई, सबैकी सारभूतालाई, ख्याति, कृष्णा र धूम्रा देवीलाई सर्वदा नमस्कार छ।

अतिसौम्यातिरौद्रायै नतास्तस्यै नमो नमः।
नमो जगत्प्रतिष्ठायै देव्यै कृत्यै नमो नमः ॥१३॥

पदच्छेदः– अतिसौम्या–अतिरौद्रायै, नताः, तस्यै, नमः, नमः, जगत्–प्रतिष्ठायै, नमः, देव्यै कृत्यै, नमः, नमः।

अन्वयः– अतिसौम्यायै, अतिरौद्रायै, नताः, तस्यै, नमः, नमः, नमः, जगत्–प्रतिष्ठायै, देव्यै कृत्यै, नमः, नमः।

अर्थ– अत्यन्त सौम्य तथा अत्यन्त रौद्र रूप भएकी ती देवीलाई बारम्बार नमस्कार गर्दछौं। जगत्को प्रतिष्ठास्वरूप भएकी देवीलाई र कृति नाम भएकी देवीलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु विष्णुमायेति शब्दिता।
नमस्तस्यै ॥१४॥ नमस्तस्यै ॥१५॥ नमस्तस्यै नमो नमः॥१६॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, विष्णुमाया, इति, शब्दिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः– या, देवी, सर्वभूतेषु, विष्णुमाया, इति, शब्दिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवी सम्पूर्ण प्राणीहरूमा विष्णुमाया नामले कहिन्छिन् वा बोलाइन्छिन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु चेतनेत्यभिधीयते
नमस्तस्यै ॥१७॥ नमस्तस्यै ॥१८॥ नमस्तस्यै नमो नम : ॥१९॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, चेतना, इति, अभिधीयते, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः— या, देवी, सर्वभूतेषु, चेतना, इति, अभिधीयते, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीमा चेतना भनिन्छिन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु बुद्धिरूपेण संस्थिता।
नमस्तस्यै ॥२०॥ नमस्तस्यै ॥२१॥ नमस्तस्यै नमो नम : ॥२२॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, बुद्धिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, बुद्धिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा बुद्धिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु निद्रारूपेण संस्थिता।
नमस्तस्यै ॥२३॥ नमस्तस्यै ॥२४॥ नमस्तस्यै नमो नम : ॥२५॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, निद्रारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, निद्रारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा निद्रारूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु क्षुधारूपेण संस्थिता।
नमस्तस्यै ॥२६॥ नमस्तस्यै ॥२७॥ नमस्तस्यै नमो नम : ॥२८॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, क्षुधारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, क्षुधारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा क्षुधा (भोक)रूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु च्छायारूपेण संस्थिता।

नमस्तस्यै ॥२९॥ नमस्तस्यै ॥३०॥ नमस्तस्यै नमो नम : ॥३१॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, छायारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः– या, देवी, सर्वभूतेषु, छायारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवी सम्पूर्ण प्राणीहरूमा छायारूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु शक्तिरूपेण संस्थिता।

नमस्तस्यै ॥३२॥ नमस्तस्यै ॥३३॥ नमस्तस्यै नमो नम : ॥३४ ॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, शक्तिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः– या, देवी, सर्वभूतेषु, शक्तिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवी सम्पूर्ण प्राणीहरूमा शक्तिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु तृष्णारूपेण संस्थिता।

नमस्तस्यै ॥३५॥ नमस्तस्यै ॥३६॥ नमस्तस्यै नमो नम : ॥३७॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, तृष्णारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः– या, देवी, सर्वभूतेषु, तृष्णारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवी सम्पूर्ण प्राणीहरूमा तृष्णारूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु क्षान्तिरूपेण संस्थिता।

नमस्तस्यै ॥३८॥ नमस्तस्यै ॥३९॥ नमस्तस्यै नमो नम : ॥४०॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, क्षान्तिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः— या, देवी, सर्वभूतेषु, क्षान्तिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा क्षान्ति (क्षमा, सहनशीलता) रूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु जातिरूपेण संस्थिता ।
नमस्तस्यै ॥४१॥ नमस्तस्यै ॥४२॥ नमस्तस्यै नमो नम : ॥४३॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, जातिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, जातिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा जातिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु लज्जारूपेण संस्थिता ।
नमस्तस्यै ॥४४॥ नमस्तस्यै ॥४५॥ नमस्तस्यै नमो नम : ॥४६॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, लज्जारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः- या, देवी, सर्वभूतेषु, लज्जारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा लज्जारूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु शान्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥४७॥ नमस्तस्यै ॥४८॥ नमस्तस्यै नमो नम : ॥४९॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, शान्तिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, शान्तिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा शान्तिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु श्रद्धारूपेण संस्थिता ।
नमस्तस्यै ॥५०॥ नमस्तस्यै ॥५१॥ नमस्तस्यै नमो नम : ॥५२ ॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, श्रद्धारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, श्रद्धारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा श्रद्धारूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु कान्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥५३॥ नमस्तस्यै ॥५४॥ नमस्तस्यै नमो नम : ॥५५ ॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, कान्तिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, कान्तिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा कान्तिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु लक्ष्मीरूपेण संथिस्ता ॥
नमस्तस्यै ॥५६॥ नमस्तस्यै ॥५७॥ नमस्तस्यै नमो नम : ॥५८॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, लक्ष्मीरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, लक्ष्मीरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा लक्ष्मीरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु वृत्तिरूपेण संस्थिता ।
नमस्तस्यै ॥५९॥ नमस्तस्यै ॥६०॥ नमस्तस्यै नमो नम : ॥६१॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, वृत्तिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अन्वयः— या, देवी, सर्वभूतेषु, वृत्तिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः ।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा वृत्तिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु स्मृतिरूपेण संस्थिता।
नमस्तस्यै ॥६२॥ नमस्तस्यै ॥६३॥ नमस्तस्यै नमो नम : ॥६४॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, स्मृतिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः— या, देवी, सर्वभूतेषु, स्मृतिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा स्मृतिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु दयारूपेण संस्थिता।
नमस्तस्यै ॥६५॥ नमस्तस्यै ॥६६॥ नमस्तस्यै नमो नम : ॥६७॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, दयारूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः— या, देवी, सर्वभूतेषु, दयारूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा दयारूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु तुष्टिरूपेण संस्थिता।
नमस्तस्यै ॥६८॥ नमस्तस्यै ॥६९॥ नमस्तस्यै नमो नम : ॥७०॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, तुष्टिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः— या, देवी, सर्वभूतेषु, तुष्टिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ— जुन देवी सम्पूर्ण प्राणीहरूमा तुष्टि (सन्तोष) रूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु मातृरूपेण संस्थिता।
नमस्तस्यै ॥७१॥ नमस्तस्यै ॥७२॥ नमस्तस्यै नमो नम : ॥७३॥

पदच्छेदः— या, देवी, सर्वभूतेषु, मातृरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः— या, देवी, सर्वभूतेषु, मातृरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवी सम्पूर्ण प्राणीहरूमा मातृ (आमा) रूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

या देवी सर्वभूतेषु भ्रान्तिरूपेण संस्थिता।
नमस्तस्यै ॥७४॥ नमस्तस्यै ॥७५॥ नमस्तस्यै नमो नमः ॥७६॥

पदच्छेदः– या, देवी, सर्वभूतेषु, भ्रन्तिरूपेण, संस्थिता, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः– या, देवी, सर्वभूतेषु, भ्रान्तिरूपेण, संस्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवी सम्पूर्ण प्राणीहरूमा भ्रान्तिरूपले रहेकी छन् तिनलाई नमस्कार छ, तिनलाई नमस्कार छ, तिनलाई बारम्बार नमस्कार छ।

इन्द्रियाणामधिष्ठात्री भूतानां चाखिलेषु या।
भूतेषु सततं तस्यै व्याप्तिदेव्यै नमोनमः ॥७७॥

पदच्छेदः– इन्द्रियाणाम्, अधिष्ठात्री, भूतानां, च, अखिलेषु, या, भूतेषु, सततं, तस्यै, व्याप्तिदेव्यै, नमः, नमः।

अन्वयः– या, भूतानां, इन्द्रियाणाम्, अधिष्ठात्री, अखिलेषु, भूतेषु, च, सततं, व्याप्तिः, तस्यै, व्याप्तिदेव्यै, नमः, नमः।

अर्थ– जुन देवी प्राणीहरूका इन्द्रियहरूकी अधिष्ठात्री हुन् र सारा प्राणीमा जो व्याप्त भएर बसेकी छन् ती व्याप्तिदेवीलाई बारम्बार नमस्कार छ।

चितिरूपेण या कृत्स्नमेतद् व्याप्य स्थिता जगत्।
नमस्तस्यै ॥७८॥ नमस्तस्यै ॥७९॥ नमस्तस्यै नमो नमः ॥८०॥

पदच्छेदः– चितिरूपेण, या, कृत्स्नम्-एतद्, व्याप्य, स्थिता, जगत्, नमः, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अन्वयः– या, चितिरूपेण, एतत्, कृत्स्नं, जगत्, व्याप्य, स्थिता, तस्यै, नमः, तस्यै, नमः, तस्यै, नमः, नमः।

अर्थ– जुन देवीले चैतन्यरूपले यो सारा जगत्लाई ढाकेर बसेकी छन् ती देवीलाई नमस्कार छ, नमस्कार छ, बारम्बार नमस्कार छ।

स्तुता सुरैः पूर्वमभीष्टसंश्रया- त्तथा सुरेन्द्रेण दिनेषु सेविता।
करोतु सा नः शुभहेतुरीश्वरी शुभानि भद्राण्यभिहन्तु चापदः ॥८१॥

पदच्छेदः— स्तुता, सुरैः, पूर्वम्, अभीष्ट-संश्रयात्, तथा, सुरेन्द्रेण, दिनेषु, सेविता, करोतु, सा, नः, शुभहेतुः-ईश्वरी, शुभानि, भद्राणि, अभिहन्तु, च, आपदः।

अन्वयः— पूर्वम्, अभीष्ट-संश्रयात्, सुरैः, स्तुता, तथा, सुरेन्द्रेण, दिनेषु, सेविता, सा, शुभहेतुः-ईश्वरी, नः, भद्राणि, शुभानि, करोतु, आपदः च, अभिहन्तु।

अर्थ— धेरै पहिले आफूले खोजेको कुरा पाएपछि देवताहरूले जसको स्तुति गरेका थिए तथा देवराज इन्द्रले दीर्घकालसम्म जसको सेवा गरेका थिए ती कल्याणहेतु ईश्वरी हाम्रो कल्याण एवं मङ्गल गरून् तथा सारा आपत्तिहरूको नाश गरून्।

या साम्प्रतं चोद्धतदैत्यतापितै- रस्माभिरीशा च सुरैर्नमस्यते।
या च स्मृता तत्क्षणमेव हन्ति नः सर्वापदो भक्तिविनम्रमूर्तिभिः ॥८२॥

पदच्छेदः— या, साम्प्रतं, च, उद्धत-दैत्य-तापितैः, अस्माभिः, ईशा, च, सुरैः, नमस्यते, या, च, स्मृता, तत्क्षणम्, एव, हन्ति, नः, सर्वा-आपदः, भक्ति-विनम्र-मूर्तिभिः।

अन्वयः— उद्धत-दैत्य-तापितैः, अस्माभिः, सुरैः, या, ईशा, साम्प्रतं, नमस्यते, (तथा) भक्ति-विनम्र-मूर्तिभिः, स्मृता, या, च, तत्क्षणम्, एव, सर्वा-आपदः, हन्ति, सा, नः, (सर्वापदः घ्नन्तु)

अर्थ— उद्धत दैत्यहरूले सताउनाले जुन देवीलाई अहिले हामी नमस्कार गर्दछौं तथा भक्तिविनम्र पुरुषहरूद्वारा स्मरण गर्दा जो तुरुन्तै सारा आपत्‌लाई हरण गर्दछिन् ती जगदम्बाले हाम्रा आपत्तिहरूलाई नाश गरून्।

ऋषिरुवाच ॥८३॥

एवं स्तवादियुक्तानां देवानां तत्र पार्वती।
स्नातुमभ्याययौ तोये जाह्नव्या नृपनन्दन ॥८४॥

पदच्छेदः— ऋषिः, उवाच, एवं, स्तव-आदि-युक्तानां, देवानां, तत्र, पार्वती, स्नातुम्, अभ्याययौ, तोये, जाह्नव्याः, नृपनन्दन।

अन्वयः— ऋषिः, उवाच, हे नृपनन्दन, एवं, स्तव-आदि-युक्तानां, देवानां, तत्र, पार्वती, जाह्नव्याः, तोये, स्नातुम्, अभ्याययौ।

अर्थ— ऋषिले भन्नुभयो— हे राजन्, यसरी स्तुति गरिरहेका देवताहरूका छेउमै देवी पार्वती गङ्गाका जलमा नुहाउन भनी आउनुभयो।

साब्रवीत्तान् सुरान् सुभ्रूर्भवद्भिः स्तूयतेऽत्र का।
शरीरकोशतश्चास्या समुद्भूताब्रवीच्छिवा ॥८५॥

पदच्छेदः— सा, अब्रवीत्, तान्, सुरान्, सुभ्रूः, भवद्भिः, स्तूयते, अत्र, का, शरीर-कोशतः, च, अस्याः, समुद्भूता, अब्रवीत्, शिवा।

अन्वयः— सा, सुभ्रूः, तान्, सुरान्, अब्रवीत्, भवद्भिः, अत्र, का, स्तूयते, (तदा) अस्याः, शरीर-कोशतः, समुद्भूता, शिवा, अब्रवीत्।

अर्थ— राम्रा आँखीभौं भएकी ती भगवतीले देवताहरूलाई सोधिन्— तपाईंहरू यहाँ कसको स्तुति गर्नुहुन्छ ? तब तिनकै शरीरका कोशबाट उत्पन्न भएकी शिवाले भनिन्—

स्तोत्रं ममैतत् क्रियते शुम्भदैत्यनिराकृतैः।
देवैः समेतैः समरे निशुम्भेन पराजितैः॥८६॥

पदच्छेदः— स्तोत्रं, मम, एतत्, क्रियते, शुम्भदैत्य-निराकृतैः, देवैः, समेतैः, समरे, निशुम्भेन, पराजितैः।

अन्वयः— शुम्भदैत्य-निराकृतैः, समरे, निशुम्भेन, पराजितैः, (अत्र) समेतैः, देवैः, एतत्, मम, स्तोत्रं, क्रियते।

अर्थ— शुम्भद्वारा तिरस्कृत एवं लडाईमा निशुम्भबाट हारेका समस्त देवताहरू यहाँ एकत्रित भएर मेरो नै स्तुति गरिरहेका छन्।

शरीरकोशाद्यस्तस्याः पार्वत्या निःसृताम्बिका।
कौशिकीति समस्तेषु ततो लोकेषु गीयते॥८७॥

पदच्छेदः— शरीर-कोशात्, यत्, तस्याः, पार्वत्याः, निःसृता, अम्बिका, कौशिकी, इति, समस्तेषु, ततः, लोकेषु, गीयते।

अन्वयः— यतः, तस्याः, पार्वत्याः, शरीर-कोशात्, अम्बिका, निःसृता, ततः, समस्तेषु, लोकेषु, कौशिकी, इति, गीयते।

अर्थ— जब कि ती पार्वतीको शरीरका कोशबाट निस्केर आइन् तब नै ती सारा संसारमा कौशिकी भनेर प्रसिद्ध भइन्।

तस्यां विनिर्गतायां तु कृष्णाभूत्सापि पार्वती।
कालिकेति समाख्याता हिमाचलकृताश्रया॥८८॥

पदच्छेदः— तस्यां, विनिर्गतायां, तु, कृष्णा, अभूत्, सा, अपि, पार्वती, कालिका, इति, समाख्याता, हिमाचल-कृताश्रया।

अन्वयः— तस्यां, विनिर्गतायां, तु, सा, अपि, पार्वती, कृष्णा, अभूत्, (अतः सा) हिमाचल-कृताश्रया, कालिका, इति, समाख्याता।

अर्थ— ती कौशिकी निस्केपछि त ती पार्वती काली भइन् र हिमालयलाई आश्रय गरेर बस्न थालिन्।

ततोऽम्बिकां परं रूपं विभ्राणां सुमनोहरम्।
ददर्श चण्डो मुण्डश्च भृत्यौ शुम्भनिशुम्भयोः ॥८९॥

पदच्छेदः— ततः, अम्बिकां, परं, रूपं, विभ्राणां, सुमनोहरं, ददर्श, चण्डः, मुण्डः, च, भृत्यौ, शुम्भ-निशुम्भयोः।

अन्वयः— ततः, शुम्भ-निशुम्भयोः, भृत्यौ, चण्डः, मुण्डः, च, (तत्र आययौ) तत्र, परं, सुमनोहरं, रूपं, विभ्राणां, अम्बिकां, ददर्श।

अर्थ— तदनन्तर शुम्भनिशुम्भका सेवक चण्ड र मुण्ड त्यहाँ कतैबाट आए अनि अति राम्रो रूप लिएकी पार्वतीलाई देखे।

ताभ्यां शुम्भाय चाख्याता अतीव सुमनोहरा।
काप्यास्ते स्त्री महाराज भासयन्ती हिमाचलम् ॥९०॥

पदच्छेदः— ताभ्यां, शुम्भाय, च, आख्याता, अतीव, सुमनोहरा, का, अपि, आस्ते, स्त्री, महाराज, भासयन्ती, हिमाचलम्।

अन्वयः— ताभ्यां, शुम्भाय, आख्याता, महाराज, हिमाचलं, भासयन्ती, का, अपि, अतीव, सुमनोहरा, स्त्री, आस्ते।

अर्थ—ती दुई शुम्भका नजीक गएर भने— महाराज, हिमाचललाई नै आफ्ना दिव्य कान्तिले उज्यालो पारेर को हो यौटी आइमाई बसेकी छे।

नैव तादृक् क्वचिद्रूपं दृष्टं केनचिदुत्तमम्।
ज्ञायतां काप्यसौ देवी गृह्यतां चासुरेश्वर ! ॥९१॥

पदच्छेदः— न, एव, तादृक्, क्वचित्, रूपं, दृष्टं, केनचित्, उत्तमं, ज्ञायतां, का, अपि, असौ, देवी, गृह्यतां, च, असुरेश्वर !।

अन्वयः— तादृक्, उत्तमं, रूपं, क्वचित्, केनचित्, न, दृष्टं, असुरेश्वर !, असौ, देवी, का, ज्ञायतां, गृह्यतां, च।

अर्थ— त्यस्तो उत्तम रूप कहीँ कसैले पनि देखेको होइन। हे असुरेश्वर, यी देवी को हुन् ? पत्ता लगाइ बक्स्योस् र कसरी हुन्छ हात पारिबक्स्योस्।

स्त्रीरत्नमतिचार्वङ्गी द्योतयन्ती दिशस्त्विषा।
सा तु तिष्ठति दैत्येन्द्र तां भवान् द्रष्टुमर्हति ॥९२॥

पदच्छेदः— स्त्रीरत्नम्, अति-चारु,-अङ्गी, द्योतयन्ती, दिशः, त्विषा, सा, तु, तिष्ठति, दैत्येन्द्र तां, भवान्, द्रष्टुम्, अर्हति।

अन्वयः—स्त्रीरत्नम्, अति-चारु,-अङ्गी, त्विषा, दिशः द्योतयन्ती, सा, तु, (हिमालये) तिष्ठति, दैत्येन्द्र तां, भवान्, द्रष्टुम्, अर्हति।

अर्थ— तिनी स्त्रीमध्ये रत्न नै हुन्। तिनका सबै अङ्ग ज्यादै राम्रा छन्। आफ्ना अङ्गका प्रभाले सबै दिशा उज्यालो पारेकी छन्। ती अहिलेसम्म हिमालयमा नै छन्। हे दैत्येन्द्र, तपाईंले तिनलाई हेर्नैपर्छ।

यानि रत्नानि मणयो गजाश्वादीनि वै प्रभो।
त्रैलोक्ये तु समस्तानि साम्प्रतं भान्ति ते गृहे॥९३॥

पदच्छेदः— यानि, रत्नानि, मणयः, गज-अश्वादीनि, वै, प्रभो, त्रैलोक्ये, तु, समस्तानि, साम्प्रतं, भान्ति, ते, गृहे।

अन्वयः— प्रभो, त्रैलोक्ये, मणयः, गज-अश्वादीनि, यानि, रत्नानि, (तानि) समस्तानि, साम्प्रतं, ते, गृहे भान्ति।

अर्थ— हे प्रभो, तीनै लोकका मणि, हात्ती, घोडा आदि जति पनि रत्न छन् ती सबै अहिले हजूरका घरमा सुशोभित छन्।

ऐरावतः समानीतो गजरत्नं पुरन्दरात्।
पारिजाततरुश्चायं तथैवोच्चैःश्रवा हयः॥९४॥

पदच्छेदः— ऐरावतः, समानीतः, गजरत्नं, पुरन्दरात्, पारिजात-तरुः, च, अयं, तथा, उच्चैः श्रवा, हयः।

अन्वयः— गजरत्नं, ऐरावतः, अयं, पारिजात-तरुः, च, तथा, उच्चैः श्रवा, हयः, पुरन्दरात्, समानीतः।

अर्थ— हात्तीमा श्रेष्ठ ऐरावत, यो पारिजातको बोट, त्यस्तै उच्चैः श्रवा नामक घोडा पनि हजूरले इन्द्रबाट लिनुभयो।

विमानं हंससंयुक्तमेतत्तिष्ठति तेऽङ्गणे।
रत्नभूतमिहानीतं यदासीद्वेधसोऽद्भुतम्॥९५॥

पदच्छेदः— विमानं, हंससंयुक्तम्, एतत्, तिष्ठति, ते, अङ्गणे, रत्नभूतम्, इह, आनीतं, यत्, आसीत्, वेधसः, अद्भुतम्।

अन्वयः— हंस-संयुक्तम्, एतत्, विमानं, ते, अङ्गणे, तिष्ठति, रत्नभूतम्, यत्, अद्भुतम् (विमानं) वेधसः, आसीत्, (अधुना त्वया) इह, आनीतम्।

अर्थ— हाँसले युक्त विमान पनि हजूरकहाँ छ। रत्नभूत यो विमान पहिले ब्रह्माको थियो। त्यो पनि हजूरले ल्याउनुभएको छ।

निधिरेष महापद्मः समानीतो धनेश्वरात्।
किञ्जल्किनीं ददौ चाब्धिर्मालामम्लानपङ्कजाम् ॥९६॥

पदच्छेदः— निधिः, एषः, महापद्मः, समानीतः, धनेश्वरात्,

किञ्जल्किनी, ददौ, च, अब्धिः, मालाम्, अम्लान-पङ्कजाम्।

अन्वयः—एषः, महापद्मः, निधिः, धनेश्वरात्, समानीतः, अब्धि, च, किञ्जल्किनी, अम्लान-पङ्कजां, मालाम्, ददौ।

अर्थ— यो महापद्म नामक खानी हजूरले कुवेरबाट लिनुभयो। समुद्रले पनि कहिल्यै नओइलाउने कमलको फूलको किञ्जल्किनी नामक माला दिएका छन्।

छत्रं ते वारुणं गेहे काञ्चनस्रावि तिष्ठति।
तथायं स्यन्दनवरो यः पुराऽऽसीत्प्रजापतेः ॥९७॥

पदच्छेदः— छत्रं, ते, वारुणं, गेहे, काञ्चनस्रावि, तिष्ठति, तथा, अयं, स्यन्दनवरः, यः, पुरा, आसीत्, प्रजापतेः।

अन्वयः— काञ्चनस्रावि, वारुणं, छत्रं, ते, गेहे, तिष्ठति, अयं, स्यन्दनवरः, यः, पुरा, प्रजापतेः आसीत् (सः अधुना तव गेहे वर्तते)।

अर्थ— सुनको वर्षा गर्ने वरुणको छाता हजूरकहाँ छ। त्यस्तै यो उत्तम रथ जुन पहिले प्रजापतिको थियो, त्यो अहिले हजूरका घरमा छ।

मृत्योरुत्क्रान्तिदा नाम शक्तिरीश त्वया हृता।
पाशः सलिलराजस्य भ्रातुस्तव परिग्रहे ॥९८॥
निशुम्भस्याब्धिजाताश्च समस्ता रत्नजातयः।
वह्निरपि ददौ तुभ्यमग्निशौचे च वाससी ॥९९॥

पदच्छेदः— मृत्योः, उत्क्रान्तिदा, नाम, शक्तिः, ईश, त्वया, हृता, पाशः, सलिल-राजस्य, भ्रातुः, तव, परिग्रहे, निशुम्भस्य, अब्धिजाताः, च, समस्ताः, रत्नजातयः, वह्निः, अपि, ददौ, तुभ्यम्, अग्निशौचे, च, वाससी।

अन्वयः— हे ईश, मृत्योः, उत्क्रान्तिदा, नाम, शक्तिः, त्वया, हृता, सलिल-राजस्य, पाशः, अब्धिजाताः, समस्ताः, रत्नजातयः, च, , तव, भ्रातुः, निशुम्भस्य, परिग्रहे, (सन्ति) वह्निः, अपि, तुभ्यम्, अग्निशौचे, वाससी, च, ददौ।

अर्थ— हे दैत्येश्वर, मृत्युको उत्क्रान्तिदा नामक शक्ति पनि तपाईंले हरण गर्नुभयो। वरुणको पाश र अरू समुद्रमा पाइने रत्नहरू तपाईंका भाइ निशुम्भका अधीनमा छन्।

आगोले स्वयं सफा गरिएका एक जोर वस्त्र पनि तपाईँलाई अग्निले अर्पण गरे।

एवं दैत्येन्द्ररत्नानि समस्तान्याहृतानि ते।
स्त्रीरत्नमेषा कल्याणी त्वया कस्मान्नगृह्यते ॥१००॥

पदच्छेदः– एवं, दैत्येन्द्र, रत्नानि, समस्तानि, आहृतानि, ते, स्त्रीरत्नम्, एषा, कल्याणी, त्वया, कस्मात्, नगृह्यते।

अन्वयः– दैत्येन्द्र, एवं, समस्तानि, रत्नानि, ते, आहृतानि, अतः, स्त्रीरत्नम्, एषा, कल्याणी, त्वया, कस्मात्, नगृह्यते।

अर्थ– हे दैत्यराज, यसरी सारा रत्नलाई तपाईंले जम्मा गर्नुभयो भने यी स्त्रीमध्येकी रत्नरूप कल्याणीलाई हजूरले किन अधीनमा नपार्ने ?

ऋषिरुवाच ॥१०१॥

निशम्येति वचः शुम्भः स तदा चण्डमुण्डयोः।
प्रेषयामास सुग्रीवं दूतं देव्या महासुरम् ॥१०२॥
इति चेति च वक्तव्या सा गत्वा वचनान्मम।
यथा चाभ्येति सम्प्रीत्या तथा कार्यं त्वया लघु ॥१०३॥

पदच्छेदः– ऋषिः, उवाच, निशम्य, इति वचः, शुम्भः, सः, तदा, चण्ड-मुण्डयोः, प्रेषयामास, सुग्रीवं, दूतं, देव्या, महासुरम्, इति, च, इति, च, वक्तव्या, सा, गत्वा, वचनात्, मम, यथा, च, अभ्येति, सम्प्रीत्या, तथा, कार्यं, त्वया, लघु।

अन्वयः– ऋषिः, उवाच, चण्ड-मुण्डयोः, इति वचः, निशम्य, शुम्भः, सः, तदा, महासुरम्, सुग्रीवं, दूतं, देव्या, प्रेषयामास, (तत्र), गत्वा, मम, वचनात्, सा, इति, च, इति, च, वक्तव्या, यथा, सम्प्रीत्या, लघु, अभ्येति, तथा, त्वया, कार्यं, च।

अर्थ– ऋषिले भन्नुभयो– चण्डमुण्डका यस्ता कुरा सुनेपछि त्यो शुम्भले तत्काल महासुर सुग्रीवलाई देवीका समीपमा दूत बनाएर पठायो र भन्यो– तिमी त्यहाँ गएर मैले भनेजस्तै गरी यी यी कुरा भन्नू र जसरी खुसी भएर उनी यहाँ चाँडै आउँछिन् तिमीले त्यस्तो उपाय गर्नू।

स तत्र गत्वा यत्रास्ते शैलोद्देशेऽतिशोभने।
सा देवी तां ततः प्राह श्लक्ष्णं मधुरया गिरा ॥१०४॥

पदच्छेदः– स, तत्र, गत्वा, यत्र, आस्ते, शैलोद्देशे, अतिशोभने, सा, देवी, तां, ततः, प्राह, श्लक्ष्णं, मधुरया, गिरा।

अन्वयः– स, अतिशोभने, शैलोद्देशे यत्र, सा, देवी, आस्ते, तत्र, गत्वा, ततः, तां, मधुरया, गिरा, श्लक्ष्णं, प्राह।

अर्थ– त्यो दूत अत्यन्त रमणीय पर्वत प्रदेशमा जहाँ देवी रहन्छिन् त्यहाँ गयो र तिनलाई मधुर वाणीले कोमल वचन भन्यो।

दूत उवाच ॥१०५॥

देवि दैत्येश्वरः शुम्भस्त्रैलोक्ये परमेश्वरः।
दूतोऽहं प्रेषितस्तेन त्वत्सकासमिहागतः ॥१०६॥

पदच्छेदः– दूतः, उवाच, देवि, दैत्येश्वरः, शुम्भः, त्रैलोक्ये, परमेश्वरः, दूतः, अहं, प्रेषितः, तेन, त्वत्सकासम्, इह, आगतः।

अन्वयः– दूतः, उवाच, देवि, दैत्येश्वरः, शुम्भः, त्रैलोक्ये, परमेश्वरः, अहं, तेन, प्रेषितः, दूतः, इह, त्वत्सकासम्, आगतः।

अर्थ– दूतले भन्यो– हे देवी दैत्यराज शुम्भ अहिले तीनै लोकको परमेश्वर हुनुहुन्छ। म उहाँले पठाएको दूत हुँ। म तपाईंको समीप आएको छु।

अव्याहताज्ञः सर्वासु यः सदा देवयोनिषु।
निर्जिताखिलदैत्यारिः स यदाह श्रृणुष्व तत् ॥१०७॥

पदच्छेदः– अव्याहताज्ञः, सर्वासु, यः, सदा, देवयोनिषु, निर्जित–अखिल–दैत्यारिः, सः, यत्, आह, श्रृणुष्व, तत्।

अन्वयः– यः, सदा, सर्वासु, देवयोनिषु, अव्याहताज्ञः, निर्जित–अखिल–दैत्यारिः, सः, यत्, आह, तत्, श्रृणुष्व।

अर्थ– जसको आज्ञा कुनै देवता कहिल्यै नाघ्न सक्तैनन्, जसले सारा देवतालाई जित्नुभएको छ यस्ता ती शुम्भले तपाईंका लागि जुन सन्देश दिनुभएको छ त्यो सुन्नुहोस्।

मम त्रैलोक्यमखिलं मम देवा वशानुगाः।
यज्ञभागानहं सर्वानुपाश्नामि पृथक् पृथक् ॥१०८॥

पदच्छेदः– मम, त्रैलोक्यम्, अखिलं, मम, देवाः, वशानुगाः, यज्ञ–भागान्, अहं, सर्वान्, उपाश्नामि, पृथक् पृथक्।

अन्वयः–अखिलं, त्रैलोक्यम्, मम, देवाः, मम, वशानुगाः, सर्वान्, यज्ञ–भागान्, अहं, पृथक् पृथक्, उपाश्नामि।

अर्थ– सारा तीन लोक मेरो अधिकारमा छ। देवताहरू पनि मेरै अधीनमा छन्। सम्पूर्ण यज्ञका भागहरू म अलग अलग भोग गर्दछु।

त्रैलोक्ये वररत्नानि मम वश्यान्यशेषतः।
तथैव गजरत्नं च हृत्वा देवेन्द्रवाहनम् ॥१०९॥

क्षीरोदमथनोद्भूतमश्वरत्नं ममामरैः।
उच्चैः श्रवससंज्ञं तत्प्रणिपत्य समर्पितम् ॥११०॥

पदच्छेदः— त्रैलोक्ये, वररत्नानि, मम, वश्यानि, अशेषतः, तथा, एव, गजरत्नं, च, हत्वा, देवेन्द्र-वाहनं, क्षीरोद-मथनेन, उद्भूतम्, अश्वरत्नं, मम, अमरैः, उच्चैः श्रवससंज्ञं, तत्, प्रणिपत्य, समर्पितम्।

अन्वयः— त्रैलोक्ये, (यानि) वररत्नानि, (तानि) अशेषतः, मम, वश्यानि, तथैव, देवेन्द्र-वाहनं, गजरत्नं, च, मया, हत्वा, (आनीतम्) क्षीरोद-मथनेन, उद्भूतम्, उच्चैः श्रवससंज्ञम्, तत्, अश्वरत्नं, मम, अमरैः, प्रणिपत्य समर्पितम्।

अर्थ— तीनै लोकमा पाइने श्रेष्ठ रत्न मेरा अधीनमा छन्। देवराज इन्द्रको वाहन हात्ती जो रत्नरूप हो त्यो पनि मैले हरण गरेर ल्याएँ। समुद्र मन्थन गर्दा निस्केको उच्चैःश्रवा नामक घोडारूपी रत्नलाई पनि देवताले मेरो पाउ परेर समर्पण गरेका छन्।

यानि चान्यानि देवेषु गन्धर्वेषूरगेषु च।
रत्नभूतानि भूतानि तानि मय्येव शोभने ॥१११॥

पदच्छेदः— यानि च, अन्यानि, देवेषु, गन्धर्वेषु, उरगेषु, च, रत्नभूतानि, भूतानि, तानि, मयि, एव, शोभने।

अन्वयः— शोभने, अन्यानि, यानि, रत्नभूतानि, देवेषु, गन्धर्वेषु, उरगेषु, च, (आसन्) तानि, भूतानि, मयि, एव।

अर्थ— हे सुन्दरी, अरू जति रत्नभूत पदार्थहरू देवता, गन्धर्व र नागहरूमा थिए, ती सबै रत्नभूत पदार्थहरू मसित नै छन्।

स्त्रीरत्नभूतां त्वां देवि लोके मन्यामहे वयम्।
सा त्वमस्मानुपागच्छ यतो रत्नभुजो वयम् ॥११२॥

पदच्छेदः— स्त्रीरत्नभूतां, त्वां, देवि, लोके, मन्यामहे, वयं, सा, त्वम्, अस्मान्, उपागच्छ, यतः, रत्नभुजः, वयम्।

अन्वयः— हे देवि, वयं, त्वां, लोके, स्त्रीरत्नभूतां मन्यामहे, (अतः) सा, त्वम्, अस्मान्, उपागच्छ, यतः, रत्नभुजः, वयम्।

अर्थ— हे देवी, हामी तिमीलाई संसारका स्त्रीहरूमा रत्न समान मान्दछौं। यसैले त्यस्ती तिमी हाम्रा समीपमा आऊ। किनकि रत्नहरूको उपभोग गर्ने हामी नै हौं।

मां वा ममानुजं वापि निशुम्भमुरुविक्रमम्।
भज त्वं चञ्चलापाङ्गि रत्नभूतासि वै यतः ॥११३॥

पदच्छेदः— मां, वा, मम, अनुजं, वा, अपि, निशुम्भम्, उरुविक्रमं,, भज, त्वं, चञ्चलापाङ्गि, रत्नभूतासि, वै, यतः।

अन्वयः— हे चञ्चलापाङ्गि, त्वं, मां, वा, मम, अनुजम्, उरुविक्रमं, निशुम्भं, भज, यतः, वै, त्वं, रत्नभूतासि।

अर्थ— हे चञ्चल कटाक्ष भएकी सुन्दरी, तिमी मलाई वा मेरा महापराक्रमी भाइ निशुम्भलाई सेवा गर! किनकि निश्चय नै तिमी रत्नरूपा हौ।

परमैश्वर्यमतुलं प्राप्स्यसे मत्परिग्रहात्।
एतद् बुद्ध्वा समालोच्य मत्परिग्रहतां व्रज ॥११४॥

पदच्छेदः— परम–ऐश्वर्यम्, अतुलं, प्राप्स्यसे, मत्परिग्रहात्, एतत्, बुद्ध्वा, समालोच्य, मत्परिग्रहतां, व्रज।

अन्वयः— मत्परिग्रहात्, अतुलम्, ऐश्वर्यं, प्राप्स्यसे, एतत्, बुद्ध्वा, समालोच्य, मत्परिग्रहतां व्रज।

अर्थ— मलाई स्वीकार गर्‍यौ भने तिमीलाई अतुलनीय ठूलो ऐश्वर्य प्राप्त हुनेछ। यो कुरा बुद्धिले सोचेर तिमी मेरी पत्नी बन।

ऋषिरुवाच ॥११५॥

इत्युक्ता सा तदा देवी गम्भीरान्तः स्मिता जगौ।
दुर्गा भगवती भद्रा ययेदं धार्यते जगत् ॥११६॥

पदच्छेदः— ऋषिः, उवाच, इति, उक्ता, सा, तदा, देवी, गम्भीर–अन्तः स्मिता, जगौ, दुर्गा, भगवती, भद्रा, यया, इदं, धार्यते, जगत्।

अन्वयः— ऋषिः, उवाच, इति, उक्ता, भगवती, भद्रा, दुर्गा, देवी, यया, इदं, जगत्, धार्यते, सा, तदा, गम्भीर–अन्तःस्मिता, जगौ।

अर्थ— ऋषिले भन्नुभयो— दूतद्वारा यसो भनिएकी कल्याणमयी भगवती दुर्गा देवी, जसले यो संसारलाई धारणा गरेकी छन् ती दुर्गाले त्यस समयमा मनमनै गम्भीर भावले मुस्कुराएर भनिन्।

देव्युवाच ॥११७॥

सत्यमुक्तं त्वया नात्र मिथ्या किञ्चित्त्वयोदितम्।
त्रैलोक्याधिपतिः शुम्भो निशुम्भश्चापि तादृशः ॥११८॥

पदच्छेदः— देवी, उवाच, सत्यम्, उक्तं, त्वया, न, अत्र, मिथ्या, किञ्चित्, त्वया, उदितं, त्रैलोक्य–अधिपतिः, शुम्भः, निशुम्भः, च, अपि, तादृशः।

अन्वयः—देवी उवाच, त्वया, सत्यम्, उक्तं, अत्र, त्वया, उक्तं, किञ्चित्, मिथ्या, न, शुम्भः, अपि, त्रैलोक्याधिपतिः, तादृशः, निशुम्भः, च।

अर्थ— देवीले भन्नुभयो— हे दूत तिमीले साँचो भन्यौ। तिमीले भनेको कुरा अलिकति पनि झुट्ठो होइन। शुम्भ तीनै लोकको मालिक हो र निशुम्भ पनि।

किं त्वत्र यत्प्रतिज्ञातं मिथ्या तत्क्रियते कथम्।
श्रूयतामल्पबुद्धित्वात्प्रतिज्ञा या कृता पुरा ॥११९॥

पदच्छेदः— किं, तु, अत्र, यत्, प्रतिज्ञातं, मिथ्या, तत्, क्रियते, कथं, श्रूयताम्, अल्पबुद्धित्वात्, प्रतिज्ञा, या, कृता, पुरा।

अन्वयः— किं, तु, अत्र, (मया) पुरा, यत्, प्रतिज्ञातं, तत्, कथं, मिथ्या, क्रियते, अल्पबुद्धित्वात्, या, प्रतिज्ञा, कृता (सा) श्रूयताम्।

अर्थ— तर यस विषयमा मैले पहिले जुन प्रतिज्ञा गरें त्यसलाई कसरी झूटो बनाउनू ? मैले जुन प्रतिज्ञा गरेकी थिएँ त्यो सुन।

यो मां जयति संग्रामे यो मे दर्पं व्यपोहति।
यो मे प्रतिबलो लोके स मे भर्ता भविष्यति ॥१२०॥

पदच्छेदः— यः, मां, जयति, संग्रामे, यः, मे, दर्पं, व्यपोहति, यः, मे, प्रतिबलः, लोके, सः, मे, भर्ता, भविष्यति।

अन्वयः— यः, मां, संग्रामे, जयति, यः, मे, दर्पं, व्यपोहति, यः, मे, लोके, प्रतिबलः, सः, मे, भर्ता, भविष्यति।

अर्थ— जो मलाई संग्राममा जित्छ, जो मेरो अभिमानलाई चूर्ण गर्न सक्छ, जो संसारमा म जत्तिकै बलियो छ त्यो नै मेरो पति हुनेछ।

तदागच्छतु शुम्भो वा निशुम्भो वा महासुरः।
मां जित्वा किं चिरेणात्र पाणिं गृह्णातु मे लघु ॥१२१॥

पदच्छेदः— तत्, आगच्छतु, शुम्भः, वा, निशुम्भः, वा, महासुरः, मां, जित्वा, किं, चिरेण, अत्र, पाणिं, गृह्णातु, मे, लघु।

अन्वयः— तत्, महासुरः, शुम्भः, निशुम्भः, आगच्छतु, मां, जित्वा, मे, पाणिं, गृह्णातु, अत्र, चिरेण, किम्।

अर्थ— त्यसकारण महादैत्य शुम्भ वा निशुम्भ यहाँ आऊन् र मलाई जितेर चाँडै मेरो पाणिग्रहण गरून्। यहाँ केलाई ढिलो गर्नु छ र ?

दूत उवाच ॥१२२॥

अवलिप्तासि मैवं त्वं देवि ब्रूहि ममाग्रतः ।
त्रैलोक्ये कः पुमांस्तिष्ठेदग्रे शुम्भनिशुम्भयोः ॥१२३॥

पदच्छेदः— दूतः, उवाच, अवलिप्तासि, मा, एवं, त्वं, देवि, ब्रूहि, मम, अग्रतः, त्रैलोक्ये, कः, पुमान्, तिष्ठेत्, अग्रे, शुम्भ-निशुम्भयोः ।

अन्वयः— दूतः, उवाच, देवि !, त्वं, अवलिप्ता, असि, मम, अग्रतः, एवं, मा, ब्रूहि, त्रैलोक्ये, कः, पुमान्, शुम्भ-निशुम्भयोः, अग्रे, तिष्ठेत ।

अर्थ— दूतले भन्यो— हे देवी, तिमी घमण्डी रहिछ्यौ । मेरो अगाडि यसो नभन, किनकि तीनै लोकमा कुन पुरुष शुम्भ र निशुम्भका अगाडि खडा हुन सक्ला ?

अन्येषामपि दैत्यानां सर्वे देवा न वै युधि ।
तिष्ठन्ति सम्मुखे देवि किं पुनः स्त्रीत्वमेकिका ॥१२४॥

पदच्छेदः— अन्येषाम्, अपि, दैत्यानां, सर्वे, देवाः, न, वै, युधि, तिष्ठन्ति, सम्मुखे, देवि, किं, पुनः, स्त्री, त्वम्, एकिका ।

अन्वयः— देवि !, अन्येषाम्, अपि, दैत्यानां, सर्वे, देवाः, युधि, सम्मुखे, न, तिष्ठन्ति, वै, पुनः, त्वम्, एकिका, स्त्री, किम् ।

अर्थ— हे देवी, अरू दैत्यहरूका सामुन्नेमा पनि सारा देवता संग्राममा ठहर्न सक्तैनन् भने तिमी एक्ली आइमाई कसरी ठहरौली ?

इन्द्राद्याः सकला देवास्तस्थुर्येषां न संयुगे ।
शुम्भादीनां कथं तेषां स्त्री प्रयास्यसि सम्मुखम् ॥१२५॥

पदच्छेदः— इन्द्राद्याः, सकलाः, देवाः, तस्थुः, येषां, न, संयुगे, शुम्भादीनां, कथं, तेषां, स्त्री, प्रयास्यसि, सम्मुखम् ।

अन्वयः— येषां, शुम्भादीनां, संयुगे, इन्द्राद्याः, सकलाः, देवाः, न, तस्थुः, तेषां, सम्मुखं, स्त्री, कथं, प्रयास्यसि ।

अर्थ— हे देवी, जुन शुम्भ आदि दैत्यहरूसित लडाईंमा इन्द्र आदि देवता पनि टिक्न सक्तैनन् भने तिनका अगाडि तिमी स्त्री कसरी जान्छ्यौ ।

सा त्वं गच्छ मयैवोक्ता पार्श्वं शुम्भनिशुम्भयोः ।
केशाकर्षणनिर्धूतगौरवा मा गमिष्यसि ॥१२६॥

पदच्छेदः— सा, त्वं, गच्छ, मया, एवं, उक्ता, पार्श्वं, शुम्भ–निशुम्भयोः, केश–आकर्षण–निर्धूत–गौरवा, मा, गमिष्यसि।

अन्वयः— (देवि !) मया, एवम्, उक्ता, सा, त्वं, शुम्भनिशुम्भयोः, पार्श्वं, गच्छ, (अन्यथा) केश–आकर्षण–निर्धूत–गौरवा, मा, गमिष्यसि।

अर्थ— हे देवी, मेरो भनाइ मानेर तिमी शुम्भनिशुम्भका समीपमा जाऊ। नभए चुल्ठोमा समातेर घिसार्दै बेइज्जतीका साथ त्यहाँ जानुपर्ला।

देव्युवाच ॥१२७॥

एवमेतत् बली शुम्भो निशुम्भश्चातिवीर्यवान्।
किं करोमि प्रतिज्ञा मे यदनालोचिता पुरा ॥१२८॥
स त्वं गच्छ मयोक्तं ते यदेतत्सर्वमादृतः।
तदाचक्ष्वासुरेन्द्राय स च युक्तं करोतु तत् ॥१२९॥ॐ॥
मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवी माहात्म्ये पञ्चमः॥

पदच्छेदः— देवी, उवाच, एवम्, एतत्, बली, शुम्भः, निशुम्भः, च, अति–वीर्यवान्, किं, करोमि, प्रतिज्ञा, मे, यत्, अनालोचिता, पुरा, सः, त्वं, गच्छ, मया, उक्तं, ते, यत्, एतत्, सर्वम्, आदृतः, तत्, आचक्ष्व, असुरेन्द्राय, सः, च, युक्तं, करोतु, तत्।

अन्वयः— देवी, उवाच, एतत्, एवं, (एव) शुम्भः, बली, निशुम्भः, च, अतीव, वीर्यवान्, किं, करोमि, मे, पुरा, अनालोचिता, यत्, प्रतिज्ञा, (कृता, अतः) त्वं, गच्छ, मया, ते, यत्, उक्तं, एतत्, सर्वम्, आदृतः, सः, सुरेन्द्राय, आचक्ष्व, तदा, सः, च, (यत्), युक्तं, तत्, करोतु।

अर्थ— देवीले भन्नुभयो— हे दूत, तिमीले ठीकै भन्यौ। शुम्भ बलियो छ र निशुम्भ पनि ठूलो पराक्रमी छ! तर के गरूँ ? मैले विनाविचारै जुन प्रतिज्ञा गरिहालें यसैले तिमी जाऊ र मैले तिमीलाई जे भने त्यो सबै बडो आदरसाथ ती दैत्यराजलाई सुनाऊ। त्यसपछि उनी जस्तो उचित ठान्दछन् त्यो नै गरून्।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको पाँचौं अध्याय पूरा भयो।

अथ षष्ठोऽध्यायः

ध्यानम्

ॐ नागाधीश्वरविष्टरां फणिफणोत्तंसोरुरत्नावली-
भास्वद्देहलतां दिवाकरनिभां नेत्रत्रयोद्भासिताम्।
मालाकुम्भकपालनीरजकरां चन्द्रार्द्धचूडां पराम्।
सर्वज्ञेश्वरभैरवाङ्कनिलयां पद्मावतीं चिन्तये॥

पदच्छेदः– ॐ नाग-अधीश्वर-विष्टरां, फणिफण-उत्तंस-उरुरत्नावलीं, भास्वत्, देहलतां, दिवाकरनिभां, नेत्र-त्रय-उद्भासितां, माला-कुम्भ-कपाल-नीरज-करां, चन्द्रार्द्ध-चूडां, परां, सर्वज्ञ-ईश्वर-भैरव-अङ्क-निलयां, पद्मावतीं, चिन्तये।

अन्वयः– नाग-अधीश्वर-विष्टरां, फणिफण-उत्तंस-उरुरत्नावलीं, भास्वत्, देहलतां, दिवाकरनिभां, नेत्र-त्रय-उद्भासितां, माला-कुम्भ-कपाल-नीरज-करां, चन्द्रार्द्ध-चूडां, सर्वज्ञ-ईश्वर-भैरव-अङ्क-निलयां, परां, पद्मावतीं, चिन्तये।

अर्थ– नागराजको आसनमा बसेकी, नागको फणामा सुशोभित हुने मणिमय विशाल मालाले उद्भासित भएको छ देहलता जसको, सूर्यसमान तेज भएकी, त्रिनेत्रा, हातमा माला, कुम्भ, कपाल र कमलको फूल लिएकी तथा मस्तकमा अर्द्धचन्द्रको मुकुट धारण गरेकी सर्वज्ञेश्वर भैरवको काखमा बसेकी परमोत्कृष्ट प्रभावती पद्मावती देवीको म चिन्तन गर्दछु।

ॐ ऋषिरुवाच ॥१॥

इत्याकर्ण्य वचो देव्याः स दूतोऽमर्षपूरितः।
समाचष्ट समागम्य दैत्यराजाय विस्तरात्॥२॥

पदच्छेदः– ऋषिः, उवाच, इति, आकर्ण्य, वचः, देव्याः, सः, दूतः, अमर्ष-पूरितः, समाचष्ट, समागम्य, दैत्यराजाय, विस्तरात्।

अन्वयः— ऋषिः, उवाच देव्याः, इति, वचः, आकर्ण्य, अमर्षपूरितः, सः, दूतः, दैत्यराजाय, समागम्य, विस्तरात्, समाचष्ट।

अर्थ— ऋषिले भन्नुभयो— देवीको यस्तो वचन सुनेर रिसले चूर भएको त्यो दूत दैत्यराजका छेउमा गएर विस्तारपूर्वक समाचार बतायो।

तस्य दूतस्य तद्वाक्यमाकर्ण्यासुरराट् ततः ।
सक्रोधः प्राह दैत्यानामधिपं धूम्रलोचनम् ॥३॥

पदच्छेदः— तस्य, दूतस्य, तत्, वाक्यम्, आकर्ण्य, असुरराट्, ततः, सक्रोधः, प्राह, दैत्यानाम्, अधिपं, धूम्रलोचनम्।

अन्वयः— तस्य, दूतस्य, तत्, वाक्यम्, आकर्ण्य, असुरराट्, सक्रोधः, (उत्तस्थौ) ततः, दैत्यानाम्, अधिपं, धूम्रलोचनं, प्राह।

अर्थ- दूतको यस्तो वचन सुनेर दैत्यराज रिसायो र दैत्यसेनाको अधिपति धूम्रलोचनलाई भन्यो -

हे धूम्रलोचनाशु त्वं स्वसैन्यपरिवारितः ।
तामानय बलाद् दुष्टां केशाकर्षणविह्वलाम् ॥४॥
तत्परित्राणदः कश्चिद्यदि वोत्तिष्ठतेऽपरः ।
स हन्तव्योऽमरो वापि यक्षो गन्धर्व एव वा ॥५॥

पदच्छेदः— हे, धूम्रलोचन, आशु, त्वं, स्व-सैन्य-परिवारितः, ताम्, आनय, बलात्, दुष्टां, केश-आकर्षण-विह्वलाम्, तत्, परित्राणदः, कश्चित्, यदि, वा, उत्तिष्ठते, अपरः, सः, हन्तव्यः, अमरः, वा, अपि, यक्षः, गन्धर्वः, एव, वा।

अन्वयः— हे, धूम्रलोचन, त्वं, आशु, स्व-सैन्य-परिवारितः, (गत्वा) दुष्टां, तां, केश-आकर्षण-विह्वलां, बलात्, आनय, तत्, परित्राणदः, यदि, अपरः, कश्चित्, उत्तिष्ठते, वा, सः, अमरः, वा, यक्षः, वा, गन्धर्वः, एव, (सः, त्वया) हन्तव्यः।

अर्थ— हे धूम्रलोचन तिमी तुरुन्तै आफ्ना सेना लिएर जाऊ त्यो दुष्टलाई चुल्ठोमा समातेर घिसार्दै जबर्जस्तसित लिएर आऊ। त्यसको रक्षा गर्न यदि कोही खडा रहेछ भने त्यो देवता, यक्ष वा गन्धर्व जोसुकै किन नहोस् त्यसलाई पनि मारिदिनू।

ऋषिरुवाच ॥६॥

तेनाज्ञप्तस्ततः शीघ्रं स दैत्यो धूम्रलोचनः ।
वृतः षष्ट्या सहस्राणामसुराणां द्रुतं ययौ ॥७॥

पदच्छेदः— ऋषिः, उवाच, तेन, आज्ञप्तः, ततः, शीघ्रं, सः, दैत्यः, धूम्रलोचनः, वृतः, षष्ट्या, सहस्राणाम्, असुराणां, द्रुत, ययौ।

अन्वयः— ऋषिः, उवाच, ततः, तेन, आज्ञप्तः, सः, धूम्रलोचनः, दैत्यः, शीघ्रं, षष्ट्या, सहस्राणाम्, असुराणां, वृतः, द्रुतं, ययौ।

अर्थ— ऋषिले भन्नुभयो— शुम्भको यस्तो आज्ञा पाएर त्यो धूम्रलोचन नामक दैत्य चाँडै साठी हजार फौज लिएर हतारिँदै गयो।

स दृष्ट्वा तां ततो देवीं तुहिनाचलसंस्थिताम्।
जगादोच्चैः प्रयाहीति मूलं शुम्भनिशुम्भयोः ॥८॥
न चेत्प्रीत्याद्य भवती मद्भर्तारमुपैष्यति।
ततोबलान्नयाम्येष केशाकर्षणविह्वलाम् ॥९॥

पदच्छेदः— सः, दृष्ट्वा, तां, ततः, देवीं, तुहिन–अचल–संस्थितां, जगाद, उच्चैः, प्रयाहि, इति, मूलं, शुम्भ–निशुम्भयोः, न, चेत्, प्रीत्या, अद्य, भवती, मत्, भर्तारम्, उपैष्यति, ततः, बलात्, नयामि, एषः, केश–आकर्षण–विह्वलाम्।

अन्वयः— सः, तुहिन–अचल–संस्थितां, तां देवीं, दृष्ट्वा, उच्चैः, जगाद, शुम्भ–निशुम्भयोः, मूलं, प्रयाहि, इति, चेत्, प्रीत्या, अद्य, भवती, मद्भर्तारं, न, उपैष्यति, ततः, एषः, केश–आकर्षण–विह्वलां, बलात्, नयामि।

अर्थ— त्यो देवीका नजीक पुग्यो र हिमालयका छेउमा बसेकी ती देवीलाई देखेर उच्च स्वरले भन्यो— अरे, तिमी हाम्रा मालिक शुम्भनिशुम्भका सामु हामीसित नजाने भए म तिमीलाई चुल्ठोमा समातेर बलपूर्वक घिसार्दै लान्छु।

देव्युवाच ॥१०॥

दैत्येश्वरेण प्रहितो बलवान् बलसंवृतः।
बलान्नयसि मामेवं ततः किं ते करोम्यहम् ॥११॥

पदच्छेदः— देवी, उवाच, दैत्येश्वरेण, प्रहितः, बलवान्, बल–संवृतः, बलात्, नयसि, माम्, एवं, ततः, किं, ते, करोमि, अहम्।

अन्वयः— देवी, उवाच, दैत्येश्वरेण, प्रहितः, (त्वं) बलवान्, बल–संवृतः, (च) एवं, मां, बलात्, नयसि, (चेत्) ततः, अहं, ते, किं, करोमि, ।

अर्थ— देवीले भन्नुभयो— दैत्यराजले पठाएको तिमी आफैं पनि बलियो छौ फेरि तिमीसित विशाल सेना पनि छ, यस्तो अवस्थामा मलाई बलपूर्वक लैजान्छौ भने तिमीलाई म के गर्न सक्छु र ?

ऋषिरुवाच ॥१२॥

इत्युक्तः सोऽभ्यधावत्तामसुरो धूम्रलोचनः।
हुंकारेणैव तं भस्म सा चकाराम्बिका ततः ॥१३॥

पदच्छेदः— ऋषिः, उवाच, इति, उक्तः, सः, अभ्यधावत, ताम्, असुरः, धूम्रलोचनः, हुंकारेण, एव, तं, भस्म, सा, चकार, अम्बिका, ततः, ।

अन्वयः— ऋषिः, उवाच, इति, उक्तः, सः, धूम्रलोचनः, असुरः, ताम्, अभ्यधावत, ततः, सा, अम्बिका, हुंकारेण, एव, तं, भस्म, चकार।

अर्थ— ऋषिले भन्नुभयो— देवीले यसो भन्नासाथ त्यो धूम्रलोचन देवीतिर दौडियो। तब ती अम्बिकाले "हु" शब्दको उच्चारणमात्रले त्यसलाई खरानी पारिदिनुभयो।

अथ क्रुद्धं महासैन्यमसुराणां तथाम्बिका।
ववर्ष सायकैस्तीक्ष्णैस्तथा शक्तिपरश्वधैः ॥१४॥

पदच्छेदः— अथ, क्रुद्धं, महासैन्यम्, असुराणां तथा, अम्बिका, ववर्ष, सायकैः, तीक्ष्णैः, तथा, शक्ति-परश्वधैः।

अन्वयः— अथ, क्रुद्धं, असुराणां, महासैन्यम्, तथा, अम्बिका, च, तीक्ष्णैः, सायकैः, तथा, शक्ति-परश्वधैः, ववर्ष।

अर्थ— यसपछि दानवको क्रुद्ध विशाल सेना र अम्बिकाले पनि एक आपसमा तीखा वाण, शक्ति र बञ्चरो आदि वर्षाउन थाले।

ततो धूतसटः कोपात्कृत्वा नादं सुभैरवम्।
पपातासुरसेनायां सिंहो देव्याः स्ववाहनः ॥१५॥

पदच्छेदः— ततः, धूतसटः, कोपात, कृत्वा, नादं, सुभैरवं, पपात, असुर-सेनायां, सिंहः, देव्याः, स्ववाहनः।

अन्वयः— ततः, देव्याः, स्ववाहनः, सिंहः, धूतसटः, कोपात, सुभैरवं, नादं, कृत्वा, असुर-सेनायां, पपात।

अर्थ— तदनन्तर देवीको वाहन सिंहले रिसले डरलाग्दो गर्जना गरेर जगर हल्लाउँदै दैत्य सेनामाथि जाइलाग्यो।

कांश्चित् करप्रहारेण दैत्यानास्येन चापरान्।
आक्रम्य चाधरेणान्यान् स जघान महासुरान् ॥१६॥

पदच्छेदः— कांश्चित, कर-प्रहारेण, दैत्यान, आस्येन, च, अपरान, आक्रम्य, च, अधरेण, अन्यान, सः, जघान, महासुरान्।

अन्वयः— सः, कांश्चित, दैत्यान, कर-प्रहारेण, अपरान, आस्येन, अन्यान, महासुरान, अधरेण, च, आक्रम्य, जघान।

अर्थ– उसले कुनै दैत्यलाई पञ्जाले, अरूलाई मुखले टोकेर अनि कुनै महादैत्यलाई ओठका दाह्री दलेर आक्रमण गरी मारिदियो।

केषांचित्पाटयामास नखैः कोष्ठानि केसरी।
तथा तलप्रहारेण शिरांसि कृतवान् पृथक् ॥१७
विच्छिन्नबाहुशिरसः कृतास्तेन तथापरे।
पपौ च रुधिरं कोष्ठादन्येषां धुतकेसरः ॥१८॥

पदच्छेदः– केषांचित, पाटयामास, नखैः, कोष्ठानि, केसरी, तथा, तल–प्रहारेण, शिरांसि, कृतवान्, पृथक, विच्छिन्न–बाहु–शिरसः, कृताः, तेन, तथा, अपरे, पपौ, च, रुधिरं, कोष्ठात, अन्येषां, धुतकेसरः।

अन्वयः– केसरी, नखैः, केषांचित, कोष्ठानि, पाटयामास, तथा, तल–प्रहारेण, (केषांचित) शिरांसि, पृथक, कृतवान्, तेन, अपरे, विच्छिन्न–बाहु–शिरसः, कृताः, तथा, धुतकेसरः, (सः) अन्येषां, कोष्ठात, रुधिरं, च, पपौ,।

अर्थ– त्यस सिंहले आफ्ना नङ्ग्राले कतिपयका पेट फारिदियो, त्यस्तै थप्पड दिएर कैयौंका शिर धडबाट छुट्याइदियो। कतिपयका हात र शिर काटिदियो। त्यस्तै आफ्नो जगर हल्लाउँदै अरू दैत्यको पेट फुटाएर रगत पियो।

क्षणेन तद् बलं सर्वं क्षयं नीतं महात्मना।
तेन केसरिणा देव्या वाहनेनातिकोपिना ॥१९॥

पदच्छेदः– क्षणेन, तत, बलं, सर्वं, क्षयं, नीतं, महात्मना, तेन, केसरिणा, देव्याः, वाहनेन, अतिकोपिना।

अन्वयः– अतिकोपिना, महात्मना, देव्याः, वाहनेन, तेन, केसरिणा क्षणेन, तत, सर्वं, बलं, क्षयं, नीतम्।

अर्थ– ज्यादै रिसाएको महाबली देवीको वाहन त्यस सिंहले एकै छिनमा असुरको सारा सेनालाई सखाप पार्‍यो।

श्रुत्वा तमसुरं देव्या निहतं धूम्रलोचनम्।
बलं च क्षयितं कृत्स्नं देवीकेसरिणा ततः ॥२०॥
चुकोप दैत्याधिपतिः शुम्भः प्रस्फुरिताधरः।
आज्ञापयामास च तौ चण्डमुण्डौ महासुरौ ॥२१॥

पदच्छेदः– श्रुत्वा, तम्, असुरं, देव्या, निहतं, धूम्रलोचनं बलं, च, क्षयितं, कृत्स्नं, देवी–केसरिणा, ततः, चुकोप, दैत्य, अधिपतिः, शुम्भः, प्रस्फुरित–अधरः आज्ञापयामास, च, तौ, चण्ड–मुण्डौ, महासुरौ।

अन्वयः— देव्या, तम्, असुरं, धूम्रलोचनं, निहतं, ततः, देवी-केसरिणा, कृत्स्नं, बलं, च, क्षयितं, श्रुत्वा, दैत्य-अधिपतिः, शुम्भः चुकोप। प्रस्फुरित-अधरः, (सः) दैत्य-अधिपतिः, शुम्भः, महासुरौ, तौ, चण्ड-मुण्डौ, च, आज्ञापयामास।

अर्थ— देवीले धूम्रलोचन असुरलाई मारेको एवं सिंहले सारा सेनालाई ध्वस्त पारेको सुनेर दैत्यराज शुम्भ ज्यादै रिसायो। क्रोधले थरथर ओठ कँपाउँदै उसले ती दुई महाबली चण्डमुण्डलाई आज्ञा दियो।

हे चण्ड हे मुण्ड बलैर्बहुभिः परिवारितौ।
तत्र गच्छत गत्वा च सा समानीयतां लघु॥२२॥

पदच्छेदः— हे चण्ड, हे मुण्ड, बलैः, वहुभिः, परिवारितौ, तत्र, गच्छत, गत्वा, च, सा, समानीयतां, लघु।

अन्वयः— हे चण्ड, हे मुण्ड, वहुभिः, बलैः, परिवारितौ, तत्र, गच्छत, गत्वा, च, सा, लघु, समानीयताम्।

अर्थ— हे चण्ड र मुण्ड हो, तिमीहरू धेरै ठूलो सेना लिएर त्यहाँ जाओ र त्यो आइमाईलाई चाँडो पक्रेर ल्याओ।

केशेष्वाकृष्य बध्वा वा यदि वः संशयो युधि।
तदाशेषायुधैः सर्वैरसुरैर्विनिहन्यताम्॥२३॥
तस्यां हतायां दुष्टायां सिंहे च विनिपातिते।
शीघ्रमागम्यतां बध्वा गृहीत्वा तामथाम्बिकाम्॥२४॥ॐ॥
मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये षष्ठः॥

पदच्छेदः— केशेषु, आकृष्य, बध्वा, वा, यदि, वः, संशयः, युधि, तदा, अशेषैः, आयुधैः, सर्वैः, असुरैः, विनिहन्यतां, तस्यां, हतायां, दुष्टायां, सिंहे, च, विनिपातिते, शीघ्रम्, आगम्यतां, बध्वा, गृहीत्वा, ताम्, अथ, अम्बिकाम्।

अन्वयः— यदि, केशेषु, आकृष्य, बध्वा, वा, (आनेतुम्) युधि, वः, संशयः, (जातः) तदा, सर्वैः, असुरैः, अशेषैः, आयुधैः, विनिहन्यतां, दुष्टायां, तस्यां, हतायां, सिंहे, च, विनिपातिते, अथ, ताम्, अम्बिकां, बध्वा, गृहीत्वा, च, शीघ्रम्, आगम्यताम्।

अर्थ— यदि केशमा पक्रेर वा बाँधेर ल्याउनमा तिमीहरूलाई संशय भयो भने त्यस बखत सबै दानवले आफ्ना सारा हतियारको प्रयोग गरी त्यसलाई हान्नू (घायल पार्नू) र त्यसको सिंहलाई मारेर त्यो अम्बिकालाई चाहिँ बाँधेर साथैमा ल्याउनू।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको छैटौं अध्याय पूरा भयो।

अथ सप्तमोऽध्यायः

ध्यानम्

ॐ ध्यायेयं रत्नपीठे शुककलपठितं श्रृण्वतीं श्यामलाङ्गीम्।
न्यस्तैकाङ्घ्रिं सरोजे शशिशकलधरां वल्लकीं वादयन्तीम्॥
कह्लाराबद्धमालां नियमितविलसच्चोलिकां रक्तवस्त्राम्।
मातङ्गीं शङ्खपात्रां मधुरमधुमदां चित्रकोद्भासिभालाम्॥

पदच्छेदः— ध्यायेयं, रत्न–पीठे, शुक–कल–पठितं, श्रृण्वतीं, श्यामल–अङ्गीं, न्यस्त–एका–अङ्घ्रिं, सरोजे, शशि–शकल–धरां, वल्लकीं, वादयन्तीं, कह्लार–आबद्ध–मालां, नियमित–विलसत्, चोलिकां, रक्तवस्त्रां, मातङ्गीं, शङ्ख–पात्रां, मधुर–मधु–मदां, चित्रक–उद्भासि–भालाम्।

अन्वयः— श्यामल–अङ्गीं, रत्न–पीठे, शुक–कल–पठितं, श्रृण्वतीं, न्यस्त–एका–अङ्घ्रिं, सरोजे, शशि–शकल–धरां, वल्लकीं, वादयन्तीं, कह्लार–आबद्ध–मालां, नियमित–विलसत्–चोलिकां, रक्तवस्त्रां, शङ्ख–पात्रां, मधुर–मधु–मदां, चित्रक–उद्भासि–भालां, (अहं) मातङ्गीं, ध्यायेयं, ।

अर्थ— श्यामवर्णा जुन देवी रत्नमय सिंहासनमा बसेर पढ्दै गरेको सुगाको बोली सुन्दै हुनुहुन्छ, जसको एक पाउ कमलमाथि राखिएको छ, जसले शिरमा अर्धचन्द्रमा धारण गर्नुभएको छ, जसले कल्हार नामको फूलको माला पैरनुभएको छ, जो वीणा बजाउँदै हुनुहुन्छ, जसले अङ्गमा टिमिक्क कसिएको चोली लगाउनुभएको छ, जसको साडी रातो रङ्गको छ, जसका हातमा शङ्खपात्र छ, जसको अनुहार हल्का मधुको नशाले झल्किएको छ र जसले निधारमा टीका (बिन्दी) लगाउनाले जसको निधार उज्यालो देखिन्छ यस्ती मातङ्गी देवीको म ध्यान गर्दछु।

ॐ ऋषिरुवाच ॥१॥

आज्ञप्तास्ते ततो दैत्याश्चण्डमुण्डपुरोगमाः ।
चतुरङ्गबलोपेता ययुरभ्युद्यतायुधाः ॥२॥

पदच्छेदः— ऋषिः, उवाच, आज्ञप्ताः, ते, ततः, दैत्याः, चण्ड-मुण्ड-पुरोगमाः, चतुरङ्ग-बल-उपेताः, ययुः, अभ्युद्यत-आयुधाः ।

अन्वयः— ऋषिः, उवाच, ततः, आज्ञप्ताः, ते, चण्ड-मुण्ड-पुरोगमाः, दैत्याः, चतुरङ्ग-बल-उपेताः, उद्यत-आयुधाः, अभिययुः, ।

ऋषिले भन्नुभयो— तत्पश्चात् शुम्भद्वारा आज्ञा पाएका ती चण्डमुण्डादि दैत्यहरू चतुरङ्गिणी फौजसहित शस्त्रास्त्रले सुसज्जित भएर देवी भएतिर दौडिए।

ददृशुस्ते ततो देवीमीषद्धासां व्यवस्थिताम् ।
सिंहस्योपरि शैलेन्द्रशृङ्गे महति काञ्चने ॥३॥

पदच्छेदः— ददृशुः, ते ततः, देवीम्, ईषत्-हासां, व्यवस्थितां, सिंहस्य, उपरि, शैलेन्द्र-शृङ्गे, महति, काञ्चने।

अन्वयः— ततः, महति, काञ्चने, शैलेन्द्र-शृङ्गे, ते, सिंहस्य, उपरि, व्यवस्थितां, ईषत्-हासां, देवीम्, ददृशुः ।

अर्थ— तदनन्तर अग्लो सुवर्णमय हिमालयको चुचुरामा पुगेर उनीहरूले सिंहमाथि बसेकी मन्दमुस्कानले युक्त भएकी देवीलाई देखे।

ते दृष्ट्वा तां समादातुमुद्यमं चक्रुरुद्यताः ।
आकृष्टचापासिधरास्तथान्ये तत्समीपगाः ॥४॥

पदच्छेदः— ते, दृष्ट्वा, तां, उद्यताः, समादातुम्, उद्यमं, चक्रुः, (केचित्) आकृष्ट-चाप-असिधराः, तथा, अन्ये, तत्, समीपगाः ।

अन्वयः— तां, दृष्ट्वा, ते, समादातुम्, उद्यमं, चक्रुः, आकृष्ट-चाप-असिधराः, तथा, अन्ये, तत्, समीपगाः ।

अर्थ— तिनलाई देख्नासाथ दैत्यहरू तत्परतासाथ पक्रन तम्सिए। कसैले धनु ताने त कसैले तरवार लिए। त्यस्तै अरू चाहिँ देवीका छेउमा गए।

ततः कोपं चकारोच्चैरम्बिका तानरीन्प्रति ।
कोपेन चास्या वदनं मषीवर्णमभूत्तदा ॥५॥

भ्रुकुटीकुटिलात्तस्या ललाटफलकाद्द्रुतम् ।
काली करालवदना विनिष्क्रान्तासिपाशिनी ॥६॥

पदच्छेदः— ततः, कोपं, चकार, उच्चैः, अम्बिका, तान्, अरीन्–प्रति, कोपेन, च, अस्याः, वदनं, मषीवर्णम्, अभूत्, तदा, भ्रुकुटी–कुटिलात्, तस्याः, ललाट–फलकात्, द्रुतं, काली, कराल–वदना, विनिष्क्रान्ता, असि–पाशिनी ।

अन्वयः— ततः, अम्बिका, तान्, अरीन्–प्रति, उच्चैः, कोपं, चकार, तदा, कोपेन, च, अस्याः, वदनं, मषीवर्णम्, अभूत्, ललाट–फलकात्, तस्याः भ्रुकुटी–कुटिलात्, द्रुतं, असि–पाशिनी, कराल–वदना, काली, विनिष्क्रान्ता ।

अर्थ— तत्पश्चात् अम्बिका ती शत्रुहरू प्रति धेरै रिसाइन् । तब उनको अनुहार रिसले गर्दा कालो भयो । उनका आखीभुईं टेढा भए । त्यही आँखीभुइँबाट तत्काल हातमा तरवार र पाशो लिएकी विकरालमुखी काली प्रकट भइन् ।

विचित्रखट्वाङ्गधरा नरमालाविभूषणा ।
द्वीपिचर्मपरिधाना शुष्कमांसातिभैरवा ॥७॥
अतिविस्तारवदना जिह्वाललनभीषणा ।
निमग्नारक्तनयना नादापूरितदिङ्मुखा ॥८॥
सा वेगेनाभिपतिता घातयन्ती महासुरान् ।
सैन्ये तत्र सुरारीणामभक्षयत तद्बलम् ॥९॥

पदच्छेदः— विचित्र–खट्वाङ्ग–धरा, नरमाला–विभूषणा, द्वीपि–चर्म–परिधाना, शुष्कमांसा, अतिभैरवा, अतिविस्तार–वदना जिह्वाललन–भीषणा, निमग्ना–रक्तनयना, नाद–आपूरित–दिङ्मुखा, सा, वेगेन–अभिपतिता, घातयन्ती, महासुरान्, सैन्ये, तत्र, सुरारीणाम्, अभक्षयत, तद्बलम् ।

अन्वयः— विचित्र–खट्वाङ्ग–धरा, नरमाला–विभूषणा, द्वीपि–चर्म–परिधाना, शुष्कमांसा, अतिभैरवा, अतिविस्तार–वदना जिह्वाललन–भीषणा,निमग्ना–रक्तनयना, नाद–आपूरित–दिङ्मुखा, महासुरान्, घातयन्ती, सा, तत्र, सैन्ये, वेगेन–अभिपतिता, सुरारीणाम्, तद्बलम्, अभक्षयत ।

अर्थ— विचित्र खट्वाङ्ग लिएकी, मान्छेको टाउकाहरूको माला लगाएकी, चितुवाका छालाको सारी लगाएकी, शरीरको छाला सुकेर खाली हड्डी मात्र बाँकी रहनाले अत्यन्त भयङ्कर भएकी, जिब्रो लपलपाइरहेकी, भित्र भासिएका राताराता आँखा भएकी, आफ्नो डरलाग्दो गर्जनाले दशै दिशालाई घन्काइरहेकी, ठूला ठूला दैत्यहरूलाई वध गर्ने भएकी ती कालिका देवी ठूलो वेगले ती दैत्य सेनामाथि जाइलागिन् र तिनीहरूलाई खान थालिन् ।

पार्ष्णिग्राहाङ्कुशग्राहियोधघण्टासमन्वितान् ।
समादायैकहस्तेन मुखे चिक्षेप वारणान् ॥१०॥

पदच्छेदः— पार्ष्णिग्राहान्, अङ्कुशग्राहि-योधघण्टा-समन्वितान्, समादाय, एक-हस्तेन, मुखे, चिक्षेप, वारणान् ।

अन्वयः— (सा) पार्ष्णिग्राहान्, अङ्कुशग्राहि-योधघण्टा-समन्वितान्, वारणान्, एक-हस्तेन, समादाय, मुखे, चिक्षेप ।

अर्थ— ती कालीले पार्श्वरक्षक, अङ्कुशधारी, माहुतेहरू, योद्धाहरू र घण्टासहित भएका कैयौं हात्तीलाई एकै हातले समातेर मुखमा हालिदिन्थिन् ।

तथैव योधं तुरगैरथं सारथिना सह ।
निक्षिप्य वक्त्रे दशनैश्चर्वयन्त्यतिभैरवम् ॥११॥

पदच्छेदः— तथा-एव, योधं, तुरगैः, रथं, सारथिना, सह, निक्षिप्य, वक्त्रे, दशनैः, चर्वयन्ति, अतिभैरवम् ।

अन्वयः— तथा-एव, तुरगैः, रथं, सारथिना, सह, योधं, वक्त्रे, निक्षिप्य, दशनैः, अतिभैरवं, चर्वयन्ति ।

अर्थ— त्यसरी नै घोडाहरू, रथ र सारथिले सहित रथी सैनिकहरूलाई मुखमा हालेर अति डरलाग्दो गरी चबाउँछिन् ।

एकं जग्राह केशेषु ग्रीवायामथ चापरम् ।
पादेनाक्रम्य चैवान्यमुरसान्यमपोथयत् ॥१२॥
तैर्मुक्तानि च शस्त्राणि महास्त्राणि तथासुरैः ।
मुखेन जग्राह रुषा दशनैर्मथितान्यपि ॥१३॥

पदच्छेदः— एकं, जग्राह, केशेषु, ग्रीवायाम्, अथ, च, अपरं, पादेन, आक्रम्य, च, एव, अन्यम्, उरसा, अन्यम्, अपोथयत्, तैः, मुक्तानि, च, शस्त्राणि, महास्त्राणि, तथा, असुरैः, मुखेन, जग्राह, रुषा, दशनैः, मथितानि, अपि ।

अन्वयः— एकं, केशेषु, जग्राह, अथ, अपरं, ग्रीवायाम्, अन्यम्, च, पादेन, आक्रम्य, अन्यम्, उरसा, एव, अपोथयत्, तैः, असुरैः, मुक्तानि, शस्त्राणि, महास्त्राणि, च, रुषा, मुखेन, जग्राह, तथा, दशनैः, मथितानि, अपि ।

अर्थ— उनले कसैको केशमा पक्रेर, कसैलाई घोक्रोमा अँठ्याएर, कसैलाई लात्तीले भकुरेर त कसैलाई छातीले धक्का दिएर मारिन् । ती असुरले हानेका शस्त्रास्त्रलाई उनी रिसले मुखमा हाल्दै दाँतहरूले डरलाग्दो गरी चपाउँथिन् ।

बलिनां तद्बलं सर्वमसुराणां दुरात्मनाम्।
ममर्दाभक्षयच्चान्यानन्यांश्चाताडयत्तदा ॥१४॥
असिना निहताः केचित्केचित्खट्वाङ्गताडिताः।
जग्मुर्विनाशमसुरा दन्ताग्राभिहतास्तथा ॥१५॥

पदच्छेदः— बलिनां, तत्, बलं, सर्वम्, असुराणां, दुरात्मनां, ममर्द, अभक्षयत्, च, अन्यान्, अन्यान्, च, अताडयत्, तदा, असिना, निहताः, केचित्, केचित्, खट्वाङ्ग–ताडिताः, जग्मुः, विनाशम्, असुराः, दन्ताग्र–अभिहताः, तथा।

अन्वयः— (काल्या) बलिनां, दुरात्मनां, असुराणां, सर्वं, तत्, बलं, ममर्द, अभक्षयत्, तथा, अन्यान्, अताडयत्, केचित्, असिना, निहताः, केचित्, च, खट्वाङ्ग–ताडिताः, तथा, अन्ये, दन्ताग्र–अभिहताः, असुराः विनाशं जग्मुः।

अर्थ— कालीले बलवान् तथा दुरात्मा असुरहरूको सम्पूर्ण त्यो सैन्य बललाई मर्दन गरिन्, खाइन् र कैयौंलाई पिटेरै भगाइन्। कसैलाई तरवारद्वारा घाट पुऱ्याइन्। कोही खट्वाङ्गद्वारा पिटिए। कसैलाई दाँतले चिथोरेर यमलोकमा पुऱ्याइन्।

शरवर्षैर्महाभीमैर्भीमाक्षीं तां महासुरः।
छादयामास चक्रैश्च मुण्डः क्षिप्तैः सहस्रशः ॥१७॥

पदच्छेदः— शरवर्षैः, महाभीमैः, भीमाक्षीं, तां, महासुरः, छादयामास, चक्रैः, च, मुण्डः, क्षिप्तैः, सहस्रशः।

अन्वयः— महासुरः, मुण्डः, महाभीमैः, शरवर्षैः, सहस्रशः, क्षिप्तैः, चक्रैः, च, तां, भीमाक्षीं, छादयामास,

अर्थ— महादैत्य मुण्डले पनि डरलाग्दा वाण वर्षाएर हजारौं पटक चलाएका चक्रले ती डरलाग्दा आँखा भएकी देवीलाई ढाकिदियो।

तानि चक्राण्यनेकानि विशमानानि तन्मुखम्।
बभुर्यथार्कविम्बानि सुबहूनि घनोदरम् ॥१८॥

पदच्छेदः— तानि चक्राणि, अनेकानि, विशमानानि, तत्, मुखं, बभुः, यथा, अर्कविम्बानि, सुबहूनि, घनोदरम्।

अन्वयः— तानि, अनेकानि चक्राणि, तन्मुखं, विशमानानि, यथा, सुबहूनि, अर्कविम्बानि, घनोदरं बभुः।

अर्थ— ती थुप्रै चक्रहरू देवीका मुखमा पस्दा यस्तो लाग्थ्यो कि मानौं धेरै सूर्यमण्डल बादलको पेटमा पस्दैछन्।

ततो जहासातिरुषा भीमं भैरवनादिनी।
काली करालवक्त्रान्तर्दुर्दर्शदशनोज्ज्वला ॥१९॥

पदच्छेदः— ततः, जहास, अतिरुषा, भीमं, भैरव-नादिनी, काली, कराल-वक्त्रान्त, दुर्दर्श-दशन-उज्वला, अतिरुषा।

अन्वयः— ततः, कराल-वक्त्रान्त, दुर्दर्श-दशन-उज्वला, भैरव-नादिनी, काली, अतिरुषा, भीमं, जहास।

अर्थ— तदनन्तर विकराल मुखभित्र कठिनतापूर्वक देख्न सकिने दाँतका प्रभाले अति उज्वल देखिने भएकी, डरलाग्दो गर्जना गर्ने भएकी, काली देवीले ज्यादै रिसले विकट (डरलाग्दो) अट्टहास गरिन्।

उत्थाय च महासिं हं देवी चण्डमधावत।
गृहीत्वा चास्य केशेषु शिरस्तेनासिनाच्छिनत् ॥२०॥

पदच्छेदः— उत्थाय, च, महा-असिं, हं, देवी, चण्डम्, अधावत, गृहीत्वा, च, अस्य, केशेषु, शिरः, तेन, असिना, अच्छिनत्।

अन्वयः— देवी, महा-असिम्, उत्थाय, हं, (इति उच्चार्य), चण्डम्, अधावत, अस्य, केशेषु, गृहीत्वा, तेन, असिना, शिरः, अच्छिनत्।

अर्थ— देवीले धेरै ठूलो तरवार हातमा लिएर "हं" यस्तो उच्चारण गर्दै चण्डतर्फ दौडिन् र उसको केशमा पक्रेर त्यो तरवारले उसको टाउको काटिदिइन्।

अथ मुण्डोऽभ्यधावत्तां दृष्ट्वा चण्डं निपातितम्।
तमप्यपातयद्भूमौ सा खड्गाभिहतं रुषा ॥२१॥

पदच्छेदः— अथ, मुण्डः, अभ्यधावत, तां, दृष्ट्वा, चण्डं, निपातितं, तम्, अपि, अपातयत, भूमौ, सा, खड्ग-अभिहतं, रुषा।

अन्वयः— अथ, चण्डं, निपातितं, दृष्ट्वा, मुण्डः, ताम्, अभ्यधावत, रुषा, सा, ताम्, अपि, खड्गाभिहतं भूमौ, अपातयत्।

अर्थ— यसपछि चण्डलाई मारेको देखेर मुण्ड ती देवीतिर दौडियो। रिसाएर उनले त्यसलाई पनि तरवारले घायल पारेर पृथ्वीमा सुताइदिइन्।

हतशेषं ततः सैन्यं दृष्ट्वा चण्डं निपातितम्।
मुण्डं च सुमहावीर्यं दिशो भेजे भयातुरम् ॥२२॥

पदच्छेदः— हतशेषं, ततः, सैन्यं, दृष्ट्वा, चण्डं, निपातितं, मुण्डं, च, सुमहावीर्यं, दिशः, भेजे, भय-आतुरम्।

अन्वयः— सुमहावीर्यं, चण्डं, मुण्डं, च, निपातितं, दृष्ट्वा, हतशेषं, सैन्यं, भयातुरं, ततः, दिशं भेजे।

अर्थ— अति पराक्रमी चण्ड र मुण्डलाई पनि मारेको देखेर मर्नबाट बचेको बाँकी सेना डरले आत्तिएर त्यहाँबाट चारैतिर भाग्यो।

शिरश्चण्डस्य काली च गृहीत्वा मुण्डमेव च।
प्राह प्रचण्डाट्टहासमिश्रमभ्येत्य चण्डिकाम् ॥२३॥
मया तवात्रोपहृतौ चण्डमुण्डौ महापशू।
युद्धयज्ञे स्वयं शुम्भं निशुम्भं च हनिष्यसि ॥२४॥

पदच्छेदः— शिरः, चण्डस्य, काली, च, गृहीत्वा, मुण्डम्, एव, च, प्राह, प्रचण्ड, अट्टहास-मिश्रम्, अभ्येत्य, चण्डिकां, मया, तव, अत्र, उपहृतौ, चण्डमुण्डौ, महापशू, युद्धयज्ञे, स्वयं, शुम्भं, निशुम्भं, च, हनिष्यसि।

अन्वयः— (ततः) काली, चण्डस्य, मुण्डम्, एव, च, शिरः, गृहीत्वा, चण्डिकाम्, अभ्येत्य, प्रचण्ड-अट्टहास-मिश्रं, प्राह, (देवि !) मया, चण्डमुण्डौ, महापशू, अत्र, उपहृतौ, युद्धयज्ञे, स्वयं, शुम्भं, निशुम्भं, च, हनिष्यसि।

अर्थ— तत्पश्चात् कालीले चण्ड र मुण्डको टाउको लिएर चण्डिकाका नजीक पुगी प्रचण्ड अट्टहास गर्दै भनिन्— हे देवी, मैले चण्डमुण्ड नामका यी दुई महापशुलाई तपाईं समक्ष उपहार ल्याएकी छु। अब युद्धरूपी यज्ञमा तपाईं आफैं शुम्भनिशुम्भलाई पनि मार्नुहुनेछ।

ऋषिरुवाच ॥२५॥
तावानीतौ ततो दृष्ट्वा चण्डमुण्डौ महासुरौ।
उवाच कालीं कल्याणी ललितं चण्डिका वचः ॥२६॥

पदच्छेदः— ऋषिः, उवाच, तौ, आनीतौ, ततः, दृष्ट्वा, चण्डमुण्डौ, महासुरौ, उवाच, कालीं, कल्याणी, ललितं, चण्डिका, वचः।

अन्वयः— ऋषिः, उवाच, ततः, तौ आनीतौ, चण्डमुण्डौ, महासुरौ, दृष्ट्वा, कल्याणी, चण्डिका, कालीम्, ललितं वचः, उवाच।

अर्थ— ऋषिले भन्नुभयो— त्यहाँ ल्याइएका ती चण्डमुण्ड नामका महादैत्यलाई देखेर कल्याणमयी चण्डिकाले कालीलाई मीठो बोलीले भन्नुभयो—

यस्माच्चण्डं च मुण्डं च गृहीत्वात्वमुपागता।
चामुण्डेति ततो लोके ख्याता देवि भविष्यसि ॥२७॥ॐ॥
मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये सप्तमः ॥

पदच्छेदः— यस्मात्, चण्डं, च, मुण्डं, च, गृहीत्वा, त्वम्, उपागता, चामुण्डा, इति, ततः, लोके, ख्याता, देवि, भविष्यसि।

अन्वयः— हे देवि, त्वं, चण्डं, मुण्डं, च, गृहीत्वा, माम्, उपागता, यस्मात्, लोके, चामुण्डा, इति, ततः, ख्याता, भविष्यसि।

अर्थ— हे देवी, तिमी चण्ड र मुण्डलाई लिएर मेरो साम्नु आयौ। यसैले संसारमा चामुण्डा भनेर तिम्रो नाम प्रसिद्ध हुनेछ।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको सातौं अध्याय पूरा भयो।

अथ अष्टमोऽध्यायः

ध्यानम्

ॐ अरुणां करुणातरङ्गिताक्षीं धृतमालाङ्कुशचापहस्ताम्।
अणिमादिभिरावृतां मयूखै- रहमित्येव विभावये भवानीम् ॥

अर्थ— देवीले भन्नुभयो— मैले मेरो विभूतिद्वारा अनेक रूप लिएकी थिएँ। अहिले ती सारा समेटेर म एक्लै युद्धमा खडा छु। तँ पनि दह्रो गरी उभिई।

ऋषिरुवाच ॥९॥

ततः प्रववृते युद्धं देव्याः शुम्भस्य चोभयोः।
पश्यतां सर्वदेवानामसुराणां च दारुणम् ॥१०॥

पदच्छेदः— ऋषिः, उवाच, ततः, प्रववृते, युद्धं, देव्याः, शुम्भस्य, च, उभयोः, पश्यतां, सर्व-देवानाम्, असुराणां, च, दारुणम्।

अन्वयः— ततः, सर्व-देवानाम्, असुराणां, च, पश्यतां, शुम्भस्य, देव्याः, च, उभयोः, दारुणं, युद्धं, प्रववृते।

अर्थ— ऋषिले भन्नुभयो— तत्पश्चात् सारा देवता र असुरहरूले हेर्दाहेर्दै देवी र शुम्भ दुवैको भयङ्कर युद्ध सुरु भयो।

शरवर्षैः शितैः शस्त्रैस्तथास्त्रैश्चैव दारुणैः।
तयोर्युद्धमभूद्भूयः सर्वलोकभयङ्करम् ॥११॥

पदच्छेदः— शरवर्षैः, शितैः, शस्त्रैः, तथा, अस्त्रैः, च, एव, दारुणैः, तयोः, युद्धम्, अभूत्, भूयः, सर्वलोक-भयङ्करम्।

अन्वयः— शरवर्षैः, तथा, शितैः, शस्त्रैः, दारुणैः, अस्त्रैः, च, तयोः, युद्धम्, भूयः, सर्वलोक-भयङ्करम्, एव, अभूत्।

अर्थ— वाण वर्षा र तिखा शस्त्र तथा दारुण अस्त्रका प्रहारले ती दुईको त्यो युद्ध डरलाग्दो नै भयो।

दिव्यान्यस्त्राणि शतशो मुमुचे यान्यथाम्बिका।
बभञ्ज तानि दैत्येन्द्रस्तत्प्रतीघातकर्तृभिः ॥१२॥

पदच्छेदः— दिव्यानि, अस्त्राणि, शतशः, मुमुचे, यानि, अथ, अम्बिका, बभञ्ज, तानि, दैत्येन्द्रः, तत्, प्रतीघात-कर्तृभिः।

अन्वयः— अम्बिका, यानि, शतशः, दिव्यानि, अस्त्राणि, मुमुचे, तानि, दैत्येन्द्रः, तत्-प्रतीघात-कर्तृभिः, बभञ्ज।

अर्थ— त्यसबेला अम्बिकाले जति पनि सयौं दिव्यास्त्रको प्रयोग गरिन् ती सारालाई दैत्यराज शुम्भले तिनको निवारक अस्त्रद्वारा काटिदियो।

मुक्तानि तेन चास्त्राणि दिव्यानि परमेश्वरी।
बभञ्ज लीलयैवोग्रहुङ्कारोच्चारणादिभिः ॥१३॥

पदच्छेदः— मुक्तानि, तेन, च, अस्त्राणि, दिव्यानि, परमेश्वरी, बभञ्ज, लीलया, एव, उग्र-हुङ्कार-उच्चारणादिभिः।

अन्वयः— तेन मुक्तानि, दिव्यानि, अस्त्राणि, च, परमेश्वरी, उग्र-हुङ्कार-उच्चार णादिभिः, लीलया, एव, बभञ्ज।

अर्थ— त्यसरी नै शुम्भले छाडेका दिव्य अस्त्रहरूलाई पनि परमेश्वरी अम्बिकाले भयङ्कर हुङ्कार शब्दका उच्चारण आदिद्वारा ख्यालख्यालमै नष्ट गरिदिइन्।

ततः शरशतैर्देवीमाच्छादयत सोऽसुरः।
सापि तत्कुपिता देवी धनुश्चिच्छेदचेषुभिः ॥१४॥

पदच्छेदः— ततः, शर-शतैः, देवीम्, आच्छादयत, सः, असुरः, सा, अपि, तत्, कुपिता, देवी, धनुः, चिच्छेद, च, इषुभिः।

अन्वयः— ततः, सः, असुरः, शरशतैः, देवीम्, आच्छादयत, तत्, कुपिता, सा, अपि, देवी, इषुभिः, धनुः, चिच्छेद।

अर्थ— तदनन्तर त्यो असुरले सयौं वाणले देवीलाई छोपिदियो। यसबाट रिसाएकी देवीले पनि वाण हानेर उसको धनु काटिदिइन्।

छिन्ने धनुषि दैत्येन्द्रस्तथा शक्तिमथाददे।
चिच्छेद देवी चक्रेण तामप्यस्य करे स्थिताम् ॥१५॥

पदच्छेदः— छिन्ने, धनुषि, दैत्येन्द्रः, तथा, शक्तिम्, अथ, आददे, चिच्छेद, देवी, चक्रेण, ताम्, अपि, अस्य, करे, स्थिताम्।

अन्वयः— धनुषि, छिन्ने, दैत्येन्द्रः, अथ, शक्तिम्, आददे, तथा, देवी, चक्रेण, अस्य, करे, स्थिताम्, ताम्, अपि, चिच्छेद।

अर्थ— धनु छिनेपछि दैत्यराजले हातमा शक्ति के लिएको थियो देवीले त्यसलाई पनि त्यसको हातैमा काटिदिइन्।

ततः खड्गमुपादाय शतचन्द्रं च भानुमत्।
अभ्यधावत्तदा देवीं दैत्यानामधिपेश्वरः ॥१६॥

पदच्छेदः— ततः, खड्गम्, उपादाय, शतचन्द्रं, च, भानुमत्, अभ्यधावत्, तदा, देवीं, दैत्यानाम्, अधिपेश्वरः।

अन्वयः— ततः, दैत्यानाम्, अधिपेश्वरः, भानुमत्, शतचन्द्रं, खड्गम्, च, उपादाय, तदा, देवीम्, अभ्यधावत्।

अर्थ— तत्पश्चात् दैत्याधिपति शुम्भ सूर्यकिरण झैं चम्किलो चर्म (ढाल) र तरवार हातमा लिएर देवीमाथि जाइलाग्यो।

तस्यापतत एवाशु खड्गं चिच्छेद चण्डिका।
धनुर्मुक्तैः शितैर्वाणैश्चर्म चार्ककरामलम्॥१७॥

पदच्छेदः— तस्य, आपतत, एव, आशु, खड्गं, चिच्छेद, चण्डिका, धनुः-मुक्तैः, शितैः, वाणैः, चर्म, च, अर्क-कर-अमलम्।

अन्वयः— तस्य, आपतत, एव, चण्डिका, धनुः-मुक्तैः, शितैः, वाणैः, चर्म, आशु, अर्क-कर-अमलं, खड्गं, च, चिच्छेद।

अर्थ— त्यो आउँदा आउँदै चण्डिकाका धनुबाट छुटेका तीखा वाणले उसको सूर्यकिरण समान उज्वल ढाल र तरवारलाई पनि काटिदिए।

हताश्वः स तदा दैत्यश्छिन्नधन्वा विसारथिः।
जग्राह मुद्गरं घोरमम्बिकानिधनोद्यतः॥१८॥

पदच्छेदः— हत-अश्वः, सः, तदा, दैत्यः, छिन्नधन्वा, विसारथिः, जग्राह, मुद्गरं, घोरम्, अम्बिका-निधन-उद्यतः।

अन्वयः— हत-अश्वः, विसारथिः, छिन्नधन्वा, सः, दैत्यः, तदा, अम्बिका-निधन-उद्यतः, घोरं, मुद्गरं, जग्राह।

अर्थ— घोडा र सारथि मारिएको र धनु पनि काटिएको त्यो दैत्यले तब अम्बिकालाई मार्न भनी डरलाग्दो मुङ्ग्रो हातमा लियो।

चिच्छेदापततस्तस्य मुद्गरं निशितै शरैः।
तथापि सोऽभ्यधावत्तां मुष्टिमुद्यम्य वेगवान्॥१९॥

पदच्छेदः— चिच्छेद, आपततः, तस्य, मुद्गरं, निशितैः, शरैः, तथापि, सः, अभ्यधावत, तां, मुष्टिम्, उद्यम्य, वेगवान्।

अन्वयः— तस्य, आपततः, (देवी) निशितैः, शरैः, मुद्गरं, चिच्छेद, तथापि, सः, मुष्टिम्, उद्यम्य, वेगवान्, ताम्, अभ्यधावत्।

अर्थ— त्यो त्यसरी आउन लागेको देखेर देवीले तीखा वाणले उसको मुङ्ग्रो काटिदिइन् तापनि त्यो असुर मुड्की उजाएर वेगले देवीतिर दौडियो।

स मुष्टिं पातयामास हृदये दैत्यपुङ्गवः ।
देव्यास्तं चापि सा देवी तलेनोरस्यताडयत् ॥२०॥

पदच्छेदः— सः, मुष्टिं, पातयामास, हृदये, दैत्यपुङ्गवः, देव्याः, तं, च, अपि, सा, देवी, तलेन, उरसि, अताडयत्।

अन्वयः— (यदा) सः, दैत्यपुङ्गवः, देव्याः, हृदये, मुष्टिं, पातयामास, (तदा) सा, देवी, चापि, तं, तलेन, उरसि, अताडयत्।

अर्थ— जब त्यो दैत्यले देवीका छातीमा मुड्की बजाऱ्यो तब देवीले पनि उसका छातीमा लात्तले हानिन्।

तलप्रहाराभिहतो निपपात महीतले।
स दैत्यराजः सहसा पुनरेव तथोत्थितः ॥२१॥
उत्पत्य च प्रगृह्योच्चैर्देवीं गगनमास्थितः ।
तत्रापि सा निराधारा युयुधे तेन चण्डिका ॥२२॥

पदच्छेदः— तल-प्रहार-अभिहतः, निपपात, महीतले, सः, दैत्यराजः, सहसा, पुनः, एव, तथा, उत्थितः, उत्पत्य, च, प्रगृह्य, उच्चैः, देवीं, गगनम्, आस्थितः, तत्रापि, सा, निराधारा, युयुधे, तेन, चण्डिका।

अन्वयः— तल-प्रहार-अभिहतः, सः, दैत्यराजः, महीतले, निपपात, तथा, पुनः, एव, सहसा, उत्थितः, उत्पत्य, च, देवीम्, उच्चैः, प्रगृह्य, गगनम्, आस्थितः, तत्रापि, निराधारा, सा, चण्डिका, तेन (सह) युयुधे।

अर्थ— देवीका लात्तीले त्यो दैत्य भुइँमा पछारियो! तर तत्काल जुरुक्कै उठेर देवीलाई माथि लग्यो र आकाशमा बस्यो। त्यो निराधार आकाशमै देवीले त्यो सित युद्ध गरिन्।

नियुद्धं खे तदा दैत्यश्चण्डिका च परस्परम्।
चक्रतुः प्रथमं सिद्धमुनिविस्मयकारकम् ॥२३॥

पदच्छेदः— नियुद्धं, खे, तदा, दैत्यः, चण्डिका, च, परस्परं, चक्रतुः, प्रथमं, सिद्ध-मुनि-विस्मय-कारकम्।

अन्वयः— तदा, दैत्यः, चण्डिका, च, खे, परस्परं, नियुद्धं, अभूत, (तयोः, युद्धं) प्रथमं, सिद्ध-मुनि-विस्मय-कारकं, चक्रतुः।

अर्थ— त्यतिबेला दैत्य र चण्डिका आकाशमा परस्पर लडाइँ गर्न लागे। यो यस्तो युद्ध थियो जसले सिद्ध र मुनिहरू पनि पहिलो पल्ट विस्मित भए।

ततो नियुद्धं सुचिरं कृत्वा तेनाम्बिका सह।
उत्पात्य भ्रामयामास चिक्षेप धरणीतले ॥२४॥

पदच्छेदः— ततः, नियुद्धं, सुचिरं, कृत्वा, तेन, अम्बिका, सह, उत्पात्य, भ्रामयामास, चिक्षेप, धरणी–तले।

अन्वयः— ततः, अम्बिका, तेन, सह, सुचिरं, नियुद्धं, कृत्वा, उत्पात्य, भ्रामयामास, धरणी–तले, चिक्षेप।

अर्थ— तदनन्तर अम्बिकाले त्योसित धेरै बेर युद्ध गरिसकेपछि उसलाई उठाएर घुमाउँदै जमीनमा फ्याँकिदिइन्।

स क्षिप्तो धरणीं प्राप्य मुष्टिमुद्यम्य वेगितः[1]। (वेगवान्)।
अभ्यधावत दुष्टात्मा चण्डिकानिधनेच्छया ॥२५॥

पदच्छेदः— सः, क्षिप्तः, धरणीं, प्राप्य, मुष्टिम्, उद्यम्य, वेगितः, अभ्यधावत, दुष्टात्मा, चण्डिका–निधन–इच्छया।

अन्वयः— क्षिप्तः, धरणीं, प्राप्य, सः, दुष्यत्मा, चण्डिका–निधन–इच्छया, मुष्टिम्, उद्यम्य, वेगितः, (तां प्रति) अभ्यधावत।

अर्थ— फ्याँकिएर भुइँमा पुगेको त्यो दुष्ट दैत्य फेरि चण्डिकालाई मार्ने मनले मुड्की उजाएर वेगले उनीतिर दौडियो।

तमायान्तं ततो देवी सर्वदैत्यजनेश्वरम्।
जगत्यां पातयामास भित्वा शूलेन वक्षसि ॥२६॥

पदच्छेदः— तम्, आयान्तं, ततः, देवी, सर्व–दैत्यजन–ईश्वरं, जगत्यां, पातयामास, भित्वा, शूलेन, वक्षसि।

अन्वयः— ततः, सर्व–दैत्यजन–ईश्वरं, तम्, आयान्तं, (दृष्ट्वा) देवी, शूलेन, वक्षसि, भित्वा, जगत्यां, पातयामास।

अर्थ— त्यसपछि सारा दैत्यको राजा त्यो शुम्भलाई आफूतिर आउन लागेको देखेर देवीले त्रिशूलले त्यसको छाती छेडेर पृथ्वीमा गिराइन्।

स गतासुः पपातोर्व्यां देवीशूलाग्रविक्षतः।
चालयन् सकलां पृथ्वीं साब्धिद्वीपां सपर्वताम् ॥२७॥
ततः प्रसन्नमखिलं हते तस्मिन् दुरात्मनि।
जगत्स्वास्थ्यमतीवाप निर्मलं चाभवन्नभः ॥२८॥

---

[1] पा.भे.- वेगवान्

पदच्छेदः— सः, गत-असुः, पपात, उर्व्यां, देवी-शूल-अग्र-विक्षतः, चालयन्, सकलां, पृथ्वीं, स-अब्धि-द्वीपां, सपर्वतां, ततः, प्रसन्नम्, अखिलं, हते, तस्मिन्, दुरात्मनि, जगत्, स्वास्थ्यम्, अतीव, आप, निर्मलं, च, अभवत्, नभः।

अन्वयः— देवी-शूल-अग्र-विक्षतः, सः, गत-असुः, स-अब्धि-द्वीपां, सपर्वतां, सकलां, पृथ्वीं, च, चालयन्, उर्व्यां, पपात, ततः, तस्मिन्, दुरात्मनि, हते, अखिलं, जगत्, प्रसन्नं, अतीव, स्वास्थ्यम्, आप, नभः, च, निर्मलम्, अभवत्।

अर्थ— देवीका त्रिशूलले घाइते भएको त्यसको प्राणपखेरू उड्यो। समुद्र, पृथ्वी, द्वीपहरू र सारा पर्वतलाई थर्काउँदै ऊ पृथ्वीमा लड्यो। त्यो दुरात्मा मारिएपछि सारा जगत् खुसी र स्वस्थ भयो। आकाश पनि स्वच्छ देखिन थाल्यो।

उत्पातमेघाः सोल्का ये प्रागासंस्ते शमं ययुः।
सरितो मार्गवाहिन्यस्तथाऽऽसंस्तत्र पातिते॥२९॥

पदच्छेदः— उत्पातमेघाः, स-उल्का, ये, प्राक्, आसन्, ते, शमं, ययुः, सरितः, मार्गवाहिन्यः, तथा, आसन्, तत्र, पातिते।

अन्वयः— प्राक्, ये, उत्पातमेघाः, स-उल्का, आसन्, ते, शमं, ययुः, तथा, तत्र, पातिते, सरितः, मार्गवाहिन्यः, आसन्।

अर्थ— पहिले जति पनि उत्पातसूचक मेघ र उल्कापात हुन्थे ती सबै शान्त भए। त्यस्तै त्यसलाई मारेपछि नदीहरू पनि आफ्नो बाटोमा बग्न थाले।

ततो देवगणाः सर्वे हर्षनिर्भरमानसाः।
बभूवुर्निहते तस्मिन् गन्धर्वा ललितं जगुः॥३०॥

पदच्छेदः— ततः, देवगणाः, सर्वे, हर्ष-निर्भर-मानसाः, बभूवुः, निहते, तस्मिन्, गन्धर्वाः, ललितं, जगुः।

अन्वयः— ततः, तस्मिन्, निहते, सर्वे, देवगणाः, हर्ष-निर्भर-मानसाः, बभूवुः, गन्धर्वाः, ललितं, जगुः।

अर्थ— तब शुम्भ मारिएपछि सबै देवगण हर्षले गदगद भए भने गन्धर्वहरू मीठो गान गर्न लागे।

अवादयंस्तथैवान्ये ननृतुश्चाप्सरो गणाः।
ववुः पुण्यास्तथा वाताः सुप्रभोऽभूद्दिवाकरः॥३१॥
जज्वलुश्चाग्नयः शान्ताः शान्ता दिग्जनितस्वनाः॥३२॥ॐ॥

मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये दशमः॥

पदच्छेदः— अवादयन्, तथा, एव, अन्ये ननृतुः, च, अप्सरोगणाः, ववुः, पुण्याः, तथा, वाताः, सुप्रभः, अभूत्, दिवाकरः, जज्वलुः, च, अग्नयः, शान्ताः, शान्ताः, दिग्जनित-स्वनाः।

अन्वयः— तथा, एव, अन्ये (गन्धर्वाः) अवादयन्, अप्सरोगणाः, च, ननृतुः, तथा, पुण्याः, वाताः ववुः, दिवाकरः, सुप्रभः, अभूत्, अग्नयः, शान्ताः, जज्वलुः, दिग्जनित-स्वनाः, च, शान्ताः (बभूवुः)।

अर्थ— त्यस्तै अरू गन्धर्व बाजा बजाउन लागे। अप्सराहरू नाच्न थाले। पवित्र हावा चल्न थाल्यो। सूर्यको कान्ति पनि उज्यालो भयो। अग्निशालाको निभ्न लागेको आगो पनि आफैं बल्न थाल्यो। सारा दिशाबाट आउने गरेको डरलाग्दो आवाज पनि शान्त भयो।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको दशौं अध्याय पूरा भयो।

अथ एकादशोऽध्यायः

ध्यानम्

ॐ बालरविद्युतिमिन्दुकिरीटां तुङ्गकुचां नयनत्रययुक्ताम्।
स्मेरमुखीं वरदाङ्कुशपाशा- भीतिकरां प्रभजे भुवनेशीम्॥

पदच्छेदः— बाल–रवि–द्युतिम्, इन्दु–किरीटां, तुङ्ग–कुचां, नयन–त्रय–युक्तां, स्मेरमुखीं, वरद–अङ्कुश–पाश–अभीति–करां, प्रभजे, भुवनेशीम्।

अन्वयः— बाल–रवि–द्युतिम्, इन्दु–किरीटां, तुङ्ग–कुचां, नयन–त्रय–युक्तां, स्मेरमुखीं, वरद–अङ्कुश–पाश–अभीति–करां, भुवनेशीम्, (अहं) प्रभजे।

अर्थ— बिहानको कलिलो घामको जस्तो कान्ति भएकी, चन्द्रमाको मुकुट धारण गरेकी, अग्ला स्तन भएकी, तीन आँखा भएकी मन्द मुस्कान गर्ने, हातमा वरद, अङ्कुश, पाश र अभयमुद्रा धारण गरेकी भुवनेश्वरी देवीको म ध्यान गर्दछु।

ॐ ऋषिरुवाच ॥१॥

देव्या हते तत्र महासुरेन्द्रे सेन्द्राः सुरा वह्निपुरोगमास्ताम्॥
कात्यायनीं तुष्टुवुरिष्टलाभाद् विकाशिवक्त्राब्जविकाशिताशाः ॥२॥

पदच्छेदः— ऋषिः, उवाच, देव्या, हते, तत्र, महासुरेन्द्रे, सेन्द्राः सुराः, वह्नि–पुरोगमाः, तां, कात्यायनीं, तुष्टुवुः, इष्ट–लाभात्, विकाशिवक्त्र, अब्जविकाशिताः, आशाः ॥२॥

अन्वयः— ऋषिः, उवाच, देव्या, तत्र, महासुरेन्द्रे, हते, इष्ट–लाभात्, विकाशिवक्त्र, अब्जविकाशिता–आशाः (सन्तः) वह्नि–पुरोगमाः, सेन्द्राः, सुराः, तां, कात्यायनीं, तुष्टुवुः,

अर्थ— ऋषिले भन्नुभयो— देवीले त्यहाँ महादैत्याधिपति शुम्भलाई मारेपछि अभीष्ट सिद्धि भएकोले मुखकमल प्रज्वलित भएका र आफ्ना प्रकाशले दिशाहरूलाई उज्यालो पार्ने अग्निप्रमुख भएका इन्द्रादि देवताहरूले ती कात्यायनी देवीको स्तुति गरे।

देवि प्रपन्नार्तिहरे प्रसीद प्रसीद मातर्जगतोऽखिलस्य॥
प्रसीद विश्वेश्वरि पाहि विश्वं त्वमीश्वरी देवि चराचरस्य ॥३॥

पदच्छेदः— देवि, प्रपन्न–आर्ति–हरे, प्रसीद, प्रसीद, मातः, जगतः, अखिलस्य, प्रसीद, विश्वेश्वरि, पाहि, विश्वं, त्वम्, ईश्वरी, देवि, चराचरस्य।

अन्वयः— प्रपन्न–आर्ति–हरे, देवि, प्रसीद, अखिलस्य, जगतः, मातः, प्रसीद, विश्वेश्वरि, प्रसीद, विश्वं, च, पाहि, देवि, त्वं, चराचरस्य, ईश्वरी, (असि)

अर्थ— देवताहरूले भने— शरणागतको पीडालाई नाश गर्ने भएकी हे देवी, हामीदेखि प्रसन्न हुनुहोस्। हे सम्पूर्ण जगत्की माता, तपाईं प्रसन्न हुनुहोस्। हे विश्वेश्वरी, तपाईं प्रसन्न हुनुहोस्। तपाईं विश्वको रक्षा गर्नुहोस्। हे देवी, तपाईं नै यो चराचर जगत्की अधीश्वरी हुनुहुन्छ। ।

आधारभूता जगतस्त्वमेका महीस्वरूपेण यतः स्थितासि।
अपां स्वरूपस्थितया त्वयैत- दाप्यायते कृत्स्नमलङ्घ्यवीर्ये ॥४॥

पदच्छेदः— आधारभूता, जगतः, त्वम्, एका, मही–स्वरूपेण, यतः, स्थिता, असि, अपां, स्वरूप–स्थितया, त्वया, एतत्, आप्यायते, कृत्स्नम्, अलङ्घ्यवीर्ये।

अन्वयः— त्वं, जगतः, एका, आधारभूता, यतः, महीस्वरूपेण, स्थिता, असि, अलङ्घ्यवीर्ये, अपांस्वरूप–स्थितया, त्वया, एतत्, कृत्स्नम्, आप्यायते।

अर्थ— हे देवी, तपाईं यो जगत्की एकमात्र आधार हुनुहुन्छ। किनभने पृथ्वीरूपमा तपाईं नै रहनुहुन्छ। कसैले जित्न नसकिने वीर्य र पराक्रम भएकी हे देवी, पानीरूपमा रहेर तपाईंले नै यो सारा जगत्लाई तृप्त गराइराख्नुभएको छ।

त्वं वैष्णवी शक्तिरनन्तवीर्या विश्वस्य बीजं परमासि माया॥
सम्मोहितं येन[1] समस्तमेतत् त्वं वै प्रसन्ना भुवि मुक्तिहेतुः ॥५॥

पदच्छेदः— त्वं, वैष्णवी, शक्तिः, अनन्तवीर्या, विश्वस्य, बीजं, परमा, असि, माया, सम्मोहितं, येन, समस्तम्, एतत्, त्वं, वै, प्रसन्ना, भुवि, मुक्ति–हेतुः।

अन्वयः— त्वं, अनन्तवीर्या, वैष्णवी, शक्तिः, (अस्य) विश्वस्य, बीजं, परमा, माया, असि, येन, (बीजेन) एतत्, समस्तम्, (जगत्) सम्मोहितं, त्वं, प्रसन्ना, वै, भुवि, मुक्ति–हेतुः।

अर्थ— हे देवी, तपाईं अनन्त बलसम्पन्ना वैष्णवी शक्ति हुनुहुन्छ। तपाईं यो विश्वको बीज र कारणभूत माया पनि तपाईं नै हुनुहुन्छ। जुन मायारूप बीजले यो समस्त संसारलाई मोहित गराइराखेको छ। प्रसन्न भएकी तपाईं नै यो संसारमा मुक्तिकी कारण हुनुहुन्छ।

---

[1]पा.भे.–देवि

विद्याः समस्तास्तव देवि भेदाः स्त्रियः समस्ताः सकला जगत्सु ।
त्वयैकया पूरितमम्बयैतत् का ते स्तुतिः स्तव्यपरापरोक्तिः ॥६॥

पदच्छेदः— विद्याः, समस्ताः, तव, देवि, भेदाः, स्त्रियः, समस्ताः, सकलाः, जगत्सु , त्वया, एकया, पूरितम्, अम्बया,, एतत्, का, ते, स्तुतिः, स्तव्यपरा, परा, उक्तिः । (स्तव्यपरा अपरा उक्तिः)

अन्वयः— देवि, समस्ताः, विद्याः, तव, भेदाः, जगत्सु, सकलाः, स्त्रियः, (तव) समस्ताः, त्वया, एकया, अम्बया, एतत्, पूरितम्, ते, स्तुतिः, का, स्तव्यपरा, परा, उक्तिः । (स्तव्यपरा अपरा उक्तिः)

अर्थ— हे देवी, सबै विद्या तपाईंका नै भिन्नभिन्न रूप हुन् । जगत्का सबै स्त्रीहरू तपाईंकै मूर्ति हुन् । हे अम्बिके, तपाईं एक्लैले यो संसारलाई ढाक्नुभएको छ । तपाईंको कसरी स्तुति हुन सक्ला ? तपाईं त स्तुति गर्न योग्य पदार्थ भन्दा पनि पर र परा वाणी हुनुहुन्छ । (हे अम्बिके, तपाईं एक्लैले यो संसारलाई ढाक्नुभएको छ भन्नु भन्दा ठूलो उक्ति भएको अर्को स्तुति के हुन सक्छ ?)

सर्वभूता यदा देवि स्वर्गमुक्तिप्रदायिनी ।
त्वं स्तुता स्तुतये का वा भवन्तु परमोक्तयः ॥७॥

पदच्छेदः— सर्वभूता, यदा, देवि, स्वर्ग-मुक्ति-प्रदायिनी, त्वं, स्तुता, स्तुतये, का, वा, भवन्तु, परमा-उक्तयः ।

अन्वयः— हे देवि, यदा, त्वं, सर्वभूता, स्वर्ग-मुक्ति-प्रदायिनी, तव, स्तुतये, परमोक्तयः, का, वा भवन्तु ।

अर्थ— हे देवी, तपाईं सर्वस्वरूपा एवं स्वर्ग र मोक्ष प्रदान गर्नुहुन्छ भन्नु नै सबभन्दा ठूलो स्तुति हो । यहाँभन्दा राम्रो भनाइ भएको अर्को स्तुति के हुन सक्ला र ?

सर्वस्य बुद्धिरूपेण जनस्य हृदि संस्थिते ।
स्वर्गापवर्गदे देवि नारायणि नमोऽस्तु ते ॥८॥

पदच्छेदः— सर्वस्य, बुद्धिरूपेण, जनस्य, हृदि, संस्थिते, स्वर्ग-अपवर्गदे, देवि, नारायणि, नमः, अस्तु, ते ।

अन्वयः— बुद्धिरूपेण, सर्वस्य, जनस्य, हृदि, संस्थिते, स्वर्ग-अपवर्गदे, नारायणि, देवि, ते नमः, अस्तु ।

अर्थ— सारा मानिसका हृयमा बुद्धिरूपले रहनुभएकी, स्वर्ग र मोक्ष दुवै दिने हे नारायणी देवी तपाईंलाई नमस्कार छ ।

कलाकाष्ठादिरूपेण परिणामप्रदायिनी।
विश्वस्योपरतौ शक्ते नारायणि नमोऽस्तु ते ॥९॥

पदच्छेदः— कला-काष्ठा-आदि-रूपेण, परिणाम-प्रदायिनी, विश्वस्य, उपरतौ, शक्ते, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— कला-काष्ठा-आदि-रूपेण, परिणाम-प्रदायिनी, विश्वस्य, उपरतौ, शक्ते, नारायणि, ते नमः, अस्तु।

अर्थ— कला, काष्ठा आदिका रूपमा क्रमशः परिणामतिर लिएर जाने भएकी, तथा विश्वको उपकार गर्न समर्थ भएकी हे नारायणी, तपाईंलाई नमस्कार छ।

सर्वमङ्गलमाङ्गल्ये शिवे सर्वार्थसाधिके।
शरण्ये त्र्यम्बके गौरि नारायणि नमोऽस्तु ते ॥१०॥

पदच्छेदः— सर्वमङ्गल-माङ्गल्ये, शिवे, सर्वार्थ-साधिके, शरण्ये, त्र्यम्बके, गौरि, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— हे नारायणि (त्व) सर्वमङ्गल-माङ्गल्ये, सर्वार्थ-साधिके, शिवे, शरण्ये, त्र्यम्बके, गौरि, नारायणि, ते, नमः, अस्तु।

अर्थ— हे नारायणी, तपाईं सबै प्रकारको मङ्गल गर्ने मङ्गलमयी हुनुहुन्छ। सम्पूर्ण पुरुषार्थ सिद्ध गर्ने शिवा हुनुहुन्छ। शरण पर्न योग्य एवं त्रिनेत्रा हे गौरी, तपाईंलाई नमस्कार छ।

सृष्टिस्थितिविनाशानां शक्तिभूते सनातनी।
गुणाश्रये गुणमये नारायणी नमोऽस्तु ते ॥११॥

पदच्छेदः— सृष्टि-स्थिति-विनाशानां, शक्तिभूते, सनातनी, गुण-आश्रये, गुण-मये, नारायणि नमः, अस्तु, ते।

अन्वयः— नारायणि, (त्व) सृष्टि-स्थिति-विनाशानां, शक्तिभूते, सनातनी, गुण-आश्रये, गुण-मये, नारायणि, ते, नमः, अस्तु।

अर्थ— हे नारायणी, तपाईं सृष्टि, स्थिति र संहार गर्ने शक्तिभूता, सनातनी, गुणहरूकी आधार तथा सर्वगुणमयी हुनुहुन्छ। यस्ती तपाईंलाई नमस्कार छ।

शरणागतदीनार्तपरित्राणपरायणे।
सर्वस्यार्तिहरे देवि नारायणि नमोऽस्तु ते ॥१२॥

पदच्छेदः— शरण-आगत-दीन-आर्त-परित्राण-परायणे, सर्वस्य, आर्तिहरे, देवि, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— शरण-आगत-दीन-आर्त-परित्राण-परायणे, सर्वस्य, आर्तिहरे, नारायणि, देवि, ते नमः, अस्तु।

अर्थ— शरणमा आएका दुःखीहरूको रक्षा गर्न सदा तत्पर रहने भएकी र सबैको कष्टलाई हरण गर्ने हे नारायणी देवी, तपाईंलाई नमस्कार छ।

हंसयुक्तविमानस्थे ब्रह्माणीरूपधारिणी।
कौशाम्भक्षरिके देवि नारायणि नमोऽस्तु ते ॥१३॥

पदच्छेदः— हंस-युक्त-विमान-स्थे, ब्रह्माणी-रूप-धारिणी, कौशाम्भः, क्षरिके, देवि, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— हे नारायणि, ब्रह्माणी-रूप-धारिणी, हंस-युक्त-विमान-स्थे, कौशाम्भः, क्षरिके, देवि, ते, नमः, अस्तु।

अर्थ— हे नारायणी, तपाईं ब्रह्माणीको रूप लिएर हाँसले युक्त विमानमा बसेर कुशमिश्रित जल छर्कने भएकी हे देवी तपाईंलाई नमस्कार छ।

त्रिशूलचन्द्राहिधरे महावृषभवाहिनी।
माहेश्वरीस्वरूपेण नारायणि नमोऽस्तु ते ॥१४॥

पदच्छेदः— त्रिशूल-चन्द्र-अहि-धरे महावृषभ-वाहिनी, माहेश्वरी-स्वरूपेण, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— माहेश्वरी-स्वरूपेण, त्रिशूल-चन्द्र-अहि-धरे महावृषभ-वाहिनी, नारायणि, ते, नमः, अस्तु।

अर्थ— माहेश्वरीको रूप लिएर त्रिशूल, चन्द्रमा र सर्पलाई धारण गर्ने भएकी हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

मयूरकुक्कुटवृते महाशक्तिधरेऽनघे।
कौमारीरूपसंस्थाने नारायणि नमोऽस्तु ते ॥१५॥

पदच्छेदः— मयूर-कुक्कुट-वृते, महाशक्ति-धरे, अनघे कौमारी-रूप-संस्थाने नारायणि, नमः, अस्तु, ते।

अन्वयः— मयूर-कुक्कुट-वृते, महाशक्ति-धरे, कौमारी-रूप-संस्थाने, अनघे, नारायणि, ते, नमः, अस्तु।

अर्थ— मयूर र कुखुराहरूले घेरिएकी तथा महाशक्ति धारण गर्ने भएकी, कौमारी रूप लिने निष्पाप हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

शङ्खचक्रगदाशार्ङ्गगृहीतपरमायुधे।
प्रसीद वैष्णवीरूपे नारायणि नमोऽस्तु ते ॥१६॥

पदच्छेदः— शङ्ख-चक्र-गदा-शार्ङ्ग-गृहीत-परमायुधे, प्रसीद, वैष्णवीरूपे, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— शङ्ख-चक्र-गदा-शार्ङ्ग-गृहीत-परमायुधे, वैष्णवीरूपे, नारायणि, प्रसीद, ते, नमः, अस्तु।

अर्थ— शङ्ख, चक्र, गदा र शार्ङ्ग धनुरूप उत्तम हतियार धारण गर्नेभएकी वैष्णवी शक्तिरूपा हे नारायणी, तपाईं प्रसन्न हुनुहोस्, तपाईंलाई नमस्कार छ।

गृहीतोग्रमहाचक्रे दंष्ट्रोद्धृतवसुन्धरे।
वराहरूपिणी शिवे नारायणि नमोऽस्तु ते ॥१७॥

पदच्छेदः— गृहीत-उग्र-महाचक्रे, दंष्ट्रा-उद्धृत-वसुन्धरे, वराह-रूपिणी, शिवे, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— गृहीत-उग्र-महाचक्रे, दंष्ट्रा-उद्धृत-वसुन्धरे, वराह-रूपिणी, शिवे, नारायणि, ते, नमः, अस्तु।

अर्थ— हातमा भयानक महाचक्र धारण गर्ने भएकी, दाह्रामा पृथ्वीलाई अड्याउने भएकी वाराही रूपधारिणी कल्याणमयी हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

नृसिंहरूपेणोग्रेण हन्तुं दैत्यान् कृतोद्यमे।
त्रैलोक्यत्राणसहिते नारायणि नमोऽस्तु ते ॥१८॥

पदच्छेदः— नृसिंह-रूपेण, उग्रेण, हन्तुं, दैत्यान्, कृत-उद्यमे, त्रैलोक्य-त्राण-सहिते नारायणि, नमः, अस्तु, ते।

अन्वयः— उग्रेण, नृसिंह-रूपेण, दैत्यान्, हन्तुं, कृत-उद्यमे, त्रैलोक्य-त्राण-सहिते नारायणि, ते, नमः, अस्तु।

अर्थ— भयङ्कर नृसिंहरूपले दैत्यलाई मार्न तत्पर रहने भएकी तीनै लोकको रक्षा गर्न सदा संलग्न रहने हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

किरीटिनी महावज्रे सहस्रनयनोज्ज्वले।
वृत्रप्राणहरे चैन्द्रि नारायणि नमोऽस्तु ते ॥१९॥

पदच्छेदः— किरीटिनी, महावज्रे, सहस्र-नयन-उज्ज्वले, वृत्र-प्राण-हरे, च, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— किरीटिनी, महावज्रे, सहस्र-नयन-उज्वले, वृत्र-प्राण-हरे, च, ऐन्द्री, नारायणि, ते, नमः, अस्तु।

अर्थ— शिरमा किरीट धारण गर्ने अनि हातमा वज्र लिने भएकी, हजार आँखाले गर्दा अति उज्यालो रूप भएकी वृत्रासुर नामक दानवको प्राणलाई हरण गर्ने भएकी हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

शिवदूतीस्वरूपेण हतदैत्यमहाबले।
घोररूपे महारावे नारायणि नमोऽस्तु ते ॥२०॥

पदच्छेदः— शिवदूती-स्वरूपेण, हत-दैत्य-महाबले, घोररूपे, महारावे, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— शिवदूती-स्वरूपेण, हत-दैत्य-महाबले, घोररूपे, महारावे, नारायणि, ते नमः, अस्तु।

अर्थ— शिवदूतीको स्वरूप लिएर दैत्यको विशाल सेनाको विनाश गर्ने भएकी, डरलाग्दो रूपको धारण र विकट गर्जना गर्ने हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

दंष्ट्राकरालवदने शिरोमालाविभूषणे।
चामुण्डे मुण्डमथने नारायणि नमोऽस्तु ते ॥२१॥

पदच्छेदः— दंष्ट्रा-कराल-वदने शिरोमाला-विभूषणे, चामुण्डे, मुण्ड-मथने, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— दंष्ट्रा-कराल-वदने शिरोमाला-विभूषणे, मुण्ड-मथने, चामुण्डे, नारायणि, ते, नमः, अस्तु।

अर्थ— दाह्राको कारणले डरलाग्दो मुख भएकी, मुण्डमालाले विभूषिता, मुण्डमर्दिनी हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

लक्ष्मि लज्जे महाविद्ये श्रद्धे पुष्टि स्वधे ध्रुवे।
महारात्रि महाऽविद्ये नारायणि नमोऽस्तु ते ॥२२॥

पदच्छेदः— लक्ष्मि, लज्जे, महाविद्ये, श्रद्धे, पुष्टि, स्वधे, ध्रुवे, महारात्रि, महा-अविद्ये, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— लक्ष्मि, लज्जे, महाविद्ये, श्रद्धे, पुष्टि, स्वधे, ध्रुवे, महारात्रि, महा-अविद्ये, नारायणि, ते, नमः, अस्तु।

अर्थ— लक्ष्मी, लज्जा, महाविद्या, श्रद्धा, पुष्टि, स्वधा, ध्रुवा, महारात्रि, महा-अविद्या आदि रूपले रहेकी हे नारायणी देवी तपाईंलाई नमस्कार छ।

मेधे सरस्वति वरे भूति बाभ्रवि तामसि।
नियते त्वं प्रसीदेशे नारायणि नमोऽस्तु ते ॥२३॥

पदच्छेदः— मेधे, सरस्वति, वरे, भूति, बाभ्रवि, तामसि, नियते, त्वं, प्रसीद-ईशे, नारायणि, नमः, अस्तु, ते।

अन्वयः— मेधे, सरस्वति, वरे, भूति, बाभ्रवि, तामसि, नियते, ईशे, नारायणि, त्वं, प्रसीद, ते, नमः, अस्तु।

अर्थ— मेधा, (धारणावती बुद्धि) सरस्वती, वरा, (श्रेष्ठा) भूति, (ऐश्वर्यरूपा) बाभ्रवि, (रजोगुण-युक्ता वा पार्वती) तामसि, (महाकाली) नियता, (संयमरूपिणी) हे ईशे, नारायणि, तपाई खुसी हुनुहोस्, तपाईलाई नमस्कार छ।

सर्वस्वरूपे सर्वेशे सर्वशक्तिसमन्विते।
भयेभ्यस्त्राहि नो देवि दुर्गे देवि नमोऽस्तु ते ॥२४॥

पदच्छेदः— सर्व-स्वरूपे सर्व-ईशे सर्व-शक्ति-समन्विते, भयेभ्यः, त्राहि, नः, देवि, दुर्गे, देवि, नमः, अस्तु, ते।

अन्वयः— सर्व-स्वरूपे सर्व-ईशे सर्व-शक्ति-समन्विते, हे दुर्गे, देवि, नः, भयेभ्यः, त्राहि, देवि, ते, नमः, अस्तु।

अर्थ— हे सर्वस्वरूपा, हे सर्वेश्वरी, सबै शक्तिले सम्पन्ना हे दिव्यरूपा, दे दुर्गे देवी, हामीलाई सबै प्रकारका भयबाट रक्षा गर्नुहोस्। हे देवी तपाईलाई नमस्कार छ।

एतत्ते वदनं सौम्यं लोचनत्रयभूषितम्।
पातु नः सर्वभीतिभ्यः कात्यायनि नमोऽस्तु ते ॥२५॥

पदच्छेदः— एतत् ते, वदनं, सौम्यं, लोचन-त्रय-भूषितं, पातु, नः, सर्व-भीतिभ्यः, कात्यायनि, नमः, अस्तु, ते ॥२५॥

अन्वयः— हे कात्यायनि, लोचन-त्रय-भूषितं, एतत् ते, सौम्यं, वदनं, सर्व-भीतिभ्यः, नः, पातु, ते, नमः, अस्तु।

अर्थ— हे कात्यायनी तीन नेत्रले विभूषित तपाईंको सौम्य मुखले सबै प्रकारको डरबाट हाम्रो रक्षा गरोस्। तपाईंलाई हाम्रो नमस्कार छ।

ज्वालाकरालमत्युग्रमशेषासुरसूदनम्।
त्रिशूलं पातु नो भीतेर्भद्रकालि नमोऽस्तु ते ॥२६॥

पदच्छेदः— ज्वाला-करालम्-अति-उग्रम्-अशेष-असुर-सूदनं, त्रिशूलं, पातु, नः, भीतेः, भद्रकालि, नमः, अस्तु, ते।

अन्वयः— भद्रकालि, ज्वाला-करालम्-अत्युग्रम्-अशेषासुर-सूदनं, (तव) त्रिशूलं, भीतेः, नः, पातु, ते, नमः, अस्तु।

अर्थ— हे भद्रकाली, ज्वालाहरूका कारणले विकराल जस्तो देखिने अति डरलाग्दो र सारा दैत्यलाई नाश गर्ने भएको तपाईंको त्रिशूलले भयबाट हामीलई बचाओस्। तपाईंलाई नमस्कार छ।

हिनस्ति दैत्यतेजांसि स्वनेनापूर्य या जगत्।
सा घण्टा पातु नो देवि पापेभ्योऽनः सुतानिव ॥२७॥

पदच्छेदः— हिनस्ति, दैत्य-तेजांसि, स्वनेन, आपूर्य, या, जगत, सा, घण्टा, पातु, नः, देवि, पापेभ्यः, अनः, सुतान्, इव।

अन्वयः— या, स्वनेन, जगत, आपूर्य, दैत्य-तेजांसि, हिनस्ति, सा, घण्टा, अनः, सुतान्, इव, नः, पापेभ्यः पातु।

अर्थ— हे देवी, जो आफ्ना ध्वनिले सारा संसारलाई व्याप्त गरेर दैत्यका तेजलाई नष्ट गरिदिन्छ त्यो तपाईंको घण्टाले आमाले छोरालाई जस्तै वा जसरी गाडीबाट लोकले आफ्ना पुत्रलाई रक्षा गर्छ त्यसरी नै हामीलाई पापबाट बचाओस् (अन भन्नाले माता, प्राणी र गाडी भन्ने अर्थ लाग्छ)।

असुरासृग्वसापङ्कचर्चितस्ते करोज्वलः।
शुभाय खड्गो भवतु चण्डिके त्वां नता वयम् ॥२८॥

पदच्छेदः— असुर-असृक्-वसा-पङ्क-चर्चितः, ते, कर-ऽज्वलः, शुभाय, खड्गः, भवतु, चण्डिके, त्वां, नताः, वयम्।

अन्वयः— हे चण्डिके, ते करोज्वलः, खड्गः, यः, असुर-असृक्-वसा-पङ्क-चर्चितः, (सः, नः) शुभाय, भवतु, वयं, त्वां, नताः।

अर्थ— हे चण्डिके, तपाईंका हातमा रहेको खड्ग जुन असुरका रगत बोसोले लत्पतिएको छ, त्यसले हाम्रो मङ्गल गरोस्। हामी तपाईंलाई नमस्कार गर्दछौं।

रोगानशेषानपहंसि तुष्टा रुष्टा तु कामान् सकलानभीष्टान्।
त्वामाश्रितानां न विपन्नराणां त्वामाश्रिताह्याश्रयतां प्रयान्ति ॥२९॥

पदच्छेदः— रोगान्, अशेषान्, अपहंसि, तुष्टा, रुष्टा, तु, कामान्, सकलान्, अभीष्टान्, त्वाम्, आश्रितानां, न, विपत, नराणां, त्वाम्, आश्रिता, हि, आश्रयतां, प्रयान्ति।

अन्वयः— (हे देवि) तुष्टा, अशेषान्, रोगान्, अपहंसि, रुष्टा, तु, अभीष्टान्, सकलान्, कामान्, (विनिहंसि) त्वां, आश्रितानां, नराणां, विपत, न, त्वाम्, आश्रिताः, (नराः) आश्रयतां, प्रयान्ति।

अर्थ– हे देवी, तपाईं खुसी हुँदा सम्पूर्ण रोगहरूलाई नाश गरिदिनुहुन्छ भने रिसाउँदा मनले चाहेका सारा कामना नष्ट गरिदिनुहुन्छ। तपाईंको शरणमा आएका मानिसलाई आपत्ति आउँदैन मात्र होइन बरु तिनीहरू अरूलाई पनि आश्रय दिने हुन्छन्।

एतत्कृतं यत्कदनं त्वयाद्य धर्मद्विषां देवि महासुराणाम्।
रूपैरनेकैर्बहुधाऽऽत्ममूर्तिं कृत्वाम्बिके तत्प्रकरोति कान्या ॥३०॥

पदच्छेदः– एतत, कृतं, यत, कदनं, त्वया, अद्य, धर्मद्विषां, देवि, महासुराणां, रूपैः, अनेकैः, बहुधा, आत्ममूर्तिं, कृत्वा, अम्बिके, तत, प्रकरोति, का, अन्या।

अन्वयः– देवि, अम्बिके, त्वया, आत्ममूर्तिं, अनेकैः, रूपैः, बहुधा, कृत्वा, अद्य, धर्मद्विषां, महासुराणां, एतत, यत, कदनं, कृतं, तत, अन्या, का, प्रकरोति।

अर्थ– हे अम्बिके देवी, तपाईंले आफ्नो स्वरूपलाई अनेक रूपमा विभाजित गरेर आज यी धर्मद्रोही महा-दैत्यहरूको जुन संहार गर्नुभयो त्यो काम अरू कसले गर्न सक्थ्यो र?

विद्यासु शास्त्रेषु विवेकदीपे- ष्वाद्येषु वाक्येषु च का त्वदन्या।
ममत्वगर्तेऽतिमहान्धकारे विभ्रामयत्येतदतीव विश्वम् ॥३१॥

पदच्छेदः– विद्यासु, शास्त्रेषु ,विवेक-दीपेषु, आद्येषु, वाक्येषु, च, का, त्वत, अन्या, ममत्व-गर्ते, अति-महान्धकारे, विभ्रामयति, एतत, अतीव, विश्वम्।

अन्वयः– विद्यासु, , विवेक-दीपेषु, शास्त्रेषु, आद्येषु, वाक्येषु, च, त्वत, अन्या, का, (या) एतत, विश्वम्, अति-महान्धकारे, ममत्व-गर्ते, अतीव, विभ्रामयति।

अर्थ– विद्याहरूमा, ज्ञानलाई प्रकाशित गर्ने शास्त्रहरूमा आदि वाक्य (वेद) मा पनि तपाईंबाहेक अरू कसको वर्णन छ र? त्यस्तै तपाईंलाई छाडेर अर्को कुन शक्ति छ जुन शक्तिले यो विश्वलाई अज्ञानमय घोर अन्धकारले परिपूर्ण ममतारूपी खाडलमा निरन्तर घुमाइरहेको छ।

रक्षांसि यत्रोग्रविषाश्च नागा यत्रारयो दस्युबलानि यत्र।
दावानलो यत्र तथाब्धिमध्ये तत्र स्थिता त्वं परिपासि विश्वम् ॥३२॥

पदच्छेदः– रक्षांसि, यत्र, उग्रविषाः, च, नागाः, यत्र, अरयः, दस्यु-बलानि, यत्र, दावानलः, यत्र, तथा, अब्धिमध्ये, तत्र, स्थिता, त्वं, परिपासि, विश्वम्।

अन्वयः– यत्र, रक्षांसि, यत्र, उग्रविषाः, नागाः, यत्र, अरयः, यत्र, दस्यु-बलानि, यत्र, दावानलः, तत्र, तथा, अब्धिमध्ये, च, स्थिता, त्वं, विश्वं, परिपासि।

अर्थ– हे देवी, जहाँ राक्षसहरू छन्, जहाँ उग्र विषालु सर्प छन्, जहाँ शत्रु छन्, जहाँ चोर र लुटेराहरूको जमात छ र जहाँ दावनल (वनडढेलो) छ त्यहाँ, त्यस्तै समुद्रका माझमा

पनि तपाईं नै बसेर विश्वलाई रक्षा गर्नुहुन्छ।

विश्वेश्वरि त्वं परिपासि विश्वं विश्वात्मिका धारयसीति विश्वम्।
विश्वेशवन्द्या भवती भवन्ति विश्वाश्रया ये त्वयि भक्तिनम्राः ॥३३॥

पदच्छेदः— विश्वेश्वरि, त्वं, परिपासि, विश्वं, विश्वात्मिका, धारयसि, इह, विश्वं, विश्वेशवन्द्या, भवती, भवन्ति, विश्वाश्रयाः, ये, त्वयि, भक्तिनम्राः।

अन्वयः— विश्वेश्वरि, त्वं, विश्वं, परिपासि, विश्वात्मिका, विश्वं, धारयसि, भवती, विश्वेशवन्द्या, ये, त्वयि, भक्तिनम्राः, (ते) इह, विश्वाश्रयाः, भवन्ति, ।

अर्थ— हे विश्वेश्वरी, तपाईं विश्वलाई पालन गर्नुहुन्छ। तपाईं विश्वरूपा हुनुहुन्छ त्यसैले विश्वलाई धारण गर्नुहुन्छ। विश्वनाथकी तपाईं वन्दनीया हुनुहुन्छ। जो तपाईंप्रति भक्तिले नम्र हुन्छन् तिनीहरू सारा विश्वलाई आश्रय दिने हुन्छन्।

देवि प्रसीद परिपालय नोरिभीतेर्- नित्यं यथासुरवधादधुनैव सद्यः।
पापानि सर्वजगतां प्रशमं नयाशु उत्पातपाकजनितांश्च महोपसर्गान् ॥३४॥

पदच्छेदः— देवि, प्रसीद, परिपालय, नः, अरिभीतेः, नित्यं, यथा, असुरवधात्, अधुना, एव, सद्यः, पापानि, सर्वजगतां, प्रशमं, नय, आशु, उत्पात-पाक-जनितान्, च, महा-उपसर्गान्।

अन्वयः— देवि, प्रसीद, यथा, अधुना, एव, असुरवधात्, (त्वया) सद्यः, वयं रक्षिताः, तथैव सदा) नः, अरिभीतेः, परिपालय, सर्वजगतां, पापानि, तथा, उत्पात-पाक-जनितान्, महा-उपसर्गान्, च, आशु, प्रशमं, नय।

अर्थ— हे देवी, प्रसन्न हुनुहोस् र जसरी भर्खरै असुरहरूको वध गरेर तपाईंले तुरुन्तै हाम्रो रक्षा गर्नुभयो त्यसरी नै सधैं हामीलाई शत्रुको भयबाट बचाउनुहोस्। सारा संसारको पाप र उत्पात एवं पापहरूको फलस्वरूप प्राप्त हुने महामारी आदि ठूला-ठूला उपद्रवहरूलाई चाँडै नाश गर्नुहोस्।

प्रणतानां प्रसीद त्वं देवि विश्वार्तिहारिणी।
त्रैलोक्यवासिनामीड्ये लोकानां वरदा भव ॥३५॥

पदच्छेदः— प्रणतानां, प्रसीद, त्वं, देवि, विश्व-आर्ति-हारिणी, त्रैलोक्य-वासिनाम्, ईड्ये, लोकानां, वरदा, भव।

अन्वयः— विश्व-आर्ति-हारिणी, देवि, त्वं, प्रणतानां, प्रसीद, त्रैलोक्य-वासिनाम्, ईड्ये, लोकानां, वरदा, भव।

अर्थ— विश्वको पीडालाई नाश गर्ने हे देवी, शरणमा परेका हामीदेखि प्रसन्न हुनुहोस्। तीनै लोकमा बस्नेहरूकी हे पूजनीया माता सम्पूर्ण लोकलाई वरदान दिनुहोस्।

देव्युवाच ॥३६॥

वरदाहं सुरगणा वरं यन्मनसेच्छथ।
तं वृणुध्वं प्रयच्छामि जगतामुपकारकम् ॥३७॥

पदच्छेदः– देवी, उवाच, वरद, अहं, सुरगणाः, वरं, य, मनसा, इच्छथ, तं, वृणुध्वं, प्रयच्छामि, जगताम्, उपकारकम्।

अन्वयः– देवी, उवाच, (हे) सुरगणा, अहं, वरदा, यत्, मनसा, इच्छथ, तं, वरं, वृणुध्वं, जगताम्, उपकारकं, तं, प्रयच्छामि।

अर्थ– देवीले भन्नुभयो– हे देवगण हो, म वर दिन तयार छु। तिमीहरू मनमा जे इच्छा छ त्यही वर माग। संसारको उपकारक त्यो वर म अवश्य दिन्छु।

देवा ऊचुः ॥३८॥

सर्वाबाधाप्रशमनं त्रैलोक्यस्याखिलेश्वरि।
एवमेव त्वया कार्यमस्मद्वैरिविनाशनम् ॥३९॥

पदच्छेदः– देवाः, ऊचुः, सर्वा–बाधा–प्रसमनं त्रैलोक्यस्य, अखिलेश्वरि, एवम्, एव, त्वया, कार्यम्, अस्मत्, वैरि–विनाशनम्।

अन्वयः– देवाः, ऊचुः, अखिलेश्वरि, एवम्, एव, त्रैलोक्यस्य, सर्वा–बाधा–प्रसमनं, अस्मत्, वैरि–विनाशनं च, कार्यम्।

अर्थ– देवताहरूले भने– हे सर्वेश्वरी, यसरी नै तपाईंले तीनै लोकका समस्त बाधाहरूलाई शान्त गर्नुहोस् र हाम्रा शत्रुहरूको नाश पनि गर्दै रहनुहोस्।

देव्युवाच ॥४०॥

वैवस्वतेऽन्तरे प्राप्ते अष्टाविंशतिमे युगे।
शुम्भोनिशुम्भश्चैवान्यावुत्पत्स्येते महासुरौ ॥४१॥

पदच्छेदः– देवी, उवाच, वैवस्वते, अन्तरे, प्राप्ते, अष्टाविंशतिमे, युगे, शुम्भः, निशुम्भः, च, एव, अन्यौ, उत्पत्स्येते, महासुरौ।

अन्वयः– देवी, उवाच, (हे) सुरगणा, वैवस्वते, अन्तरे, अष्टाविंशतिमे, युगे, प्राप्ते, शुम्भः, निशुम्भः, च, एव, अन्यौ, महासुरौ उत्पत्स्येते।

अर्थ– देवीले भन्नुभयो– हे देव हो, वैवश्वत मन्वन्तरको अठ्ठाईसौं युगमा शुम्भ र निशुम्भ नामका अरू दुई महासुर जन्मनेछन्।

नन्दगोपगृहे जाता यशोदागर्भसम्भवा।
ततस्तौ नाशयिष्यामि विन्ध्याचलनिवासिनी ॥४२॥

पदच्छेदः— नन्द-गोप-गृहे, जाता, यशोदा-गर्भ-सम्भवा, ततः तौ, नाशयिष्यामि, विन्ध्य-अचल-निवासिनी।

अन्वयः— ततः, अहं, नन्द-गोप-गृहे, यशोदा-गर्भ-सम्भवा, जाता, विन्ध्य-अचल-निवासिनी, तौ, नाशयिष्यामि।

अर्थ— तब नन्दगोपका घरमा उनकी पत्नी यशोदाका गर्भबाट अवतीर्ण भएर विन्ध्याचलमा गएर म बस्नेछु र ती दुई असुरलाई नाश गर्नेछु।

पुनरप्यतिरौद्रेण रूपेण पृथिवीतले।
अवतीर्य हनिष्यामि वैप्रचित्तांस्तु दानवान् ॥४३॥

पदच्छेदः— पुनः, अपि, अतिरौद्रेण, रूपेण, पृथिवीतले, अवतीर्य, हनिष्यामि, वैप्रचित्तान्, तु, दानवान्।

अन्वयः— पुनः, अपि, अतिरौद्रेण, रूपेण, पृथिवीतले, अवतीर्य, वैप्रचित्तान्, तु, दानवान्, हनिष्यामि। ("तु" इति पादपूरणे)।

अर्थ— फेरि अति भयङ्कर रूपले पृथ्वीमा अवतार लिएर वैप्रचित्त नामका दानवहरूलाई नाश गर्नेछु।

भक्ष्ययन्त्याश्च तानुग्रान् वैप्रचित्तान् महासुरान्।
रक्ता दन्ता भविष्यन्ति दाडिमीकुसुमोपमाः ॥४४॥
ततो मां देवताः स्वर्गे मर्त्यलोके च मानवाः।
स्तुवन्तो व्याहरिष्यन्ति सततं रक्तदन्तिकाम् ॥४५॥

पदच्छेदः— भक्ष्ययन्त्याः, च, तान्, उग्रान्, वैप्रचित्तान्, महासुरान्, रक्ताः, दन्ताः, भविष्यन्ति, दाडिमी-कुसुम-उपमाः, ततः, मां, देवताः, स्वर्गे, मर्त्यलोके, च, मानवाः, स्तुवन्तः, व्याहरिष्यन्ति, सततं, रक्त-दन्तिकाम्।

अन्वयः— तान्, उग्रान्, वैप्रचित्तान्, महासुरान्, भक्ष्ययन्त्याः,(मे) दन्ताः, च, दाडिमी-कुसुम-उपमाः, रक्ताः, भविष्यन्ति, ततः, मां, स्वर्गे, देवताः, मर्त्यलोके, मानवाः, च, सततं, मां, स्तुवन्तः, रक्त-दन्तिकां, व्याहरिष्यन्ति।

अर्थ— ती डरलाग्दा वैप्रचित्तहरूलाई खान लाग्दा मेरा दाँत पनि दारीमको फूल जस्तै राता हुनेछन्। त्यसबेला स्वर्गका देवता र मर्त्यलोकका मानिस पनि नित्य मेरो स्तुति गर्दै मलाई रक्तदन्तिका भन्नेछन्।

भूयश्च शतवार्षिक्यामनावृष्ट्यामनम्भसि।
मुनिभिः संस्तुता भूमौ सम्भविष्याम्ययोनिजा ॥४६॥
ततः शतेन नेत्राणां निरीक्षिष्यामि यन्मुनीन्।
कीर्तयिष्यन्ति मनुजाः शताक्षीमिति मां ततः ॥४७॥

पदच्छेदः— भूयः, च, शतवार्षिक्याम्, अनावृष्ट्याम्, अनम्भसि, मुनिभिः, संस्तुता, भूमौ, सम्भविष्यामि, अयोनिजा, ततः, शतेन, नेत्राणां, निरीक्षिष्यामि, यत्, मुनीन्, कीर्तयिष्यन्ति, मनुजाः, शताक्षीम्, इति, मां, ततः।

अन्वयः— भूयः, च, (यदा) भूमौ, शतवार्षिक्याम्, अनावृष्ट्याम्, अनम्भसि, (तदा) मुनिभिः, संस्तुता, (अहं) अयोनिजा, सम्भविष्यामि, ततः, शतेन, नेत्राणां, यत्, मुनीन्, निरीक्षिष्यामि, ततः, मां, मनुजाः, शताक्षीम्, इति, कीर्तयिष्यन्ति।

अर्थ— फेरि जब पृथ्वीमा सय वर्षसम्म पानी पर्दैन र पानीको अभाव हुनेछ तब मुनिहरूद्वारा स्तुति गरिएकी म अयोनिजा रूपमा प्रकट हुनेछु। तब सयौं आँखाले मुनिहरूलाई म हेर्नेछु। त्यसले गर्दा मलाई मानिसहरू "शताक्षी" यस नामले कीर्तन गर्नेछन्।

ततोऽहमखिलं लोकमात्मदेहसमुद्भवैः।
भरिष्यामि सुराः शाकैरावृष्टेः प्राणधारकैः ॥४८॥

पदच्छेदः— ततः, अहम्, अखिलं, लोकम्, आत्म–देह–समुद्भवैः, भरिष्यामि, सुराः, शाकैः, आवृष्टेः, प्राणधारकैः।

अन्वयः— सुराः, ततः, अहम्, आत्म–देह–समुद्भवैः, प्राणधारकैः, शाकैः, आवृष्टेः, अखिलं, लोकं, भरिष्यामि।

अर्थ— हे देव हो, त्यस समयमा म आफ्ना शरीरबाट उत्पन्न प्राणधारक सागद्वारा पानी नपरेसम्मका लागि सम्पूर्ण संसारलाई भरणपोषण गर्नेछु।

शाकम्भरीति विख्यातिं तदा याष्याम्यहं भुवि।
तत्रैव च वधिष्यामि दुर्गमाख्यं महासुरम् ॥४९॥
दुर्गादेवीति विख्यातं तन्मे नाम भविष्यति।

पदच्छेदः— शाकम्भरी, इति, विख्यातिं, तदा, याष्यामि, अहं, भुवि, तत्र, एव, च, वधिष्यामि, दुर्गमाख्यं, महासुरं, दुर्गादेवी, इति, विख्यातं, तत्, मे, नाम, भविष्यति।

अन्वयः— तदा, भुवि, अहं, शाकम्भरी, इति, विख्यातिं, याष्यामि, तत्र, एव, दुर्गमाख्यं, महासुरं, च, वधिष्यामि, तत्, मे, नाम, दुर्गादेवी, इति, विख्यातं, भविष्यति।

अर्थ– त्यो बेला म पृथ्वीमा "शाकम्भरी" भन्ने नामले प्रसिद्ध हुनेछु। त्यही अवतारमा म दुर्ग नामक महासुरलाई पनि मार्नेछु। त्यसबाट मेरो नाम "दुर्गादेवी" भनेर प्रसिद्ध हुनेछ।

पुनश्चाहं यदा भीमं रूपं कृत्वा हिमाचले ॥५०॥
रक्षांसि भक्षयिष्यामि मुनीनां त्राणकारणात्।
तदा मां मुनयः सर्वे स्तोष्यन्त्यानम्रमूर्तयः ॥५१॥

पदच्छेदः– पुनः, च, अहं, यदा, भीमं, रूपं, कृत्वा, हिमाचले, रक्षांसि, भक्षयिष्यामि, मुनीनां, त्राण-कारणात्, तदा, मां, मुनयः, सर्वे, स्तोष्यन्ति, आनम्र-मूर्तयः।

अन्वयः– पुनः, च, अहं, यदा, भीमं, रूपं, कृत्वा, त्राण-कारणात्, हिमाचले, रक्षांसि, भक्षयिष्यामि, मुनीनां, तदा, सर्वे, मुनयः, आनम्र-मूर्तयः, मां, स्तोष्यन्ति,।

अर्थ– फेरि पनि जब म भीम रूप धारण गरेर मुनिहरूको रक्षाका निमित्त हिमालयमा रहने राक्षसहरूलाई खानेछु तब सारा मुनिहरू भक्तिले नतमस्तक भएर मेरो स्तुति गर्नेछन्।

भीमादेवीति विख्यातं तन्मे नाम भविष्यति।
यदारुणाख्यस्त्रैलोक्ये महाबाधां करिष्यति ॥५२॥
तदाहं भ्रामरं रूपं कृत्वाऽसंख्येयषट्पदम्।
त्रैलोक्यस्य हितार्थाय वधिष्यामि महासुरम् ॥५३॥

पदच्छेदः– भीमादेवी, इति, विख्यातं, तत्, मे, नाम, भविष्यति, यदा, अरुणाख्यः, त्रैलोक्ये, महाबाधां, करिष्यति, तदा, अहं, भ्रामरं, रूपं ,कृत्वा, असंख्येय, षट्पदं, त्रैलोक्यस्य, हितार्थाय, वधिष्यामि, महासुरम्।

अन्वयः– तत्, मे, नाम, "भीमादेवी" इति, विख्यातं भविष्यति, यदा, अरुणाख्यः, त्रैलोक्ये, महाबाधां, करिष्यति, तदा, अहं, त्रैलोक्यस्य, हितार्थाय, असंख्येयं, षट्पदं, भ्रामरं, रूपं, कृत्वा, (तम्) महासुरं, वधिष्यामि।

अर्थ– तब मेरो नाम भीमादेवी भनी प्रसिद्ध हुनेछ। जुन बेला अरुण नामक दैत्यले तीनै लोकमा उपद्रव मच्चाउनेछ तब म तीनै लोकको हितार्थ ६ खुट्टा भएका असंख्य भ्रमरको रूप लिएर त्यसलाई मार्नेछु।

भ्रामरीति च मां लोकास्तदा स्तोष्यन्ति सर्वतः।
इत्थं यदा यदा बाधा दानवोत्था भविष्यति ॥५४॥
तदा तदावतीर्याहं करिष्याम्यरिसंक्षयम् ॥५५॥ॐ॥
मार्कण्डेय पुराणे सावर्णिके मन्वन्तरे देवीमाहात्म्ये एकादशः।

पदच्छेदः— भ्रामरी, इति, च, मां, लोकाः, तदा, स्तोष्यन्ति, सर्वतः, इत्थं, यदा, यदा, बाधा, दानवोत्था, भविष्यति, तदा, तदा, अवतीर्य, अहं, करिष्यामि, अरि–संक्षयम्।

अन्वयः— तदा, सर्वतः, लोकाः, "भ्रामरी" इति, मां, स्तोष्यन्ति, इत्थं, यदा, यदा, (लोके) दानवोत्था, बाधा, भविष्यति, तदा, तदा, अवतीर्य, अहं, अरिसंक्षयं, करिष्यामि।

अर्थ— त्यसबेला सबैतिरका मानिस मलाई भ्रामरी नामले स्तुति गर्नेछन्। यसरी जब जब संसारमा दानवी बाधा उत्पन्न हुनेछ तब तब अवतार लिएर म शत्रुहरूको संहार गर्नेछु।

यसरी मार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा अन्तर्गत देवीमाहात्म्यको एघारौं अध्याय पूरा भयो।

अथ द्वादशोऽध्यायः

ध्यानम्

ॐ विद्युद्दामसमप्रभां मृगपतिस्कन्धस्थितां भीषणाम्।
कन्याभिः करवालखेटविलसद्धस्ताभिरासेविताम्॥
हस्तैश्चक्रगदासिखेटविशिखांश्चापं गुणं तर्जनीम्।
बिभ्राणामनलात्मिकां शशिधरां दुर्गां त्रिनेत्रां भजे॥

पदच्छेदः— विद्युत्-दाम-सम-प्रभां,, मृगपति-स्कन्ध-स्थितां, भीषणां, कन्याभिः, करवाल-खेट-विलसत्, हस्ताभिः, आसेवितां, हस्तैः, चक्र-गदा, असि, खेट-विशिखान्, चापं, गुणं, तर्जनीं, बिभ्राणाम्, अनलात्मिकां, शशिधरां, दुर्गां, त्रिनेत्रां, भजे।

अन्वयः— विद्युत्-दाम-सम-प्रभां, मृगपति-स्कन्ध-स्थितां, भीषणां, करवाल-खेट-विलसत्-हस्ताभिः, कन्याभिः, आसेवितां, हस्तैः, चक्र-गदा, असि, खेट-विशिखान्, चापं, गुणं, तर्जनीं, च, बिभ्राणाम्, अनलात्मिकां, शशिधरां, त्रिनेत्रां, दुर्गां, भजे।

अर्थ— बिजुलीको जस्तो कान्ति भएकी, सिंहका काँधमा बस्नाले डरलाग्दी देखिने, हातमा तरवार र ढाल लिएका अनेकौं कन्याले सेवा गरिएकी, आफ्ना हातमा पनि चक्र, गदा, तरवार, ढाल, वाण, धनुष, पाशो र तर्जनी मुद्रा धारण गर्ने भएकी, अग्निमय स्वरूप भएकी, शिरमा चन्द्रमुकुट पैह्रेकी र त्रिनेत्रा दुर्गा देवीलाई म निरन्तर ध्यान गर्दछु।

ॐ देव्युवाच ॥१॥

एभिस्तवैश्च मां नित्यं स्तोष्यते यः समाहितः।
तस्याहं सकलां बाधां नाशयिष्याम्यसंशयम् ॥२॥

पदच्छेदः— ॐ देवी, उवाच, एभिः, स्तवैः, च, मां, नित्यं, स्तोष्यते, यः, समाहितः, तस्य, अहं सकलां, बाधां, नाशयिष्यामि, असंशयम्।

अन्वयः— देवी, उवाच, (सुराः) यः समाहितः, नित्यं, एभिः, स्तवैः, मां, स्तोष्यते, तस्य, सकलां, बाधां, अहम्, असंशयं, नाशयिष्यामि।

अर्थ— देवीले भन्नुभयो— हे देवताहरू हो, जो एकाग्र चित्त भएर सधै. यी स्तवद्वारा मेरो स्तुति गर्दछ उसका सबै बाधालाई म पक्का पनि नष्ट गर्नेछु।

मधुकैटभनाशं च महिषासुरघातनम्।
कीर्तयिष्यन्ति ये तद्वद् वधं शुम्भनिशुम्भयोः ॥३॥

पदच्छेदः— मधुकैटभनाशं, च, महिष–असुर–घातनं, कीर्तयिष्यन्ति, ये ,तद्वत्, वधं, शुम्भ–निशुम्भयोः।

अन्वयः— ये, मधुकैटभनाशं, महिष–असुर–घातनं, तत्, वत्, शुम्भ–निशुम्भयोः, बधं, कीर्तयिष्यन्ति।

अर्थ— जो मधुकैटभको नाश, महिषासुरको बध तथा शुम्भ र निशुम्भको संहारको प्रसङ्गलाई पाठ गर्दछन्।

अष्टम्यां च चतुर्दश्यां नवम्यां चैकचेतसः।
श्रोष्यन्ति चैव ये भक्त्या मम माहात्म्यमुत्तमम् ॥४॥
न तेषां दुष्कृतं किञ्चिद् दुष्कृतोत्था न चापदः।
भविष्यति न दारिद्र्यं न चैवेष्टवियोजनम् ॥५॥

पदच्छेदः— अष्टम्यां, च, चतुर्दश्यां, नवम्यां, च, एकचेतसः, श्रोष्यन्ति, च, एव, ये, भक्त्या, मम, माहात्म्यम्, उत्तमं, न, तेषां, दुष्कृतं, किञ्चित्, दुष्कृतोत्था, न, च, आपदः, भविष्यति, न, दारिद्र्यं, न, च, इष्ट–वियोजनम् ॥

अन्वयः— (विशेषतः) अष्टम्यां, चतुर्दश्यां, नवम्यां, च, एकचेतसः, च, एव, ये, भक्त्या, मम, उत्तमं, माहात्म्यं, श्रोष्यन्ति, तेषां, किञ्चित्, दुष्कृतं, न, दुष्कृतोत्था, आपदः, च, तेषां, (गृहे कदाचित्) न, दारिद्र्यं, न, इष्टवियोजनं, च, न, भवष्यति।

अर्थ— विशेष अष्टमीमा, चतुर्दशीमा र नवमीमा एकचित्त भएर जसले भक्तिपूर्वक मेरो उत्तम माहात्म्यलाई सुन्दछन् तिनलाई कुनै पापले छुन सक्तैन। उनीहरूमा पापजनित आपत्तिहरू पनि आउने छैनन्। उनीहरूका घरमा कदापि दरिद्रता (अनिकाल) र प्रेमी जनबाट वियोग हुने छैन।

शत्रुभ्यो न भयं तस्य दस्युतो वा न राजतः।
न शस्त्रानलतोयौघात्कदाचित्संभविष्यति ॥६॥

पदच्छेदः— शत्रुभ्यः, न, भयं, तस्य, दस्युतः, वा, न, राजतः, न, शस्त्र–अनल–तोय–ओघात्, कदाचित्, संभविष्यति।

अन्वयः— तस्य, शत्रुभ्यः, भयं, न, दस्युतः, न, राजतः, न, शस्त्र–अनल–तोय–ओघात्, कदाचित्, अपि, भयं, न, भविष्यति।

अर्थ— यति मात्र होइन, अरू उसलाई शत्रुबाट कुनै डरहुँदैन। चोर डाकाबाट पनि डर हुँदैन र राजाबाट पनि डर हुँदैन। शस्त्र-अस्त्र, आगो र पानीबाट पनि कहिल्यै डर हुँदैन।

तस्मान्ममैतन्माहात्म्यं पठितव्यं समाहितैः।
श्रोतव्यं च सदा भक्त्या परं स्वस्त्ययनं हि तत् ॥७॥

पदच्छेदः— तस्मात, मम, एतत, माहात्म्यं, पठितव्यं, समाहितैः, श्रोतव्यं, च, सदा, भक्त्या, परं, स्वस्ति, अयनं, हि, तत्।

अन्वयः— तस्मात, (सर्वैः)समाहितैः, मम, एतत, माहात्म्यं, सदा, पठितव्यं, श्रोतव्यं, च, हि, तत, परं, स्वस्त्ययनम् (अस्ति)।

अर्थ— अतः सबैले एकचित्त भएर भक्तिपूर्वक मेरो यो माहात्म्यलाई पढ्नु र सुन्नु पर्दछ। निश्चय नै यो माहात्म्य परम कल्याणकारक छ।

उपसर्गानशेषांस्तु महामारीसमुद्भवान्।
तथा त्रिविधमुत्पातं माहात्म्यं शमयेन्मम ॥८॥

पदच्छेदः— उपसर्गान, अशेषान, तु, महामारी-समुद्भवान, तथा, त्रिविधम, उत्पातं, माहात्म्यं, समयेत, मम।

अन्वयः— मम, माहात्म्यं, महामारी-समुद्भवान्, अशेषान्, उपद्रवान्, तथा, त्रिविधम्, उत्पातं, च, शमयेत्।

अर्थ— मेरा माहात्म्यले महामारीजनित समस्त उपद्रव तथा आध्यात्मिकादि तीन प्रकारका उपद्रवलाई पनि शान्त गर्दछ।

यत्रैतत्पठ्यते सम्यङ्नित्यमायतने मम।
सदा न तद्विमोक्ष्यामि सांनिध्यं तत्र मे स्थितम् ॥९॥

पदच्छेदः— यत्र, एतत, पठ्यते, सम्यक, नित्यम, आयतने, मम, सदा, न, तत, विमोक्ष्यामि, सांनिध्यं, तत्र, मे, स्थितम्।

अन्वयः— यत्र, मम, आयतने नित्यं, सम्यक् एतत, पठ्यते, तत, सदा, न, विमोक्ष्यामि, तत्र, मे, सांनिध्यं, स्थितम्।

अर्थ— जुन मेरो मन्दिरमा सधैं विधिपूर्वक यस माहात्म्यको पाठ हुन्छ त्यस स्थानलाई म कदापि छाड्दिन। त्यहाँ सधैं मेरो सन्निधान रहन्छ।

बलिप्रदाने पूजायामग्निकार्ये महोत्सवे।
सर्वं ममैतच्चरितमुच्चार्यं श्राव्यमेव च ॥१०॥

पदच्छेदः– बलिप्रदाने, पूजायाम्, अग्निकार्ये, महोत्सवे, सर्वं, मम, एतत्, चरितम्, उच्चार्यं, श्राव्यम्, एव, च।

अन्वयः– बलिप्रदाने, पूजायाम्, अग्निकार्ये, महोत्सवे, च, सर्वं, मम, एतत्, चरितम्, उच्चार्यं, श्राव्यम्, एव।

अर्थ– बलिदान, पूजा,होम महोत्सवका बेला मेरा यस चरित्रको पूरापूर पाठ र श्रवण गर्नु पर्दछ।

जानताऽजानता वापि बलिपूजां तथा कृताम्।
प्रतीच्छिष्याम्यहं प्रीत्या वह्निहोमं तथा कृतम् ॥११॥

पदच्छेदः– जानता, अजनता, वा, अपि, बलिपूजां, तथा, कृतं, प्रतीच्छिष्यामि, अहं, प्रीत्या, वह्निहोमं, तथा, कृतम्।

अन्वयः– जानता, अजनता, वा, अपि, तथा, कृतं, बलिपूजां, तथा, कृतं, वह्निहोमं, च, अहं, प्रीत्या, प्रतीच्छिष्यामि।

अर्थ– मानिसले जानेर वा नजानेर भए पनि गरेको बलिदान, पूजा र होमलाई पनि म प्रेमपूर्वक ग्रहण गर्दछु।

शरत्काले महापूजा क्रियते या च वार्षिकी।
तस्यां ममैतन्माहात्म्यं श्रुत्वा भक्तिसमन्वितः ॥१२॥
सर्वाबाधाविनिर्मुक्तो धनधान्यसुतान्वित :।
मनुष्यो मत्प्रसादेन भविष्यति न संशयः ॥१३॥

पदच्छेदः– शरत्काले, महापूजां, क्रियते, या, च, वार्षिकी, तस्यां, मम, एतत्, माहात्म्यं, श्रुत्वा, भक्ति-समन्वितः, सर्वा-वाधा-विनिर्मुक्तः, धन-धान्य-सुतान्वितः, मनुष्यः, मत्-प्रसादेन, भविष्यति, न, संशयः।

अन्वयः– शरत्काले, या, वार्षिकी, महापूजां, क्रियते, तस्यां, (यः) मम, एतत्, माहात्म्यं, भक्तिसमन्वितः, श्रुत्वा, (सः) मनुष्यः, मत्प्रसादेन, सर्वाबाधा-विनिर्मुक्तः, धन-धान्य-सुतान्वितः, भविष्यति, (अत्र) संशयः, न।

अर्थ– शरत्कालमा गरिने वार्षिक महापूजाका बेला मेरो यो माहात्म्य भक्तिपूर्वक जो सुन्दछ त्यो मानिस मेरा प्रसादले सबै प्रकारका बाधाबाट मुक्त र धन-धान्य एवं पुत्रादिले सम्पन्न हुनेछ, यसमा कुनै संशय छैन।

श्रुत्वा ममैतन्माहात्म्यं तथा चोत्पत्तयः शुभाः।
पराक्रमं च युद्धेषु जायते निर्भयः पुमान् ॥१४॥

पदच्छेदः– श्रुत्वा, मम, एतत्, माहात्म्यं, तथा, च, उत्पत्तयः, शुभाः, पराक्रमं, च, युद्धेषु, जायते, निर्भयः, पुमान्।

अन्वयः– मम, एतत्, माहात्म्यं, तथा, च, शुभाः, उत्पत्तयः, युद्धेषु, पराक्रमं, च, श्रुत्वा, पुमान्, निर्भयः, जायते।

अर्थ– मेरो यो माहात्म्य तथा मेरा प्रादुर्भाव सम्बन्धी सुन्दर कथाहरू एवं युद्धमा गरेको मेरो पराक्रमलाई सुन्नाले मानिस निर्भय हुन्छ।

रिपवः संक्षयं यान्ति कल्याणं चोपपद्यते।
नन्दते च कुलं पुंसां माहात्म्यं मम श्रृण्वताम् ॥१५॥

पदच्छेदः– रिपवः, संक्षयं, यान्ति, कल्याणं, च, उपपद्यते, नन्दते, च, कुलं, पुंसां, माहात्म्यं, मम, श्रृण्वताम्।

अन्वयः– माहात्म्यं, मम, श्रृण्वतां, पुंसां, रिपवः, संक्षयं, यान्ति, कल्याणं, च, उपपद्यते, कुलं, च, नन्दते।

अर्थ– जो मेरो माहात्म्य सुन्ने गर्छ त्यसका शत्रु नाशिन्छन्, उसलाई कल्याण प्राप्त हुन्छ तथा उसको कुल पनि आनन्दसित रहन्छ।

शान्तिकर्मणि सर्वत्र तथा दुःस्वप्नदर्शने।
ग्रहपीडासु चोग्रासु माहात्म्यं श्रृणुयान्मम ॥१६॥

पदच्छेदः– शान्ति-कर्मणि, सर्वत्र, तथा, दुःस्वप्न-दर्शने, ग्रहपीडासु, च, उग्रासु, माहात्म्यं, श्रृणुयात्, मम।

अन्वयः– सर्वत्र, शान्ति-कर्मणि, तथा, दुःस्वप्न-दर्शने, उग्रासु, ग्रहपीडासु, च, मम माहात्म्यं, श्रृणुयात्।

अर्थ– सबै शान्ति कर्ममा, तथा नराम्रा सपना देखिएमा र ग्रहजनित भयङ्कर पीडामा मेरो माहात्म्य सुनोस्।

उपसर्गाः शमं यान्ति ग्रहपीडाश्च दारुणाः।
दुःस्वप्नं च नृभिर्दृष्टं सुस्वप्नमुपजायते ॥१७॥

पदच्छेदः– उपसर्गाः, शमं, यान्ति, ग्रह-पीडाः, च, दारुणाः, दुःस्वप्नं, च, नृभिः, दृष्टं, सुस्वप्नम्, उपजायते।

अन्वयः– (माहात्म्य-श्रवणात्) उपसर्गाः, दारुणाः ग्रहपीडाः, च, शमं, यान्ति, नृभिः, दृष्टं, दुःस्वप्नं, च, सुस्वप्नम्, उपजायते।

अर्थ– माहात्म्य सुन्नाले सारा विघ्न र डरलाग्दा ग्रहजनित पीडाहरू पनि शान्त हुन्छन् र मान्छेले देखेका खराब सपना पनि शुभ सपनामा परिवर्तित हुन्छन्।

बालग्रहाभिभूतानां बालानां शान्तिकारकम्।
संघातभेदे च नृणां मैत्रीकरणमुत्तमम् ॥१८॥

पदच्छेदः– बालग्रह–अभिभूतानां, बालानां, शान्तिकारकं, संघात–भेदे, च, नृणां, मैत्रीकरणम्, उत्तमम्।

अन्वयः– बालग्रह–अभिभूतानां, बालानां, (एतन्माहात्म्य) शान्तिकारकं, नृणां, संघात–भेदे, च, उत्तमं, मैत्रीकरणम्।

अर्थ– बालग्रहद्वारा आक्रान्त बालकहरूका लागि यो माहात्म्य शान्तिकारक छ। मानिसहरूका संगठनमा फूट पैदा भएमा पनि यसले राम्ररी मित्रता कायम गराउँछ।

दुर्वृत्तानामशेषाणां बलहानिकरं परम्।
रक्षोभूतपिशाचानां पठनादेव नाशनम् ॥१९॥

पदच्छेदः– दुर्वृत्तानाम्, अशेषाणां बलहानिकरं, परं, रक्षोभूत पिशाचानां, पठनात्, एव, नाशनम्।

अन्वयः– (एतन्माहात्म्य) अशेषाणां, दुर्वृत्तानां, बलहानिकरं, परं, (अस्य) पठनात्, एव, रक्षोभूत–पिशाचानां, नाशनम् (भवति)।

अर्थ– यो माहात्म्य समस्त दुराचारीहरूको बललाई नाश गर्नेउत्कृष्ट साधन हो। यसको पाठमात्रले नै राक्षस, भूत र पिशाचहरूको नाश हुन्छ।

सर्वं ममैतन्माहात्म्यं मम सन्निधिकारकम्।
पशुपुष्पार्घ्यधूपैश्च गन्धदीपैस्तथोत्तमैः ॥२०॥

पदच्छेदः– सर्वं, मम, एतत्, माहात्म्यं, मम, सन्निधि–कारकं, पशु–पुष्प–अर्घ्य–धूपैः, च, गन्ध–दीपैः, तथा, उत्तमैः।

अन्वयः– मम, एतत्, सर्वं, माहात्म्यं, मम, सन्निधि–कारकं, पशु–पुष्प–अर्घ्य–धूपैः, तथा, उत्तमैः गन्ध–दीपैः, च (प्रदानैः पापानि हरति इति अपरेण सम्बन्धः)।

अर्थ– मेरो यो सम्पूर्ण माहात्म्य मेरो सामीप्य गराउने हो र पशु, पुष्प, अर्घ, धूप तथा उत्तम दीप प्रदान आदिले सबै पाप नाश हुन्छन्।

विप्राणां भोजनैर्होमैः प्रोक्षणीयैरहर्निशम्।
अन्यैश्च विविधैर्भोगैः प्रदानैर्वत्सरेण या ॥२१॥

प्रीतिर्मे क्रियते सास्मिन् सकृत्सुचरिते श्रुते।
श्रुतं हरति पापानि तथाऽऽरोग्यं प्रयच्छति॥२२॥

पदच्छेदः— विप्राणां, भोजनैः, होमैः, प्रोक्षणीयैः, अहर्निशं, अन्यैः, च, विविधैः, भोगैः ,प्रदानैः, वत्सरेण, या, प्रीतिः, मे, क्रियते, सा, अस्मिन्, सकृत्, सुचरिते, श्रुते, श्रुतं, हरति, पापानि, तथा, आरोग्यं, प्रयच्छति।

अन्वयः— (तथा) विप्राणां, भोजनैः, होमैः, अहर्निशं, प्रोक्षणीयैः, विविधैः, अन्यैः, भोगैः, च, प्रदानैः, वत्सरेण, या, मे, प्रीतिः, क्रियते, सा, अस्मिन्, सुचरिते, सकृत्, श्रुते, (भवति) (एतन्माहात्म्य) श्रुतं, पापानि, हरति, तथा, आरोग्यं, प्रयच्छति।

